CC-0. In Public Domain. Digitization by eGangotri

ॐकार सन्देश

विश्व हिन्दु महासङ्घ नेपाल

जिल्ला कार्य समिति कास्की

अङ्क-५

प्रकाशक:

विश्व हिन्दु महासङ्घ, कास्की

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ग्रन्थ	:	ॐकार सन्देश
प्रकाशक	:	विश्व हिन्दु महासङ्घ कास्की
प्रकाशन वर्ष	:	२०७६ माघ
संस्करण	:	पाचौँ
प्रकाशित सङ्ख्या	:	१५०० प्रति
सर्वाधिकार	:	प्रकाशकमा
कम्प्युटर सेटिङ	:	गोविन्दप्रसाद रेग्मी, पोखरा
मूल्य व्यक्तिगत रु.	:	१५०/-
मूल्य वार्षिक	:	५००/-
मूल्य संस्थागत रु.	:	३००/-
मूल्य संस्थागत वार्षिक रु.	:	१,०००/-
संस्थाको	:	सर्म्पक नं.०६१-५४०६७१
भाषा सम्पादन	:	भीमलाल लामिछाने
मुद्रण	:	बन्धु अफ्सेट प्रेस,पोखरा-९, नयाँबजार
फोन नं.	:	०६१-५३२३४४
इमेल	:	bandhupress@gmail.com
ISBN	:	978-9937-0-5523-9

सूचना

- कतिपय लेखहरू स्थानाभावका कारण यस अङ्कमा समावेश हुन सकेका छैनन् , तिनलाई अर्को अङ्मा प्राथमिकताका साथ प्रकाशित गरिने छ । साथै यस अङ्मा प्रकाशित लेख रचनाहरू सम्बन्धित लेखकका नीजि अध्ययन, अनुसन्धान, अनुभव र विचारका आधारमा तयार गरिएका हुन् । आ-आफ्ना लेखको जवाफ देहिता सम्बन्धित लेखकहरू नै हुनुहुनेछ ।
- हिन्दु शब्द लेख्दा नाममा हिन्दु (ह्रस्व) र विशेषणमा हिन्दू (दीर्घ) लेख्ने प्रचलन रहेको पाइन्छ । तर हिन्दु शब्द सिन्धु शब्दबाट रूपान्तरण भइआएको र सिन्धु शब्द ह्रस्व हुने भएकाले यहाँ हिन्दु शब्दलाई नाम तथा विशेषण दुबैमा ह्रस्व रूपमा प्रयोग गरिएको छ।

- प्रधान सम्पादक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

धर्मो रक्षति रक्षितः

विश्वहिन्दु महासङघका केन्द्रीय तथा गण्डकी प्रदेशका अभियन्ताहरू देवघाट धाममा अवस्थित श्री गलेश्वर आश्रममा आएर एउटा पुस्तक दिए। पुस्तकको नाम रहेछ "ॐकार सन्देश"। यो पत्रिका विश्वहिन्दु महासङ्घ कास्कीद्वारा त्रैमासिक प्रकाशन रहेछ। साथै वहाँहरूले आगामी संस्करणको लागी शुभ सन्देशात्मक एक शुभकामना लेखको अनुरोध गर्नुभयो।

पत्रिकाको नाम "ॐकार सन्देश" छ। ॐकारको बारेमा अनेक पक्षबाट विचार गर्नु पर्दछ :

१. ॐकारको उत्पत्ति कसरी भयो ?
२. ॐकार सावयव हो कि निरवयव हो ?
३. ॐकार यदि सावयव हो भने कति अवयवहरू छन् ?
४. ॐकार कसैको प्रतीकात्मक हो कि पूर्णस्वरूप हो ?
५. ॐकार प्रतीकात्मक हो भने कसको र केको प्रतीक हो ?
६ .ॐकार जाप्य हो कि ? ध्येय हो कि ? ज्ञेय हो कि ? गेय हो ?

यस्ता अनेक जिज्ञासाहरूको समाधान गर्नु नै उक्त पत्रिकाको लक्ष्य हुनु पर्दछ। मलाई आशा र पूर्ण विश्वास पनि छ कि आगामी संस्करणहरूद्वारा उपरोक्त जिज्ञासा (प्रश्न)हरूको समाधानार्थ समुचित व्याख्या गर्दै वैदिक सनातन धर्मावलम्बीहरूको मार्गदर्शनार्थ उनीहरूमाझ ॐकारको सन्देश पुऱ्याउन सफल हुने छ। यही मेरो हार्दिक शुभकामना छ।

अनन्तश्रीविभूषित महामण्डलेश्वर स्वामी आत्मानन्द गिरिजी महाराज
अध्यक्ष पीठाधीश (श्री गलेश्वर आश्रम देवघाट धाम)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

H. Ganesh Bhatta

Chief Priest of Pashupati Temple
Kathmandu-8, Nepal
Ph.- 00977-1-4498137
Mob.- 00977-9841696336

शुभाशंसा

संन्सारमा छरिएर रहेका सनातनी हिन्दु अनुयायीहरूको आस्थाको केन्द्र श्री पशुपतिनाथको पावनभूमि, हिमालय र साधु सन्तहरूको तपस्थली नेपाली संस्कृति र संस्कारले परिपूर्ण छ । श्रीमद्भगवत् गीतामा स्पष्ट भनिएको छ 'स्वधर्मे निधनं श्रेयः परधर्मो भयावहः' हामीले आफ्नो धर्म र संस्कृतिको रक्षा गर्न सकेनौं भने कष्ट र दुस्ख भोग्नु पर्ने हुन्छ । नेपालमा पछिल्ला बर्षमा विधर्मीहरूबाट धर्म क्षेत्रमाथि प्रहार गरेका छन् । यस्तो अवस्थामा सनातनीहरूको साझा संस्था विश्व हिन्दु महासङ्घलगायत सबै धार्मिक सङ्घ सङ्गठनहरू एक भएर धर्म संरक्षणको कार्यमा एकताबद्ध हुनु पर्दछ ।

विश्व हिन्दु महासङ्घ नेपाल कास्कीद्वारा प्रकाशित ॐकार सन्देश पत्रिकामार्फत् सनातन हिन्दु धर्म र त्यसको महत्त्वका बारेमा जनजागरण गर्ने काममा निकै महत्त्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ। धर्मले व्यक्तिलाई अनुशासनमा हिड्न सिकाउँछ भने बालबालिकालाई संस्कार सिकाउन सकियो भने मात्र समाज सभ्य र सुसंस्कृत हुँदै जान्छ । हाम्रा पुर्खाले सतत साधना गरेर हामीलाई दिनुभएको ग्रन्थ वेद,श्रीमद्भगवत गीता, श्रीमद्भागवत महापुराण, रामायण, उपनिषद् र दर्शन ग्रन्थहरूबाट समाज सुधार हुने खालका सामग्रीहरू प्रकाशन गरी जन-जनको घरमा पुऱ्यांउनु पर्ने आवश्यकता छ ।

पछिल्ला बर्षहरूमा संस्कृत भाषा र शास्त्र अध्ययन अध्यापनमा आएको कमी पूरा गर्नका लागि धार्मिक सङ्घ सङ्गठनको पहलकदमीबाट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विद्यापीठ सञ्चालन हुँदै आएका छन् । पश्चिमा धर्म परिवर्तन शिक्षा, धर्मको प्रभाव र संस्कारहित समाजलाई रोक्नका लागि पनि विश्व हिन्दु महासङ्घले आफ्ना गतिविधिहरू प्रभावकारी बनाउँदैं लैजान जरुरी छ ।

हिन्दु धर्म, संस्कृति, संस्कार, संस्कृत र नैतिक शिक्षा जगेर्ना गर्नु आजको आवश्यकता हो । यसका लागि हिन्दु सङ्घ सङ्गठनहरू एक भएर आफ्नो धर्म, संस्कृति संरक्षणका काममा लाग्नु पर्छ भन्ने सन्देश ॐकार सन्देश पत्रिकामार्फत् सबैमा पुग्ने आशा राखेको छु ।

तपाईंहरूको ॐकार सन्देश मार्फत देशभर हिन्दु जनजागरण अभियानमा सक्रिय भएर हाम्रा शास्त्रीय ज्ञानका मर्महरूलाई सरल नेपाली भाषामा बुझाउने सामग्री प्रकाशन गर्नुहुने छ । श्री पशुपतिनाथसँग तपाईहरूको कार्ययोजना सफलताको लागि प्रार्थना गर्दछु ।

रावल गणेश भट्ट
मूल भट्ट (प्रधान अर्चक)
पशुपति मन्दिर
काठमाडौं-८

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्यक्षको कलमबाट–

'बसुधैव कुटुम्बकम्'ॐ

पार्वती पौडेल

सनातन धर्म अत्यन्त प्राचीन, विशाल र उदार छ । मानवलाई सत्मार्गमा हिंडाउने जुन कानून छ, त्यो नै धर्म हो । जीवलाई अन्धकारबाट उज्यालो तर्फ, मृत्युबाट अमरतातर्फ, असत्यबाट सत्यतर्फ लैजाने र सबैमा विश्वबन्धुत्त्वको भावना जागृत गराउने मूल जरा नै सनातन धर्म हो । यो कदापि नाश हुन सक्दैन, अनन्तसम्म नित्य, अजर, अमर भएर रहिरहन्छ । सनातन धर्म अनादिकालदेखि नै संसारमा श्रेष्ठ धर्मको रूपमा प्रचलित छ । यो कर्मकाण्ड पूजापाठमा मात्र सीमित छैन, एक सम्पूर्ण जीवन पद्धति नै हो, जस्ले मानिसलाई उसको भौतिक, नैतिक र अध्यात्मिक सबै प्रकारका उन्नतिको बाटो देखाउँछ । आज देसमा ब्याप्त हिंसा, अशान्ति, अव्यबस्था, भ्रष्टाचरण धर्मको अनभिज्ञता रधर्मको उपेक्षाले गर्दा नै भएको हो भन्नु अत्युक्ति हुनेछैन । यस भयानक स्थितिबाट शान्ति, सुव्यवस्था, सदाचार र कल्याणतर्फ लैजाने वाटो पनि धर्मले देखाउन सक्छ । यस्तो अद्भूत धर्मप्रति जनजनमा रुचि जागोस्, केही मात्रमा भएपनि ज्ञान बढ्नुका साथै वैदिक सनातन धर्मको संरक्षण तथा विकासका लागि संस्कृत शिक्षा र नैतिक शिक्षाको महत्त्व, इतिहास र यसको पालनापश्चात् प्राप्त हुने शक्तिका बारेमा प्रष्ट जानकारी पाउनुका लागि विश्व हिन्दु महासङ्घ नेपाल कास्कीले निवर्तमान जिल्ला अध्यक्ष शंङकर खरालका कार्यकालदेखि **ॐकार सन्देश** नामक पुस्तक त्रैमासिक रूपमा प्रकाशन गर्दै आइरहेको छ। पुस्तक प्रकाशन गर्नका लागि हाम्रो आग्रहलाई स्वीकार गरी अत्यन्तै गहन विचार समावेश गरेर लेख रचना उपलब्ध गराउनु हुने विद्वान् लेखकहरूका साथै शुभकामना दिनुहुने गलेश्वर आश्रम देवघाटधामका पीठाधीश अनन्तश्रीविभूषित महामण्डलेश्वर स्वामी आत्मानन्द गिरिजी महाराज तथा पशुपतिनाथ मन्दिर काठमाडौंका मूल भट्ट रावल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गणेशसमेतमा आभार ब्यक्त गर्दछु । साथै यस पुस्तक प्रकाशनको सम्पादन मण्डलको प्रधान सम्पादक आदरणीय भीमलाल लामिछाने बुवा तथा अन्य सम्पादक मण्डल सदस्यहरू समेतले गर्नुभएको अतुलनीय मेहनत र क्रियशीलताको लागि उच्च सम्मान अर्पण गर्दछु । प्रकाशनमा जुट्नुहुने आफ्नो व्यबसायी भन्दा माथि उठेर अमूल्य सहयोग प्रदान गर्नुहुने बन्धु अफ्सेट प्रेसका प्रबन्धक गोविन्दप्रसाद रेग्मीज्यूप्रति विशेष आभार ब्यक्त गर्दछु । अन्त्यमा यो पुस्तक पढिसकेपछि पुस्तको सदस्यता समेत बनेर यसलाई परिस्कृत र परिमार्जित गर्नका लागि यहाँहरूको अमूल्य सुझावको प्रतिक्षामा रहने जानकारि गराउँदछु ।

(हरी ॐ जय सनातन)

जिल्ला अध्यक्ष

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पादकीयः

संस्कृत भाषा र अन्तर्राष्ट्रिय मान्यता

सन् १९५७ मा सोभियत सङ्घले स्पुतनिक (Sputnik) नामक कृतिम भूउपग्रह (Satellite) अन्तरिक्षमा प्रक्षेपण गरी अमेरिकालाई चुनौती दिएलगत्तै अमेरिकाले पनि सन् १९५८ मा अन्तरिक्षमा कृतिम भूउपग्रह पठाउने तथा सो भूउपग्रहमा सूचना आदानप्रदान गर्ने प्रयोजनको लागि वासिङ्गटन डीसीमा नासा (NASA= National Aeronautics and Space Administration) नामक संस्या स्थापना गऱ्यो। यो संस्था अहिले पनि कायम छ र कृतिम भूउपग्रह पठाउने तथा सूचना आदान प्रदान गर्ने कार्य गरिरहेको छ। कृतिम भूउपग्रह भन्नाले वैज्ञानिकद्वारा निर्मित अन्तरिक्षमा परिक्रमा गर्ने ससाना ग्रहलाई जनाउँछ। पृथ्वीको माथि लगभग ८०० किलोमिटरसम्मको स्थानलाई वायुमण्डल र त्यसभन्दा माथिको शून्य आकाशलाई अन्तरिक्ष भनिन्छ। यसै अन्तरिक्षमा सौर्य परिवारका सूर्य, चन्द्रमा, मङ्गल, बुध, गुरु, शुक्रआदि ग्रह पिण्डहरू गुरुत्त्वाकर्षणको शक्तिद्वारा झुण्डिरहेका छन् र तिनै ग्रह पिण्डहरूको खोज, अनुसन्धान गर्न पृथ्वीबाट कृतिम भूउपग्रहहरू पठाउने गरिन्छ।

यसरी अन्तरिक्षमा पुगेको कृतिम भूउपग्रहका अन्तरिक्ष यात्रीसँग पृथ्वी अर्थात् नासाबाट संसारमा चलनचल्तीमा रहेका विभिन्न भाषाबाट सूचना आदानप्रदान गर्न अनेकौं भाषाहरूको दुई दशकसम्म परीक्षण गरेपछि विश्वको सर्वप्राचीन संस्कृत भाषा अन्तरिक्षमा संवादका निम्ति सबैभन्दा उत्तम, प्रष्ट र भरपर्दो भाषाको रूपमा प्रमाणित हुन आयो। अङ्ग्रेजीलगायत अन्य भाषाहरू अन्तरिक्ष लोकमा अन्तर्ग्रहका बीचमा भरपर्दो माध्यम भाषा बन्न सकेनन्। परन्तु संस्कृत भाषा भने अत्यन्तै खारिएको, युगौंयुगसम्म एउटै रूप र माध्यममा चलिरहन सक्ने हुँदा कम्प्युटरलगायत अन्य दूरजगत्‌को संवाद प्रयोजनका निम्ति सबैभन्दा बढी भरपर्दो र वैज्ञानिक भाषा हुन आएको कुरा नासाका वैज्ञानिक रिक बिग्रस (Rick Briggs) ले अनुसन्धानमूलक प्राज्ञिक लेख द्वारा प्रकाशित गरे।

बेलायतको करिव १०० वर्ष पुरानो School of Phyoloshophy

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
नामक संस्थाले जर्मनीलगायत युरोपका विभिन्न देशहरूमा करिव एक दर्जनजति सेन्ट जेम्स स्कूलको स्थापना गरी संस्कृत शिक्षालाई अनिवार्य बनाइ पढाउने गरेको छ, त्यसै गरी अमेरिकाले पनि नेपालको गुरुकुलीय शिक्षा पद्धतिको ढाँचाको संस्कृत शिक्षामा पढाउने गरेको छ । नेपालका मौलिक र रैथाने वेद, उपनिषद्, धर्मसूत्र, रामायण, महाभारत, गीतासमेतका पौराणिक धार्मिक मूल ग्रन्थहरू संस्कृत भाषामा नै लेखिएका छन् । यिनै धार्मिक ग्रन्थहरू अहिले अमेरिका, वेलायत, जर्मनीलगायतका देशहरूमा अध्ययन र अनुसन्धान भइरहेको थाहा पाउँदा हाम्रा ऋषि महर्षिहरूले अवलम्वन गरेको संस्कृत भाषाको देन कति वैज्ञानिक र उच्च कोटिको रहेछ भन्ने कुरा प्रमाणित हुँदै आएको छ ।

यसरी विश्वका विकसित मुलुकहरूले पनि अनुकरण गर्न थालेको संस्कृत भाषालाई नेपालकै केही उच्छृङ्खल समूहले संस्कृत शिक्षा आवश्यक छैन भन्दै दाङ जिल्लामा रहेको संकृत विश्वविद्यालयको पुस्तकालयमा आगो लगाउनु, विभिन्न जिल्लाका विद्यालयमा पढाउँदै गरेको संस्कृत शिक्षालाई आवश्यक छैन भन्दै बन्द गराउन दवाव दिनु, बुद्ध धर्मका अनुयायी खास गरी गुरुङ, मगर, तामाङ, शेर्पा तथा हिन्दु धर्मका अनुयायी खास गरी गरिव तथा दलित समुदायलाई अनेकौ प्रलोभन देखाइ विभिन्न चर्चमा लगेर इसाई धर्म ग्रहण गर्न लगाउने साथै सनातनदेखि हिन्दु राष्ट्र रहिरहेको नेपाललाई धर्म निरपेक्ष राष्ट्र भनी संविधानमा लेखिएकाले हाम्रा शीर्ष नेताहरूको संस्कृत भाषाप्रतिको दृष्ट्रिकोण कति दूरदर्शी र वैज्ञानिक रहेछ भनेर अनुमान गर्न पाठक आफै सक्षम हुनेछन् ।

अन्तमा विश्वका विकसित मुलुकहरूले पनि अनुकरण गर्न थालेको र अन्तरिक्षमा रहेका अन्तरिक्ष यात्रीहरूसँग पृथ्वीबाट समाचार आदान प्रदान गर्न पनि संस्कृत भाषामात्र सार्थक भएकोले संस्कृत शिक्षालाई नेपालका प्रत्येक विद्यालयमा अनिवार्य रूपमा पाठ्यक्रम बनाइ लागु गर्नुपर्ने एकातिर देखियो भने अर्कोतिर संस्कृत भाषालाई अन्तर्राष्ट्रिय भाषा कायम गर्न संयुक्त राष्ट्र सङ्घजस्ता विश्व संस्थामार्फत् पहलकदमी चाल्न विश्व हिन्दु महासङ्घ नेपाल सरकारको ध्यानाकर्षण गराउन चाहन्छ ।

प्रधान सम्पादक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषय-सूचि

२०३७ चैत्रमा स्व.राजा वीरेन्द्रबाट		१
हिन्दुसभ्यताले विश्वलाई दिएको योगदान	स्वामी चन्द्रेश	५
अध्यात्ममूलक संस्कृतप्रधान शिक्षा किन ?	डा. चिन्तामणि योगी	१२
वैदिक मन्त्रद्रष्टा महिला र तिनको चतुर्वर्ग...	डा.नारायणप्रसाद अधिकारी	१९
हिन्दु समाजमा नारीको स्थान	जनार्दनशरण त्रिपाठी	३२
रजस्वलाको कर्तव्याकर्तव्यसम्बन्धी शास्त्रीय...	माधवप्रसाद लामिछाने	३९
शाकाहारको वैज्ञानिक आधार	चैतन्य कृष्ण	५४
तब जाग्छ हिन्दु (वसन्ततिलका छन्दमा)	भरतराज पौडेल	५६
गण्डकी प्रस्रवणको केन्द्रीय पहिचान शालिग्राम	डा.कुलराज चालिसे	५८
राज्यको धर्म जनता र राष्ट्रको .. - पौडेल	अन्तर्वार्ताकार-माधव वियोगी	६७
केनोपनिषद्	भोला थापा	८०
वैदिक सनातन धर्ममा वनस्पतिको महत्त्व	ऋषिराम त्रिपाठी	८४
न्यायवैशेषिकदर्शन र तत्सम्मत ...	अच्युतप्रसाद लामिछाने	९०
पराशक्ति काली:तात्त्विक स्वरूप चिन्तनडा.	माधवप्रसाद लामिछाने	१०१
सम्झौं, सिकौं, सकारौं र सुधारौं	हरिप्रसाद सोडारी	१११
हिन्दुधर्ममा गङ्गाको महत्त्व	मुक्तिनाथ घिमिरे	११८
गाईको पौराणिक महत्त्व र विज्ञान	शङ्कर गिरी	१२९
तत्त्वबोध	बलराम पोखरेल	१३२
नेपालमा जातीय विभेद न्यूनीकरणका उपायहरू:	गणेश बराइली	१४६
हितकर्म नै धर्म हो	सरिता घिमिरे	१५५
शास्त्रलाई जीवनोपयोगी बनाऊँ	पार्वती पौडेल	१५८
गायत्री मन्त्रः सनातन संस्कृतिको अमूल्य यन्त्र	भीमलाल लामिछाने	१६०
विश्वहिन्दु महासङ्घ नेपालका समसामयिक गतिविधिहरू		१६८

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२०३७ चैत्रमा स्व.राजा वीरेन्द्रबाट पर्सा जिल्लाको वीरगञ्जमा भएको विश्व हिन्दु सम्मेलनमा दिइएको मन्तब्य

सभापति, विद्वान्वर्ग,

महिला तथा सज्जनवृन्द,

१. रामनवमीको पवित्र दिन आज हिन्दु सम्मेलन स्वतन्त्र हिन्दु अधिराज्य नेपालमा हुन लागेको अवसरमा यहाँ जम्मा हुनु भएका हिन्दु धर्मका धर्मगुरुहरू तथा हिन्दु धर्मप्रति श्रद्धा राख्ने महानुभावहरूलाई स्वागत गर्न पाउँदा हामीलाई खुशी लागेको छ ।

२. जन्मदेखि मरणसम्म, सूर्योदयदेखि सूर्यास्तसम्म, इहलोकदेखि परलोकसम्म जीवनका प्रत्येक क्षणका हाम्रा सम्पूर्ण क्रियाकलापलाई सनातन हिन्दु धर्मले निर्देशित गरेको हुन्छ । जन्मजन्मान्तरको पीडा, जीवनमा भोग्नु पर्ने अनेक कष्टबाट मुक्त भई मोक्ष प्राप्त गर्नु नै हिन्दु धर्मले हामीलाई जीवनको लक्ष्य देखाएको छ र हाम्रो समाजलाई अनादिकालदेखि गतिमान् बनाउदै ल्याएको छ ।

३. हाम्रा भावनाका तन्तु, हाम्रा विचारका श्रृंखला, हाम्रा व्यवहार र सम्पूर्ण सामाजिक ढाँचा र कार्यकलाप धर्मबाटै सञ्चालित छन् । नेपाली समाजलाई धर्मले नै सुरक्षाको भाव, सच्चाइको पाठ, ईमान्दारीको आवश्यकता, कर्तव्यपरायणताको बोध, अनुशासन, संयम, विवेक, अनि जीवनमा न्याय र निष्ठाजस्ता अनेक सामाजिक सांस्कृतिक मूल्य र मान्यताहरू प्रदान गरेको छ । सक्षेपमा, सनातन हिन्दु धर्मकै परिवेशभित्र हामी जन्मन्छौ, हिड्छौ, हुर्कन्छौ र हामीले फेर्ने सासको स्वच्छ हावाले झैं यसले हामीलाई जीवन पर्यन्त घेरेको हुन्छ ।

४. नेपाली समाजमा धर्मको प्रधानता भएको कुरा आज पनि प्रत्येक नगर र गाउँहरूका कुना कुनाबाट हजारौं हजार मन्दिर, चैत्य र देवस्थलहरूले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उद्‌घोष गरिरहेका छन् । वास्तवमा नेपालीले जतातत‌ै देवत्वको खोज गरेको छ। दैवी शक्तिबाटै ब्रह्माण्डको नाटक सञ्चालन भएको कुरामा अटल आस्था राख्दै हामी र हाम्रा पूर्वजहरूले अनादिकाल देखि नै पर्वतका हिमचुली, पहाडका थुम्का, डाँडाका भञ्ज्याङ्ग, देउराली, गौडा, गढी, कोत र नाकाहरूका साथै नदीतट, पोखरी, शालिग्राम र ढुङ्गाहरूमा समेत देवत्त्वको खोजीमा हजारौ हजार देवालय मठ, मन्दिर, स्तुपा, गुम्वा, विहार, धर्मशाला, सत्तल, पाटी, पौवा, चौतारो, इनार, कुवा र धाराहरूको निर्माणमा आफ्नो सर्वोच्च सिर्जनात्मक प्रतिभाको परिचय दिइ आएका छौं। अनि धर्मकै भावनाले ओतप्रोत भई हामीहरू वाटामा बर, पीपल, शमी, अमला र आँपका बोटहरू लगाउँछौं र प्रत्येक वर्ष घर आँगनमा महिमासाथ तुलसीका वेर्ना रोप्ने गर्छौं । संक्षेपमा, धार्मिक भावनाबाटै नेपालले देवभूमि, तपोभूमि भन्ने पवित्र नाम पाएको छ। यही धार्मिक संस्कारले हाम्रो संस्कृति फुलेको फलेको छ र नेपाली सभ्यताको विकास र विस्तार भएको छ । यसैबाट हाम्रो मूर्तिकला, काष्ठकला र वास्तुकलाले उत्कृष्ट स्थान लिन थालेका छन् । यिनै वास्तविकताको पृष्ठभूमिमा हाम्रो संविधानले नेपाललाई एक हिन्दु अधिराज्य घोषित गरेको छ।

५. **हाम्रो विचारमा, हाम्रो धर्म मेटिए हाम्रो संस्कृति मेटिन्छ र हाम्रो संस्कृति मेटिए हाम्रो सभ्यताको मूल नै सुक्दछ, अनि हाम्रो संस्कृति र सभ्यता मेटिए हामी पनि मेटिन्छौ** । हाम्रो आफ्नोपन र हाम्रो विलक्षणताको चिनारी हाम्रो धर्मले नै दिई आएको छ । वास्तविक अर्थमा मानिसको आर्थिक वा भौतिक विकास नैतिक, बौद्धिक वा आध्यात्मिक विकास विना सम्भव हुँदैन। विकासको साधन र साध्य स्वयं मानिस हो। अतः विकासलाई अर्थतन्त्रको जालोमा मात्र सीमित नराखी समष्टिमा मानिसमा नै केन्द्रित गर्नुपर्छ । मानिसको आर्थिक विकास आफ्नो संस्कृति र धार्मिक मूल्यसित अनिवार्य रूपमा गाँस्नु वुद्धिमत्तापूर्ण हुन्छ। संस्कृति र धर्मलाई पन्छाएर वा विस्थापित गरेर देशको विकास कदापि सम्भव हुँदैन। त्यसैले हाम्रो धर्मको मूल आदर्श,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
मान्यता र आस्थाप्रति सधैं चिन्तन, मनन र मन्थन गरेर जनजीवनमा प्रतिपादन गर्नु हाम्रो कर्तव्य हुनजान्छ ।

६. सनातन हिन्दु धर्म फराकिला, ग्रहणशील र विकासमूलक मात्र होइन, यसका मूलस्रोत अत्यन्त वैज्ञानिक तथ्य र तर्कमा आधारित छन् । पुरानो रुढिवाद, कोरा कल्पना, सामाजिक पक्षपातपूर्ण आचरण, पूर्वाग्रह, अन्धविश्वास, असत्य र अवैज्ञानिक व्यवहारलाई यसले आफ्नो उद्गमथलोमा ठाउँ दिएको छैन । त्यसैले धर्म र संस्कृतिलाई सारहीन परम्परा वा खोक्रा आदर्शहरूमा मात्र सीमित नराखी युगको चुनौतीलाई स्वीकार गर्दै कर्मयोगीको रूपमा डटेर व्यवहार र आचरणमा उतार्न सकेमात्र हिन्दु धर्मलाई हामी सनातन र शाश्वत रूप दिन समर्थ हुनेछौं । पोखरीको पानीजस्तै गतिहीन नराखी हाम्रो धर्म र संस्कृतिलाई नदीको जलजस्तै समयको प्रवाहमा गतिमान् र स्वच्छ भई बग्न दिनुपर्छ ।

७. हिन्दु धर्मको स्वरूप र प्रकृति समग्रमा उदार, उदात्त र व्यावहारिक छ । धर्मको यो गतिशील प्रवाहले नेपालमा विविध सांस्कृतिक दृष्टिकोण, मतमतान्तर, संप्रदायहरूलाई गहिरो समुद्रले झैं अनेक वैचारिक नदीनाला र खोलाहरूलाई आफूभित्र समेटेको छ। सहिष्णुता र समन्वय हिन्दु अधिराज्य नेपालको गौरवशाली परम्परा मात्र होइन, वर्तमान व्यवहार पनि हो। नेपालमा हिन्दु, बुद्ध र इस्लाम आदि धर्मावलम्बीहरूसँगै बसी हुर्केका मात्र छैनन्, आफ्ना पूर्वजहरूले मानी आएको धर्म र संस्कृतिलाई निरन्तर श्रद्धा र भक्तिले अनुसरण गर्दै एक अर्काका धर्म र आस्थाप्रति सद्भावना र आदर देखाउँछन् । यो नेपालको राष्ट्रिय चरित्र हो । नेपाली मानस बुद्धलाई विष्णुको अवतार मात्र मान्दैनन्, शिवमा बुद्धत्व र बुद्धमा शिवत्त्व पनि भेट्दछन् । धर्मको नाममा नेपालको भूमि कहिल्यै रणक्षेत्र भएको छैन, बरू नेपाली सहिष्णुताको छहारीमा विभिन्न मतमतान्तर र सप्रदायहरूको सुखद् समन्वय र सम्मिश्रणले यस देशको पवित्र माटो मा जरो हालेको छ। यही गौरवशाली पृष्ठभूमिमा नै हामीले वर्तमान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
विश्वको अनावश्यक वादविवाद र विग्रहलाई पन्छाइ शान्तिको शङ्खनादले नेपाली आकाश सधैं गुञ्जायमान रहीरहोस् भन्ने कामनाले नेपाललाई शान्तिक्षेत्र बनाउने आकाङ्क्षा गरेका हौं ।

८. हिन्दु धर्मले मानिसको आध्यात्मिक र आधिभौतिक विकासलाई प्रश्रय मात्र होइन, यसले प्राणीमात्रको कल्याण र विश्वलाई नै एउटै परिवार मान्दै अँध्यारोबाट उज्यालोतिर, मृत्युबाट अमरत्त्वतिर, असत्‌बाट सत्यतिर निरन्तर डोऱ्याएको हुन्छ । जडबाट चेतन र सत्‌चित् आनन्दको अमर सञ्जीवनी लिएको यो धर्म निश्चय नै शाश्वत र अजेय छ । हाम्रो सर्वाङ्गीण विकास पनि यसको विकासबाट मात्र सम्भव हुन सक्छ । त्यसैले नेपाल र हिन्दु जगत्‌मा एक पुनर्जागरणको युगारम्भ गर्नुपर्ने आजको परम आवश्यकतालाई हृदयङ्गम गर्दै विश्वमानवताको पवित्र आदर्श लिएको हिन्दु धर्ममा श्रद्धा राख्ने विश्वका तमाम हिन्दुहरूका साथै मानवतमात्रको कल्याण गर्ने उद्देशय प्राप्तिमा यो हिन्दु धर्म सम्मेलन सफल हुन सकोस् यही नै हाम्रो कामना छ ।

९. अन्तमा, विश्वका सम्पूर्ण हिन्दुमात्रका तर्फबाट हामी नेपाली पनि यस गतिशील एवं प्रज्वलित हिन्दु धर्मलाई सहयोग गर्ने कामना गर्दछौ र श्री परमेश्वरले हिन्दु जीवनको पुनरूत्थान गर्नमा हामी सबैलाई आशीर्वाद प्रदान गरून् भन्ने प्रार्थना गर्दछौं । साथै आजको यस सम्मेलनका आयोजकहरू लगायत सबै सहभागीहरूलाई हामी धन्यवाद दिन चाहन्छौं ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून् ।

२०३७ साल चैत्र ३० गते   जय नेपाल

✡✡✡✡

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हिन्दुसभ्यताले विश्वलाई दिएको योगदान

✍ स्वामी चन्द्रेश

संसारमा एक चेतनस्वरूप निराकार ईश्वर हुनुहुन्छ र मनुष्यको मूल धर्म त्यही ईश्वरीय चेतनालाई आफूमा प्रत्यक्ष उपलब्ध गरी त्रिविध दुःखबाट मुक्त हुनु हो । यो तत्त्व विश्वमा सबभन्दा पहिला हिन्दु ऋषिहरुले नै आविष्कार गरेका हुन् । भौतिक र मानसिकबाहेक पनि मानिसको एउटा आध्यात्मिक अस्तित्व छ, जसको अभावले मानिस यथार्थ मनुष्य बन्न सक्दैन । यो तत्त्व पनि सबभन्दा पहिले हिन्दुहरूले नै उद्घोष गरेका हुन् । वस्तुतः धर्मको प्रायः सबै अङ्गहरू ऋग्वैदिक कालदेखि नै हिन्दुजातिले विश्वलाई सिकाउँदै आएका हुन् । इतिहासले यो कुरा पुष्टि गर्दछ ।

महान् योगविद्याद्वारा मनुष्यको आन्तरिक परिस्थितिलाई पूर्ण रूपले परिवर्तन गर्न मिल्छ, यसैको मद्दतले मनुष्य अनुभव गर्छ कि आत्माको अमरत्त्वलाई पुष्टि गर्न त्यही विद्याको उत्पत्ति भयो हिन्दुसमाज भारतवर्षमा ।

गणितमा गणना गर्ने सङ्ख्याबाट लिएर दशमलबसम्म विविध तत्त्वहरूको आविष्कारक नै प्राचीन हिन्दु मनीषीहरू हुन् । ज्यामिति र त्रिकोणमितिका आविष्कारक पनि हिन्दु गणितज्ञहरू नै हुन् । संस्कृत 'ज्या' शब्दको अर्थ परिमाप र 'मिति'को अर्थ विज्ञान । त्यही ज्यामिति शब्दबाट **अंग्रेजी** Geometry शब्द र त्रिकोणमिति, त्रिकोण अर्थात् त्रिभुज विज्ञानबाट भयो- Trigonometry को आविष्कार ।

भनिन्छ युरोपीय जगत्मा जन्मान्तरवाद, परकालतत्त्व, ध्यानतत्त्व, शाकाहारी आहार, ज्यामितीय सूत्र, बिन्दुवाद आदिको प्रवर्तक हुनुहुन्थ्यो - विद्वान् पाइथागोरस । प्रोफेसर H. G. Rawlinson ले लेख्नुभयो- "सम्भवतः पाइथागोरस इजिप्टबाट होइन कि भारतबाटै प्रभावित भएका थिए । धर्मीय, दार्शनिक, गणित विषयमा जत्ति किसिमको सिद्धान्त पाइथागोरसले विश्वलाई

✍ लेखक भारतको बङ्गालमा जन्मेर २०२५ सालमा नेपालमा प्रवेश गर्नुभई तीन वर्षसम्म नेपालको पूरै भ्रमण गरी २२ वर्ष शिवपुरी आश्रममा तपश्यामा लीनरही हाल बूढानीलकण्ठ आश्रममा गुरुकुल सञ्चालक तथा हिन्दु धर्मको अभियन्ता हुनुहुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सिकाएका थिए, ती जम्मै इसापूर्व छैठौं शताब्दीमा भारतीयहरूलाई थाहा रहेछ भन्नेकुरा देखियो। भारतमा भएका जैन र बौद्धहरूजस्तै पाइथागोरसका भक्त पाइथागोरियनहरू पनि प्राणी हत्याबाट निवृत्त, मासु नखाने र प्याज लसुन आदि निषिद्ध सागसब्जीलाई मान्दा रहेछन्। यो पनि देखिन्छ कि पाइथागोरसले The Quadrature या the Hypotenus भन्ने सिद्धान्त दिएका छन्। त्यो भारतीयहरूलाई वैदिक युगदेखि नै थाहा रहेछ। अवश्य नै पाइथागोरसभन्दा धेरै अगाडिको कुरा हो। (legacy of India 1937. Page 5)। यस विषयमा Professor Winternitz पनि पूर्णतया सहमत छन्।

सङ्गीतको बाह्र स्वर र चौबीस श्रुतिको आविष्कर्ता पनि विश्वमा प्राचीन हिन्दु सङ्गीतज्ञहरु नै हुन्। चीन र ग्रीसजस्तो प्राचीन सभ्यतालाई सात स्वरको पूरा ज्ञान थिएन। भनिएको पनि छ – पाइथागोरस आएर वनारसमा सङ्गीत चर्चा गरी एउटा वीणा यहाँबाट साथमा लिएर गएका थिए। त्यसैका आधारमा युरोपमा तारयन्त्रहरु बन्न थाले।

ज्योतिष र ज्योतिर्विद्या दुवै हिन्दुहरुको निजस्व सम्पत्ति हुन्। अलेक्जेण्डर भारतमा आएका बेलामा उहाँसित इजिप्टको राजा **टोलमी** (Tolemy) पनि आएका थिए। टोलमीले तक्षशीलाबाट ज्योतिष विद्या सिकेर भारतबाट बाहिर लिएर गए र त्यतैबाट युरोपमा प्रचार भयो।

कथा, उपकथा, नाटक, उपन्यास, व्याकरण, कविता, छन्द र दर्शन यी सबैको पहिलो प्रवर्तन विश्वमा भारतीय हिन्दुहरुले नै गरेका हुन्। कालिदासको नाटक **अभिज्ञानम् शाकुन्तलम्**ले विश्वको श्रेष्ठ साहित्य र नाटकका रूपमा परिचय पाएको छ भन्नेकुरा पनि Encyclopedia Britanica 1939 ले प्रष्टरूपले भन्दछ। मान्नुपर्छ त्योभन्दा धेरै अगाडिदेखि नै यो साहित्यको चर्चा चल्दै आइरहेको हो। **कालिदास इसापूर्व प्रथम शताब्दीका हुन् भने शेक्सपियर इस्वी सन् सोह्रौं शताब्दीका हुन्। कसैकसैले भन्छन्- शेक्सपियर का साहित्यमा कालिदासको प्रभाव प्रष्टै देखिन्छ। विश्वको सबभन्दा प्राचीन वैयाकरणिक पाणिनि हुन्। उनी इ.पू. छैठौं शताब्दीका हुन्।** उनकै व्याकरणको शैलीमा विश्वमा पछिपछि व्याकरण सृजना भएको देखिन्छ।

महाकाव्यका क्षेत्रमा पनि रामायण र महाभारतभन्दा पछि नै **होमर** (Homer) को इलियड र **ओडिसी** तथा **दाँते** (Dante) को डिभाइन कमेडी सृजना भएको हो, जसमा रामायण आदिको प्रभाव प्रष्टै देखिन्छ। सन् १९३९

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
को Encyclopedia Britanica मा उल्लेख छ - विश्वमा जत्ति किसिमका स्थापत्यको स्वरूपहरू छन् अर्थात् जत्ति शैलीका भवनहरू देखिन्छन्, ती सबैको नमुना भारतमा नै पाइन्छ र सुरुआत पनि त्यहींबाट भएको हो । अलेक्जेण्ड्र्याको माध्यमबाट ती आकारहरू युरोपमा प्रवेश गरे । यसबाहेक त्यही Encyclopedia मा नै छ कि घोडाको प्रयोग, तीर धनुषको प्रयोग र विविध पशुपक्षीहरूलाई पाल्तु बनाउने प्रचलन जस्तोकि बाँदर नचाउने, भालु नचाउने, सर्प नचाउने, सुगा, मैना, काकातुवा आदि चराहरूलाई कुरा सिकाउने, हात्ती, घोडालाई वश गरी काम लिने, चितुवालाई वश गराउने, कुकुर लाई शिकारमा लैजाने र रखबारीमा राख्ने, बाज र परेवालाई पाल्तु बनाएर चिठीबाट सन्देश पठाउने आदिआदि सबै भारतबाट नै सुरु भएका हुन् । जुन बेला महाभारतमा सुन चाँदीले सजाएको रथलाई आठवटा घोडाहरूले तान्ने गर्थे, त्यसबेला युरोपेली सभ्यताको अस्तित्व कहाँ थियो ? वस्तुतः एशियाली सभ्यताको आधारभूमि नै भारतवर्ष हो भन्नेकुरा युरोपीय पण्डितहरूले पनि स्वीकार गरी नै सकेका छन् । प्रस्तर, काष्ठ र धातुकलाहरूमा पनि हिन्दुहरूको आफ्नो प्राचीन मौलिकता पूर्णरूपले देखिन्छ । धेरैको भनाइ छ - रेशम र कपास दुवै प्राचीन भारतकै आविष्कार हुन् । कलाविषयक पण्डितहरूको भनाइ छ - आधुनिक युरोपीय कला Impressionism माथि भारतीय कलापद्धतिको नै प्रभाव स्पष्ट देखिन्छ । यसमा मूर्तिको वास्तव स्वरूपभन्दा पनि भावात्मक तत्त्व बढी प्रभावशाली हुन्छ ।

विज्ञानतर्फ हेरियो भने न्युटनको क्रियाप्रतिक्रिया र गुरुत्त्वाकर्षणको सिद्धान्त, डाल्टनको अणुवाद, पदार्थ विज्ञानको Conservation of Energy र Conservation of Matter आदि आधुनिक विज्ञानका करिब करिब सबै मूल सिद्धान्तहरू हामी वेद तथा अरूअरू हिन्दु दर्शनमा स्पष्ट रूपले पाउँछौं । डार्बिनले क्रमविकासको सिद्धान्त प्रतिपादन गर्नुभन्दा हजारौं वर्ष अगाडिदेखि हिन्दुहरू जन्मान्तरवाद र चौरासी लाख योनिको कुरा भन्दै आइरहेका छन् । आधुनिक युरोपीय वैज्ञानिकहरूले पनि ८० लाख प्राणी प्रजातिको कुरा उल्लेख गर्दै छन् । वैशेषिक दर्शनमा कणादको परमाणुवादले खालि वस्तुलाई मात्रै नभई मानवको चित्त, मन, बुद्धि आदि सबै तत्त्वहरू नै सूक्ष्म परमाणुले बनेको कुरा हजारौं वर्ष अगाडि प्रमाणित गरिसकेका छन् । सबभन्दा सूक्ष्म परमाणु चेतना हो, जुन कुरा "अणोरणियान महतमहियान...."

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
भनी उपनिषद्‌ले पनि पूर्ण रूपले समर्थन दिएको छ ।

त्यतिमात्रै नभई आधुनिक कालमा पनि विश्वलाई हिन्दु वैज्ञानिकहरूले योगदान दिएका छन् । सन् १९२८ मा डा.चन्द्रशेखर सुब्रह्मण्ड्यमको ताराविषयक ज्ञान, अर्थात् ताराको सङ्कुचन र अभिवृद्धि, उसको अणुहरू प्राकृतिक नियमले खुम्चिँदै र गुरुत्त्वाकर्षणले फेरि तन्काउँदा बढ्दा रहेछन् । एवंप्रकारले ग्रहजगत्‌मा सन्तुलन भइरहँदो रहेछ र ताराको यो वृद्धिको सीमा हुँदो रहेछ । यसको आविष्कार उहाँले गर्नुभएको हुनाले उहाँकै नामबाट नामकरण भयो - Chandrashekhar Limit भनेर । Stephen Hawkingn ले उहाँको प्रसिद्ध ग्रन्थ A Brief History of Time मा चन्द्रशेखरको बारेमा ८७ देखि ९० पेजसम्म राम्ररी वर्णन गरेका छन् । परवर्ती कालमा Black Hole आविष्कारमा पनि चन्द्रशेखरका आविष्कारले मद्दत गरेको मानिन्छ । उनले सन् १९८३ मा भौतिक शास्त्रमा नोबेल पुरस्कार प्राप्त गरेका थिए ।

उद्‌भिज विद्यामा प्राचीन कालदेखि नै हिन्दुहरू प्रसिद्ध छन् । आधुनिक कालमा सर जगदीशचन्द्र वोसले Cresco Graph भन्ने यन्त्र आविष्कार गरी प्रमाणित गरेका छन् कि वनस्पतिहरूमा पनि प्राण हुन्छ र जीवित प्राणीहरू जस्तै रूखबिरुवाहरू पनि सम्वेदनशील हुन्छन् । रूखबाट पात टिप्दा या हाँगा भाँच्दा Cresco Graph ले तुरुन्तै उसको वेदनालाई दर्शाउँछ र त्यस्तै माया गर्दा या जतन गर्दा पनि उसको प्रतिक्रिया देखाउँछ । तारविहीन विद्युत् प्रसारण पनि सर जगदीशचन्द्र बोसले मार्कोनिभन्दा अगाडि आविष्कार गरेका हुन् । तर मार्कोनिले अगाडि प्रतिस्थापन गर्ने मौका पाएर मात्रै हो । जर्मन Encyclopedia मा बेतार विद्युत् प्रसारणमा सर जगदीशचन्द्र बोसको नै नाम आउँछ । Chromosome Theory को आविष्कारमा मध्यप्रदेश निवासी डा. खुरानाको नाम सबैलाई ज्ञात नै छ । प्रकाशको परावर्तनको सिद्धान्त दक्षिण भारतका वैज्ञानिक सी. भी. रमणको आविष्कार हो । यसलाई रमण सिद्धान्त पनि भनिन्छ र समुद्रको पानी र आकाश किन नीलो देखिन्छ भन्ने विषयमा पनि उहाँको आविष्कार विश्वविख्यात रहेको छ । Eye Contact Glass को आविष्कारक पनि अमेरिका निवासी बङ्गालमा जन्मिएका वैज्ञानिक भौमिक हुन् ।

यो कुरा पनि सबैलाई विदित नै छ कि एशिया महादेशमा सबभन्दा पहिला नोबेल पुरस्कार पाउने रबीन्द्रनाथ ठाकुर नै हुन् र उनको गीताञ्जली

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
भन्ने ग्रन्थमा भएको आध्यात्मिक कविताको धारा पाश्चात्य जगत्मा कतै पनि भेटिंदैन । त्यस्तै संसारको सबैभन्दा लामो सावित्री भन्ने कविताका रचयिता आधुनिक कालका हिन्दु ऋषि **अरविन्द** हुन, जसको बारेमा प्रसिद्ध फ्रान्सेली लेखक **रोमाँ रोला** (Romain Rolland) ले आफ्नो Shree RamKrishna भन्ने किताबमा भनेका छन् - पूर्व तथा पश्चिम दुवै विश्वलाई छानबिन गर्दा पनि आधुनिक कालमा अरविन्द जत्तिको उच्चकोटिको दार्शनिक जन्मिएकै छैन ।

यसै गरी अरूअरू क्षेत्रहरूमा पनि हिन्दुहरूको योगदानले उत्तिकै उचाइ छोएको छ। अमेरिकाका पूर्वराष्ट्रपति रेगनलाई गोली लाग्दा एकजना हिन्दु बङ्गाली डाक्टरले उपचार गरी तीन दिनभित्र उहाँलाई अचम्म ढङ्गले तन्दुरुस्त बनाइदिएका थिए । त्यसै गरी वर्तमान समयमा विश्वको सबैभन्दा बढी कम्प्युटर चिप्स हिन्दुहरूले नै बनाउन लागेका छन् । एवंप्रकारले टाटा, अम्बानी, मित्तलजस्ता विश्वका धनाढ्यहरूदेखि लिएर पौडी खेलेर इङ्गलिश च्यानल पार गर्ने **मिहिर सेन र आरति दास** हिन्दु जातिमै पर्दछन् । भारतमा सर्वप्रथम साम्यवाद ल्याउने **मानवेन्द्रनाथ राय लेनिन** Executive comettee को एकजना सदस्य हुनुहुन्थ्यो। परवर्ती कालमा उहाँले Radical Humanism भनी आफ्नै महान् दर्शन प्रतिपादित गर्नुभएको छ, जसमा साम्यवादलाई संशोधन गरी विवेकवाद नाम राख्नुभयो । अनुसन्धानकर्ताहरूको भनाइ यो पनि छ कि **हिगल र मार्क्स**को Dilectical Theory पनि परोक्षरूपले वेदान्तकै एउटा प्रतिफल हो। यस्तै गरी बङ्गालका दुईजना Body Builder **मनतोस राय र मनोहर आइच**ले बोडी बिल्डिङ्मा **मिष्टर यूनिभर्स** (Mr. Universe) को पदवी प्राप्त गरेका थिए । आधुनिक कालका सुप्रसिद्ध जादुगर पी.सी. सरकारदेखि लिएर सबैभन्दा शुद्ध र राम्रो अङ्ग्रेजी लेख्ने **निरोधवरण राय** हिन्दु परम्पराबाटै आएका हुन् । यसरी हेरियो भने वर्तमान विश्वमा हिन्दुहरूको विश्व कीर्तिमानमा कुनै कमी देखिँदैन ।

यो विश्वमा हिन्दुहरूको साङ्ख्य, वेदान्त, योग आदि दर्शनहरूलाई युक्ति र अनुभवले पराजित गर्न सक्ने दर्शन आजसम्म जन्मेको छैन। पाश्चात्य जगत्का दर्शनहरू यसका अगाडि सूर्यका सामुन्ने टिमटिमे बत्ति बालेको उदाहरण स्वयं पाश्चात्य दार्शनिक **सोफेन हावर**ले नै दिएका छन् । गीताको बराबर सर्वाङ्गीण धर्मग्रन्थ र काव्य तथा साहित्य अबको पाँचहजार वर्षमा पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
हामी पाउँछौं कि पाउँदैनौं भन्नेकुरामा शङ्का नै छ !

यसबाहेक शून्य र अनन्त तत्त्वको आविष्कारक पनि प्राचीन हिन्दुहरू नै हुन् भन्नेकुरा नोबेल पुरस्कार विजेता युरोपका प्रशिद्ध गणीतज्ञ **जर्ज वर्नाड शा** (George Bernard shaw) ले उहाँको जन्मदिनमा भेला भएका जनताका अगाडि स्पष्टरूपले घोषणा गरेका थिए र यो कुरा विश्वभरि नै सर्वसम्मत रहेको छ। "पूर्णमदः पूर्णमिदं ..." श्लोकले नै प्रमाण गर्दछ कि अनन्तबाट अनन्त लिएपछि अनन्त नै रहन्छ। एकजना प्रसिद्ध पाश्चात्य अन्वेषकको भनाइ छ - विश्वमा मानव सभ्यताको यस्तो कुनै अङ्ग छैन, जसको सुरुआत भारतवर्षबाट भएको छैन अर्थात् हिन्दु समाजबाट भएन। भारतका पूर्व राष्ट्रपति **डा. राधाकृष्णनन्**ले लेखेको Eastern Religion and Western Thought नामक ग्रन्थले तथा **योगानन्द**को Autobiography of a Yogi नामक किताबले यस विषयमा पाश्चात्य जगत्मा तहल्का मच्चाएको हो। जिज्ञासुले यी ग्रन्थ आफैं खोजेर पढ्न सक्छन्। अर्को विशेष ग्रन्थ **डी पी सिंहल**को India and World Civilization भन्ने ग्रन्थ महत्त्वपूर्ण छ। त्यस बाहेक पनि उल्लेखनीय हो अजस्र संस्कृत शब्दहरू अङ्ग्रेजी तथा अरूअरू युरोपेली भाषाहरूमा प्रत्यक्ष रूपले पाइएको कारणले प्रशिद्ध उच्चारणविद् **Professor Max Muler, Paul Deosun** आदि पण्डितहरूले युरोपेली भाषाहरूलाई Indo European अर्थात् भारतबाट प्रभावित भाषा भनी नाम दिएका छन्। हिन्दुहरूको आर्य सभ्यताबाट प्रभावित भएका **हिट्लर**ले आर्यताको नाममा स्वस्तिक चिन्ह लिएर के के तहल्का मच्चाएका हुन्, त्यो हामीले यहाँ उल्लेख गर्नुपर्दैन। एउटा विशेष आश्चर्यको कुरा त यो हो कि कसैले **अलबर्ट आइन्स्टाइन**लाई उहाँको प्रयोगशाला कहाँ छ भनी सोध्दा उहाँले सोझै पन्ना पल्टाएर पतञ्जलि योगको किताब देखाएका थिए। यही नै कारण हो गान्धीको मृत्युमा सबभन्दा बढी शोक आइन्स्टाइनले नै प्रकाश गरेका थिए र भने - 'यो मर्त्यलोकको धूलोमा यस्तो मान्छे कदापि हिंडेको थियो भन्नेकुरा पत्याउन गाह्रो हुन्छ।' **स्वामी विवेकानन्द**जस्तो एकजना प्रभावशाली व्यक्तिले हिन्दु ज्ञान र दर्शनद्वारा धर्मका विषयमा विश्वको आँखा खोल्ने प्रयासमा कति सफल भए भन्नेकुरा हामीले दोहोऱ्याइरहनु पर्दैन। र उल्लेखनीय त यो हो - उहाँका गुरु **रामकृष्ण परमहंस** कलम समातेर आफ्नो नामसम्म सही गर्न जान्दैनथे।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालमा पनि पक्कै यस्तो धर्म, साहित्य, कला र आध्यात्मिकताका क्षेत्रमा महापुरुषहरू थिए र छन् पनि होला । तिनीहरूलाई पनि अगाडि पङ्क्तिमा ल्याउनु उचित देखिन्छ । नेपाली जनताले आफ्नो हिन्दुत्त्वलाई केवल नेपालको सानो दायराभित्र सीमित नराखी उदार दृष्टि खोली विश्वको सबभन्दा प्राचीन ज्ञानले भरपुर तथा डेढ अरबभन्दा बढी हिन्दु समाजतिर हेर्न र त्यसको गौरब लिन पनि जान्नुपर्छ । मेरा विचारमा उक्त समाजको परिधि, उपलब्धि र सामर्थ्यलाई अनुभव नगरी र त्यसलाई यथार्थ मर्यादा दिन नजान्नाका कारणले नै नेपालमा यत्ति किसिमका समस्याहरू उत्पन्न भएका देखिन्छन् । कुवाभित्र बसिरहने भ्यागुतालाई ऐरेगैरे जुनसुकै सर्पले निल्न खोज्दो रहेछ । अतः कुवाको अन्धकारभित्रबाट निस्केर विशाल समुद्रको गौरव पनि लिन जान्नुपर्छ । नेपाल र भारतको राजनैतिक विभाजनलाई आफ्नो परम्परागत धर्म, संस्कृति, साहित्य, विज्ञान आदिको क्षेत्रसित जोडेर क्षूद्र मनोभाव लिएर बसिरहनु उचित देखिंदैन ।

नेपाल राष्ट्रमा सीमित हिन्दुहरूमा सबभन्दा उल्लेखनीय त राजा **जनक** नै हुन्, जसले निष्काम कर्मयोगमा सिद्ध भएर धेरैलाई मुक्तिको मार्ग प्रदान गरे । गीतामा के भनिएको छ भने प्रत्येक मानिसलाई लोकसङ्ग्रह अर्थात् जनकल्याणका लागि कर्म गर्नुपर्छ, जुन शिक्षा कर्मसिद्ध पुरुष राजा जनकबाट लिन सकिन्छ । भारतमा सम्राट **अशोक**जस्तो नेपालमा राजर्षि जनक समृद्धशाली नरपति भएर पनि पूर्णतया जनताका हितमा दत्तचित्त थिए । त्यसैले उनी धर्म, आचरण र योगको जीवन्त प्रतिमूर्ति पनि थिए। विश्वमा नेपालको अर्को अतुलनीय देन नै हो - **भगवान् बुद्ध** र उनको शिक्षा। सबैलाई थाहा छ, उनको जन्म र शिक्षा सम्पूर्ण रूपले हिन्दु पृष्ठभूमिमा नै भएको हो, किनभने उनी जन्मिने बेलामा न भारतवर्षमा बुद्धधर्म नै थियो, न त क्रिष्ट र मुसलमान अरू कुनै धर्म । यो उपमहादेशमा केवल अखण्ड सनातन हिन्दुधर्म नै विराजित थियो। बुद्ध नै पहिलो व्यक्ति थिए, जसले समग्र विश्वलाई उदार रूपले सत्य, धर्म र शान्तिका मार्गमा आब्हान गरे ।

✡✡✡✡

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्यात्ममूलक संस्कृतप्रधान शिक्षा किन ?

✍ डा. चिन्तामणि योगी

शिक्षाको मूल उद्देश्य जागृति हो, जागिर होइन, जीवन हो, जीविका होइन, असल बन्नु हो, सफल बन्नु हो । त्यसैले त नीतिकारहरूले "विद्या ददाति विनयं, विनयाद्याति पात्रताम्, पात्रत्वाद्धनमाप्नोति, धनाद्धर्मः ततः सुखम्" भनी विद्याको उच्च महिमा गाएका छन् ।

शिक्षाको परिभाषा नै फरक देखिन्छ - पूर्व र पश्चिममा । पश्चिमले शिक्षालाई विषयकेन्द्रित मान्दछ भने पूर्वले जीवनकेन्द्रित, पश्चिमले Art of living मात्र मान्छ भने पूर्वले Art of life, पश्चिमले समस्याको समाधान मात्र खोज्ने प्रयास गर्छ भने पूर्वले समस्याको कारण र दिगो समाधान पनि खोज्दछ । पश्चिमेली शिक्षा एकाङ्गी देखिन्छ भने पूर्वेली शिक्षा सर्वाङ्गीण । "शिक्षा सुधारे सकल सुधारः, शिक्षा विकारे सकलो विकारः" भन्ने पूर्वको मान्यता छ । पूर्वेली चिन्तनले शिक्षालाई परा विद्या र अपरा विद्या (द्वेविद्ये वेदितव्ये, परा अपरा च) भनी छुट्याएको छ । अपरा विद्याले भौतिक जगत्का समस्याहरू, जीविकासँग जोडिएका समस्याहरू र स्थूल कुराहरूको बढी विश्लेषण गर्दछ भने परा विद्याले जीवनसँग जोडिएका जटिल प्रश्नहरूको, जीव, जीवन र जगत्सम्बन्धी सह-अस्तित्वको एवं सूक्ष्मतम चिन्तन र दर्शनको बारेमा विशेष प्रतिपादन गर्दछ । यही पूर्वेली शैक्षिक चिन्तनलाई ज्ञान, प्रज्ञा, पराविद्या, पारमार्थिक विद्या, अध्यात्म विद्या आदि भनी विभिन्न शास्त्रहरूमा उल्लेख गरिएको छ । जस्तै :

- प्रज्ञान ब्रम्ह -वेद
- ऋते ज्ञानान्नमुक्तिः -वेद
- ज्ञानं किमेकं शिवमद्वितीयम् -वेद
- विद्या धनं सर्वधनप्रधानम् - नीतिवचन
- विद्यया/मृतमश्नुते -वेद
- अध्यात्मविद्या विद्यानाम्..-गीता
- सा विद्या या विमुक्तये -उपनिषद्

वर्तमान युगको आवश्यकतानुसार साँच्चिकै भन्ने हो भने हामीलाई परा विद्या र अपरा विद्या, लौकिक विद्या र पारमार्थिक विद्या,भौतिक विद्या

✍ लेखक हिन्दु विद्यापीठ-नेपाल शान्ति सेवा आश्रम काठमाडौंका प्रमुख हुनुहुन्छ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
र अध्यात्म विद्या वा जीविकापरक विद्या र जीवनपरक विद्याहरू चाहिएको छ। मानवका भौतिक आवश्यकताहरूको परिपूर्ति पनि होस् र मानव मनको जागृति पनि होस्। मानवका भौतिक समस्याहरूको समाधान पनि होस् र मानवका आन्तरिक समस्याहरूको निदान पनि होस्। प्रगति पनि होस् र सन्तुष्टि पनि होस्। **ब्रेड र बटर** पनि होस् र **कल्चर** पनि होस्। आर्थिक प्रगति पनि होस् र आत्मिक उन्नति पनि होस्। बौद्धिक विकास पनि होस् र हार्दिक विकास पनि होस्। यन्त्रविज्ञान पनि होस् र मन्त्रविज्ञान पनि होस्। दुनियाँ चिन्न पनि सकियोस् र आफूलाई जान्न पनि सकियोस्।

यसरी गहिरिएर हेर्ने हो भने नेपालको शिक्षा प्रणाली र विश्व शिक्षा प्रणाली आजभोलि असन्तुलित भएको देखिन्छ। चाहे नेपाल होस् या पश्चिमी मुलुक,शिक्षाको नाममा एक अन्धो दौड सुरु भएको छ, जसले **डाक्टर**, **इन्जिनियर**, **टेक्निसियन**, **प्रोफेसनल** आदि त जन्माउन सक्छ तर एक असल मान्छे वा पूर्ण मान्छे (मननात् मनुष्यः) जन्माउन सक्दैन। मानवीय समस्याहरूको समाधानका लागि अनेकौं विधि, प्रविधि तथा तन्त्र, यन्त्र आदिको विकास भएको छ, तथापि मूल मानवीय समस्या भने यथावत् छन्। अझ भन्ने हो भने मानवीय समस्या झन् चुलिदै छन्। मानवीय मूल्य धराशायी हुँदैछन्। मान्छे मान्छेसँगै संत्रस्त भएको छ।"जता हेर्‍यो उता मान्छे, मान्छे छैन कतै पनि" भन्ने विडम्बना सृजित भएको छ।

पश्चिमी मुलुकमा त यो समस्या झन् भयावह अवस्थामा छ। **सिस्टम** का हिसाबले त्यहाँको शिक्षा प्रणाली जति आकर्षक भएतापनि मानवीय मनको जागरण गर्न नसक्दा पश्चिमेली शिक्षा प्रणालीले मानवीय मूल्यको ठाडो उपहास गरेको देखिन्छ। यो कस्तो विडम्बना ! वस्तुको मोल बढ्ने तर मान्छेको मूल्य घट्ने ? शिक्षित बन्नेको सङ्ख्या बढ्ने ? तर सचेत बन्नेहरूको सङ्ख्या घट्ने ? अर्थ र कामको बिगबिगी बढ्ने तर धर्म र मोक्षको जगै हल्लिने ? यन्त्र बलियो बन्दै जाने, तर मन्त्र कमजोर बन्दै जाने ? यी सबै कुराले गर्दा पश्चिमेली शिक्षा प्रणाली पनि कागजको सुन्दर फूलजस्तै भएको छ। सौन्दर्य त छ, तर सुवास छैन। **जङ्क फूड** (Junk Food) जस्तै भएको छ, आकर्षक त छ, तर कुनै तत्त्व छैन।

यस्ता गम्भीर चुनौतिहरूकै कारणले गर्दा आजभोलि पश्चिममा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पनि शिक्षा क्षेत्रको आमूल परिवर्तनका लागि खुला सम्वाद सुरु भएको छ । Alternative Education, Ethics in Education,Inter Religious Education, Holistic Approach of Education आदि नयाँ नयाँ शैक्षिक चिन्तनले पश्चिमी शिक्षा जगत्लाई नयाँ दिशातर्फ प्रेरित गरिरहेका छन् । हाम्रो शिक्षा प्रणाली व्यावसायिक भयो, आध्यात्मिक बन्न सकेन । व्यक्तिवादी भयो, समाजवादी बन्न सकेन । पदार्थवादी भयो, जीवनवादी बन्न सकेन । यन्त्रप्रधान भयो, मन्त्रप्रधान बन्न सकेन भन्ने गम्भीर प्रश्नहरू उठिरहेका छन् । Secular बीचका नाममा धर्मविमुख शिक्षा पो दियौं कि ? प्रतिस्पर्धाका नाममा कागजमुखी शिक्षा मात्र पो दियौ कि ? अधिकार का नाममा कर्तव्यविमुख समाज सृजित गर्‍यौं कि ? Independence का नाममा Individual मात्रै बनायौ कि? भन्ने चिन्ता दिनानुदिन बढिरहेको देखिन्छ ।

यी सबै कुरालाई गहन विश्लेषण गरी आज पश्चिमी मुलुकमा समेत अध्यात्ममूलक शिक्षा प्रणालीको नयाँ नयाँ तरिकाले प्रयोग भैरहेकोछ। पूर्वीय शिक्षा पद्धति नै सर्वाङ्गपूर्ण शिक्षा हो । (holistic approach या education) भनेर पूर्वीय शिक्षा दर्शन वा पद्धतिलाई नयाँ परिमार्जित रूपमा प्रयोग गर्ने प्रयास भैरहेकोछ। पूर्वीय शिक्षा पद्धतिले भौतिक सुविधा, मानसिक सुख एवं आत्मिक शान्ति प्रदान गर्दछ भन्ने विश्वास बलियो हुँदै गएको छ। साथै पूर्वीय शैक्षिक दर्शनले विश्वमा हाल देखिएका कैयौं समस्याहरू-पारिवारिक विखण्डन, यौन सङ्क्रमण, हिंसाहत्या अपराध, आत्महत्या, वातावरणीय विनाश, लागूपदार्थ दुर्व्यसन, एच. आइ. भी. एड्स, जातिय क्षेत्रीय लैङ्गिक विभेद, एवं विविध सामाजिक आर्थिक भौतिक समस्याहरूलाई समग्रमा सम्बोधन गरी सहज निकास दिन सक्छ भन्ने आशा विश्वमै बढ्दै गएको छ । अतः पूर्वीय शिक्षा दर्शन क्रमशः पश्चिमी मुलुकमा समेत आकर्षणको विषय बन्दै गएकोछ। जसका केही उदाहरण निम्नानुसार छन् :-

इङ्गलैण्डका स्कूलमा संस्कृत भाषाको शिक्षण :

संस्कृत भाषाको उच्च व्याकरण, यसको मधुरता, लालित्य, साहित्य र श्रद्धामय विज्ञानलाई आत्मसात् गर्दै इङ्गलैण्डका कैयौं स्कूलहरूमा संस्कृतको समेत अध्यापन हुन थालेको छ। यसको अध्ययनले विद्यार्थीहरूको भाषिक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क्षमताको विकास, साहित्यिक ज्ञानको विकास, शिष्टता र नम्रताको विकास एवं आध्यात्मिक भावको विकास हुनेछ भनी शिक्षाविद्हरूले स्वीकारेका छन् । जातिय, क्षेत्रीय आदि कुनै पनि पूर्वाग्रह नराखी संस्कृत भाषालाई सर्वप्राचीन, समुन्नत, तर्कसङ्गत एवं वैज्ञानिक भाषा भनी सहजै प्रयोग गरिरहेका छन् । करिब सय वर्ष पुरानो **स्कूल अफ फिलोसफी** नामक संस्थाको अभियानानुसार युरोपका बिभिन्न देशहरूमा झण्डै एक दर्जन जति **सेन्ट जेम्स स्कूलको** स्थापना भएको छ । जहाँ संस्कृत अनिवार्य रूपमा पढाइन्छ, भजनकीर्तनसहित शास्त्रीय सङ्गीत सिकाइन्छ । योग, ध्यानसहित पूर्वीय विज्ञान र दर्शनको शिक्षा दिइन्छ । अत्यधिक प्रभावशाली तरिकाले Private sector मा सञ्चालित यी स्कूलहरूको गरिमा आफैमा उच्च छ ।

अमेरिकामा होम स्कूलिङ सिस्टमः

आधुनिक स्कूलहरूमा आफ्ना बच्चालाई पढ्न पठाउँदा संस्कार नसिक्ने, मानवीय मर्यादा पनि भुल्ने, पारिवारिक सद्भाव पनि भुल्ने तथा अनेकौं प्रकारका विकृति र विसङ्गतिको शिकार पनि हुने भयले गर्दा अमेरिकामा Home schooling system को सुरुआत भएको छ । घरैमा आमाबुबासँग पढ्दा value based, culture based एवं spirituality based education प्राप्त हुने भएकाले गर्दा Home Schooling System प्रति अभिभावकको चासो बढ्दै गएको छ । आधुनिक शिक्षालयको वातावरणले विद्यार्थीलाई विद्रोही, स्वार्थी, नास्तिक एवं मनोवैज्ञानिक रूपले असन्तुलित बनाउँदै गएको खतरा आजभोलि अधिकांश पश्चिमेली शिक्षाविद्हरूले महसुस गरिरहेका छन् ।

अमेरिका र युरोपमा अल्टरनेटिभ स्कूलको सिस्टम

अल्टरनेटिभ स्कूलको सिस्टम पनि गुरुकुलीन शिक्षापद्धति कै नयाँ परिमार्जित रूप हो भनी अनुमान गर्न सकिन्छ । जसरी गुरुकुलमा गुरु र विद्यार्थी बीचको सम्बन्ध अत्यधिक घनिष्ट हुने गर्दथ्यो, शिक्षालयको वातावरण सहज, स्वतन्त्र र भयमुक्त हुने गर्दथ्यो, विद्यार्थीहरूबीच पारिवारिक सद्भाव हुने गर्दथ्यो, प्रकृतिसँग निकट सहचर्य हुने गर्दथ्यो एवं शिक्षणपद्धति विद्यार्थीहरूको मनोविज्ञान अनुसार हुने गर्दथ्यो, त्यसरी नै यी अल्टरनेटिभ स्कूलहरूमा शिक्षा सम्बन्धी सहज एवं सुन्दर प्रयोग भैरहेकाछन् । शिक्षा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भनेको समग्र व्यक्तित्त्वको विकास हो, केवल बौद्धिक विकास होइन भनी यी स्कूलहरूमा विद्यार्थीहरूलाई स्वतन्त्ररूपले विकसित हुने अवसर प्रदान गरिएका छन् ।

एटलान्टामा WAVES **को स्थापनाः**

एटलान्टामा WAVES (World Association of Vedic Eduction Studies) को स्थापना भएको छ, जसद्वारा अन्तराष्ट्रिय स्तरमै वेदको अध्ययन अनुसन्धान भैरहेको छ। अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना पनि गरिन्छ ।

फ्लोरिडामा हिन्दु युनिभर्सिटीको स्थापना

फ्लोरिडामा हिन्दु युनिभर्सिटी अफ अमेरिकाको स्थापना भएकोछ जसद्वारा पूर्वीय हिन्दु शिक्षा पद्धतिअनुसार पठनपाठन, अध्ययन-अनुसन्धान भैरहेकोछ ।

अमेरिकामा आर्षविद्या गुरुकुलम्को स्थापना :

अमेरिकाको फिलाडेल्फियामा आर्षविद्या अर्थात् गुरुकुलम्को स्थापना भएको छ। जहाँ वेदान्त र गीताको पठनपाठनसहित आधुनिक शिक्षा दिइन्छ । विद्यार्थीहरूलाई योग, ध्यानलगायत आधुनिक विज्ञानको शिक्षा दिइन्छ । शिक्षाको मूल प्रयोजन डाक्टर, इन्जिनियर वा कुनै प्रोफेसनल मात्र तयार गर्ने होइन कि समग्र रूपमा एक मानव तयार गर्ने हो भन्ने अटल सिद्धान्तका साथ विगत एक दशकदेखि यस गुरुकुलम्को सफलतापूर्वक सञ्चालन भैरहेको छ ।

चिन्मय स्कूल आदिको स्थापनाः

अमेरिका, युरोपलगायत कैयौं देशहरूमा आज चिन्मय अर्थात् परमात्म सम्बन्धी मिसन आदि संस्थाद्वारा गुरुकुल पद्धति एवं पूर्वीय शिक्षा दर्शनलाई स्वीकारी नयाँ नयाँ आधुनिक स्कूलको स्थापना भैरहेका छन् । कैयौं ठाउँमा यी स्कूलहरू त्यस देशकै शैक्षिक नीति एवं व्यवस्था अनुसार regular school का रूपमा सञ्चालित छन् भने कैयौं ठाउँमा समर स्कूलका रूपमा दुई महिना वा तीन महिनाका लागि मात्र सञ्चालित छन् । यस क्रममा इस्कोन, स्वामी नारायण परम्परा, महर्षि अरविन्द शिक्षापद्धति, रवीन्द्रनाथ टैगोरको शिक्षापद्धति आदिलाई उत्कृष्ट उदाहरणको रूपमा लिन सकिन्छ ।

यसै गरी महर्षि महेश योगीको वैदिक शिक्षा दर्शनमा आधारित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अमेरिकालगाएत विश्वभरि फैलिएका कलेज र विश्वविद्यालयहरूलाई उत्कृष्ट उदाहरण मान्न सकिन्छ । एवंमेव विश्वमै फैलिएका साइ स्कूलहरूलाई पनि ज्वलन्त उदाहरण मान्न सकिन्छ । रामकृष्ण मिसन आदिद्वारा स्थापित औपचारिक एवं अनौपचारिक शिक्षा केन्द्रहरूलाई पनि सुन्दर नमुनाका रूपमा मान्न सकिन्छ ।

पश्चिमी मुलुक समेतमा यसरी पूर्वीय गुरुकुलीय शिक्षाका आदर्शलाई अवलम्बन गरिरहेका बेलामा हामीले हाम्रा पूर्वीय शिक्षा पद्धतिलाई नकार्नु आफ्नै खुट्टामा बन्चरो हान्नु सरह हो । सरकारी सहयोग पटक्कै नलिइकन मुष्टिदानका आधारमा चलेका यस्ता शिक्षालयहरूलाई निर्मूल पार्न खोज्नु विदेशी षड्यन्त्र पनि हो । पूर्वीय शिक्षा पद्धतिमा देखिएका कमीकमजोरीलाई समयानुकुल संशोधन गर्दै जानुको सट्टा यसलाई निर्मूल पार्न खोज्नु आफ्नो राष्ट्रको इतिहाससँग खेलवाड गर्नु हो । यस्तो दुर्भाव एवं दुराग्रह राख्नु राष्ट्रियता र राष्ट्रिय अस्मिता माथिको ठूलो प्रश्नचिन्ह पनि हो ।

यस गम्भीर परिस्थितिमा पूर्वेली चिन्तकहरूको भूमिका झन् झन् बढ्नु पर्दछ । पूर्वेली नैतिक शिक्षा प्रणालीले विश्वलाई मार्गदर्शन गर्नसक्नु पर्छ । हाम्रो गुरुकुल शिक्षा प्रणालीले सबल नेतृत्व दिनसक्नु पर्छ । जसबाट नेपालको समृध्दि र गरिमा बढोस् साथै विश्वको कल्याण होस् । त्यसैले अब हामीले Values Based Education, Peace Education, Alternative Education, Democratic Education आदिका नामबाट चलेका सबै प्रयासहरूमा आफ्नो स्पष्ट दृष्टिकोण दिन सक्नु पर्छ । पूर्वेली शिक्षा नै नेपालको समाधान हो र विश्वको पनि । किनकि वेद पूर्वीय शिक्षाको मूल स्रोत हो । वेदले चारै पुरुषार्थ **धर्म**, **अर्थ**, **काम**, **मोक्ष**लाई सम्मान गरेको छ । लौकिक विद्या र अलौकिक विद्याको शिक्षा यही वेदमै छ । भौतिकता र आध्यात्मिकताको अथवा ज्ञान एवं विज्ञानको समन्वय यही वेदले सिकाएको छ । Physics and Philosophy को समन्वयत्मक मूल सूत्र वेदमै छ । वेदले विद्वान् जन्माउँछ र ज्ञानी पनि, विशेषज्ञ जन्माउँछ र विभूति पनि, यन्त्रज्ञ जन्माउँछ र मन्त्रज्ञ पनि ।

त्यसकारण अहिलेको मूल आवश्यकता हो-संस्कृतमा आधारित अध्यात्ममूलक शिक्षा जाग्ने र जगाउने । जाग्ने हो भने अझै ढिला भएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छैन । हाम्रो गुरुकुल शिक्षा प्रणालीलाई जगाऔं । नैतिक शिक्षाको पुनः अनुसन्धान र अभ्यास गरौं । माटो चिनाउने र मुटु जगाउने शिक्षाको अभ्यास गरौं । नेपालको सदा जयजयकार गर्ने शिक्षा प्रणाली बनाऔं । सर्वधर्म सम्मानसहित स्वधर्म र संस्कृतिमा श्रद्धा जगाऔं । विश्वलाई नै मार्गदर्शन गर्न सक्ने नेपालको प्राचीन क्षमतालाई पुनरुज्जीवित गरौं ।

यसै सन्दर्भमा हाल बिजौरी दाङको जनता क्याम्पसमा आयोजित **पूर्व मित्र मिलन** समारोहले हामीलाई पुनः उत्प्रेरित गर्नेछ, संस्कृत र संस्कृतिप्रति एवं पूर्वीय सनातन दर्शनप्रति हामीलाई पुनः प्रतिवद्ध गराउनेछ भनी हामीले आशा लिएका छौं । विगतका तीतामीठा, सजिला-असजिला सबै खाले अनुभूतिलाई शक्तिमा रूपान्तरित गरि "वयं राष्ट्रे जागृयामः" भन्ने घोषका साथ हामीलाई एकतावद्ध गराउनेछ भनी विश्वास लिएका छौं । हामीले यही जनता क्याम्पसमा अनेकौं कठिनाइहरू सहँदै संस्कृत पढ्यौं, साधना गर्‍यौं, जीवनको सुन्दर समय बितायौं, तर आज हामीले पनि संस्कृत भुल्यौं कि ? आफ्नै मूल, आफ्नै कुल पो भुल्यौं कि ? प्रगतिको दौडमा कतै आफ्नै प्रारम्भिक बिन्दु पो भुल्यौं कि ? भनेर चिन्तन् गर्न परिरहेको छ ।

मित्रहरू हो ! अतः आऔं, अघि बढौं देशका लागि, धर्मसंस्कृति र संस्कृतका लागि । साथै आफ्नै जीवनलाई एक सुन्दर सार्थक स्वरूप प्रदान गर्नका लागि । मित्रहरू ! अतीत हाम्रो जग हो, वर्तमान हाम्रो जीवन हो र भविष्य हाम्रो दायित्व हो । यो दायित्व हामीले निर्वाह गर्नै पर्छ, आफ्नो लागि, आफ्नो आउने सन्तान र पीढीका लागि र आफ्नै राष्ट्र नेपालका लागि ।

जय शिवगोरख !

✡✡✡✡

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वैदिक मन्त्रद्रष्टा महिला र तिनको चतुर्वर्ग चिन्तन

✍ डा.नारायणप्रसाद अधिकारी

"लोकमा अझै सुनिदैछ - महिलाले वेद पढ्न हुँदैन, तर स्वयं वेदका कैयौं मन्त्रहरूका रचनाकार अर्थात् द्रष्टा ऋषि महिलाहरू नै छन् । यो प्रायोजित अन्तर्विरोध र अज्ञानको आवरणलाई अलिकति भए पनि हटाउँदै मानव सभ्यताको उषाकालीन दस्तावेज मानिने वेदमा महिलाहरूको स्थान, मान र कमान कस्तो रह्यो अनि क्रान्तदर्शी वैदिक ऋषिहरूले गरेको मानव जीवनको चारै विभागका चार भिन्न लक्ष्य वा पुरुषार्थपूर्तिमा महिलाजगत्को के कस्तो भूमिका वा योगदान रह्यो त्यसैको छोटो झलक देखाउने जमर्को प्रस्तुत आलेखमा गरिएको छ ।"

१. उठान

पूर्वीय संस्कृति र सभ्यताको मौलिक आधार वैदिक साहित्य हो । वैदिक जीवनदृष्टि नै पूर्वको मूल जीवन दृष्टि हो । जीवन दृष्टिको प्रतिबिम्ब तिनको परिवार, समाज, संस्कृति र सभ्यतामा देख्न सकिन्छ । व्यक्ति समाज र संस्कृतिको सुन्दर चित्रण साहित्यले गर्छ । त्यसैले हामी साहित्यलाई समाजको ऐना मान्छौं । परिवार र समाजको निर्माण महिला र पुरुषको संयोजनबाटै हुने गर्छ । कुनै पनि समाजको वास्तविक स्थिति जान्न त्यहाँका पुरुष र महिलाको स्थिति बुझ्नु पर्ने हुन्छ । यस दृष्टिले वैदिक समाजको प्रतिबिम्ब स्वरूप तत्कालीन साहित्यको अवलोकन गर्दा पारिवारिक र सामाजिक अवस्थामा महिलाको स्थिति गुरुत्त्वपूर्ण नै रहेको पाइन्छ । यसो हुनु स्वाभाविक पनि लाग्दछ, किनभने महिला सहकर्मिणी, सहधर्मिणी मात्र नभएर जननी र लालनपालनकर्ती पनि हो । हरेक व्यक्ति महिलाकै कोख र काखमा बसेरै हुर्कन्छ, बढ्छ र शक्तिवान् हुन्छ । शक्तिको आर्जनपश्चात फेरि महिलाकै साथ लिएर आफ्नो संसारिक यात्रा सम्पन्न गर्छ । त्यसैले संसारका सभ्य समाजहरू महिलाप्रति बढी कृतज्ञ देखिन्छन्, ती मध्येको एउटा समाज हाम्रो पनि हो ।

✍ लेखक पृथ्वीनारायण क्याम्पस पोखराका सहप्रध्यापक हुनुहुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२. वेदमा मन्त्रद्रष्टा महिलाको स्थिति

हाम्रो पारिवारिक वा समाजिक जीवनव्यवहारमा महिला र पुरुष दुवैको कर्तव्य, अधिकार र प्रतिष्ठा समान भए पनि बौद्धिक उन्नयनमा महिलाभन्दा पुरुष अगाडि देखिने गरेका छन् । वैदिक समाज पनि यस कुरामा लगभग यस्तै देखिन्छ। वेदका ऋचाहरू व मन्त्रहरूका रचना प्रसङ्गलाई हेर्दा पुरुष ऋषिभन्दा महिला ऋषिकाको सङ्ख्या थोरै देखिन्छ। बालबच्चाको लालनपालनमा महिला नै बढी सङ्लग्न हुनुपर्ने भएकाले पनि यस्तो स्थिति आएको हुन सक्छ । अन्यथा मन्त्रदर्शन, शास्त्र-अध्ययन, पठन-प्रवचन, यज्ञ-सम्पादन, पारिवारिक भरणपोषण, समाज सञ्चालन, युद्ध सम्पादनजस्ता कार्यमा महिलाहरू पुरुषकै सहवर्ती भएर हिँडेका देखिन्छन्। प्रतिभा प्रदर्शनका लागि पनि दुवै उत्तिकै स्वतन्त्र र सक्षम रहेका देखिन्छन् । वेदमन्त्रको रचना, गायन, व्याख्यान एवं शास्त्रार्थमा समेत महिलाहरू सङ्लग्न देखिन्छन्। तापनि समग्र वेदराशि हेर्दा महिलाका तुलनामा पुरुषहरू नै मन्त्रदृष्टा वा रचनाकार बढी छन्। वेदमा ऋषिहरूको संख्या ५०० को हाराहारीमा रहेको पाइन्छ भने तिनमा महिला ऋषिकाहरू ५० को हाराहारीमा मात्र देखिन्छन्। सङ्ख्यात्मक दृष्टिले महिला रचनाकार थोरै देखिए पनि तिनका रचनाको गुणस्तर कम छैन। वेदका ऋषिकाहरूको सत्यज्ञान, तत्वदर्शन र उपदेश समाज-जीवनलाई उठाउने खालका वा जगाउने खालका छन्। रचनागत विशेषता हेर्दा जीवनका चारै पुरुषार्थ (धर्म, अर्थ, काम र मोक्ष) का सम्बन्धमा यी ऋषिकाहरूले चिन्तन गरेका छन् ।

२.१ धर्मचिन्तन

जुन कालखण्डमा वेदको रचना भयो, त्यस वखत आजजस्तो सयौं धर्म सम्प्रदायहरू थिएनन् । मानिसहरूका आजजस्तो धेरै जातजाति पनि थिएनन् । जाति एउटै थियो मनुष्य र धर्म एउटै थियो मनुष्यता । मनुष्य जीवनलाई सामान्य अवस्थाबाट उठाएर उच्चतम अवस्था वा पूर्ण अवस्थासम्म पुऱ्याउन जे जस्ता उपाय र चर्या खोजिएका थिए, तिनैको समष्टि नाम धर्म थियो र त्यसको विपरित अधर्म । मानव जीवनलाई प्राकृत अवस्थाबाट सुसंस्कृत र सुसभ्य बनाउँदै दिव्यताले भर्न सकिन्छ भन्ने विश्वास थियो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यही दिव्यता प्राप्त अवस्थाको नाम देवता हो । आफ्नो शक्ति सामर्थ्य, ज्ञान र गुणले अरूलाई प्रकाशित गर्नु, सेवा गर्नु, उद्धार गर्नु, उपकार गर्नु, दिव्यता वा देवताको अभिप्राय थियो भने त्यसको विपरित दानवता । मानिसलाई सामान्य अवस्थाबाट विशिष्ट अवस्थामा पुऱ्याउने उपाय र अभियानका अभियन्ता जीवन-वैज्ञानिकहरूको नाम थियो ऋषि तथा ऋषिका । वेदका ऋषि एवं ऋषिकाहरूको जीवन-अभियान वा लक्ष्य यस्तै देखिन्छ । उनीहरू दिव्यताको उपासना गर्छन्, देवताको प्रार्थना गर्छन् । जीवनलाई दैवीगुण र शक्तिले भर्न चाहन्छन् । यस्तै शिक्षा परवर्ती मानवहरूलाई पनि दिन चाहन्छन् । त्यसैलाई भनियो–धर्मशिक्षा ।

जन्मिन त मानवशिशु पनि मातृगर्भबाट पशुहरूको शिशुजस्तै जन्मिन्छ, त्यस्तै प्रक्रियाबाट जन्मिन्छ । तर जन्मपश्चात पशुहरू प्राकृत अवस्थामै रहन्छन् भने मानवशिशु अनेक संस्कार, संस्कृति, भाषा, कला, विज्ञान, दर्शन, साधना, तपस्या, उपासना आदिबाट गुज्रिन्छन् र सुसंस्कृत वा संकारित हुँदै जान्छन् । यही सुसंस्कारित गर्ने शिक्षा र शैलीकै नाम धर्म हो । धर्मको उद्देश्य, उपलब्धि र प्राप्ति आध्यात्म वा आत्मबोध हो । अध्यात्मको उद्देश्य वा प्राप्ति चाहिँ परम शान्ति, परम आनन्द र परम चैतन्य हो, सच्चिदानन्द हो । त्यही नै परमात्माको स्वरूप हो । वैदिक ऋषि र ऋषिकाहरूको धर्मचिन्तनमा यिनै कुरा अन्तर्निहित छन् । धर्मचिन्तनमा अग्रगव्य ऋषिकाहरू यस प्रकार छन् :

क. विश्ववारा :– यिनी ऋग्वेदका ५/२८/२, ३/१०/१२ आदि ऋचाहरूकी द्रष्टा मानिन्छिन् । यिनका सूक्तमा धार्मिक र दार्शनिक विचारहरू पनि व्यक्त भएका छन् । सदा क्रियाशील रहने, कामक्रोध आदि विकारबाट मुक्त हुने, उत्तम गृहस्थी, धन र सुखका लागि अग्नि र आदित्यसँग प्रार्थना गर्ने, विहान उषा कालमा नै निद्राबाट जाग्नु पर्ने अनि दैनिक कृत्यमा लाग्नुपर्नेजस्ता सुझाव यिनले दिएकी छन् । साथै यिनका ऋचामा जगत्को उत्पति र प्रलयको चक्र आनादि हो, सृष्टिपूर्व सबै कुरा अव्यक्त अवस्थामा रहन्छन्, सृष्टिसँगै प्रकृतिले पदार्थ र प्राणीहरूलाई प्रकट गर्छिन् अनि अन्तमा सबै प्रकृतिमा लीन हुन्छन् । प्रकृतिमा सर्वप्रथम महान् त्यसपछि अन्धकार अनि पञ्चतन्मात्रा उत्पन्न हुन्छन् । त्यसपछि सृष्टिक्रम प्रारम्भ हुन्छ । जगत्को उत्पत्तिपछि जीवात्मा र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तिनका देवता पनि प्रकट हुन्छन् इत्यादि भनिएको छ ।

ख. इन्द्रस्नुषा :- यिनको एउटा मन्त्र (ऋग्वेद १०/२८/१) निकै प्रसिद्ध छ। त्यसमा उनले खास गरी बुहारीको कर्तव्य माथि प्रकाश पारेकी छन् । आफ्ना सासू-ससुराको खानपान, सुख सुविधाको ख्याल गर्नु बुहारीको एउटा मुख्य कर्तव्य हो । सासू-ससुराको देखमाल नगर्ने बुहारीलाई उसको बृद्धावस्थामा उसका छोरा बुहारीले पनि बेवास्ता गर्छन् भन्दै गृहस्थ कर्तव्यको बोध गराउन खोजिएको छ ।

ग. सावित्री सूर्या :- ऋग्वेदको १०/८५ सूक्त र अथर्व वेदको १४ काण्ड, जसलाई विबाह सूक्त पनि भनिन्छ, यिनको रचना मानिन्छ । यहाँ विवाहका बारेमा, पतिपत्नी सम्बन्धका बारेमा र प्रसवका बारेमा चिन्तन गरिएको छ । मानवसमाजलाई व्यवस्थित गर्न र गृहस्थ जीवन सुचारू गर्न विवाह आवश्यक हुने र विवाहपश्चात् आदर्श पति र आदर्श पत्नी कसरी बन्ने ? सम्भावित समस्याहरू कसरी निवारण गर्ने ? आदि बारेको चर्चा यी सूक्तहरूमा गरिएको छ। साथै पत्नीमा सुचिता र सत्यता हुनुपर्ने तथा पतिमा उत्पादनशीलता, जीविकोपार्जनमा दक्षता र सामर्थ्य हुनुपर्ने आवश्यकता औंल्याइएको छ । त्यहाँ एकअर्काबाट प्रसन्न र सन्तुष्ट पतिपत्नी मृत्युपर्यन्त आफ्ना छोरानातिका साथ घरमा रहन सक्ने पनि बताइएको छ । जीवनमा चार आश्रमको व्यवस्था भए पनि सबैलाई वानप्रस्थ र संन्यास आवश्यक हुँदैन भनिएको छ। पतिपत्नीका बीचको सम्बन्धविच्छेदलाई सहज स्वीकृति छैन । १०० वर्षसम्म सँगसँगै जीवित रहने चाहना छ। विधवा विवाहलाई स्वीकृति दिइएको छ, (१०/४०/२ ऋग्वेद)। जलवायु अनुसार विवाहको उमेर धेरै वा थोरै हुनसक्ने र खास गरी काम वासनाको उद्रेकलाई विवाह समयको आधार बनाउनु पर्ने सुझाव दिइएको छ। विवाहमा कन्या वा छोरीलाई दाइजो दिने कुरा पनि छ तर सबैभन्दा उत्तम दाइजो ज्ञान, दक्षता र योग्यतालाई मानिएको छ ।

वेदमा पतिको अर्थ रक्षक र जीवनसाथी दुवै छ । त्यसैले कन्याका लागि ४ किसिमका पति आवश्यक रहने चर्चा छ, जसमा पहिलो रक्षक कन्याको जन्मदाता पिता नै हुने गर्छ । दोस्रो रक्षक हुन्छ-उसलाई ज्ञान,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विद्या र व्यवहार सिकाउने गुरु । तेस्रो रक्षक अग्नि अर्थात् आफ्नै ज्ञान वा बुद्धि हुन्छ भने चौथो रक्षक-आफ्नो जीवनसाथी वा पति हुने गर्छ (ऋग्वेद १०/८५/४०)। युवकलाई आफ्नो रुचि र योग्यताअनुसार पत्नी चयन गर्ने र युवतिलाई पनि आफ्नो रूप गुण, शील अनुरूपको वर चयन गर्ने पूर्ण स्वतन्त्रता रहेका बुझिन्छ। स्वयंवर शब्दले पनि त्यही अर्थ दिन्छ। (ऋग्वेद ८५/१५ मा यसको सङ्केत छ । कहीं कहीं एक स्त्रीले अनेक पुरुषसँग र एक पुरुषले अनेक स्त्रीसँग यौनसम्बन्ध कायम गरेका प्रसङ्ग पनि छन् तर त्यस्ता कार्यको अनुमोदन गरिएको छैन। एक पति र एक पत्नीलाई नै गृहस्थ जीवनको आदर्श अवस्था मानिएको छ। यदि पति नपुंसक छ वा मरेको छ भने सन्तान् उत्पादनका लागि आफ्नो देवरलाई नै दोस्रो पति वरण गर्न सकिने अनुमति पनि त्यहाँ छ (ऋग्वेद ८५/९/१, ११९/५/४)। आफ्नो परिवारको कल्याणका लागि कर्तव्य पालन गर्दै समग्र सुखभोगका साथ साम्राज्ञी बनेर बस्नुलाई एउटी पत्नीको आदर्श धर्म मानिएको छ (अथर्ववेद १४/२/६४)।

घ. इन्द्रमातर :- यिनी ऋग्वेद १०/१५३ सूक्तकी द्रष्टा हुन्। यी ऋषिकाले सन्तानलाई श्रेष्ठ बनाउने उपायबारे चिन्तन गरेकी छन्। यिनले हरेक आमाले आफ्ना छोराछोरीलाई कामक्रोध आदि वृत्रासुरको वध गरेर निजी जीवन र समाज जीवनमा सुखको वर्षा गर्न सक्ने बनाउनुपर्छ भनेकी छन् । आमाले प्रयत्न नगरी पुत्र वा पुत्री श्रेष्ठ गुणसम्पन्न हुन सक्दैनन् भन्ने आशय यिनको रचनामा भेटिन्छ।

ङ. यमी :- यिनी ऋग्वैदिक सूक्त १०/१५४ की द्रष्टा मानिन्छन् । यिनले आफ्नो रचनामा कस्तो आशय व्यक्ति गरेकी छन् भने- कतिपय मानिसहरू शान्ति, दीप्ति र माधुर्यको उपासना गर्छन् । कतिपय मानिसहरू तपस्या गरेर पाप र पापवृत्तिको क्षय गर्छन् । कसैले मानवकल्याण र धर्मप्रचारका लागि सङ्घर्ष गर्दै प्राणको आहुति दिन्छन् भने कसैले समाज र राष्ट्रका निमित्त प्रशस्त धन लगानी गर्छन् । जसको जन्म हुन्छ, त्यसको मृत्यु पनि हुन्छ, यो स्वाभाविक हो, त्यसैले हामीबाट वियुक्त भएका व्यक्तिहरूका लागि प्रार्थना गरौं । उनीहरूले उत्तम मानिसहरूले प्राप्त गर्ने लोक प्राप्त गरुन् । हामी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
पनि जीवनमा सबै प्रकारका अभाव र अन्धकारबाट टाढा हुनका लागि र सद्गतिका लागि प्रयत्न गरौं, प्रार्थना गरौं ।

२.२ अर्थचिन्तन

यहाँ अर्थको तात्पर्य, जीवनयापन गर्नका लागि आवश्यक पर्ने संसाधन भन्ने बुझ्नु पर्छ । चाहना वा कामना सृजना र आविष्कारको जननी हो । आवश्यक र पर्याप्त भोग्य सामग्री नभए जीवनरूपी वृक्ष राम्ररी झ्याँगिन, फुल्न र फल्न सक्दैन । अतः जीविकाका लागि पर्याप्त संसाधनहरू उत्पादन गर्नुपर्छ । यस कुराको अनुभूति वैदिक ऋषिकाहरूले गरेका थिए जसको झलक तिनका रचनामा पाइन्छ । अर्थ चिन्तनमा दुई जना ऋषिका अग्रगव्य छन्-अदिति र शची

क. अदिति :- यिनको नाम वेदका ठाउँ ठाउँमा आएको छ । ऋषिका अदितिले पनि ऋग्वेदका केही मन्त्रहरू रचना गरेकी छन्, जसमध्ये एउटा, सूक्त ४/१८/९ हो । जीवनमा विशेष काम गर्न खोज्नेहरूले परम्परासँग मात्र नटाँसिई नयाँ बाटाहरू खोल्नुपर्छ । कहिले कहीं उद्देश्यमा पुग्नका लागि निषिद्ध मार्ग पनि अपनाउनुपर्ने हुन्छ ।

चोर्नु, ढाँट्नु आदि निषिद्ध कर्म हुन्, त्यस्ता कर्म गर्नेहरू दण्डनीय हुन्छन् तापनि गरीबी र भोकले आत्तिएका बेला गरिएका यस्ता पापलाई सहानुभूति पूर्वक विचार गरेर मात्र दण्ड गर्नुपर्छ भन्ने सन्देश उक्त सूक्तमा दिइएको छ । साथै प्रसवका बेला योनिमार्ग बाहेक शल्यक्रियाद्वारा अन्य मार्गबाट पनि बच्चा पैदा गर्ने प्रविधि रहेको जानकारी पनि उनका सूक्तबाट पाइन्छ ।

ख. शची :- यिनी (ऋग्वेद १०/१५९) सूक्तकी द्रष्टा ऋषिका हुन् । यस सूक्तमा मानिसहरूका मनमा उत्पन्न हुने निराशा र हताशा पञ्छाउँदै आत्मविश्वास, उत्साह र सामर्थ्य जगाउने आत्मस्तुतिपरक भाव व्यक्त भएको छ । जीवनमा वचन र कर्मलाई समन्वय गर्ने शक्तिलाई शची भनिन्छ । व्यैयक्तिक गृहस्थजीवन, समाजजीवन र राष्ट्रजीवनमा पनि यस्तो शक्तिको आवश्यकता हुन्छ । विघ्नवाधाहरूसँग सङ्घर्ष गर्दै आत्मविश्वासका साथ विजयी हुनुपर्छ र त्यस्तै उत्तम भावना आफ्ना छोराछोरीमा पनि भर्दै जानुपर्छ भन्ने आशय यिनका रचना सूक्तमा भेटिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२.३ कामचिन्तन

काम जीवनको मूल हो । मानिस लगायत हरेक प्राणी कामकलाका प्रतिफल हुन्, तर वैदिक दर्शनअनुसार काम जीवनको प्रारम्भ भए पनि त्यही नै जीवनको लक्ष्य वा गन्तव्य चाहिँ होइन । जीवनको लक्ष्य त काम होइन राम हो, मोक्ष हो, ब्रम्ह हो । कामदेखि रामसम्मको यात्रामा नै मानव जीवनको सार्थकता देख्छन् वैदिक ऋषिकाहरू । यस किसिमको कामचिन्तनमा रोमशा, लोपामुद्रा, शाश्वती, अपाला, इन्द्राणी, उर्वशी जुहू आदि मुख्य छन् । यी ऋषिकाहरूले मानिसभित्र नैसर्गिक रूपमा विकसित हुने कामवासनाका सम्बन्धमा चिन्तन गरेका छन् ।

क. रोमशा :- ऋग्वेद १/१२६ सूक्त का ६ देखि ९ सम्मका मन्त्रहरूमा रोमशाले आफू पूर्ण यौवना भएको, कामेच्छु भएको र आफ्ना लागि उपयुक्त युवा पुरुष आवश्यक रहेको विचार व्यक्त गरेकी छन् । यसबाट कामका सम्बन्धमा खुलेर आफ्ना विचार राख्ने परिवेश र निश्छलतापूर्ण आफ्ना कुरा भन्ने हैसियत तत्कालीन युवतिहरूले राख्दा रहेछन् भन्ने ज्ञात हुन्छ ।

ख. लोपामुद्रा :- यिनी यसै वर्गकी अर्की विदुषी हुन् । कामतृप्ति नहुनाले आफ्ना मुद्राहरू लोप भएकी लोपामुद्रा कामलाई शरीरको आयुसँगै विकसित हुने र शारीरिक सौन्दर्य र लावण्यमा प्रकट हुने नैसर्गिक अवदान मान्दछिन् । जीवनका अन्य आवश्यकता भैँ कामपिपासा तृप्त हुनु पनि आवश्यक ठान्दछिन् यिनी । सम्भोगमा अनिच्छा जाहेर गर्ने आफ्ना पति ऋषि अगस्त्यलाई यस प्रक्रियामा सहभागी भएर आनन्दको आस्वादन गर्दै सृष्टि सञ्चालनमा विधातालाई सघाउनुपर्छ भनेर सम्भाउँछिन् । ऋग्वेदको १/११९ सूक्तमा यही आशय व्यक्त भएको छ । त्यसैले उक्त सूत्रको मन्त्रका देवता पनि 'रति' हुन् ।

ग. शाश्वती :- यिनैको रचना मानिने ऋग्वेदको- ८/१/३४ ऋचामा आदि कालदेखि नै शाश्वत रूपमा मानवका अङ्गअङ्गमा कामको वास हुने र कामभावले ग्रस्त स्त्रीलाई सबैभन्दा उत्तम व्यञ्जन अनुकूलको पुरुष हुने कुरा व्यक्त भएको छ । असङ्गलाई यस ऋचाको देवता मानिएको छ ।

घ. अपाला :- अपाला पनि यसै वर्गकी ऋषिका हुन् । यिनी आत्रेयी हुन् । ऋग्वेदको ४/८/९१ ऋचा यिनको रचना हो । यसमा प्रत्येक कन्याका लागि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
विवाहयोग्य भएपछि इन्द्र (श्रेष्ठ) वरको चयन गर्ने पूर्ण अधिकार रहेको कुरा उल्लेख छ। साथै यहाँ जितेन्द्रिय भएर संयमपूर्वक दुवैले यौनआनन्द प्राप्त गर्ने सन्देश पनि छ । यसमा एकातिर कन्याले पनि ब्रह्मचर्य पालन गर्नुपर्ने कुरा बताइएको छ भने अर्कातिर विवाहपश्चात यौनजीवनमा कुनै कमी आउनुहुँदैन पनि भनिएको छ । यद्यपि अपाला आफैमा चर्मरोगी थिइन् । विवाहपश्चात् उनको कपाल पूरै झरेको थियो । उनी सन्तान दिन असमर्थ थिइन्, त्यसैले पतिले यिनलाई छाडेका थिए ।

ङ. इन्द्राणी :- ऋग्वेदको १०/८६ सूक्तका २, ३, ४, ५, ६, ९, १०, १५, १६, १७, १८ मन्त्रहरूकी द्रष्टा वा रचयिता हुन् इन्द्राणी। आफू यौनसुख प्रदान गर्न पूर्ण सक्षम भएकाले आफ्ना पतिलाई बाँदर झैं चञ्चल भएर यत्रतत्र नभाग्न अनुरोध गर्छिन् । मानिसले आफैभित्र रहेको कमजोरीलाई आत्मसात् गरेर त्यसलाई हटाउने प्रयत्न गर्नुपर्छ। सुख आफैभित्र हुने कुरा हो, बाहिर खोजेर पाइन्न भन्ने सन्देश पनि यहाँ पाइन्छ।

च. उर्वशी :- ऋग्वेदको १०/९५ सूक्त यिनै उर्वशी र पुरूरवा संवादका नामले प्रसिद्ध छ। यसमा पतिले पत्नीलाई खुशामद र वस्त्र आभूषणले मात्र सन्तुष्ट पार्न सक्दैन । कामद्वारा तृप्त नभइञ्जेल तिनलाई अरू कुराले मात्रै पूर्ण सन्तुष्टि प्राप्त हुँदैन। असमर्थ पतिलाई पत्नीले छोड्न पनि सक्छन्। अतः आफ्नी पत्नीलाई अनुचारिणी बनाउन चाहनेले जितेन्द्रिय हुनपर्छ, घिउको सेवन गर्नुपर्छ र वीर्यदानले पनि तृप्त पार्न सक्नुपर्छ आदि भनिएको छ।

ऋग्वेदको १०/९५ सूक्त पनि पुरुरवा र उर्वशीका बीचको सम्वादसूक्त हो। सूक्तकी ऋषिका उर्वशी हुन्। यसको आध्यात्मिक अर्थ गर्दा पुरुरवालाई ब्रह्म र उर्वशीलाई बुद्धिका रूपमा अर्थ्याउन सकिन्छ। पौराणिक कथाअनुसार पुरूरवाको नग्न रूप देख्नासाथ उर्वशी लुप्त हुनुलाई ब्रह्मको शुद्ध रूपको दर्शन हुनासाथ बुद्धि तिराहित हुन्छ भन्ने अर्थ गरिन्छ। कसैले पुरुरवालाई मेध र उर्वशीलाई विद्युत् भन्ने अर्थ पनि गरेका छन् । आध्यात्मिक आधिदैविक अर्थवाहेक यस सूक्तको सांसारिक अर्थ गर्दा यो प्रसङ्ग युवायुवतिको कामभाव मा घटित हुन्छ। यस सूक्तबाट यस्तो अर्थसमेत प्राप्त हुन्छ-

१. नव विवाहित युवायुवतिमा कामभाव अत्यन्त प्रबल हुन्छ। उनीहरू

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिनमा ३/४ पटक पनि सम्भोग गर्छन् तर त्यो परिणामतः दुखदायी हुन्छ।

२. पत्नीलाई आफूप्रति आसक्त बनाइ राख्न पति जितेन्द्रिय हुनुपर्छ, घृतभोजी हुनुपर्छ र सम्भोगरूपी घृतदानद्वारा पत्नीलाई सन्तुष्ट पार्नुपर्छ।

३. पत्नीहरू केवल खुशामद, आभूषण र धनले मात्र खुसी हुँदैनन्।

४. पुरुषको नग्नताले स्त्रीहरूमा वितृष्णा पैदा हुन सक्छ, अतः शयन कक्ष बाहेक अन्यत्र पुरुषको नग्नता शोभनीय हुँदैन।

छ. जुहू :- कामचिन्तनमा ऋषिका 'जुहू'को नाम पनि अग्र पङ्क्तिमा आउँछ। साथै यिनी ब्रह्मवादिनी पनि हुन्। ऋग्वेद (१०/१०९) यिनको रचना हो। यिनी वेदवाणीलाई ब्रह्मपुत्री भन्दछिन् र त्यसैको उपदेश गर्छिन्। कसैले जुहूलाई वृहस्पतिकी पत्नी पनि मानेका छन्। यिनले गृहस्थ धर्मीका लागि निकै उपयोगी निर्देशन दिएकी छन्-

१. विबाहबन्धनमा बाँधिने युवायुवतिले विवाहपूर्व वर र वधूलाई आफैले हेरेर आत्ममन्थन गर्नुपर्छ। यस कुरामा मित्र वा अरू कसैको भर पर्नु हुँदैन।

२. विबाहपछि एकले अर्कालाई त्याग्नु र दुख दिनु हुँदैन। यस्तो गरेमा भयङ्कर परिणाम भोग्नु पर्छ।

३. विबाहपछि यदि बधूमा कुनै दोष वा कमी देखियो भने त्यसलाई पूर्ण गरिदिने दायित्व पतिको हुन्छ। यो उत्तरदायित्व निर्वाह गरेर नै एउटा पति यशस्वी हुन सक्छ।

४. समान गुण, कर्म, स्वभाव, भएका युवायुवति नै पतिपत्नी हुन लायक हुन्छन्।

२.४ मोक्षचिन्तन वा ब्रह्मचिन्तन

शरीर, मन, आत्मा र परमात्माका विषयमा सूक्ष्म ज्ञान आर्जन गरेका र तिनै विषयका ज्ञानको चर्चा गर्दै आफ्नो जीवन पनि आदर्श र अनुकरणीय बनाउने केही ऋषिकाहरू वेदमा छन्, ती मध्ये प्रमुख ऋषिकाहरू यस प्रकार छन्-

क. सिकता:- (ऋग्वेद ९/८६ सूक्तका ११ देखि २० सम्मका १० मन्त्रहरू यिनीसित सम्बन्धित छन्। काम र क्रोधमाथि विजय प्राप्त गरी आनन्दमय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परमात्माको साक्षात्कार गरेकी यी ऋषिकाले यी रचनामा मानिसलाई सोमको साधना (रक्षा) वा उर्धगमन गरेर ब्रह्मानन्द प्राप्त गर्न सकिने बताएकी छन् । साथै यिनले सम्भोगद्वारा अधोगमन हुने सोम अर्थात् वीर्य र रजवाट आफूजस्तै सन्तान उत्पन्न हुने, अनि त्यही रजवीर्यको उर्धगमनबाट आफ्नै ब्रह्मस्वरूपको जन्म हुने कुरा पनि बताएकी छन् । यिनका विचारमा सोमको रक्षा गर्नु आवश्यक छ, । यसैबाट शत्रुहरूलाई वशमा गर्न सकिन्छ । दुष्टता र दुर्गुणको विनाश र सज्जनता एवं सद्‌गुणको विकास गर्न पनि संयम आवश्यक हुन्छ । संयमद्वारा नै ईश्वर प्राप्त हुन्छ । ईश्वर सर्वज्ञ छ, सर्वशक्तिमान छ र सबैको हितकारक छ । उसले सबैलाई पवित्र बनाइ राख्छ । यसरी यी ब्रह्मवादिनी ऋषिकाले मानिसलाई पृथ्वीबाट उठेर द्यूलोकको शिखरसम्म पुग्ने साधनहरूको निर्देश गरेकी छन् । यज्ञद्वारा आफ्नो जीवनलाई सरल र आकर्षक बनाइ राख्नुपर्छ, प्राण साधनाद्वारा दिव्य गुणहरू आर्जन गर्दै शारीरिक र मानसिक बल प्राप्त गर्नुपर्छ र अन्त्यमा परमानन्द वा मोक्ष उपलब्ध गर्नुपर्छ भन्ने सन्देश यिनको छ ।

ख. ब्रह्मवादिनी घोषा :- ऋग्वेदका ब्रह्मवादिनी ऋषिकाहरूमध्येकी घोषाका उपदेश पनि निकै लोभलाग्दा र व्यवहारिक छन्- यिनले प्राणसाधनालाई विशेष महत्त्व दिएकी छन् । प्राण साधनाद्वारा सबै रोगबाट बच्न सकिन्छ । ब्रह्मवादी ऋषि वा ऋषिका पनि गृहस्थ जीवनमा रहेर सन्ततिसंरक्षण, अतिथि सेवा, पुत्रसुख आदि प्राप्त गर्न सक्छन् । ब्रह्मवादी हुनका लागि गृहस्थ जीवनबाट पृथक् हुनैपर्ने आवश्यकता छैन । प्राणसाधना एवं ॐकारसाधना नै प्रमुख कुरा हो । यसबाट सबै कुरा प्राप्त गर्न सकिन्छ भन्ने यिनको निष्कर्ष छ ।

ग. बागाम्भृणी :- यिनी ऋग्वेद १०/१२५ सूक्त र अथर्ववेद ४/३० की द्रष्टा ऋषिका हुन् । यिनको उक्ति अन्य ऋषिकाहरूको भन्दा पृथक छ । यिनी आफूलाई परमातमासँग अद्वैत सम्बन्ध स्थापित गरेर बोलेको शैलीमा भन्छिन् - सबै देवताहरूको दिव्य भाव मैले धारण गरेकी छु । मैले नै प्राणीहरूलाई कर्मअनुसार- ऋषि, ब्रह्मा, सुमेधा, विप्र आदि यज्ञकर्ता यजमान बनाउँछु । मैले नै मानिसलाई अहङ्कारी बनाउँछु । तिनका बीचमा सङ्ग्राम गराएर पृथ्वीको भार हलुङ्गो पार्छु । मैले नै समाज, राष्ट्र र ब्रह्माण्डको निर्माण र संहार गर्छु र सबै प्राणीहरूमा व्याप्त बनेर तिनको भरणपोषण गर्छु । सम्पूर्ण जगत्‌का रूपमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देखिने म नै हूँ। यो पृथ्वीभन्दा पर म छु। यो सृष्टि प्रकट हुनुपूर्व र प्रलयपछि पनि म नै रहन्छु। यसरी दार्शनिक शैलीमा यिनका सूक्त एवं मन्त्रहरू व्यक्त भएका छन्।

घ. गोधा :- यिनी ऋग्वेद.१/१३४, ३५-३६ मन्त्रहरूकी ऋषिका हुन्। यी वेदवाणी धारण गर्ने ब्रह्मवादिनी हुन्। यिनका मन्त्रहरूको आशय हो - संयमले पनि ज्ञानले जस्तै शक्ति प्रदान गर्छ। जसरी बाँदरले आफ्ना अघिल्ला खुट्टाले हाँगो समातेर वृक्षका पात फल आदि खान्छ, तेसै गरी मानिसले पनि जीवनको पहिलो चरण ब्रह्मचर्य आश्राममै ज्ञान र संयमरूपी खुट्टाले जीवनलाई बलियोसँग टेक्ने बनाएर गृहस्थ जीवन भोग्नुपर्छ। आफ्नो जीवनलाई मन्त्रमय बनाएर बाँच्नुपर्छ। त्यसमा केही थप्नु पनि हुँदैन र घटाउनु पनि हुँदैन। किनभने वेदमाताले सबैलाई कल्याणै गर्छिन्। इत्यादि।

ऋग्वेदका ठाउँ ठाउँमा अनेक सम्वादसूक्तहरू छन्। तिनमा एकजना ऋषि र अर्को ऋषिका हुने गर्छन्। नद्यः नामक ऋषिकाहरू र विश्वामित्रको सम्वाद भएको नद्यसूक्त (ऋग्वेद.३,३३) मा पनि मानिसको मन, इन्द्रिय र आत्माका बारेमा चर्चा गरिएको छ। यस सूक्तमा पनि महिला ऋषिहरूको अद्भूत वाक् शैली देख्न सकिन्छ।

ङ. यमी :- यिनी ऋग्वेदकी प्रसिद्ध ऋषिका हुन्। ऋग्वेद १०/१० सूक्त यमयमी सम्वाद सूक्तका नामले प्रसिद्ध छ। यम र यमीलाई कसैले दाजु बहिनी, कसैले पति पत्नी र कसैले दिन र रातको प्रतीक मानेका छन्। वास्तवमा यी दुवैजना गुरुका आश्रममा सँगै पढ्ने विद्यार्थी हुन्। युवति यमी कामातुर भएर यमसँग निकटता बनाउन चाहन्छिन् तर यमले कुनै उत्सुकता देखाउँदैन। एउटै गुरुसँग शिक्षा ग्रहण गर्ने हामी दाजु बहिनीजस्ता हौं। हाम्राबीच त्यस्तो सम्बन्ध उचित हुँदैन भन्ने तर्क यमले दिएका छन्। विद्यार्थी जीवनमा परस्पर प्रेममा बाँधिएका युवायुवति पछि दाम्पत्य जीवनमा गाँसिन पुगेका उदाहरण पनि थुप्रै छन्। यो वैदिक युगदेखि आजसम्मकै प्रवृत्ति हो।

च. इन्द्राणी :- ऋग्वेदको १०/८६ सूक्त इन्द्र इन्द्राणी सूक्तका रूपमा परिचित छ। यसमा भनिएको छ-ईश्वर सर्वोच्च र सर्वोत्कृष्ट छन्। अतः उनका सन्तान हामी मानवले आफ्नो गुण, रूप र वैभवप्रति अभिमान गर्नुहुँदैन। साथै मानिसले कुनै अर्को मानिसलाई परमेश्वर मानेर उसको स्तुति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
गर्न पनि हुँदैन । मानिसले मनलाई चञ्चल बनाएर जहाँ पायो त्यही बीर्य क्षय गर्नु हुँदैन । जितेन्द्रिय हुनुपर्छ । असल गुण धारण गरेर प्रभु बन्नुपर्छ । पाप ठूला शत्रु हुन् । वीर्यशाली भएर तिनमाथि विजय प्राप्त गर्नुपर्छ । इन्द्राणी स्त्रीहरूमा सर्वोत्तम हुन् । उनी भरणपोषण र रमण कलामा विज्ञ छन् । हरेक स्त्रीले इन्द्राणीका गुणहरूलाई अपनाउने प्रयत्न गर्नुपर्छ । यदि घरमा पति र पत्नी इन्द्र र इन्द्राणी जस्तो हुने हो भने गृहस्थ जीवन स्वतः स्वर्गमय बन्छ । इन्द्राणीको व्यक्तित्त्वमा आदर्श नारी, आदर्श आमा, आदर्श पत्नी र आदर्श पुत्रीको पनि झलक पाइन्छ । वेदका प्रायः सबैमन्त्रहरू द्वयर्थक छन् । एउटा अध्यात्मपरक अर्थ र अर्को व्यवहापरक सांसारिक अर्थ । ऋषि र ऋषिकाहरूको नाम शब्द पनि त्यस्तै बहुअर्थी छन् । माथि उल्लेख गरिएका सूक्तहरू कामसम्बन्धी अर्थ गर्न पनि मिल्ने र आध्यात्मिक अर्थ लगाउन मिल्ने खालका छन् ।

यस प्रकार वेदमा महिला ऋषिकाहरूले रचना गरेका (देखेका) धर्म, अर्थ, काम र मोक्ष यी जीवनका चारै पुरुषार्थ सम्बन्धी सूक्त वा ऋषाहरू पाइन्छन् । ती रचनाहरूको विषयवस्तु, भाषाशैली, लयात्मकता, अर्थवत्ता र प्रतीकात्मकता पुरुष ऋषिहरूका रचनाकै समकक्षी देखिन्छन् । जीवनबोध, तत्त्वदर्शन र अभिव्यक्ति क्षमतामा आफ्ना पुरुष साथीहरू भन्दा कमजोर देखिन्नन् । सङ्ख्यात्मक दृष्टिले पुरुषका तुलनामा महिला ऋषिहरू न्यून देखिए पनि सहभागिताका दृष्टिले महिला पुरुषमा विभेद देखिन्न ।

३. उपसंहार

वैदिक युग समताभावयुक्त युग थियो । समाजका सबै मानिसहरू परस्पर मिलेर बस्थे । महिला र पुरुषमा सामाजिक विभेद थिएन । विद्याआर्जन गर्न, आजीविका अपनाउन, जीवनसाथी चयन गर्न, सम्पन्नता बढाउन, धार्मिक कृत्यहरू सम्पादन गर्न र आत्मसाधना गर्न सबै स्वतन्त्र थिए । महिलाहरू छोरी, पत्नी, आमाका साथै शिक्षिका र गुरुका रूपमा पनि प्रस्तुत भएका देखिन्छन् । उनीहरू आफूलाई अनुकूल हुने रूप, गुण, बय र विद्यायुक्त पुरुष साथी बरण गर्न र ज्यादै प्रतिकूल अवस्थामा परित्याग गर्न पनि स्वतन्त्र रहेका देखिन्छन् । यिनीहरू घरगृहस्थीका कार्य सम्पादन गर्दा-गर्दै पनि अनेक सूक्त र ऋचाहरूको सिर्जनामा सरिक भएको पाइन्छ । सङ्ख्यात्मक हिसाबले साहित्य सिर्जनामा लाग्ने महिलाहरू पुरुषहरूका तुलनामा न्यून देखिन्छन्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तापनि त्यहाँ कतै आफू विभेदमा परेको, अधिकार र अवसरबाट वञ्चित हुनु परेको गुनासो ती महिलाहरूको रचनामा भेटिँदैन । सामाजिक सम्बन्धका बारेमा वेदकालीन महिलाहरू जति मुखर छन् त्यति नै मुखर देखिन्छन्- यौनिक सम्बन्धका विषयमा पनि । यिनीहरू वासनात्मक उद्रेकका वेला निरङ्कुशजस्ता देखिए पनि अन्ततः आफ्नो मर्यादाप्रति उत्तिकै सचेत र सजग रहेका पाइन्छन् । पारिवारिक जीवनलाई सन्तुलित र मर्यादित बनाउने कार्यमा केन्द्रीय भूमिका महिलाहरूकै देखिन्छ । ज्ञान, ध्यान, वा अध्यात्म साधनाका लागि घरगृहस्थी नै त्याग्नुपर्छ भन्ने मान्यता वैदिक समाजमा पाइँदैन । वेदका मन्त्रद्रष्टा प्रायः सबै ऋषि-ऋषिकाहरू परिवारयुक्त गृहस्थी नै देखिन्छन् । भौतिक समृद्धि र शारीरिक सुख सुविधाका साधनहरूको आपूर्ति नित्यान्त जरूरी भएपनि भौतिक सम्पदालाई नै जीवनको अभिष्ट वा लक्ष्य मान्ने पक्षमा उनीहरू देखिदैनन् । मोक्ष वा मुक्ति प्राप्त गर्नुलाई नै उनीहरू जीवनको सर्वोच्च उपलब्धि ठान्दछन् ।

सन्दर्भ सूची

कल्याण, वेद कथाङ्क, १९९९ ई. वर्ष ७३, जनवरी-फरवरी, दिल्ली : गीता प्रेस गोरखपुर ।

कुमार, वचनदेव (ई.१९८९), **संस्कृत साहित्यका इतिहास**, दिल्ली : नेशनल पाब्लिसिङ हाउस

कौण्डिन्यायन, शिवराज आचार्य, (२०६२), **वैदिक धर्म, मूल रुपमा**, काठमाडौं : स्वाध्यायशाला ।

लुइटेल, तिलकप्रसाद (अनु.वि.सं. २०६३), **ऋग्वेदसंहिता**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

.... अथर्ववेद, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

वर्मा, जयनारायण र पुष्पा गुप्ता (१९९१), **संस्कत साहित्यका इतिहास,** दिल्ली :तरूण प्रकाशन ।

सातवलेकर, श्रीपाद दामोदर (सम्पा, ई. १९८५ ?) **ऋग्वेद**, मुम्बइ : वसन्त श्रीपाद सातवलेकर ।

साभारः पृथ्वी वाङ्मय पत्रिका अङ्क १० वर्ष १७ (२०७४) नेपाली विभाग पृथ्वीनारायण क्याम्पस पोखरा

✿✿✿✿

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हिन्दु समाजमा नारीको स्थान

✍ जनार्दनशरण त्रिपाठी

विश्व हिन्दु समाजको परिभाषा :

अनादि प्राकृत प्रगत भौतिकतामा र वैदिक आचारवान् ऋषिमहर्षिहरूका उच्च आध्यात्मिकतामा आधारित जीवन शैली भएको अपवित्रता हटाउने हिन्दु संस्कार वा ठाउँ हिन्दु हो । त्यसको प्रतिनिधित्व रहेको सबै ठाउँको समाजलाई हिन्दु समाज भनिन्छ । यस प्रसङ्गको केन्द्र सिन्धु नदीको परिसर मानिन्छ । यस अर्थमा हिन्दु समाज भन्नाले अनादि, प्राकृत, प्रगत, वैदिक, सनातन हिन्दुसमेत एक एक वा सबैको अर्थ बुझ्ने मान्यता छ । विशेषतः यस समाजको क्यास्पियन सागरका परिसरदेखि उत्तर पश्चिमका ग्रीस र रोमका प्राचीनताको महत्त्वमा प्रगत (आर्य) समाजको योगदान रहेको स्पष्ट छ। यता पूर्वदक्षिण अफगानिस्तान, नेपाल, आसमुद्र इण्डोनिशिया, श्रीलङ्काबाट फन्को मार्दै सिन्धु उपत्यकासम्म हिन्दु समाजको बाहुल्यता छ। उता बेलायत, जर्मनी र अमेरिकामा समेत हिन्दु सामाजिक विचारको प्रचार दिनौं बढ्दो छ। यही नै यस समाजको खरो उदात्तताको प्रमाण हो। अब यहाँ विश्व हिन्दु समाजको परिभाषाको चर्चा गरिन्छ ।

यता हिन्दु समाजको इतिहास जान्न खोज्दा - आर्य समाजी सन्त दयानन्द सरस्वतीले वेदको रचनाकाल आजभन्दा १,९६,०८,५२,९७६ वर्ष पूर्व हो भन्ने उल्लेख गरेका छन् । त्यसभन्दा अर्वाचीन मत डा. ईश्वरीप्रसादको इ.पू. २५००-२००० वर्षसम्म देखिन्छ । तर यो मत एकदेशीय लाग्दछ । स्मरण रहोस्- शिकारी युग पूर्वको पाषाण युगनै प्राकृत युग हो भन्नेमा बहुमत छ । जतिबेला अहिलेका अविकसित वन्यजन्तुको जस्तै प्राग्मानवको जीवन थियो, त्यसै समयबाट मानव इतिहास प्रारम्भ भएको मान्न सकिन्छ । समष्टिमा भन्नुपर्दा त्यो समय आजभन्दा पाँच लाख वर्ष पूर्वदेखि दशहजार वर्ष पूर्व समयमा वेदको रचना गरिएको थियो । त्यही प्राकृत युग हो र त्यस

✍ लेखक नेपालश्री महाकाव्यकार हुनुहुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बेलाका पूर्व नरवानर एकलपछि युगल र सामुहिक शिकारीका रूपमा आइपुगे को हुनुपर्छ । ती नरवानर/मादा मर्दका बीच आकर्षण र विकर्षणको प्रवृत्ति पनि बढ्दै आएको हुनुपर्छ । त्यसै बेला मादा नरवानरले रजोक्षरण, गर्भधारण, प्रसवपछि स्तनपान, स्याहार सुसार, पालन पोषणका अतिरिक्त शिकार समेली खाने खुवाउने गर्नु पऱ्यो होला । साथै शिकारीलाई खाना बनाउने, बास कुर्ने र छोपी ल्याएका ज्यूँदा शिकारलाई घाँस पानी पनि दिने काम भएको अनुमान हुन्छ । त्यस क्रममा शिकार ल्याउने मर्द र वास कुर्ने मादा जोडीका रूपमा बदलिए । त्यही जोडी बच्चासँग पारिवारिक रूपमा बदलियो । त्यस जीवनमा मर्दको काम केही सहयोग गर्ने र शिकार खेल्ने मै सीमित रह्यो भने मादाको दर्जनौं काम अतिरिक्त छँदै थिए ।

त्यति मात्र कहाँ हो र ? मादाको स्तन वृद्धि, रजोक्षरण (मासिक), प्रसव वेदना आदिले गर्दा परिवारको निर्माण भए पनि अत्यन्त व्यस्त र कष्टकर हुँदै गयो । अर्थात् त्यो जीवनमा मर्दको भन्दा मादाको धेरै योगदान भएकाले र बासमा मादाको प्राधान्यता रहेकाले नै मातृसत्ताको स्थिति स्थापित भयो । यस प्रकार त्यति बेला तिनीहरू जोडी भए, परिवार भए, फेरि पनि एक परिवार र व्यक्तिले अर्का परिवार र व्यक्तिलाई शिकार खान र स्त्रीसंसर्ग गर्न लुछाचुडी र हानथाप गर्न बढिरहे । त्यस समयमा निर्बलिया मादा मर्द दुबैमा बलियाले मनपर्दो गर्न थाल्ने प्रकृति तयार भयो । परस्पर मुठभेड हुँदै जाँदा हत्या, हिंसा, आतङ्क, गर्जन रुवाबासी हुन थाल्यो । यिनै खाना र स्त्रीसंभोगका जरियाबाट पलाएका अनेक निहुँबाट उब्जिएका सास्ती आज हामीले भोगिरहेछौं । कालान्तरमा तिनै अन्यायी, खन्चुवा र यौन पियासु नर पिशाचबाट बँच्न बँचाउन नीति नियमको सम्झौता भएको हो । जसका परिणाममा सर्वप्रथम हिन्दु समाजपछि यहुदी, क्रिस्चियन, इस्लाम आदि कैयन् समाजको स्थापना हुँदै गए । त्यतिबेला जजस्ले सम्झौता गरे ती बाँकी रहे । नगरेकाहरू आपसमा लडेर आफ्नै वर्गलाई समेत निमास पारे । यस्तो परम्परा शिकारी युगमै बसेको थियो । यद्यपि खानपानका कारणबाट हुने लडाइँ खेतीपाती र पशुपालनबाट केही कमी रहे । तर स्त्रीसम्बन्धी झगडा भने एउटै रहे पनि चर्किरह्यो । यो क्षणिक आनन्दमा मान्छे त के जुनसुकै प्राणी पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
आफूले अपनाएका मादालाई अर्को मर्दले आँखामात्र लाए पनि विद्रोहका आगाले जल्ने प्रकृति सर्वत्र देखिन्छ नै । उदाहरणका लागि गाई, भैंसी, कुकुर, भेडा, बाख्रा आदिलाई सम्भिए रहस्य छर्लङ्ग हुन्छ । यस्तो रहस्य बुझेका हिन्दु समाजी अनेक ऋषिमहर्षिहरूले परमसारपूर्ण रहस्यलाई -

मातृवत् परदारासु परद्रव्येषु लोष्ठवत् ।
आत्मवत् सर्वभूतेषु यः पश्यति सः पण्डितः ॥

अर्थात् असल र खराब कुरो छुट्याउन सक्ने विवेकी व्यक्तिले आफ्नै वैध पत्नीबाहेक अर्काका पत्नी वा स्त्रीलाई आमा सरहको विचार व्यवहार गर्नुपर्छ । अर्काको आर्जन र सम्पत्ति मूल्यहीन पतहरा सम्भिए अपनाउन हुन्न । आफूलाई जस्तो आहार विहार आदिको चाहना हुन्छ, त्यस्तै अरू प्राणीहरूलाई पनि हुन्छ भनेर विधिव्यवहार गर्ने मान्छे मात्र विवेकी हुनसक्छ । यस्ता विचार आचारले मात्र मान्छे सभ्य हुनसक्छ । यस्तो खुला भौतिक जीवनदेखि उच्च आध्यात्मिक जीवन नै मानव जीवन हो भने मानव जीवनमा उच्च हुन्छ भन्ने मान्यता हिन्दु समाजमा स्थापित हुँदै आएको छ ।

विशेषतः पूर्ववैदिक कालका सुरु देखिनै तत्कालीन ऋषि महर्षिहरूको हिन्दु समाजमा एउटै दृष्टि प्रकृति - तारा, सूर्य, चन्द्र, पृथ्वी, पहाड, समुद्र वनस्पति रात, दिन, साँझ, बिहान, आदि व्यक्त स्वरूपका अन्तरक्रियाको मूल प्रकृति हुन्छ । यसको आदि अन्त्य छुटिन्न । मूल उपादान कारणले, पराप्रकृतिको अस्तित्व स्वीकार गरेको पाइन्छ । त्यसै पराप्रकृतिका उक्त दुष्ट प्रकृतिका मानिसका स्वरूपमै जीवन पद्धति झैं रहेर साक्षात् प्रतिमूर्ति मानवी नारीको भूमिका पुरुषको भन्दा कति कति र केही विशेषता छन् । जस्तै : स्तनवृद्धि, रजोक्षरण, मासिक धर्म, कोमल शरीर, मधुरबोली, गर्भधारण, प्रसव, सन्तानको सुसार, पालन पोषण, खाद्योर्जमा (गर्भधारण र सुत्केरी बच्चाले दूध चुसिन्जेल बाहेक पुरुषले सामान्य ३८०० एकाइ क्यालोरी खाँदा महिलाले २८०० क्यालोरी एकाइले पुग्ने) कमी, पारिवारिक खाना, बसाइ, सर्वत्र रक्षा दृष्टि भिज्नसक्ने नारीमा विशेष क्षमता छन् । यस्तै माया, दया, ममता, स्नेह सद्भाव आदि जीवन्त राख्न सक्नाले नारी मानव जातिको सर्वोपरि कल्याणमूर्तिका रूपमा अनुभव गर्न सकिन्छ । उक्त गुणहरूका अजस्र खानी हुन सक्नाले यी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नारीलाई निराकार पराशक्तिकी प्रतीक मानेर हरतरहले रक्षापोषण, मान प्रतिष्ठा गर्नुपर्छ । कार्य साधनामा भौतिक देखिए पनि क्षमताका आधारमा साक्षात् दिव्य शक्तिका स्वरूप मान्न सकिन्छ । कहाँसम्म भनौं, पुरुष बच्चामा जन्मिएको छ महिना नपुगी आमाको दूधबाहेक अनाज पच्न नसक्ने र स्त्री बच्चाले पाँचै महिनादेखि बाहीरी प्रकृतिको आहार लिन सक्ने क्षमता पनि बिसर्नु छैन । यस्ता आध्यामिक भावनाले नारीलाई ऋषिमहर्षिद्वारा अनेक देवीका रूपमा प्रतिष्ठित गरेको पाइन्छ । जस्तै नारीको आजन्म - कन्या, कुमारी, छोरी, बहिनी, दिदी, आमा, गुरुआमा, भाउज्यू, सामान्यगृहिणी र पतिविशेषकी गृहिणीलाई महाकाली, महालक्ष्मी, महासरस्वती आदि नामले सत्कार गर्दा नपुगेर देखेको राम्रा मनपरेका हरेक वस्तुलाई यिनको पर्यायवाची शब्द, सन्ध्या, शोभा, गङ्गा जमुना आदि आदि नामले पुकारेर सत्कार गर्ने मर्यादा हिन्दु समाजमा छ ।

नारीहरूको उक्त पृष्ठभूमि वैदिक कालदेखिकै हो र त्यस समयमा घोष, ऋतम्भरा अपाला, गार्गी, मैत्रेयी आदि ब्रह्मचारिणी ब्रह्मवादिनी विदुषी नारीहरूका नारी वर्चस्वलाई प्रोज्ज्वलित पारेका थिए । उनीहरूले भौतिक तथा आध्यात्मिक क्षेत्रका समन्वयमा मानव कल्याणको मार्ग दर्शन गराएका थिए । आदर्श नारी सीता पनि त्यसै समयकी थिइन् । उनका पिता मिथिलाका बाउन्नौं जनक राजाले भौतिक क्षेत्रमा प्रत्येक वर्ष वसन्त पन्चमीमा उत्सवसाथ आफैंले हलसार गर्थे । प्रोत्साहित किसानको कृषि र पशुपालनमा उच्चप्रगति भएको थियो । भनिन्छ- भारतका दक्षिण पश्चिमी सार्थवाहकको (मालसामान वसरापसार गर्ने गाढावाला) यहाँका कृषिजन्य पदार्थ निकासी गर्ने व्यवसाय नै थियो । त्यसै गरी आध्यात्मज्ञानमा उक्त आर्दश महिला र याज्ञवल्क्य अष्टावक्र आदि धुरन्धर विद्वान् विदुषीका बीच गहन ब्रह्मविद्याको चर्चा हुन्थ्यो । चर्चामा उत्कृष्ट विचारको प्रस्तुति गर्नेलाई सुनले सिँगारेका गाई पुरस्कार दिइन्थो । उक्त प्रसङ्गबाट के बुझिन्छ भने त्यतिबेला नारी शिक्षा मात्र थिएन, अपितु उच्च उच्च विदुषीहरूको प्रतिष्ठा पनि थियो ।

कालान्तरमा स्वयं हिन्दु समाजका केही कदाचारी (असल आचरण नभएका) व्यक्तिलाई साथ दिने इतर समाजका फटाही आदिका कारणले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
उस्काउन थाले । त्यसपछि प्रकृतिको गति र मानवका प्रवृत्तिका समन्वयको हिन्दु समाजमा विकृति र विसङ्गतिले बिथोल्न थाल्यो र आचार र संस्कार का विरुद्धमा धावा बोल्न थालिएको पाइन्छ । त्यसपछि 'मातृवत् पर दारासु' आदिको मर्यादा तोडेर खानेलाउने र छाडा यौन उपभोग गर्ने नीच सामन्ती परम्पराको बोलबाल बढाइयो । मातृसत्ता प्रतिष्ठाबाट हटाएर पितृसत्ता अपनाइयो । असल विचार र आचार विस्तार गर्नु तन्त्र हो ।

त्यस्ता तन्त्रका ठाउँमा "मद्यं मांसच्च मीनञ्च मुद्रा मैथुन मेवच ।

एते पंच मकारा ः स्यु मोक्षदा हि युगे युगे "।

अर्थात् मद्यपान, मदिरा, मासु, माछा, मैथुनक्रीडाका आकार प्रकार र स्त्रीपुरुषको संभोग यी पाँचोटा मकारबाट उच्चारण हुने तत्त्वले पक्कै युगौयुग स्वतन्त्रता दिन्छन् । यस्ता झूट अर्थ लगाएर अजिङ्गरले झैं आहारा लिने र छाडा पशुले झैं यौन आनन्द लिने कुरीतिको चर्को प्रचार प्रसार बढाइयो । यहींनेर एउटा उदाहरण पनि लिन सकिन्छ । सिद्धयोगी मानिएका गुरु मत्स्येन्द्रनाथले भ्रष्ट काम गर्दा यसै नेपाल पवित्र भूमिका तपस्वी गोरखनाथले आफ्नै गुरुलाई पनि सचेत गराउनु परेको थियो । त्यतिबेला भारत बाहिरका लुटेराहरूले भारतमै लुट मच्चाए । नारीको अपहरण गरेर आफ्नो कुख्याति फैलाए ।

त्यसकारण हिन्दु समाजले नारी प्रतिष्ठा पुनः स्थापित गर्न निम्न प्रकारको मान्यता राख्यो । जस्तै आजन्म कन्या कुमारीलाई हरेक चाडपर्व - सङ्क्रान्ति, पूर्णिमा, अमावास्या र पितृकार्य आदिमा - स्नान, श्रृङ्गार, वस्त्र, टीका, फल, दक्षिणा, खाना, दर्शन आदिले सम्मान गर्ने, विबाह गराउँदा पनि उक्त सम्मानका साथ योग्य वरलाई यथाशक्य कपडा, भाँडा, बिस्तरा, गाई दक्षिणा आदिका साथ कन्या प्रदान गर्ने, विबाह पश्चात् आफू कहाँ जुनसुकै कार्य विशेष गर्दा पनि निम्त्याइ सम्मान गर्ने, बच्चा पाउँदा भेट्न जाने र अवसर मिलाएर दुई/चार महिना ल्याई पौष्टिक खाना र आराम दिलाउने, प्रत्येक वर्षका भाद्र आमावस्यादेखि शुक्ल पञ्चमीसम्म निम्त्याइ यथाशक्य वस्त्र, गहना आवश्यक पूजा सामग्रीसाथ हरितालिका पूजा गराउने र यस्तै प्रत्येक वर्षका कार्तिक शुक्ल द्वितीयाका दिन आएका दिदी बहिनीलाई उनीहरूले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जस्तै आव्हान पूजा गरेर त्यस्तै उपचारले सम्मान गर्ने, एवं विशेष पर्वमा यथाशक्य दिदीबैनीका सम्बन्धीलाई सम्मान गर्ने । यस प्रकार सम्बन्धलाई ताजा राख्ने मान्यता गरेको पाइन्छ ।

उक्त मान्यतामा रहेका आदर्श माता महावीर तीर्थङ्करकी आमा त्रिशला, शान्तिका अग्रदूत महात्मा बुद्धकी आमा मायादेवी, यशस्वीनी महिला भृकुटी, लिच्छवि राजा मानदेव प्रथमकी ममतामयी आमा राज्यवती आदिले यस्तै भूमिका निभाएको पाइन्छ । यसै मर्यादा अन्तर्गतको व्यक्ति पृथ्वीनारायण शाहकी विमाता सुवर्णप्रभा, वीराङ्गना राजेन्द्र लक्ष्मीदेवी र राज राजेश्वरी शाहले नेपालको इतिहासलाई चम्काएका छन् । यसै गरी वि.सं. २००७ साल पछिका आदर्श एवं प्रभावकारी भूमिका निर्वाह गरेका नारीरत्न अङ्गुरबाबा जोशी, भद्रकुमारी घले, अष्टलक्ष्मी शाक्य, राष्ट्रपति विद्यादेखी भण्डारी, सभामुख ओनसरी घर्तीमगर, प्रधानन्यायाधीश सुशीला कार्की, उपसभामुख डा. शिवमाया तुम्बाहाम्फे आदिले युग, देश र समाजको सही प्रतिनिधित्त्वपूर्वक भूमिका निर्वाह गर्दै हुनुहुन्छ । यो सौभाग्यमय अवसरको अवश्य सदुपयोग हुनेछ ।

पुनश्चः समाजमा सबै उन्नत विचार र व्यवहार हुने व्यक्ति हुन गाह्रो हुन्छ । त्यसमाथि पनि नेपालका उच्च प्राकृतिक सौन्दर्य र विभिन्न सांस्कृतिक अनुभूति दिव्य वरदान हुन् । यिनको मूल्य र मान्यता घटाउँदै गएमा हामी अभिशप्त पनि हुनेछौं । केही अनुभूति लिन असमर्थ वा अज्ञ हामीलाई यो अनन्य राष्ट्रिय सम्पदा वैरीले भाँउता भाँउतामा भुक्याउन सक्छन् । त्यसबाट जोगिन र जोगाउन हामी नेपाली नरनारीले कुशलतापूर्वक उत्तर दायित्व निर्वाह गर्नुपर्छ । यस समयमा अपराशक्तिका प्रतीक नारीरत्नले हाम्रो मर्यादित प्रतिष्ठालाई कायम राख्न तीव्र दृष्टि दिनुमात्र पर्छ । दिएमा एक्लो राष्ट्रिय आस्मिता दिगो हुन जाने विश्वास लिन सक्ने अवस्था छ ।

हाम्रा नारी समाजको बीचमा अग्रणी भूमिका छ । किनभने अहिले विकसित मानिएका १) बेलायतमा पनि सन् १५५३ मा रानी मेरी र सन् १५५८ मा मात्र एलिजाबेथको प्रतिष्ठा भएको थियो । २) यस्तै फ्रान्समा राज्यक्रान्तिको ताका सन् १७८९ तिर भद्र महिला म्याडम रोलाँलाई सार्वजनिक भोजमा पनि अपमानित गरिएको थियो । ३) यसै गरी अमेरिकामा सन् १७८२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
मा मात्र महिलालाई मताधिकार मिलेको थियो ।

नेपालका सन्दर्भमा त पूर्ववैदिक कालदेखिकै मानमर्यादा स्थापित भैसकेको प्रसङ्ग छ । तथापि हामी विडम्बनामा आइपुगेको अवस्था छ । आजभोलि पनि बालविबाह, बहुविबाह, असमान विबाह प्रेमविबाहबाट पनि उपेक्षा, पति छोराछोरी भएका महिला पनि एकल महिला, बलात् पारपाचुके, चेलीबेटी बेचविखन, अवैध यौनसम्पर्क, पत्निले नशा सेवन गरेर चरित्रहत्या गर्ने, कुटपिट गरेर सताउने, सासूले बुहारीलाई बुहारीले सासूलाई हेलत्तो र अपमान गर्ने, आमाबाबुलाई संयुक्त परिवारमा नराख्ने पतिलाई स्वदेशमा व्यवसाय गरे सहयोग गर्नपर्छ भनेर घरखेत पनि बेची विदेशमा जान बाध्य गराएर काम नगर्न सोखमा रहने । दूधमुखे बच्चालाई नर्सरीमा भर्ना गरेर दूध पिउने अधिकारबाट बञ्चित गर्ने, छातीमा दूध जमाएर तम्तमाउदो बैंस सँगाल्ने परम्परा झैं भैराखेको छ । त्यसरी पढाएका छोरा छोरीलाई पनि गर्वसाथ विदेशी नागरिक बनाएर घुम्न जाने कुसंस्कारको विकास भएको छ । यी सबै कुसंस्कारलाई प्रतिष्ठित भएका, हुँदैगरेका र शिक्षित महिलाहरूले ती पीडित महिला र पुरुषहरूको सहयोग लिएर एउटा सुनौलो अध्यायको इतिहास कोर्न सक्ने अवसर छ ।

अन्तमा तपाई मातृशक्तिका उपर्युक्त शारीरिक रचनादेखि यावत् ममता सम्मका अपरा विशेषता भौतिकरूपमै छर्लङ्ग छन् । तिनका कारणले मातृशक्ति पुरुषभन्दा विशिष्ट मानिन्छ । समय समयमा मानवबीच उग्र अत्याचार अन्याय भए पनि तुरून्त दमन नगर्नु वा नहुनु तपाईकै लीला मात्र हो । अब नेपालका प्रकृति र संस्कृतिमा आउने जति अनर्थ - उक्त बालविबाह आदि आफ्ना अपरा शक्तिका नेतृत्वमा हामीलाई अनुगत्ता बनाएर नियास पार । हे अपरा शक्तिकी प्रतीक मातृशक्ति । तिम्रो अनन्त व्यापक शक्तिलाई जागृत गराइद्यौं । तिम्रै जन्म लालन पालन र नेतृत्व भित्रको यो हिन्दु समाज चाहन्छ, यही अपरा आमा शक्तिको जय ! जय !! जय !!! हो !!!

✡✡✡✡

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रजस्वलाको कर्तव्याकर्तव्यसम्बन्धी शास्त्रीय व्यवस्था

✍ माधवप्रसाद लामिछाने

१. विषयप्रवेश

बालावस्था, युवावस्था र वृद्धावस्था गरी पुरुषकै झैँ समग्र नारी जीवनलाई तीन प्रमुख कालखण्डमा विभक्त गर्न सकिन्छ । जन्मेदेखि रजस्वला नहुँदासम्मको समयावधिलाई बालावस्था भनिन्छ । बालावस्था पार गरिसके पछि नारीहरूमा मासिक रूपमा रजोदर्शन हुनथाल्छ। यसलाई मासिक धर्म पनि भन्ने चलन छ। नारीहरूमा मासिक रूपमा रजोदर्शन हुँदासम्म सन्तानोत्पत्तिको सम्भावना रहन्छ । त्यसपछि उमेर ढल्किएको कारणले मासिक रजोदर्शन बन्द हुन थालेपछि नारीहरूको वृद्धावस्थाको प्रारम्भ हुन्छ। युवावस्था विवाह तथा सन्तानोत्पादनका हिसाबले महत्त्वपूर्ण हुन्छ । प्रस्तुत लेख रजस्वलावस्थाका नारीहरूको मासिकधर्मसँग सम्बद्ध छ । यसमा खासगरी रजस्वला कालमा नारीका कर्तव्याकर्तव्य सम्बन्धी विषयहरूको समालोचना गरिन्छ ।

१.१ रजस्वलाको अर्थ

नेपाली बृहत् शब्दकोषका अनुसार नारी तरुनी भएपछि प्रत्येक महिना पर सर्ने प्रक्रियालाई ऋतुधर्म वा मासिकधर्म भनिन्छ। महिना महिनामा नारीहरूको रक्तस्राव हुने भएकाले यसलाई मासिक धर्म भन्ने गरिएको हो । यस धर्मलाई नछुने हुनु , परसर्नु वा रजोदर्शन हुनु भन्ने चलन पनि छ। उमेर पुगेर गर्भधारण गर्ने तत्त्वले युक्त भई पर सरेकी आइमाईलाई रजस्वला भनिदै आइएको छ। रजोदर्शन हुनुलाई शारीरिक रूपमा परिपक्व भएको जानकारी गराउने सङ्केत मानिन्छ । सामान्यतया १२ देखि १५ वर्षसम्मको अवधिमा नारीहरूको रजस्वला आरम्भ हुने र यो क्रम जीवनको ४९-५० वर्षसम्म जारी रहने गरेको पाइन्छ । सामान्यतया प्रत्येक २८ देखि ३० दिन पूरा भएपछि हरेक उमेर पुगेकी स्वस्थ महिलामा रजोदर्शन हुन्छ र रजोदर्शनको प्रभाव चार पाँच दिनसम्म परिरहन्छ। रजोदर्शनको प्रभाव रहुन्जेल नारीहरूलाई शारीरिक

✍ लेखक बाल्मीकि विद्यापीठ काठमाडौंमा धर्मशास्त्र विषयका सहप्राध्यापक हुनुहुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
र मानसिक रूपले सामान्यावस्थामा भन्दा केहीनकेही मात्रामा दुर्बलताको अनुभूति हुन्छ भन्ने प्राच्य चिकित्साशास्त्रीय ग्रन्थहरूमा उल्लेख गरिएको पाइन्छ। यस परिस्थितिमा उनीहरूको शारीरिक र मानसिक स्वास्थ्यलाई अघिपछिको अवस्थामा भन्दा केही विशेष ख्याल गर्नु पर्छ भन्ने कुरामा खासै विवाद रहेको देखिदैन। यस अवस्थामा हुने दिक्दारी, तनाव र निर्बलताको अनुभूतिलाई सहज रूपमा लिने गरिन्छ। महिलाहरूमा हुने मासिक रक्तस्राव वा रजोदर्शन शारीरिक शुद्धिको प्राकृतिक प्रक्रिया हो।

१.२ रजोदर्शनमा आचारसंहिता

वेदसम्मत अनेकौ धर्मग्रन्थहरूमा रजस्वला भएका स्त्रीजातिका लागि कर्तव्याकर्तव्य सम्बन्धी नियमहरूको उल्लेख गरिएको छ। हिन्दु धार्मिक मान्यतानुसार रजस्वला भएका नारीहरूमा तीन दिनसम्म पूर्णतः रक्तस्रावजन्य आशौच दोष उत्पत्ति हुने प्राकृतिक नियम भएकाले अरूले रजस्वलासँग र रजस्वलाले पतिलगायत अरू व्यक्तिसँग छुवाछूत गर्न नहुने कुरा उल्लेख गरिएको पाइन्छ। त्यसरी नै पाँच दिनसम्म दैवीकार्य र सात दिनसम्म पितृकार्यमा संलग्न भई कार्य गर्न नहुने कुरा पनि उल्लेख गरिएको छ। यस प्रकारका शास्त्रीय एवं पारम्परिक व्यवस्थालाई पाश्चात्य शिक्षाको प्रभावमा परेका अधिकांश व्यक्ति र गैरहिन्दु सम्प्रदायका मानिसहरूले नारीहरूमाथि गरिएको सामाजिक विभेद र अन्यायका रूपमा आलोचना गर्ने गरेको पाइन्छ। यसकारण शास्त्रले निरूपण गरेका ती नियमहरू के के हुन्, र तिनको उद्देश्य के रहेछ त भनी अध्ययन गरी निष्कर्ष निकाल्नु मनासिब देखिएको हो। ती अनेक नियममध्ये केही मुख्य नियमहरूको चर्चा तल गरिन्छ :

१.२.१ अस्पृश्यता

उमेर पुगेका नारीहरूमा प्राकृतिक रूपले रजोदोष उत्पन्न हुँदा उनीहरू रजस्वला हुन पुग्छन्। रजस्वला हुनु भनेको समयको एक हदसम्म रक्तस्राव हुनु हो। यस प्रक्रियालाई रजोवती नारीको मासिक धर्म पनि भन्ने गरिन्छ। रजोवती नारीहरूमा अशुचित्त्व दोष उत्पत्ति हुने भएकाले रजोदर्शन भएको तीन दिनसम्म उनीहरूसँग छात्तछुत्त गर्नु हुँदैन भन्ने परम्परागत व्यवहारपद्धति रही आएको देखिन्छ। यसरी रजस्वलामा तीन दिनसम्म आशौचकारक स्राव हुने भएकाले रजोदर्शनका तीन दिनसम्म उनीहरूसँग सम्पर्क गर्नुहुदैन भन्ने वैदिक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
धर्मशास्त्रीय ग्रन्थहरूमा उल्लेख गरिएको पाइन्छ। धर्मग्रन्थमा उल्लेख भए बमोजिम रजोदर्शन भएको दिनदेखि अलग्गै बस्नुपर्छ। रजस्वलालाई अरू व्यक्ति र अरूले रजस्वलालाई छुनु हुँदैन। खासगरी पुरुष वर्गलाई स्पर्श गर्न नहुने कुरा उल्लेख गरिएको छ। अझ उपनयन गरेका र आफूभन्दा मान्यजनलाई छुन नहुने कुराको चर्चा ज्यादा गरिएको छ। रजस्वलाले तीन दिनसम्म कपाल कोर्न, तेल मालिस गर्न, गाजल लगाउन, बत्ती कात्न र डोरी बाट्नसमेत हुँदैन। नारीको प्रथम रजोदर्शन हुँदा धेरै दिन बार्ने प्रचलन नेपाली हिन्दु परम्परामा रहिआएको देखिन्छ। तर धेरै दिनसम्म अलग्गै रही स्पर्शादि वर्जन गर्ने शास्त्रीय आधार स्पष्ट नदेखिएकाले मुख्य कल्पका रूपमा तीन दिनसम्मको अस्पृश्यतासम्बन्धी नियमको पालन गरी चौथो दिन स्नान गरेपछि शुद्ध हुनसक्ने सैद्धान्तिक मान्यता रहेको देखिन्छ (स्वाद्ध्याशाला, २०६५, पृ.१८८)। यसरी शास्त्रले रजोदर्शन भएको अवस्थामा नारीलाई तीन दिनसम्म स्पर्शदोष लाग्ने विषयको निरूपण गरिएको देखिएको छ।

१.२.२ बलका काम गर्न नहुने

धर्मग्रन्थहरूले मासिक धर्म भएका नारीहरूले बलको काम गर्न नहुने कुरा उल्लेख गरेका छन्। खासगरी अङ्गिरसस्मृति, वसिष्ठधर्मसूत्र एवं सुश्रूतसंहिता आदि ग्रन्थहरूका अनुसार रजोदर्शन भएका अवस्थामा महिलाहरूले घरका विविध काम गर्ने, दौडधुप ज्यादा गर्ने तथा शारीरिक व्यायामहरू गर्ने कामलाई त्याग गर्नुपर्छ। स्मृतिसन्दर्भमा उल्लेख भएबमोजिम मासिकधर्मको प्रभाव रहिरहेको अवस्थामा नारीले गृहकार्यमा संलग्न हुनुहुँदैन (अङ्गिरा, १९९८, पृ.५९४)। वसिष्ठ धर्मसूत्रमा उल्लेख भए बमोजिम रजस्वला भएका नारीहरूले नदीनालामा गई स्नान गर्ने, डोरी बाट्ने र दौडधूप गर्नेजस्ता कार्यलाई बन्द गर्नुपर्छ (अध्याय ५, सूत्र ७)। सुश्रुतसंहिताको शारीर स्थान प्रकरण अन्तर्गत नारीहरूले मासिक धर्म हुँदा रोदन गरेमा दृष्टिविकार हुने, दौडधूप गरेमा चञ्चल हुने तथा अनावश्यक धेरै बोलेमा प्रलापी हुने कुरालाई उल्लेख गरिएको छ (अध्याय २, सूत्र २५)। यसले के देखाउँछ भने महिलाले रजस्वला हुँदा शारीरिक रूपमा असर हुने कुनै काम गर्नु हुँदैन। यस समयलाई आरामका लागि प्रयोग गर्नुपर्छ। रजोदर्शन भएपछि महिला शारीरिक र मानसिक रूपमा सामान्य अवस्थामा भन्दा ज्यादा प्रभावित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
हुनेहुनाले उनीहरूले आराम गरी ऊर्जा सञ्चय गर्नुपर्छ भन्ने तथ्यलाई प्राच्य वाङ्मयसम्बद्ध वैदिक, धर्मशास्त्रीय तथा पौराणिक ग्रन्थहरूले उल्लेख गरेका छन् । रजस्वलाका लागि निर्दिष्ट विधिनिषेध सम्बन्धी व्यवस्थालाई लामो समयसम्म बेवास्ता गरी व्यवहार गर्ने महिलाका सन्तानहरूमा नकारात्मक असर पर्न जाने कुरालाई चरक सुश्रुत आदि ग्रन्थहरूमा उल्लेख गरिएको पाइन्छ ।

१.२.३ अलग्ग बस्नुपर्ने

नेपालका कतिपय क्षेत्रमा रजस्वलालाई छुट्टै गोठ बनाएर नचोखिएसम्म राख्ने परम्परा पनि रहिआएको देखिन्छ । त्यो सम्भव नभएको ठाउँमा घरभित्रै पनि अलग्ग बस्ने व्यवस्था गरिएको हुन्छ । यसको उद्देश्य रजस्वलासँग खासगरी पुरुष वर्गको छात्तछुत्त नहोस् भन्ने देखिन्छ । यजुर्वेद तैत्तिरीय संहिता बृहदारण्यकोपनिषद्, वसिष्ठधर्मसूत्र चरक तथा सुश्रुतसंहिता जस्ता ग्रन्थहरूले रजस्वला भएका नारीहरूले रजोदर्शनका तीन दिनसम्म अलग्गै बस्नुपर्ने कुरा उल्लेख गरेका छन् । वसिष्ठ धर्मसूत्रका अनुसार रजस्वलासँगको सहवास अत्यन्त निन्दित कार्य हो । यसअनुसार रजोदर्शनका तीन दिनसम्म अलग्ग बस्दा कुल तथा धर्मको संरक्षण हुनपुग्छ (अध्याय ५, सूत्र १०) । सुश्रुत संहिताको शारीरस्थान प्रकरणमा रजोदर्शन हुँदाका तीन दिनसम्म अलग्गै रहनु पर्ने कुरा उल्लेख गरिएको छ । रजोदोषको प्रभाव अन्यत्र नपरोस् भनी रजोदर्शन भएको दिनदेखि तीन दिनसम्म स्नान गर्ने, नङ काट्ने, तेल घस्ने, घुमफिर गर्ने, हास्ने, रुनेजस्ता क्रियाकलाप बन्द गरी थोरै परिमाणमा हविष्यान्न भोजन गरेर अलग्ग स्थानमा कुशको विस्तरामा आराम गर्नुपर्छ भन्ने कुरा सुश्रुत संहितामा उल्लेख गरिएको छ (सुश्रुत, अध्याय २, सूत्र २५) । यस व्यवस्थाको मूलमा पुग्दा के देखिन्छ भने रजस्वला भएका नारीहरूको शारीरिक र मानसिक स्थिति कमजोर हुनेहुँदा उनीहरूलाई त्यस स्थितिमा अन्य वातावरणले बाधा पुऱ्याउनु हुँदैन । अर्को कुरा रजस्वला हुँदा रक्तस्राव हुन गई वातावरण पनि प्रतिकूल हुने हुनाले उक्त अवस्थाका नारीहरू आफू सुरक्षित भई अलग्ग बस्नु उचित हुने विषयतर्फ शास्त्रप्रयोजकहरूले ध्यान दिएको देखिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१.२.४ खाद्यवस्तुसम्बन्धी नियम

वसिष्ठधर्मसूत्र, सुश्रूतसंहिताजस्ता ग्रन्थहरूमा रजस्वलाका भोजन सम्बन्धी व्यवस्थाको चर्चा गरेका छन् । विभिन्न शास्त्रीय ग्रन्थहरूमा सामान्यतया के कुराको उल्लेख गरिएको छ भने रजस्वला नारीले तयार गरेको वा स्पर्श गरेको खाद्यवस्तु ग्रहण गर्दा दोष लाग्छ । खासगरी पुरुष वर्ग र अझ उपनयन गरेका मनुष्यहरूले उक्त भोज्यवस्तुहरू ग्रहण गर्न निस्तेज गरिएको पाइन्छ । सुश्रूत संहिताका अनुसार रजस्वला भएका अवस्थाका नारीहरूले हविष्यान्नको भोजन गर्नुपर्छ (सुश्रुत.अध्याय २, सूत्र २५) । हविष्यान्न भन्नाले घ्यू, शालिधानको भात र दूधलाई सम्झनु पर्छ । जौ र दूधबाट बनेको खाद्य वस्तु पनि उनीहरूका लागि हितकर हुन्छ । मासिक धर्मको प्रभाव परेको समयमा रजस्वलाको पाचनशक्ति कमजोर हुने भएकाले उनीहरूले सुपाच्य खाद्यवस्तुको उपयोग गर्नुपर्छ । खानाको परिमाण थोरै हुनुपर्छ । उपर्युक्त खाद्यवस्तु सम्बन्धी नियम रजस्वलाका स्वास्थ्य रक्षाका दृष्टिले उल्लेख गरिएको देखिन्छ । वसिष्ठधर्मसूत्रमा उल्लेख भएअनुसार स्वर्गका राजा इन्द्रलाई भ्रूणहत्याको दोषबाट उद्धार गर्न नारीहरूले मासिक रूपमा तीन दिनसम्म इन्द्रको तीन भागको एक भाग दोष कटाउन मञ्जुर गरेकोले नारीहरूलाई मासिक रजोदर्शन हुन्छ । इन्द्रको भ्रूणहत्याको दोष नारीहरूमा रजोदर्शनमार्फत् संक्रमण हुने भएकाले मासिक धर्म भएको समयमा दिएको वा छोएको खाद्यवस्तु विशेषतः पुरुष वर्गले ग्रहण गर्न नहुने कुराको निरूपण वसिष्ठ धर्मसूत्रले गरेको छ (अध्याय ५, सूत्र ८) । यसरी नारी रजस्वला हुँदा शास्त्रले तोके बमोजिमका पथ्य भोजनहरू ग्रहण गर्नुपर्ने, रजस्वलाले तयार पारेका भोज्यवस्तुहरू अरूलाई दिन नहुने, अरूले तयार पारेका भोज्यवस्तुहरूलाई स्पर्श गरिदिन र सँगै बसी भोजन गर्नसमेत निषेध गरिएको देखिन्छ ।

१.२.५ यौनसम्बन्ध

रजस्वला भएकी नारीको तीन दिनसम्म सुरक्षित ढङ्गले छुट्टै रही चौथो दिनको सूर्योदयपछि शरीरका सम्पूर्ण भागहरू शुद्ध हुनेगरी स्नान गरिसकेपछि रजस्वलानिमित्तक व्रत पूरा हुन्छ र पतिपत्नी बीचको सम्बन्ध पनि खुल्नजान्छ भन्ने शास्त्रीय चिन्तन रहेको देखिन्छ (स्वाद्ध्याशाला,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
२०६५, पृ.१८८)। रजस्वला हुँदाका अवस्थामा गरिने शारीरिक सम्बन्धलाई धर्मशास्त्रले कुकृत्य ठहराएको छ। रजस्वलासँगको समागमलाई याज्ञवल्क्यले जघन्य प्रकारको मद्यपानसँग तुलना गर्दै संसर्गीलाई कठोर दण्डको विधान गरेका छन् (याज्ञवल्क्यस्मृति, अध्याय ३, श्लोक २२९)। वैदिक धर्मशास्त्रका अनुसार रजस्वला भएकी स्त्रीसँग शारीरिक सम्बन्ध राख्नुलाई अत्यन्त निन्दित कर्म मानिएको छ। शुक्लयजुर्वेद तैत्तिरीय संहिता, अङ्गिरसस्मृति, मनुस्मृति, सुश्रूतसंहिता आदि अनेकौं शास्त्रीय ग्रन्थहरूले रजस्वलासँग शारीरिक सम्बन्ध राख्न नहुने कुराको उल्लेख गरेका छन्। स्मृतिसन्दर्भमा सङ्कलित अङ्गिरसस्मृतिका अनुसार रजोदर्शन हुँदा तीन दिन र त्यसपछि पनि रक्तस्राव भइरहेको स्थितिमा स्त्रीसमागम गर्नु भनेको पाप गर्नु हो (अङ्गिरा, १९९८, पृ.५९४)[1]। मनुस्मृतिको कथनअनुसार पुरुष जतिसुकै अधीर भए पनि उसले रजोदर्शनका तीन दिनसम्म स्त्रीसँग शयन गर्ने र सम्बन्ध राख्ने कामलाई वर्जन गर्नु पर्छ (अध्याय ४, श्लोक ४०)। छुनु नै हुँदैन भनेपछि यौनसम्बन्ध वर्जित हुने कुरा सिद्ध नै हुन्छ तापनि यौनसम्बन्ध अझ ज्यादा निन्दित र पापकारक हुने भएकाले यसलाई झनै जोड दिएर निषेध गरिएको कुरा स्पष्ट हुनआउँछ। सुश्रुत संहिताको शारीरस्थान प्रकरणमा रजस्वला स्त्रीसँग समागम गर्न नहुने स्पष्ट कारण खुलाइएको पाइन्छ। जसअनुसार तीन दिनसम्मकी ऋतुमतीसँग शारीरिक सम्बन्ध राख्ने पुरुषको आयु छोटिने र स्थापित गर्भ तुहिने र कथंकदाचित् गर्भ स्थापित भएमा सन्तान विकलाङ्ग तथा अल्पायु हुन्छ (सुश्रुत.अध्याय २, सूत्र ३१)। यसरी यी शास्त्रीय आधार हरूको अध्ययन अनुसार रजस्वलासँगको शारीरिक सम्बन्धले स्त्रीपुरुष दुबै को अकल्याण हुनुका साथै स्थापित गर्भ तत्काल विनष्ट हुने र गर्भ रक्षित नै रहे पनि शिशु अल्पायु तथा विकलाङ्ग हुने कुरा जनाइएको पाइन्छ। मानव धर्मशास्त्रले रजस्वला गमन गर्न नहुने कारण स्पष्ट पारेको छ। यस अनुसार रजस्वला स्त्रीलाई गमन गर्ने पुरुषको बल, बुद्धि, तेज, दृष्टिशक्ति र आयुसमेत क्षीण हुँदै जान्छ (मनु, अध्याय ४, श्लोक ४१)।

आयुर्वेदका अनुसार रजस्वला अर्थात् महिनावारी भएका अवस्थामा गरिने यौनसम्बन्धबाट उत्पन्न हुने दोषको क्षतिपूर्ति हुनसक्तैन। अतःआयुर्वेद

१.साध्वाचारा न तावत् स्यद्रजो यावत् प्रवर्त्तते। वृत्ते रजसि गम्या स्त्री गृहयकर्मणि चैन्द्रिये ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चिकित्सा पद्धतिका अनुसार शारीरिक सम्बन्ध नराख्नु नै श्रेयस्कर छ। स्त्रीजातिले यस समयलाई ब्रह्मचर्योपासना तथा आत्मपरिष्कारका लागि छुट्याउनु पर्छ। शास्त्रले रजस्वलासँग सम्बन्ध राख्ने पुरुषको बल तथा बुद्धि नष्ट हुनजाने कुरा खोलेको छ। शास्त्रले स्त्रीपुरुष बीचको यौन सम्बन्धलाई धर्मानुष्ठानमा अनुकूल हुनेगरी स्वीकृति दिएको छ। विवाहित स्त्रीपुरुषको बीच मात्रै यौनसम्बन्ध हुनुपर्ने र त्यो सम्बन्ध शास्त्रोक्त विधिनिषेधको सीमाभित्र रहनुपर्ने मान्यता रहेको छ। धर्मशास्त्रका अनुसार विवाहित भए पनि प्रथम रजस्वला हुनुपूर्व यौनसम्बन्ध राख्नुलाई पाप मानिन्छ (भट्ट, १९४०, पृ.१७३)[२]। धर्मशास्त्र अनुसार यौनसम्बन्धको मूल प्रयोजन सन्तानोत्पत्ति हो।

रजस्वला भएको दिनदेखि सोह्रौ रात्रिसम्मको समयलाई मनुले ऋतुकालको संज्ञा दिएका छन्। यस ऋतुकाल अन्तर्गत रजोदर्शन भएको दिन लगायतका चार रात्रिहरू, एकादशी र त्रयोदशीलाई छाडेर बाँकी रहेको मासिक दश दिनलाई पतिपत्नी बीच यौनसम्बन्ध राख्नलाई उपयुक्त हुने कुरा उल्लेख गरिएको छ (मनु.अध्याय ३, श्लोक ४६,४७)। यसरी नै निर्णय सिन्धुमा उल्लेख भएअनुसार चतुर्थी, षष्ठी, अष्टमी, चतुर्दशी र पूर्णिमा तिथिलाई अनि आइत, सोम र मङ्गल वारलाई वर्जन गरी बाँकी रहेका तिथि र वारहरूमा सन्तान जन्माउन चाहने पुरुषले स्त्रीसमागम गर्न हुने कुरा उल्लेख गरिएको छ (भट्ट, १९४०, पृ.१७३)। नक्षत्रका हिसाबले मघा र मूललाई गर्भाधानका लागि गर्हित मानिएको छ। यसरी तिथि, वार तथा नक्षत्रहरूको मिलान गरी गर्भाधान गर्नु श्रेयस्कर मानिएको छ। धर्मशास्त्र अनुसार ऋतुधर्म भएको प्रथम रात्रिदेखि सोह्रौं रात्रिसम्मको समयावधिलाई ऋतुकाल भनिन्छ। ऋतुकालमध्येका प्रथम चार रात्रिलाई छाडी बाँकी रहेका रात्रिहरूमा उपर्युक्त नियमानुसार गर्भाधान गर्ने सिद्धान्त छ। जस अनुसार दशौं, बाह्रौं, चौधौं आदि जोडा रात्रिमा गर्भाधान गरिए पुत्र सन्तान र एघारौं, तेह्रौं, पन्ध्रौं आदि विजोडा रात्रिमा गर्भाधान भए पुत्री सन्तानको जन्म हुने कुरा धर्मशास्त्रमा उल्लेख गरिएको छ। तर विजोडा रात्रिमा गर्भाधान गर्दा पनि पुरुषको शुक्राधिक्य भएमा पुत्र नै हुने र जोडा रात्रिमा शुक्राधिक्य नभएमा पुत्री हुने कुरा समेत विज्ञानेश्वरको मिताक्षरामा स्पष्ट पारिएको देखिन्छ

२. प्राग्रजोदर्शनात्पत्नीं नेयात्गत्वा पतत्यधः। व्यर्थीकारेण शुक्रस्य ब्रह्महत्यामवाप्नुयात्॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(याज्ञवल्क्य. अध्याय १, श्लोक ८०) । तर यस विषयमा तिथि, वार तथा नक्षत्रको पनि भूमिका रहन्छ । काश्यप संहिताको जातिसूत्रीय शारीराध्यायमा उल्लेख गरिएबमोजिम विवाहित दम्पतीमध्ये पुरुष पच्चीस वर्ष र स्त्री सोह्र वर्ष नपुगी यौनसम्बन्ध राख्न नहुने कुरा उल्लेख गरिएको देखिन्छ (काश्यप, १९५३ई, पृ.८०)[३] । यसरी शास्त्रले धर्महानी हुने, रोग सर्ने तथा स्वास्थ्यरक्षा नहुने, सन्तान नष्ट हुने र भए पनि दोषुयुक्त र अल्पायु सन्तान जन्मिने भन्दै रजस्वलासँग शारीरिक सम्पर्क गर्न निषेध गरेको देखिन्छ ।

१.२.६ स्नान तथा शृङ्गार आदिको वर्जन

रजस्वला हुँदा स्नान तथा श्रृङ्गार आदि कार्य पनि गर्न नहुने कुरा उल्लेख गरिएको देखिन्छ। यस प्रकारका सुझावहरू मनुस्मृति, याज्ञवल्क्यस्मृति, वसिष्ठधर्मसूत्र, निर्णयसिन्धु, धर्मसिन्धु लगायतका अनेकौं ग्रन्थहरूमा दिइएका छन् । वसिष्ठधर्मसूत्रका अनुसार रजोदर्शन भएका समयमा रजस्वलाले स्वर्गका राजा देवेन्द्रको भ्रूणहत्याको दोष ग्रहण गरिरहेका हुन्छन् । त्यस दोषयुक्त समयमा पानीमा डुब्ने, खाटमा सुत्ने, ग्रहहरूको निरीक्षण गर्ने, कपाल कोर्ने तथा गाजल लगाउनेजस्ता कार्यहरू गर्नु हुँदैन भन्ने कथन विष्णुधर्मसूत्रको छ (विष्णु, अध्याय ५, सूत्र ७) । सुश्रूतसंहितामा उल्लेख भएअनुसार रजस्वलाले तीन दिनसम्म स्नान तथा शृङ्गारका क्रियाकलापलाई नियन्त्रण गर्नुपर्छ । रजस्वला भएको समयमा गाजल लगाएमा अन्धोपन, रोदन गरेमा नेत्रविकार, स्नान गरे मा कष्ट, नङ काटेमा नखविकार उत्पन्न हुनसक्ने कुरातर्फ सावधान गराएको छ (सुश्रुत, अध्याय २, सूत्र २५) । यसरी शास्त्रले रजस्वला हुँदा नारीहरूलाई धर्म र स्वास्थ्यरक्षार्थ अलग रही आराम गर्नू भन्ने निर्देश गरेको र कामकाजको निमित्त बाहिर निस्कनसमेत मनाही गरेकाले रजोदर्शनका तीन दिनभित्र निजले स्नान तथा शृङ्गारसमेत गर्न नहुने र नपर्ने कुरा उल्लेख गरिएको देखिन्छ ।

१.२.७ धार्मिक तथा सांस्कृतिक क्रियाकलापमाथि प्रतिबन्ध

रजोदर्शन भएका महिलालाई शास्त्रले धार्मिक तथा सांस्कृतिक क्रियाकलापमा सहभागी हुन प्रतिबन्ध लगाएको देखिन्छ । अङ्गिरसस्मृतिले रजस्वला भएका महिलालाई रक्तस्राव हुँदासम्म धार्मिक तथा सांस्कृतिक

---

३. "ऊनषोडशवर्षायामप्राप्तः पञ्चविंशतिम् । यद्याधत्ते पुमान् गर्भ कुक्षिस्थः स विपद्यते ॥ जातो वा न चिरञ्जीवेद् जीवेद्वा दुर्बलेन्द्रियः"

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गतिविधिमा संलग्न भई काम गर्न पूर्णतः निषेध गरेको छ (अङ्गिरा, १९८८ई, पृ.५९४) । वसिष्ठधर्मसूत्रमा रजस्वला महिलाले आगोलाई छुन नहुने एवं भोजन तयार गर्न नहुने कुराको उल्लेख गरिएको छ (अध्याय ५, सूत्र ७)। आजको समाजमा यसलाई धर्म तथा परम्पराले नारी जातिको अवमूल्यन गरेको भनी व्याख्या गर्नथालिएको छ । तर शास्त्रको गहिरिएर अध्ययन गर्दा यस प्रकारको उद्देश्य देखिँदैन । मूलतः रजस्वलाहरूमा विकारयुक्त रक्तस्रावका कारण अशुचित्त्वदोष उत्पन्न हुने भएकाले धार्मिक तथा पारम्परिक पवित्र कर्ममा उनीहरूलाई संलग्न गर्नुहुँदैन भनिएको हो । धर्मको मूलभूत उद्देश्य भनेको उचित मार्गबाट नै यसलोक र परलोक दुबैलाई समृद्ध बनाउनु हो । अर्को वाक्यमा भन्ने हो भने स्वकर्तव्य पथमा अविचलित मानवलाई भौतिक र आध्यात्मिक समृद्धि प्राप्त गराउनु धर्मको प्रयोजन हो । रजस्वला हुँदा नारीहरूलाई रक्तदोषका कारण भौतिक र आध्यात्मिक समृद्धि हासिल गर्ने कार्यमा बाधा पुग्नसक्ने अर्थात् रजोदोषका कारण रजस्वलाका मन र आत्मामा समेत असर परी दोष उत्पन्न हुने भएकाले रजस्वलालाई निश्चित अवधिका लागि शास्त्रले धार्मिक तथा सांस्कृतिक कार्यक्रममा सहभागी नहुन निर्देश गरेको देखिन्छ ।

१.२.८ रजस्वला स्नान

शुद्धिका लागि स्नान अनिवार्य नै छ । विभिन्न धर्मग्रन्थमा उल्लेख भए अनुसार चौथो दिन प्रातः कालमा रजस्वलाले सर्वाङ्गस्नान गर्नु पर्छ । शिर देखि पाउसम्मका सम्पूर्ण अङ्गहरू सफा हुनेगरी स्नान गरिसकेर शुद्ध वस्त्र फेरिसके पछि घरव्यवहारका सम्पूर्ण कार्यहरू पूर्ववत् सम्पादन गर्न बाटो खुल्छ। चौथो दिन सूर्योदय भएपछि मात्रै रजस्वलाले रजोदोषनिमित्तक शुद्धिस्नान गर्नुपर्छ भन्ने शास्त्रीय मान्यता छ। अशक्त अवस्थामा रजस्वला शुद्धीकरणका लागि प्रतिनिधि पात्रले आफू कपडासहितै स्नान गरेर पञ्चगव्य खाई रजस्वलालाई छुनुपर्छ । एवं रीतले १० पटकसम्म उक्त शुद्ध व्यक्तिले स्नान गर्दै रजस्वलालाई स्पर्श गर्दै जानुपर्छ। अन्तमा रजस्वलालाई शुद्ध नयाँ कपडा फेराएपछि अशक्त तथा रूग्ण अवस्थामा रहेकी रजस्वला शुद्ध हुने नियम छ (सिग्देल, २०७०, पृ.१४६)। निर्णयसिन्धु सारसङ्ग्रहमा पनि यस्तै कुरा उल्लेख

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरिएको छ (पण्डित, २०४९, पृ.१८३)[४] । यसरी रजस्वला शुद्ध हुन चौथो दिनको सूर्योदयपछि गरिने रजस्वला स्नान महत्त्वपूर्ण मानिन्छ ।

धर्मशास्त्रानुसार दुई रजस्वलाहरू परस्पर छोइएमा पनि प्रत्येकले स्नान गर्नुपर्ने र जानाजानी रजस्वलाहरू परस्पर छोइएमा प्रत्येकले एकरात्रिको उपवास गर्नुपर्ने कुराको उल्लेख पनि धर्मसिन्धुले गरेको छ (उपाध्यायु, २०६९, पृ.२२९) । गर्भवती महिलाको रजोदर्शन भएमा पनि तीन दिनसम्मकै आशौच बार्नुपर्छ र चौथो दिनको सूर्योदयपछि स्नान गर्नुपर्छ । सुत्केरी महिला महिना दिनभित्रै रजस्वला भएमा स्नान सम्पन्न भएपछि शुद्ध हुने कुरा छ भने महिना दिनपछि रजोदर्शन भएमा पूरै तीन रात्रि बार्नुपर्छ (सिग्देल, २०७०, पृ.१४४) । सुश्रुतसंहिताको शारीरस्थानमा आचार्य सुश्रुतले ऋतुस्नान गरेकी स्त्रीले सर्वप्रथम आफ्नै पतिमाथि दृष्टिपात गर्नुपर्ने आचार व्यवस्थाको उल्लेख गर्दै त्यसको कारण पनि खुलाएका छन् । आयुर्वेद शास्त्रमा उल्लेख भएअनुसार ऋतुस्नान गरेकी स्त्रीले स्नान गरेलगत्तै जसको दर्शन गर्छे, त्यसैको आकृतिको सन्तान प्राप्त गर्छे । यसरी रजस्वला स्नानपछिको पहिलो दृष्टि उसको पतिमाथि नै पर्नुपर्छ भन्ने देखिन्छ (सुश्रुत.अध्याय २, सूत्र २६)[५] । आयुर्वेदको यस प्रतिपादनलाई अदृष्ट र मनोविज्ञानका दृष्टिले समेत समालोचना गर्नुपर्ने देखिन्छ ।

१.२.९ मासिक धर्मको समयावधिनिर्णय

प्राकृतिक रूपमा हुने मासिक रजोदर्शनका आधारमा शास्त्रले महिलाका निमित्त विधिनिषेधको नियम बनाएको देखिन्छ । यस सिद्धान्त अनुसार सामान्यतया रजस्वलाहरू तीन दिनसम्म अस्पृश्य रही चौथो दिनमा स्पर्शादिका निमित्त शुद्ध हुन्छन् । तर शुद्धिका लागि चौथो दिनको स्नान अनिवार्य छ । चार दिनपछि रजोदर्शन भइरहेमा पनि धार्मिक क्रियाकलापमा संलग्न हुन मिल्दैन । तर मासिक धर्मका अतिरिक्त कारणले रक्तस्राव भइरहेमा यो सिद्धान्त पनि लागू हुँदैन । नारीलाई रजोदर्शन भएको अठार दिन नपुग्दै पुनः रजोदर्शन भएमा विधिपूर्वक स्नान गरेर शुद्ध हुने व्यवस्था छ । अठारौँ

४ ज्वराक्रान्तां स्पृशेदन्यां चतुर्थेऽह्नि रजस्वलाम् । सा सचैलावगाह्यापः स्नात्वा स्पृष्ट्वा पुनः पुनः ॥ आचान्ता दशकृत्वो वा वारान् द्वादश वा क्रमात् । अन्ते च वाससां त्यागः ततः शुद्धा भवेत्तु सा ॥

५. "पूर्वं पश्येदृतुस्नाता यादृशं नरमङ्गना । तादृशं जनयेत् पुत्रं भर्तारं दर्शयेदतः"

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिनमा रजोदर्शन भएमा एकदिन, उन्नाइसौं दिनमा रजोदर्शन भएमा दुई दिन र बीसौं दिनदेखि रजस्वलानिमित्तक पूरै आशौच नियमानुसार बार्नुपर्ने शास्त्रीय प्रावधान रहेको छ (भट्ट, १९४०ई, पृ. १८२-८३)।

रात्रिमा रजस्वला भएको कारण रजोदर्शनको दिन अघिल्लो हो कि पछिल्लो हो भनी शङ्का लागेमा त्यसको समाधान गर्ने एउटा सजिलो नियम छ। एउटा सूर्योदय भएको दिनदेखि अर्को सूर्योदय नहुँदासम्मको २४ घण्टाको दिनरातको समयलाई अघिल्लै दिन मान्ने, जसमा रजस्वला भएको रात्रिको समय पनि पर्छ। यस सिद्धान्तानुसार रात्रिमा रजस्वला भए पनि अघिल्लो दिनकै सूर्योदयदेखिको गणना गरी चौथो दिनको विहानै स्नान गरी शुद्ध हुने प्रचलन छ। यस सम्बन्धी अर्को मत पनि छ। जसअनुसार पूरै रात्रिलाई तीन भाग लगाइ रजस्वला भएको दिन निश्चित गर्नुपर्छ । तीन भाग रात्रिमध्ये दुई भाग जतातिर पर्छ त्यसै रात्रिलाई रजस्वला भएको दिन निश्चित गरी गणना गर्नुपर्ने हुन्छ। यी दुई प्रावधानमध्ये आफ्नो परम्परामा जे चलिआएको छ, त्यसैलाई स्वीकार गर्नू भन्ने शास्त्रीय मान्यता छ (भट्ट, १९४०ई, पृ. १८२)। यसरी शास्त्रले रजोदर्शनको समयावधि निश्चय गर्दा परम्परालाई पनि सिद्धान्त र परम्परा दुबैलाई मान्यता दिएको देखिन्छ।

१.३ विभिन्न धार्मिक समुदायमा रजस्वलासम्बन्धी विधिनिषेध

उमेर पुगेका नारीहरूमा मासिक धर्मका रूपमा रक्तस्राव हुनु प्रकृतिप्रदत्त शारीरिक प्रक्रिया हो । यस प्रक्रियाको सम्बन्ध मातृत्व तथा उत्पादनशीलतासँग गाँसिएको छ । रजस्वला हुने नारीहरूमात्रै आमा बन्न सक्छन्। नारी र पुरुष बीचको मुख्य भिन्नता भनेको के हो भने नारी रजस्वला हुन्छन् तर पुरुष हुदैनन्। यस शारीरिक प्रक्रियालाई दुनियाँका हरेक समाज, परम्परा र आचार संहितानुसार व्यवस्थापन गर्नेगरेको पाइन्छ। सम्प्रदाय र परम्परानुसार रजस्वला हुँदाका विधिनिषेध सम्बन्धी आचारसंहिता निर्मित हुन्छन्।

इसाई धर्मका कतिपय परम्परामा नारीहरूमा हुने रजोदर्शनलाई अपवित्र मानी रजस्वलालाई रजस्वला भएका समयमा धार्मिक कार्यमा सामेल हुन, चर्च प्रवेश गर्न एवं बाइबलजस्ता धार्मिक ग्रन्थलाई स्पर्श गर्न निषेध गरिएको देखिन्छ। एवं रीतले इसाई परम्परामा रजस्वलालाई महत्त्वपूर्ण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
कामको जिम्मेवारीबाट अलग्याएको देखिन्छ । खासगरी क्याथोलिक परम्परामा रजस्वला-सम्भोग वर्ज्य मानिएको छ । त्यसरी नै रसिया निवासी कतिपय इसाई समुदायमा पनि रजस्वलाले घर परिवारभन्दा अलग बस्नु पर्ने, चर्चमा प्रवेश गर्न नहुने र विशेष रूपले पुरुषहरूसँग सम्पर्क गर्न नहुनेजस्ता चिन्तनहरू रहेको पाइन्छ । तर अमेरिकी इसाईहरू भने यस प्रकारको विधि निषेधको सिद्धान्तलाई स्वीकार्ने पक्षमा देखिदैनन् भन्ने गरिन्छ । रजस्वलाले मन्दिर प्रवेश गर्न नहुने भन्ने विषय चाहिँ मन्दिर प्रवेश गर्दा वातावरण धमिलिने र रक्तस्रावको कारणले शरीर दोषयुक्त हुनाले हो भन्ने स्वीकारिएको देखिन्छ । बाइबलले पनि रजस्वला हुँदा नारीहरूमा अशुचित्व दोष रहने कुरा उल्लेख गरेको देखिन्छ ।

इस्लामिक परम्परामा रजस्वलाले धर्मग्रन्थ कुरानलाई स्पर्श गर्न नहुने, मस्जिद प्रवेश गर्न नहुने तथा रजस्वलाले पतिसँग सात दिनसम्म शारीरिक सम्बन्ध राख्न नहुने कुरा विश्वास गरिँदै आएको छ । त्यस परम्परा अनुसार जबसम्म रजोदर्शन भइरहन्छ, तबसम्म नारीहरूलाई अल्लाहको निकट रहन निषेध गरिएको देखिन्छ । रजस्वलाले हरेक महिना रक्तस्राव हुन छाडेपछि स्नान गरी शुद्ध हुनु जरुरी छ । शुद्ध भएपछि मात्रै अल्लाहको प्रार्थना गर्न मिल्छ । यसरी नै बौद्ध परम्परामा पनि रजस्वलासम्बन्धी विधि निषेधको कुरा उल्लेख गरिएको पाइन्छ । रजस्वला हुँदा नारीहरू संयमित भएर रहनु पर्छ । यस अनुसार रजस्वला भएका अवस्थामा नारीहरूलाई बुद्धमन्दिर अर्थात् स्तूपहरूमा प्रवेश गर्न निषेध गरिएको हुन्छ । रजस्वलाले खाद्य सामग्रीहरूलाई स्पर्श गर्दा उक्त सामग्री दोषयुक्त बन्ने विश्वास गरिएको देखिन्छ । रजस्वलाविषयक यस प्रकारका नियमहरू सनातन धर्ममा मात्र नभएर संसारका सबैजसो धर्ममा रहेको कुरा स्पष्ट हुन आउँछ । यसरी यी विभिन्न धार्मिक समुदायमा रजस्वलासँग गाँसिएका जति पनि विधिनिषेधका कुरा छन्, ती सबैको मूल तत्त्व हिन्दु सनातन धर्मको मर्मसँग मेल खाने देखिएको छ । उपर्युक्त अधिकांश रजस्वलाका आचारसंहिता विषयक धर्मशास्त्रीय विषयहरूलाई प्राच्य चिकित्साशास्त्रले पनि अनुमोदन गरेको देखिन्छ ।

१.४ उपसंहार

सारांशमा के भन्न सकिन्छ भने निश्चित उमेर समूहकी मासिक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रजोदर्शन भएको अवस्था विशेषकी महिलालाई रजस्वला भनिन्छ । विभिन्न धर्मशास्त्रीय संहिताहरूमा नारी रजस्वला हुँदा केकस्ता नियमहरू पालन गर्नुपर्छ भन्ने कुरा उल्लख गरिएको पाइन्छ। ती नियमहरूमध्ये आफू रजस्वला भएको तीन दिनसम्म अन्य महिला तथा पुरुष र अझ उपनयन गरेका पुरुष तथ सम्मानित व्यक्तिहरूलाई स्पर्श गर्न नहुने विषय उल्लेख्य रहेको देखिन्छ। यसरी नै रजस्वला हुँदा ज्यादा परिश्रम गर्न नहुने अर्थात् बलका काम गर्न नहुने, अरू व्यक्तिभन्दा अलग्गै बस्नुपर्ने, शास्त्रले तोके अनुसारका पथ्य भोज्यवस्तुहरू निश्चित मात्रामा भोजन गर्नुपर्ने, तीन दिनसम्म स्नान तथा शृङ्गारादि कार्यलाई रोकी निश्चित स्थानमा रहनुपर्ने, विधिपूर्वक चौथो दिनमा स्नान गर्नुपर्ने, धार्मिक-सामाजिक तथा सांस्कृतिक क्रियाकलापहरूमा संलग्न हुन नहुनेजस्ता आचार व्यवहारका विषयहरू धर्मशास्त्रमा निरूपण गरिएका छन् । यी सबै नियमहरू धर्मको परिपालन र सुस्वास्थ्यका लागि बनाइएका हुन् भन्ने कुरा मनन गर्नुपर्ने देखिन्छ।

तर आज अधिकांश युवा पुस्ताले भने परम्परागत विधि निषेधका नियमलाई खासै महत्त्व दिएको देखिँदैन । उनीहरूका विचार मा सामान्यावस्थामा नारीहरू जति सामाजिक व्यवहारका लागि योग्य मानिन्छिन्, त्यति नै योग्य मानिन्छन् रजोवती हुँदा पनि। विभिन्न जाति, वर्ग तथा धार्मिक आस्थाका बीचको सहकार्यका कारण आजको हिन्दु समाजमा पनि उपर्युक्त चिन्तन मौलाउँदै गएको देखिन्छ । खासगरी रजोवतीसँगको बसउठ तथा छुवाछूतसम्बन्धी विषयलाई आज बोझको रूपमा लिन थालिएको छ। अधिकारप्राप्तिका नाममा धार्मिक तथा सामाजिक कर्तव्यलाई अवहेलना गर्ने क्रम बढिरहेको देखिन्छ । रजस्वला भएका तीन दिनभित्र पनि यौनसम्बन्ध राख्न पाउनुपर्ने र यसबाट रोग नसर्नेजस्ता अभिव्यक्ति युवापुस्ताबाट सुनिन आउँछन् । कतिपयले रजस्वला भएको विषयलाई ढाँट्ने पनि गरेको सुनिन्छ। शहरी क्षेत्रमा बसोबास गर्ने व्यक्ति र आधुनिक शिक्षा पाएका अधिकांश ग्रामीण क्षेत्रमा बसोवास गर्ने कतिपय बाहुन-क्षेत्री समुदायका युवावर्गले पनि रजस्वलासम्बन्धी विधि-निषेधका नियमलाई पालन गर्न छाड्दै गएको देखिन्छ। तर पाश्चात्य शिक्षाको प्रभाव, भौतिक चिन्तन, धर्मान्तरणको प्रभाव, नियम भङ्ग गरी क्रान्तिकारी देखापर्ने इच्छा, धर्ममार्गबाट विचलित मानसिकता,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
मोबाइल संस्कृति आदिको दुष्प्रभावले हिन्दु समाजमा रजस्वलाविषयक धार्मिक मान्यताको प्रभाव खस्किँदै गएको देखिए पनि तत्सम्बन्धी चर्चा परिचर्चा भने समाजमा निरन्तर चलिरहेकै छ ।

१.५ निष्कर्ष

समग्रमा विधिनिषेध सम्बन्धी शास्त्रीय परम्परालाई अवलोकन गर्दा यसअन्तर्गत विभिन्न मतमतान्तर देखा पर्छन् । तर वैदिक हिन्दु धर्मका श्रुति, स्मृति तथा पुराणहरूमा उल्लेख भएअनुसार रजस्वला भएका महिलाहरूलाई मन्दिर प्रवेश गर्ने, भोजन तयार गर्ने वा भान्सा प्रवेश गर्ने, अन्य व्यक्तिहरू खासगरी पुरुषवर्गलाई छुने, यौनसम्बन्ध राख्ने, एवं अन्य धार्मिक तथा सांस्कृतिक कार्यक्रमहरूमा सहभागिता जनाउने र शारीरिक रूपमा परिश्रम पर्नेजस्ता कार्य गर्न निषेध गरेको देखिन्छ । तर यी सबै निर्देशनहरू समाजिक र वैयक्तिक सुस्वास्थ्य तथा आत्मपरिष्कारका निमित्त निरूपण गरिएका देखिन्छन् । रजस्वलाका दोषयुक्त रक्तस्रावका कारण सामाजिक तथा सांस्कृतिक वातावरण न खल्बलियोस् भन्ने सीधा अर्थले पनि निर्धारित दिनसम्म उपर्युक्त कर्मको अनुष्ठान गर्न निषेध गरिएको देखिन्छ । हिन्दु धर्मशास्त्रानुसार विवाहको मूल प्रयोजन सन्तानोत्पत्ति रहेको र प्रस्तुत विषय नारीहरूको रजोदर्शनसँग जोडिएको छ । सामान्यतः मासिक रजोदर्शनको चौथो रात्रिदेखि सोह्रौं रात्रिसम्मको समयवधिलाई गर्भाधानार्थ स्त्रीपुरुष समागम हुनसक्ने कुरा उल्लेख गर्दै शास्त्रप्रयोजकहरूले प्रशंसित सन्तान जन्माउन नवौं दशौं रात्रिदेखि सौह्रौं रात्रिसम्मको समयावधिमा गर्भाधान गर्नुपर्ने कुरा उल्लेख गरेका छन् । यसरी सुस्वास्थ्य, असल सन्तति, आत्मिक शुद्धि र समृद्धि तथा सुसंस्कारसम्पन्न नैतिक जनशक्ति प्राप्तिको अक्षुण्ण परम्परा कायम गर्ने पवित्रतम लक्ष्यका साथ धर्मशास्त्रीय ग्रन्थहरूले निर्देश गरेका विधि निषेधका कुरालाई उपेक्षा गर्दा समाज विपरीत दिशातिर उन्मुख भइरहेको त छैन ? भन्ने कुरा गम्भीर रूपमा मनन गर्नुपर्ने देखिन्छ ।

सन्दर्भग्रन्थसूची

कश्यप, (१९५३ ई), काश्यपसंहिता, बनारस : चौखम्बा संस्कृत सिरिज ।

कौन्डिन्न्यायन, आमोद र अन्य (२०६५), वैदिक हिन्दु धर्मसंस्कृति, काठमाडौं : स्वाध्यायशाला

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्रिपाठी, वासुदेव र अन्य (२०४०), नेपाली बृहत् शब्दकोश, काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

पण्डित, जुननाथ (२०४९), निर्णयसिन्धुसारसंग्रह, काठमाडौं : लुष प्रेस ।

भट्टः, कमलाकर (१९४०ई.), निर्णयसिन्धु, मुम्बई : निर्णयसागर मुद्रणालय ।

मनुः (१९८३ ई), मनुस्मृतिः, दिल्लीः मोतीलाल बनारसी दास ।

महर्षि (१९९८), स्मृतिसन्दर्भ, प्रथमभाग, दिल्लीः नागप्रकाशन ।

याज्ञवल्क्यः (१९९७ ई), याज्ञवल्क्यस्मृतिः, दिल्ली : मोतीलाल बनारसी दास ।

विष्णुः (ई.१९५९), विष्णुधर्मसूत्रम् (द्वि.सं.), वाराणसी : चौखम्बा संस्कृत सीरीज ।

सिग्देल, फणिनारायण (२०७०), निर्णयसंग्रह, पोखरा : श्री राधाकृष्ण मन्दिर शान्ति आश्रम

सुश्रुत (१९४५ई), सुश्रुतसंहिता, मुम्बई : निर्णयसागर मुद्रणालय ।

✡✡✡✡

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शाकाहारको वैज्ञानिक आधार

✍ चैतन्य कृष्ण

दुई विपरीत प्रवृत्तिहरू सृष्टिको उषाकालदेखि नै विकसित भएको पाइन्छ। एउटा प्रवृत्ति अरूको सुखका लागि स्वयंले कष्ट सहेर पनि प्रयास गर्ने र अर्को आफ्नो सुखका लागि अरूलाई दुःख दिनेसम्मको प्रवृत्ति। यही प्रवृत्तिलाई नै प्रकारान्तरले दैवी र आसुरी प्रवृत्ति पनि भनिन्छ। दैवी प्रवृत्तिमा अरूको सुख दुःखलाई आफ्नोजस्तै सम्झेर व्यवहार गरिन्छ भने आसुरी प्रवृत्तिमा केवल आफ्नो सुख नै साध्य हुन्छ र त्यसका लागि जे सुकै पनि गर्न बाँकी राखिँदैन। मांसहार र शाकाहारले यिनै दुवै प्रवृत्तिको प्रतिनिधित्त्व गर्दछन्। किनकि मांसहार गर्न कसैको हत्या गर्नैपर्छ उसको पारिवारिक एवं व्यैयक्तिक सुख, बाँच्ने अधिकार सबैको हनन् गर्नैपर्दछ। प्राणीको हत्यामध्ये पहिलो हत्या मानवता र करुणाताको हत्या भएपछि मात्रै प्राणीको हत्या सम्भव देखिन्छ। यसरी विचार गर्दा पशुको हत्यामा मांसाहारसँगसँगै धेरैको हत्या हुन गएको हुन्छ।

शारीरिक स्वास्थ्यका दृष्टिले अङ्कगणितीय पद्दतिबाट फाइदा र वेफाइदालाई मात्रै बिचार गर्ने हो भने पनि आजसम्मको बैज्ञानिक अनुसन्धानबाट प्राप्त नतिजाले मांसाहारमा फाइदाभन्दा वेफाइदा नै धेरै गुणा बढी हुने देखाएको छ। भर्खरै चीनबाट विश्वभरि फैलिन लागेको भयावह कोरना भाइरसको कारण पनि मांसाहार नै भएको तथ्य सार्वजनिक भइसकेको छ। अर्को सूचना नभएसम्म देशभरका समस्त मासु पसलहरू बन्द गर्नु भन्ने चीन सरकारको उर्दी नै भएको छ। कोरोनादेखि स्वाइनफ्ल्यु, वर्डफ्ल्यु सम्मका धेरै सरुवा रोगहरू पशु पक्षीबाटै आएका हुन्। फ्ल्युका कारणबाट सयौंले अकालमा ज्यान गुमाएका छन्। अहिलेसम्म पोट्र्याटोफ्ल्यु, टमाटो फ्ल्यु वा काउलीफ्ल्यु सुनिएको छैन अर्थात् शाकाहार भोजन तुलनात्मकरूपमा धेरै सुरक्षित सिद्ध भएको छ।

✍ लेखक उत्तरवाहिनी क्षेत्र महालिङ्गधाम मालुङ्गा स्याङ्जासँग आवद्ध हुनुहुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जुनसुकै सरुवा रोगहरूमा मांसहार ठूलो कारकतत्त्व देखिएको छ। धर्तीमा जल, जमिन र अन्नको समस्या दिनानुदिन बढिरहेको छ। जल जमिन र खाद्यान्नको अभावको प्रमुख कारण मांसहार देखिन्छ। जलवायु परिर्वतनद्वारा परिरहेको असरलाई हेर्दा वढिरहेको तापमानको वृद्धिको कारण कार्वनजनित ग्यासहरू पनि प्रमुख कारण देखिन्छन् भने कार्वनजनित ग्यासहरू मांसहारका कारण अत्याधिक उत्पन्न हुने तथ्यले देखाएको छ। यसबाटै सिद्ध हुन्छ कि ग्लोवल वार्मिङको भयावह समस्या वास्तवमा मांसहारको कारणले बढिरहेको छ।

दिल्ली विश्वविद्यालयका वैज्ञानिकहरूको अध्ययनअनुसार भूकम्पको एउटा कारण पनि पशुहत्या भन्ने देखिएको छ। अर्थशास्त्रीय, सामाजिक, नैतिक, वैज्ञानिक, मानवीय, परिस्थितिकीय लगायतका अनेक दृष्टिले विचार गर्दा पनि मांसहारका वेफाइदा नै अत्याधिक देखिन्छन्। पशुको मृत्युको समयमा उत्पन्न क्रन्दनबाट डीपी वेभ्स वढ्ने अनुसन्धानबाट देखिएको छ।

अहिले बढिरहेको आत्महत्या र डिप्रेसनको एउटा कारण मांसाहार हो। प्रत्येक २० सेकेन्डमा १ जनाले आत्महत्या गर्ने कुरा अध्ययनबाट देखिएको छ। डिप्रेसन र आत्महत्या निराशाबाट जन्मन्छन्। मांसाहारबाट मस्तिष्कमा एक्साइटेटरी न्यूरोट्रान्समिटर बढाउने र डिप्रेसन बढ्नु आश्चर्यको कुरा भएन।

विश्वव्यापी रूपमा वढिरहेको सामाजिक अपराध, पारिवारिक हिंसा र मानसिक तनावको व्यवस्थापन गर्न राज्यले सर्वप्रथम सद्विचार उत्पन्न गराउने भोजनमा ध्यान दिनु जरुरी छ। भोजनबाट व्यक्तिको विचार र व्यत्तित्वको पनि निर्माण हुन्छ भन्ने पछिल्ला अध्ययनहरूले देखाएकै छन्। अतः अपराधमुक्त समाज, नशा र तनावमुक्त व्यक्ति निर्माण गर्न साधिक आहार र शाकाहारी जीवनशैलीको अभ्यास गर्न जरुरी छ र कसैलाई गरिएको साँचो प्रेम पनि उसलाई यो दुर्गुणबाट वच्न प्रेरणा दिनुबाट प्रकट हुन सक्छ। अस्तु।

✡✡✡✡

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तब जाग्छ हिन्दु (वसन्ततिलका छन्दमा)

✍ भरतराज पौडेल (धर्मानन्द भारवि)

१. यो हिन्दुराष्ट्र-गरिमा कसले बिगाऱ्यो ?
अस्तित्त्वबोध-जनमा किन हो हरायो ।
कालीपुकार म गरूँ शुभ भावनाले ।
साच्चै गुहार म गरूँ कवि चेतनाले ॥

२. कैयौं विशिष्ट प्रतिभाहरू छौं तथापि
लाचार छौं किन हरे ! शिर नै लुकाई
खै वीरता-सहजता पहिचान हाम्रो ?
पुर्खा भुलेर बलहीन उदास चाम्रो ।

३. सम्भावना अझ छ यो सुझ होस् विचारूँ
होस् एकता हृदयमा निजबोध पारूँ
सङ्कीर्णता रति नहोस् शुभ चेत राखूँ
यौटा विशेष मति ली निजमूल्य चाखूँ ।

४. सच्चाइले, समझले गतिशील बन्दा
सङ्कल्पले हृदयमा शुभ भाव भर्दा
जाग्दै छ फेरि जनता तब जाग्छ हिन्दु
लत्रन्न यो मुलुकको पहिचान विन्दु

५. यौटा छ विश्वभरिमा मणितुल्य राष्ट्र
सारा छ मूल्य गरिमा यसभित्र प्रष्ट
छन् दिव्य मन्त्रबल दर्शन दिव्यधारा
यो बुद्धभूमि, ऋषिभूमि सुरम्य सारा ।

६. श्रद्धा, विवेक, गतिशील विचारधारा
नारायणी, नद-नदी, सब तीर्थ सारा
कोशी छ पूर्व अति दिव्य, छ वेगशाली
कर्णा नदी छ नि खुला बगिराख्छ खालि ।

✍ कवि विश्व हिन्दु महासङ्घ राष्ट्रिय समिति नेपालका वरिष्ठ उपाध्यक्ष हुनुहुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

७. संसारको शिखर यो अति दिव्यधाम
सर्वोच्च राष्ट्रगरिमा छ हिमालनाम
हौं वीरपुत्र हिममानव गल्न हुन्न
अस्तित्त्व राख्नु छ छिटो अब सुत्न हुन्न ।

८. झुल्के नि पूर्वनभमा रवि दिव्यता ली
निस्कौं स्वयं अदबले हनुमान सम्झी
गीतापुकार म गरूँ अनि युद्ध थालूँ
दुर्गा भजूँ मनमनै अविराम चम्कूँ ।

९. उद्देश्यप्राप्ति जबसम्म हुँदैन लम्कूँ
सर्वोच्च लक्ष्य छ यही मनदेखि बिम्झूँ ।
गन्तव्यसिद्धि, सहसा ! अनि रम्नुपर्छ
छन् साधना जति यहाँ सब चुम्नुपर्छ ।

९८५७०८०७८७

✡✡✡✡

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गण्डकी प्रस्रवणको केन्द्रीय पहिचान शालिग्राम

✍ डा.कुलराज चालिसे

गण्डकी प्रदेशको पृथक मूल्यको केन्द्रीय आकर्षणमध्ये प्रमुख हिमालय मानिएको छ। दृष्यको आकर्षणमा यो पहिचान एकदम ठीक हो । तर दिगो पर्यटनको आधार दृष्यभन्दा धेरै आस्थामा केन्द्रित हुन्छ। त्यसैले हिमालयलाई देवत्त्वकरणले पृथक आधार बनाउँछ र दिगो पर्यटनको केन्द्रीय आकर्षण बन्न सक्छ। शालिग्राममा त्यो क्षमता छ। चिनिया भूमी, जनता र सरकारले पनि हिन्दुको आस्थालाई बलियो पर्यटकीय आधार बनाउन सकेको उदाहरण कैलाश मानसरोवर हो । बुद्धको जन्मभूमी लुम्बिनी, पुराणहरूमा वर्णन गरिएका पशुपती, मुक्तिनाथादि तीर्थस्थलहरू त्यस्तै आस्थाका आकर्षणहरू हुन् । आस्थाका केन्द्रहरू प्रमाणिक हुन किम्बदन्ति र शास्त्र वर्णित् कथाहरू मात्र प्रयाप्त हुदैनन् । शास्त्रका कथासँग मिल्दो जुल्दो पुरातात्त्विक प्रमाणले आस्थालाई बलियो बनाउने हो । एकभन्दा धेरै ठाउँले त्यस्तो आस्थाको केन्द्र दावी गरेको हकमा पुरातात्त्विक भनी दावी गरिएको प्रमाणउपर अनुसन्धान गरिन्छ। बुद्धको जन्मभूमी भारतमा पर्ने हल्ला चलाउन प्रयास पनि भएको सुनियो । तर पुरातात्त्विक प्रमाणहरू लुम्बिनी क्षेत्रमा मात्र पाइएकोले त्यस्तो हल्लाले आम जनविश्वास आर्जन गर्न सक्दैन। पुराणअनुसार भागीरथी गङ्गाको शिर कैलाश पर्वत र मानसरोवरसँग जोडिन अनिवार्य हुन्छ। तर हाल हामीले मानिआएको भागीरथी गङ्गाको शिर पश्चिम तिब्बतस्थित कैलाशपर्वत र मानसरोवरसँग जोडिएको छैन । त्यहाँ कैलाशपर्वत र भागीरथी गङ्गामध्ये कुनै एक झुठो सावित हुन सक्ने भएकोले अर्को कुनै हिमालयलाई कैलाशको नाम दिइएको पनि हुन सक्छ।

✍ लेखक धार्मिक अभियान्ता हुनुहुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वास्तविक कैलाश कुन हो भन्न चारवटा गङ्गाको उद्‌गम प्रमाणित हुनुपर्छ (भागवत महापुराण ४:६)। त्यसैले शास्त्रमा उल्लेखित भागीरथी गङ्गा हाम्रै कर्णाली पनि हुनसक्छ भनेर शास्त्रको मिहिन विश्लेषण गर्ने वर्ग पनि पर्यटक हुन्छन् र उनिहरूको प्रतिवेदनलाई पत्याउने ठूलो जमात सही मानेका पर्यटक बनेका हुन्छन् भन्ने भुल्न हुँदैन। अहिलेसम्म राक्षसतालको निकास भनेर कर्णाली प्रस्रवणलाई पर्यटन मूलधारमा ल्याउन रोक्ने प्रतिस्पर्धीको बजार रणनीतिलाई शास्त्र वचनले नै परास्त गर्न सकिन्छ। हामीले त्यसतर्फ प्रयास नै गरेका छैनौं।

दिगो पर्यटनको गुरुयोजना बनाउँदा विरोधाभाष तर्कलाई स्थान दिन सकिंदैन। भारतको हिन्दु जनमतलाई मध्यनजर राखेर गण्डकी प्रदेशले उपयोग गर्न सक्ने केन्द्रीय आकर्षणमा हिमालयको अलावा कालीगण्डकी प्रस्रवणमा मात्र प्राप्त हुने भनिएको शालिग्राम शीला पनि हो। प्राकृतिक ऐतिहाँसिक सङ्ग्रहालय लण्डनमा (www.nhm.ac.uk)जस्तै धैरै ठाउँमा प्यालाकोण्टोलजिकल सोसाइटीले प्रकाशन गरेका जर्नलका सूचनाहरू सहित विश्वमा अन्य स्थानमा पाइने जीवाशेष प्रदर्शनी अवलोकन गरेका पर्यटकहरूलाई शालिग्राम प्रकृतिका जीवाशेष सन्दर्भमा धेरथोर जानकारी हुन्छ। करोडौ वर्षको जीवाशेष भएको तथ्यसहित हामीले कालीगण्डकीको अलावा अन्य स्थानमा शालिग्राम शीला पाइँदैन वा जहाँ पाइन्छ, त्यो स्थान कुनै बेला कालीगण्डकीको प्रवाह क्षेत्रमा थियो भनेर प्रमाणित गर्न सक्नु पर्छ। अनि समुद्रमा पाइने एमोनाइट जीवाशेष र कालीगण्डकी प्रस्रवणमा पाइने शालिग्रामको तुलना गर्न डिपोजिट म्यागाजिन अंक ४६, सन् २०१६ले प्रकाशन गरेको सूचना (Taylor,2016)जस्तै विश्वमा प्रकाशन भएका सूचनाको जानकारी पनि राख्न सक्नुपर्छ।

शालिग्रामले पुराणमा वर्णन गरीएका धैरै कथाहरूको रहष्य उजागर गर्न सक्छ। शालिग्रामको उत्पत्ति सम्बन्धमा पुराणहरूमा पाँचवटा मुख्य कथा भेटिन्छन्। ज्योतीर्मय विष्णुको सानिध्यमा जम्मा भएका देवताहरू (वराहपुराण १४४: २२५), जालन्धर र वृन्दाको कथा (स्कन्दपुराण, हिमवत खण्ड ४४:६१), शङ्खचुड र तुलसीको कथा ब्रह्मवैवर्तपुराण (२:२१),

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
गजग्राहको कथा (भागवतपुराण ८:२,३ र ४) र शालङ्कायन ऋषिको कथा (वराहपुराण १४४:२५६)। पद्मपुराण (पातालखण्ड अध्याय १९, उत्तरखण्ड अध्याय २४,८७, १२२ र १२६) तथा गरुडपुराण (अध्याय ४५ र ६६) मा शालिग्रामको विस्तारपूर्वक वर्णन गरिएको छ। तर उत्पत्ति कथा विवरण यिनै पाँचमध्ये नै पर्छ। कल्पभेद र सम्प्रदाय भेदको कारणले उक्त कथाहरू भिन्न भिन्न स्थानसँग सम्बन्धित हुन पनि सक्छन्। महाराज विशेषणले आफ्नो पहिचान स्थापित गरेर सीमित समुदायमा रमाउन चाहने गुरुहरूले विस्तार गरेको सम्प्रदाय भेदलाई छिचोल्दै हामीले कल्पभेद र स्थान भेदको निराकरण गर्न सकेनौं भने शालिग्रामको वास्तविक पहिचान गर्न सक्दैनौं।

एमोनोइडिया सामुद्रिक जीव हो (Shepherd 2020)। शालिग्राममा पाइने जीवाशेष डाइनोसरकालमा नै लोप हुन पुगेका तिनै जीवको हो भनेर सन् १९८८ मा डलहाउस विश्व विद्यालयले अनुसन्धान गरेर प्रतिवेदन (Gradstein et al, 1989) सार्वजनिक गरिसकेको छ। पुराणहरूमा बज्रकीट भनिएको उक्त जीव दुईतीन करोड वर्ष अगाडि नै लोप भएका थिए (Sun et al 2012)। तिनै जीवाशेषलाई आधार मानेर श्रुतिस्मृतिमा सीमित सर्वप्रथम लेखिएको ऋग्वेद त क्राइष्टभन्दा १५०० वर्ष अगाडि मात्र लेखिएको कुरा इन्साइक्लो पिडिया ब्रिटानिकाले लेखेको छ भने अन्य ग्रन्थहरू त्यसपछि मात्र रचना गरिएको इतिहाँसकारहरू बताउछन् (Ray, 2016)। शालिग्रामले गुफाको गाह्रो बनाएर सुत्ने मुस्ताङ्का बोन मतावलम्बीलाईभन्दा हिन्दुलाई धेरै महत्त्व भएको शालिग्रामलाई अर्चावतार मानेर पूजा गर्ने प्रचलन करिव २००० वर्ष अगाडिबाट चलेको अनुमान डा. जगदीशचन्द्र रेग्मीले उल्लेख गर्नु भएको छ (रेग्मी, सन १९८५, गुरुङ २०५७)। टेथिससागरमा डुवेको पृथ्वी टेक्टोनिक उठान (वाराहनारायण प्रकरण) पश्चात् हिमालयमा परिणत भएकोले सामुद्रिक जीवाशेष हिमालयमा पुगेको वैज्ञानिक अन्वेषण पनि सार्वजनिक भएका छन्। **यस मानेमा लिपिवद्ध वेदपुराणभन्दा हिमालय जेठो, हिमालयभन्दा कालीगण्डकी जेठो र कालीगण्डकीभन्दा शालिग्राम जेठो भनी प्रमाणित गर्न प्रयाप्त आधारहरु तयार भएका छन्** (Gradstein et al, 1989)।

डा. जगदीशचन्द्र रेग्मीले नरसिंहपुराणलाई सन्दर्भग्रन्थ बनाइ उल्लेख

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्नु भएको शालिग्राम शीर्षकको लेखमा सोमेश्वर पर्वतको फेदीमा गण्डकी नदीले बनाएको तलाउलाई चक्रतीर्थ भनिएको छ (रेग्मी, १९८५) । यो पङ्क्तिकारले गीताप्रेसबाट प्रकाशित नरसिंहपुराणमा शालिग्रामको उल्लेख गरेको पाउन सकेन। त्यसैले वहाँले सन्दर्भग्रन्थ बनाउनु भएको नरसिंहपुराण कुन प्रकाशकको हो भनी एकिन गर्न सकिएन। कालीगण्डकीको शिर दामोदरकुण्ड मानिएको छ, तर त्यहाँ कुण्डबाट निस्केको कृष्णाभाले मूलनदीमा नपुग्दासम्म गण्डकीको नाम धारण गरिसकेको हुँदैन । उपल्लो मुस्ताङ्का हिमालहरूको पानी एकीकृत गरेर निस्केको निकासमा दामोदरकुण्ड क्षेत्रको जलनिकास मिसिएको मात्र हो। अस्ति भर्खरसम्म मुस्ताङ्गी राजाको अधिनमा रहेको त्यो क्षेत्र पुराण लेखनको बेलामा सायद लद्दाख राज्यमा थियो। जुम्ली राजाहरूले पनि मुक्तिनाथसम्म मुस्किलले छुन सकेका थिए भने त्यतिबेला कालीगण्डकीले सम्पूर्ण गण्डकीको प्रतिनिधित्व हुने नाम नलिएको हुनुपर्छ। पुराणहरू पनि कागवेनीबाट मुक्तिनाथतर्फ मोडिएका छन्, उपल्लो मुस्ताङ् पस्ने प्रयास गरेका छैनन् । गण्डकीका सप्तस्रोतको नामकरण त स्कन्दपुराणको हिमवत् खण्डमा गरिएको हो, त्यो पनि गण्डकीभन्दा पृथक नाममा । विष्णुपुराणमा उल्लेखित पुराणक्रमअनुसार वाराहपुराणपछि लेखिएको स्कन्दपुराणलाई तेह्रौं पुराण भनिन्छ। यो पुराण हिमवत्खण्डजस्तै विभिन्न तीर्थ वर्णन गरिएको सङ्कलित पुराण हो । त्यसैले आकारमा सबैभन्दा ठूलो हुन पुगेको छ । स्कन्दपुराणमा रिडीक्षेत्र नहुनु तर वाराहपुराणमा व्यापक मात्रामा उल्लेखित हुनुले स्कन्दपुराण कल्पमा गण्डकी, रुद्रवेणी तथा रिडीक्षेत्रमा मोडिइसकेको थिएन । पछि गण्डकीले जमिन खोतल्दै जाँदामात्र मिर्मीबाट पश्चिम बगेर रिडीक्षेत्र वराहपुराणमा समेटिएको हुनुपर्छ । यो सङ्केतले वराहपुराणलाई कान्छो मान्ने आधार हुन्छ (Chalise,2016)। मुकुन्द सेन राजाको पालामा काशीराम कस्यपले वाराहपुराण र हिमवत्खण्डको सूचना एकीकृत गरेर गण्डकी माहात्म्यको रचना गरेपछि मात्र कृष्णाभा कालीगण्डकी बनेको अनुमान गर्न सकिन्छ (अधिकारी, २०५५) । स्पष्ट भाषामा भन्नु पर्दा सप्तस्रोत एकीकृत भएपछि मात्र सामुहिक नाम गण्डकी हुन्छ। भारतमा गण्डकीलाई गण्डक भनिन्छ। त्यसैले तात्कालीन गण्डक वा गण्डकीको मुहान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
देवह्रद वा दामोदरकुण्ड कुन थियो ? भनेर खोज अनुसन्धान हुन आवस्यक छ ।

छ वेदाङ्ग, चारै वेद, मीमांसा र न्याय त दर्शन हुन् । तिनलाई सरल दृष्टान्त र इतिहाँसको रूपमा बुझ्न हुँदैन । विज्ञान मिश्रित दर्शन भएकोले तिनिहरूको कुनै कुनै बुँदालाई महाभारत, रामायण तथा पुराणहरूमा काल्पनिक इतिहाँस सहितको दृष्टान्तले सङ्केत गर्ने गरिएको छ । शालिग्राम शीलामा कल्पौकल्पको इतिहास सङ्ग्रहित भएकोले माथि उल्लेख गरिएका शालिग्रामको उत्पत्ति र नामकरण सम्बन्धित पाँच प्रमुख दृष्टान्तहरूलाई परोक्षवादात्मक दृष्टिले पनि विश्लेषण गर्न अनिवार्य छ । पुराणहरू सूतजातिय रोमहर्षणका चेलाहरूमध्ये अकृतव्रण, सावर्णि र शांसपायनले तयार गरेका पुराणसंहिताको आधारमा सुमति, अग्निवर्चा र मित्रायुले लेखेको तथ्य विष्णु पुराणमा लेखिएको छ (लम्साल, १९७७) । त्यसैले वैष्णव, शैव र शाक्त मतमा विभक्त पुराणहरूमा रहस्यात्मक दृष्टान्तका चरित्रपात्रहरू पनि पृथक पृथक छन् । सिधा र सामान्य अर्थमा त्यस्ता दृष्टान्तहरू समाजको निमित्त अपाच्य हुन सक्छन् । वृन्दा (शैवपुराण) र तुलसी (वैष्णवपुराण) को सतित्वहरण र जालन्धर र शङ्खचुडको बध कल्पभेदका दृष्टान्त नभई सम्प्रदाय भेदका उदाहरणहरू हुन् । पात्रहरूको नाममा फरक देखिँदा पनि दृष्टान्तले दिन खोजेको विषय तिनमा एउटै छ, शालिग्राम र तुलसीको सामीप्यता । तुलसीलाई वृन्दा पनि भनिन्छ । त्यस्तै गरेर जालन्धर र शङ्खचुड पनि पर्यायवाची शब्द हुन सक्छ । गीताप्रेसबाट प्रकाशित ब्रह्मवैवर्तपुराणमा (९:६) राधाको सरापले गर्दा सुदामालाई शङ्खचुड बन्न परेको दृष्तान्त दिइएको छ भने लिङ्गपुराणमा (१:९७:२) जालन्धरलाई जलमण्डलबाट उत्पत्ति भएको भनिएको छ । तिनीहरूको सम्बन्ध क्षारसमुद्रसँग (शङ्ख) छ भने शालिग्राम (चक्र)को सम्बन्ध क्षीरसमुन्द्र (हिमालय) सँग छ । क्षारसमुन्द्र र क्षीरसमुन्द्रको समन्वय विन्दु तुलसी हुन् भन्ने मान्यता पुराणहरूले लिएका छन् ।

शालिग्रामको सन्दर्भमा तपस्यारत श्रीहरिको तप्त शरीर श्रीमुक्तिनाथको ज्वाला र त्यसक्षेत्रमा पाइने शालिग्रामसँग सम्बन्धित नै हुनुपर्छ । तर गजेन्द्रमोक्ष प्रकरणमा वताइएको गजग्राह द्वन्द तथा वामननारायणको वलियज्ञ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रसङ्गमा धस्सिएको प्रथम पाउको दर्शन गर्न स्वर्गबाट फरालेका वैष्णवी कृष्णा र शाम्भवी त्रिशुलीको जलंले बनेको देवह्रदको रहस्य भने माडीको शालिग्रामसँग सम्बन्धित देखिन्छ । कान्छो जिल्ला नवलपुरको देवचुली र देवह्रदको अन्तरसम्बन्ध देखाउने शास्त्रवचन भेटिएको छैन तर माडी र नवलपुर मा सकृय थारू समुदायका गुरुहरूको चमत्कारिक किम्बदन्तिले सम्बन्ध हुनुपर्ने सङ्केत गरेका छन् । देवचुलीको पर्वतबाट दक्षिणमा हेर्ने हो भने दाउन्ने र सोमेश्वर पर्वतमालालाई नारायणीले काटेर विभक्त गरेको देख्न सकिन्छ । उक्त पर्वत नकाटिञ्जेल चितवन र नवलपुर एउटै तलाउको पींध रहेको अनुमान गर्न सकिन्छ । त्यसैले गजग्राह द्वन्दलाई देवह्रद (गङ्गाको बाहन ग्राह) र सोमेश्वर पर्वत (पृथ्वीको वाहन गज) को रस्साकस्सी, पर्वत काटिनुलाई गजेन्द्रमोक्ष, माडीका शालिग्रामलाई चक्रप्रमाण र नारायणीले विभक्त गरेको चितवन तथा नवलपुर उपत्यकालाई चक्रतीर्थ भनेर वाराहपुराणमा (१४५:७५) उल्लेख गरीएको कथा प्रसङ्ग मिल्न आउँछ । चक्रतीर्थ र शालिग्राम उत्पत्तिको निकट सम्बन्ध रहेको व्यहोरा गजग्राह प्रकरणले देखाउँछ । डा. जगदीशचन्द्र रेग्मीले उध्रित गर्नु भएको नरसिंहपुराणको श्लोकले चक्रतीर्थ कहाँ थियो भनेर खोज अनुसन्धान गर्न प्रेरित गरेको छ ।

पर्वतमूले तु चक्रतीर्थं महत्सर

आसीवदन्ती देशेषु नाम्ना तु हरिपर्वत :। शालिग्राम ईति क्षेत्रे हरिचक्रशिलामये ॥
यस्य स्मरणमात्रेण सर्वपापक्षयो भवेत्। तत्रैव गंढक्यारण्याता नदी पापप्रणाशिनी ॥
यज्जलस्पृष्टिमात्रेण विष्णुसायुज्यमाप्नूयात्। तस्मिन् पर्वतमूले तु चक्रतीर्थं महत्सर ॥

अहिले ठाउँठाउँमा शालिग्राम सङ्ग्रहालय बनाउने लहर नै चलेको छ । शालिग्रामलाई आधार सूचना बनाइ हराएको टेथिससागर र हिमालयको टेक्टोनिक उठान (वराहनारायण प्रकरण) सन्दर्भमा थाकखोला क्षेत्रमा धेरै नै अनुसन्धान भएर प्रतिवेदनहरू स्तरीय जर्नलहरूमा प्रकाशन भएको पाइन्छ । त्यस्ता प्रतिवेदनहरू हिन्दु धर्म ग्रन्थहरूले व्याख्या गरेकोभन्दा फरक छन् । अन्धभक्तहरूलाई आकर्षण गर्न लेखिएका शालिग्राम सम्बन्धी साविकका विवरणहरूले नयाँ पुस्तालाई सन्तुष्ट गर्न सक्दैनन् । शास्त्रहरू तत्कालीन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
अवस्थाको समाजबाट भक्त उत्पादन गर्ने मनोवैज्ञानिक उद्देष्यले लेखिएको हुन्छ । तिनिहरूमा शास्त्रवचनलाई मिल्ने गरेर स्थानीय परिवेशमा बुझिने कथा मिसाइएको हुन्छ । स्कन्दपुराण केदारखण्ड माघमाहात्म्यको आधारमा श्रीस्वस्थानी व्रतकथा यस्को राम्रो उदाहरण हो । तर विज्ञानले लक्ष गरेका ग्राहक साधकभन्दा धेरै अन्वेषक प्रकृतिका हुन्छन् । तिनिहरूले सस्कृतिभित्र विज्ञानको छाया खोज्छन् । किम्बदन्तिभित्र प्रमाणिक एकरूपता खोज्छन् । त्यसैले शालिग्राम सङ्ग्रहालय स्थापना गर्दा चक्र सङ्ख्या, रङ्ग, आकृति र प्राप्ति स्थानको आधारमा व्याख्या गरेर पुग्दैन । सङ्ग्रहालयमा सम्प्रदाय भेदको प्रवेश भयो र आश्रमको निमित्त स्रोत जगेर्ना गर्ने रणनीतिमा उपयोग गरीयो भने पृथक पृथक सङ्ग्रहालयले प्रवाह गर्ने सूचनामा विविधता भएर शालिग्रामको महत्त्वमा नै ह्रास आउँछ ।

सृष्टिको रहश्य उजागर गर्न चाहने वैज्ञानिक जगत्को निमित्त शालिग्रामको नमुना र नमुनासँग सम्बन्धित सूचना अत्यन्त महत्त्व राख्छ । शालिग्राम प्रमाणकै आधारमा गण्डकी प्रस्रवणलाई देवभूमिको दर्जा दिएर पर्यटन प्रवर्द्धन गर्न सकिन्छ । **यस्तो महत्त्वपूर्ण प्रमाणहरू फोरेर क्युरियो पसलहरूमा बेच्न राखेको टुलुटुलु हेर्नु हिन्दु भनेर गर्व गर्नेलाई लाजको विषय हो । यस्तो कार्यले शालिग्रामको साथसाथै शालिग्रामलाई अर्चावतार मूर्ति मानेर पुज्ने समाजको उपहास गरेको ठहर्छ । शालिग्राम सङ्ग्रहालयमा राखिने सूचना अपूर्ण भयो भने पनि महत्त्व स्थापित हुँदैन । शालिग्राम धन आर्जन गर्ने साधन होइन ।** त्यसैले हरकोहीले धनआर्जन गर्ने लोभमा शालिग्रामको बारेमा मनगडन्त व्याख्या गर्नु हुँदैन । शालिग्राममा हरेक देवी देवताको आकृति स्वयं विश्वकर्माले नै कुदिदिनु भएको छ भने शालिग्रामी प्रस्रवणमा सिमेण्टको सहारामा कलाकारले कुदेको सिमण्टीको मूर्ति वा ढलोट तथा प्रस्तरमूर्तिले अर्थ राख्दैन । त्यसैले यो प्रस्रवणका हरेक मन्दिरहरूमा शालिग्रामको स्थान सम्मानजनक तरिकाले सजाइएको हुनु आवस्यक छ । **अध्यात्म जागरण गर्ने उद्देश्यले सकृय विश्व हिन्दु महासङ्घले क्युरियो तथा पूजा पसलमा अपमानजनक तरिकाले विक्रि वितरणमा राखिएका शालिग्रामलाई व्यवस्थापन गर्न सक्यो भने लाखौं ज्ञानमहायज्ञ गरेकोभन्दा ठूलो कार्य गरेको ठहर्छ । शालिग्राम**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सूचनाकै माध्यमले विश्वका विभिन्न आध्यात्मिक सस्थामा विश्व हिन्दु महासङ्घको सर्वोच्चस्थान कायम हुन सक्छ । विश्वका धेरैजसो सम्प्रदायमा धर्म परिवर्तन हुँदैन । धर्म परिवर्तनको रोग गैरइसाई मुलुकका नवइसाईमा फैलिएको मात्र हो। नयाँ जोगीले जत्तिनै खरानी धसे पनि साविकको स्वभाव कायमै रहन्छ। विश्व जनमत अहिले धर्म सम्प्रदायभन्दा आस्तिक र नास्तिक वर्गमा मात्र विभक्त छ। राजनीति तथा व्यापार विस्तारको निमित्त धर्मलाई माध्यम बनाउने रोग हाम्रा आफूनैले गरेका छन् । अन्य धर्मका सच्चा अनुयायीको खेदो खन्ने ऊर्जा शालिग्राम शीला, गण्डकी र हिमालयको दृष्टान्त दिएर मौलिक दर्शनको वैज्ञानिक व्याख्यामा खर्च गर्ने हो भने सबै धर्मका अनुयायीले हिन्दुत्त्वको सम्मान गर्छन् । उपनाम धारण गरेर वेदवाक्यको व्यापार गर्ने पल्किएकाहरूबाट बचाउने हो भने सनातन दर्शनलाई विश्वका अन्य कुनै दर्शनले विस्थापन गर्न सक्दैन। हिन्दुत्त्वको आवरणमा अवतार पुरुष बनी गुफा त्याग गरेर सहर घुम्न रुचाउनेबाट बच्ने हो भने अर्चावतार श्रीशालिग्रामले नै गण्डकी प्रस्रवणको आध्यात्मिक वातावरण बनिरहन्छ।

सन्दर्भ सामाग्री

अधिकारी टीकाराम (२०५५ वि.स.) गण्डकी माहात्म्यम् नेपाली भाषानुवाद : महेन्द्र सस्कृत विश्वविद्यालय

गरुडपुराण (२०००) सङ्क्षिप्त गरुडपुराणाङ्क, कल्याण, : गीताप्रेस गोरखपुर

गुरुङ, जगमान (२०६७ वि.स.) गण्डकी प्रस्रवण क्षेत्रको सास्कृतिक सम्पदा, काठमाण्डौ :पश्चिमाञ्चल वि मञ्च

पद्मपुराण (२०१२) सङ्क्षिप्त पद्मपुराण हिन्दी, चौविसवा पूनमुद्रण :गीताप्रेस गोरखपुर

ब्रह्मवैवर्तपुराण (२०१० वि.स.) सङ्क्षिप्त ब्रह्मवैवर्तपुराण हिन्दी तेह्रवा पूनमुद्रण :गीताप्रेस गोरखपुर

भागवत् (१९९७) श्रीमद्भागवत महापुराण् :गीताप्रेस गोरखपुर

योगी नरहरिनाथ र साथीहरू (२०१३) हिमवत्खण्ड, स्कन्दपुराणमध्य : गोरक्षटिला, काशी

रेग्मी, जगदीशचन्द्र (१९८५) शालिग्राम, अभिलाषाः जायन्टस् इण्टरनेशनल,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राष्ट्रिय समिति नेपाल

लम्साल देवीलाल (१९७७)। वेदपुराण एक अनुशीलन. प्राचीन नेपाल अङ्क ४०: नेपाल पुरातत्व विभाग

वराहपुराण (२०१० वि.स.) सङ्क्षिप्त वराहपुराण हिन्दी सातौ पूनमुद्रण :गीताप्रेस गोरखपुर

विष्णुपुराण (२०१२) विष्णुपुराण त्रिचालिसौ पूनमुद्रण :गीताप्रेस गोरखपुर

Chalise K.R. (2016) Scope of Shreekrishnagandaki Basin in Context to Field-museum of Nepalese Water Culture, PhD Dissertation-NSU :Unpublished

Gradstein, F.M., Gibling, M.R., Jansa, L.F., Kaminiski, M.A., Ogg, J.G., Sarti, M., Wastermann G.E.G et al (1989).Mesozoic Stratigraphy of Thakkhola, Central Nepal (Lost Ocean Expedition), Canada: Centre for Marine Geology, Dalhousie University.

NHM (2020). Natural History Museum, London: https://www.nhm.ac.uk

Roy S. (2016). Vedic literature- A significant literature of ancient India: An introduction. International Journal of Applied Research 2016; 2(6): 161-163: https:// www.allresearchjournal.com

Shepherd R. (n.d.) Discovering Fossils (Retrived 30 Jan.2020): http://www.discoveringfossils.co.uk

Sun Y., Joachimski M., Wignall P.B., Yan C., Chen Y., Jiang H., Wang I. and Lai X. (2012). Lethally hot tempereture during the early Triassic greenhouse, Science no. 338, 336, 2012

Taylor P.D.(2016). Fossil Folklore: Ammonites , Deposits, Number 46, 2016: https://www.ukge.com

✡✡✡✡

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राज्यको धर्म जनता र राष्ट्रको जीवनमा सम्मृद्धि ल्याउनु हो - पौडेल

✍ अन्तर्वार्ताकार- माधव वियोगी

श्री विष्णुप्रसाद पौडेल कर्तव्यनिष्ठ, इमान्दार, मिष्ठबोलीवचनका हिमायती हुनुहुन्छ। असल कर्मसाधनाद्वारा नै जीवनलाई उच्च पार्न सकिन्छ भन्ने मानसिकता भएका कारण उहाँ जहाँ रहनुहुन्छ त्यहाँ स्रद्धाका पात्र बन्नु हुन्छ। थुप्रै सङ्घसंस्थामा आबद्ध भएर पनि कहींकतै निस्क्रियताको छनक नदिने र जिम्मेवारीलाई कुशलतापूर्वक पूरा गर्नु हुने उहाँमा रिसराग, ईर्ष्या र घमण्डको कुनै गुन्जायस भेटिन्न। वि.सं. २०१२ साल अश्विन ११ गतेका दिन वर्तमान कास्कीको दक्षिण पश्चिम खण्डमा अवस्थित रामदीमा पिता हेम शर्मा पौडेल र माता धर्मकलाका पुत्ररत्नका रूपमा जन्मनु भएका श्री विष्णुप्रसाद पौडेल सेवानिवृत्त शिक्षक हुनुहुन्छ। नैतिक, निष्ठा, भक्ति भावना र आध्यामिक ज्ञानका प्रवक्ताका रूपमा समेत सुपरिचित उहाँ हिन्दु धर्म र संस्कार एवं संस्कृतिको उत्थानका लागि प्रतिवद्ध हुनुहुन्छ। उहाँको सङ्क्षिप्त जीवनगाथा र धर्मसंस्कारपूर्ण क्रियाकलापमा केन्द्रित रही वरिष्ठ साहित्यकार, छन्दनायक एवं जनप्रिय बहुमुखी क्याम्पसका पूर्व प्रमुख माधव वियोगीले उहाँसँग पोखरा छोरेपाटन (बेलघारी) स्थित छन्दनिवासमा गर्नु भएको विस्तृत कुराकानीको सारसंक्षेप यहाँ प्रस्तु गरिएको छ। (-प्र.सं.)

- **विष्णु सर नमस्कार, आरामै हुनुहुन्छ ?**

  नमस्कार माधव बाबु, भगवान्‌का कृपाले कुशल मङ्गल छु।

- **कुशल मङ्गल हुने कुरा त आफ्नै कारण होला नि, त्यसमा भगवान्‌को कुनै कसरत रहन्छ र ?**

✍ अन्तर्वार्ताकार जनप्रिय क्याम्पस पोखराका पूर्व प्रमुख हुनुहुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसो होइन बाबु, हामी हिन्दु धर्म र संस्कारमा जीवन यापन गर्नेहरूका लागि भगवान् र ईश्वर भनेका महान शक्ति हुन् । यी विना हाम्रो जीवन शून्यमा हराउँछ । तपाईले भनेजस्तै आराम रहनु भनेको आफैले आफ्नो स्वास्थ्यको ख्याल गर्नु हो । तर भगवान्को कृपाविना हामीले चाहेर पनि स्वास्थ्यको ख्याल गर्न सक्तैनौं ।

- **त्यो त हो, म यहाँको तर्कको प्रशंसा गर्छु । यो विचारले व्यक्तिभित्रको अहम् नास्न मदत गर्छ । अनि अहिले के मा व्यस्त हुनुहुन्छ त ?**

भगवान्को चेलो म भगवान्कै आदेश बमोजिमका कर्मकर्तव्य गर्न व्यस्त छु, भगवान्कै सेवामा प्रतिवद्ध छु । थुप्रै सङ्घसंस्थामा आबद्ध भएकाले कैले कतै कैले कतै केही न केही काम परिरहन्छ । नेतृत्व तहमा रहेका संस्थामा त बैठक बस्न र बैठकका निर्णयलाई कार्यान्वयन गर्न मै समय जान्छ । भगवान्का कृपाले सो गर्न सकेको छु , सन्तुष्ठ छु ।

- **अपजस कत्तिको पाइन्छ, त्यसरी काम गर्दा ?**

घोडा चढ्ने [illegible]छ र काम गर्नेले नै गल्ती गर्छ भन्नेकुरामा म विश्वास गर्छु । घरव्यवहारक[illegible]म [illegible]गेर र परिवारको सामीप्यताको सुख नष्ट गरेर समाज सेवामा लाग्ने जोको[illegible] पनि जसअपजस पाउँछ । अवश्य पनि नेतृत्वमा रहँदा वा अध्यक्ष भै बन्दा सबैको चित्त बुझाएर काम गर्न सकिँदैन । एक पक्षले चित्त दुखाइ ओकल्छ नै । तर पनि मैले जुनजुन संस्थामा नेतृत्त्व गरेको छु, ती ती संस्थामा कम अपजस र बढी जस पाएको छु । सबैलाई मन, वचन र कर्मले प्रभावमा लिएर संस्थागत हितमा काम गर्न म सफल भएको छु । एकादुई सानातिना विमती हुनुलाई मैले ठूलो जटिलताका रूपमा लिएको छैन । विश्वासमा लिएरै काम गर्ने गरेको छु । गरिरहने छु ।

- **मलाई लाग्छ, यहाँले नेतृत्व गर्नुभएको वर्तमानको सबभन्दा ठूलो संस्था गुप्तेश्वर महादेव गुफा हो । अन्तर्राष्ट्रियस्तरमा समेत सुपरिचित संस्थाको अध्यक्ष भइरहँदाको अनुभूति बताइदिनु हुन्छ कि?**

गुप्तेश्व महादेव गुफा विश्वप्रसिद्ध स्थल हो । यसको संरक्षण र व्यवस्थापनका लागि बनेको समितिमा हाल दोश्रो कार्यकालका लागि म अध्यक्ष पदमा कार्यरत छु । बडो आनन्दको विशाल अनुभूति सँगालेको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छु । यस्तो महान संस्था, त्यसमा पनि भगवान् देवादिदेव महादेवको नामसँग जोडिएको संस्थाको अध्यक्ष हुन पाउनु तथा सफतापूर्वक पहिलो कार्यकाल पूरा गरी दोस्रो कार्यकालका लागि पनि जिम्मेवारी पाउनु स्वयम्मा गौरवको विषय हो । म केवल अध्यक्ष हुनका निम्ति मात्र अध्यक्ष भएको छैन । उत्कृष्ट कर्म पनि गरेको छु । मेरो नेतृत्वको समिति यस संस्थाको संरक्षण र विकास गर्न प्रतिवद्ध छ । प्रारम्भिक चरणदेखि नै गुरुयोजना बनाएर अघि बढेको संस्थाको वर्तमानमा विकासको ठूलो फड्को मारेको छ । सबै लाई समेट्न नसकेको भए के यो विकास सम्भव थियो ? माधव बाबु, तपाई आफैले पनि अनुमान गर्न सक्नु हुन्छ कि १० वर्ष पहिलेको गुफा कस्तो थियो ? र अहिलेको गुफा कस्तो छ ? समयसापेक्ष रूपमा जे जति गरिनुपर्ने थियो, त्यो भएको छ । भावी योजना पनि सफल हुनेछन् । हामी केबल धर्मको हिसाबले मात्र गुफालाई हेर्दैनौ, धार्मिक पर्यटनका रूपमा पनि हेर्छौं । यी दुवै क्षेत्रलाई सँगसँगै धार्मिक पर्यटनका रूपमा पनि हेर्छौं । यी दुवै क्षेत्रलाई सँगसँगै लगिएकाले यसको तीब्रतर उत्थान सम्भव भएको हो । मैले अघि नै भने कि मलाई आनन्दको अनुभूति भएको छ । धेरै कुरा सिक्न पाएको छु, धेरैसँग भलाकुसारी गर्दै सम्बन्ध विस्तार गर्न पाएको छु, मेरो प्रतिष्ठालाई गुफाले थप उचाइमा पुऱ्याएको छ ।

- **गुफाको प्रसङ्ग चलिहाल्यो, एउटा कुरा गुप्तेश्वर महादेव गुफा संस्थाहरुको संस्था हो भनिन्छ ? यसो भन्नुको कारण के हो ?**

महत्त्वपूर्ण प्रश्नका लागि धन्यवाद छ बाबुलाई । स्थापित सङ्घसंस्थाले आर्थिक कमजोरीका कारण कार्यक्रम गर्न नसकेको स्थिति यत्रतत्र छ । त्यही कारण कतिपय संस्था लोपसमेत भएका छन् । तर गुप्तेश्वर महादेव गुफा एउटा यस्तो संस्था हो, जो स्वयमूले अन्य संस्था खोलेको छ र अन्य संस्थालाई अनुदानसमेत दिएर उदाहरणीय काम गरेको छ । गुफाले आफ्नो संरक्षकत्त्वमा गुप्तेश्वर महादेव वहुमुखी क्याम्पसको र वेदविज्ञान पाठशाला सञ्चालन गरेको छ । २०३४ सालमा खोलिएको क्याम्पस हाल विश्वविद्यालय, अनुदान आयोगबाट गुणस्तर प्रमाणपत्र प्राप्त गर्ने अन्तिम चरणमा पुगेको छ भने वेद विज्ञान पाठशालाको आकर्षण पनि बढ्दो छ । हामीले गुप्तेश्वर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महादेव पुस्तकालयसमेत स्थापना गऱ्यौं । तर विविध कारणबस त्यसको सञ्चालन प्रभावकारी हुन सकेको छैन । त्यसलाई जगाउन र यस क्षेत्रको ज्योति बनाउन के गर्नुपर्छ त्यसका लागि वर्तमान समिति तत्पर छ। यी संस्था गुफाका आफ्नै उत्पादन हुन् । आसपासका क्षेत्रमा रहेका थुप्रै सङ्घ संस्थालाई अनुदान दिएर तिनको व्यवस्थापनमा गुफाले सहयोग गर्दै आएको कुरा सत्य हो । हामीले गुफाको आम्दानीलाई सकारात्मक कार्यमा उपयोग गरेका छौ । आफू बचौं र अरूलाई पनि बचाऊँ भन्ने भावनाले हामीले काम गरेका छौ ।

- **नयाँ कार्यक्रमको रूपमा प्रत्येक सोमबार आरती जलाउने कार्य थालनी गर्नुभएको छ । पछिमात्र यस्तो पवित्र सोच कसरी आयो त ?**

आरति कुनै पनि मन्दिर तथा देवालयमा गरिनै पर्ने कार्य हो । सानो रूपमा होस् या ठूलो रूपमा होस्, आरति गरिन्छ नै । सामान्य पूजापाठमा पनि आरतिको व्यवस्था हुन्छ । अर्थात् यो पूजाको एउटा अङ्ग हो । मूलत पूजापाठको समापनको क्रममा आरति गर्ने गरिन्छ । आरतिविना त पूजा कार्य सम्पन्नै हुँदैन । [illegible]र्नो कुरा आरतिविना कुनै पनि पूजापाठ तथा यज्ञको फल प्राप्त हुँदैन । [illegible]तम्म गा[illegible]नेश्वर महादेव गुफाको बृहत् आरतीको कुरा छ, यसको सोच र अवधारण। तपाईंले भनेजस्तै पछिमात्र आएको हो । गुफाका पूजारीले आरति नगरेको दिन हुँदैन तर विश्व प्रसिद्ध गुफामा गरिने आरति सामान्य तहमा मात्र सीमित राख्न नहुने हाम्रो सोचको प्रतिफलका रूपमा यो बृहत् आरति कार्यक्रम प्रारम्भ गरिएको हो । हाल सोमबारमात्र सो आरति कार्यक्रम हुने गरेको छ । त्यसलाई हप्ताको २ चोटि ३ चोटि गर्दै हरेक दिन गर्ने तहसम्म हामी पुग्ने छौ । आरतिका बखत स्थानीय जनताको वा भक्तजनको उपस्थितिले त्यही अपेक्षा गरेको महसुस मैले गरेको छु । यो महाआरतिका रूपमा भएकाले व्यवस्थापन गर्न पनि निकै कसरत गर्नु पर्ने हुन्छ । उपसमिति नै गठन गरेर हाल त्यसको व्यवस्थापन गरिएको छ । निश्चित रकम लिएर कर्ता बनाउनेसमेत गरिएको छ । राष्ट्रका विशिष्ट व्यक्तिहरूको त्यसमा उपस्थिति जनाएर समर्थन गरेको अवस्था पनि छ । अहिले धेरै जसो शक्तिपीठमा आरति गर्ने कार्य व्यापक बनेको छ । हामीले नयाँ काम गरेका त छैनौ तर वृहत् रूपमा आरतिको सार्वजनिक भने गरेका छौ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

- **गुफाले आम्दानी पनि प्रशस्तै गर्छ हैन र ?**

अवश्य पनि गुफाको आम्दानी राम्रै छ। त्यो त यसको खर्च पनि त निकै छ नि । सङ्घसंस्थालाई सहयोग, क्याम्पस र वेद विद्याश्रम सञ्चालन, गुफालाई थप व्यवस्थित गर्न तथा गुरु योजनाको कार्यान्वयनमा प्रशस्त लगानी गर्नुपर्ने हुँदा आम्दानीलाई त्यति धेरै बचत गर्न सकिएको छैन । कर्मचारी व्यवस्थापनमा पनि यथोचित खर्च गर्नुपरेकै छ। आम्दानीको यथेष्ट लगानीले हिन्दु धर्म र संस्कारको संरक्षण र प्रबर्द्धनमा महत्वपूर्ण टेवा पुगेको छ।

- **गुफाको प्रगति विवरण र व्यवस्थापन पक्षका विषयमा थोरै भए पनि जानकारी दिनुभो, धन्यवाद छ यहाँलाई । यहाँ विगत लामो समयदेखि राष्ट्रिय परोपकार महासङ्घमा आवद्ध हुनुहुन्छ । त्यस संस्थामा यहाँको सहभागिताका बारेमा पनि सङ्क्षिप्तमा बताइदिनु हुन्छ कि ?**

'परोपकाराय पुण्याय पापाय परपीडनम्' यो भनाइको गहनता र सार्थकता बुझ्नसके मात्र हिन्दु धर्मको संरक्षण र विस्तार हुन्छ । व्यासले पुराणको समग्र भावको सन्दर्भमा यो भनाइ व्यक्त गरेका थिए। आज सनातन हिन्दुधर्म दिनपरदिन नाजुक बन्दै गएको अवस्था छ । दया, प्रेम, सद्भाव एवं परोपकारको भावना क्षीण बन्दै गएको छ। राष्ट्रिय परोपकार महासङ्घ वास्तवमा यही क्षीण भएको मानवीय भावनालाई पुनर्जागृत गर्दै सामाजिक परिपाटीलाई समुन्नत पार्ने आधारशीला हो। हाम्रो समाजमा थुप्रै अशिक्षित, गरिब, अपाङ्ग वा असहाय, गाँसबास र कपासले पीडित तथा रोजगार को पर्खाइमा रहेका व्यक्ति हुन् । तिनको उद्धार आवश्यक छ भन्ने लागेर राष्ट्रिय परोपकार महासङ्घ जन्मेको हो। धर्मनिर्वाह गर्नु नै यस संस्थाको मूल ध्येय हो । दुःख नदेऊ, शोषण नगर, मानवता बुझ, कल्याण गर, शिक्षित बन, आफ्नो कर्तव्य गर आदि इत्यादि कुरा असम्भव छैनन् । यसका निम्ति चेतनाको जरुरत पर्दछ। हामी आफै जागरुक हुन सकेनौ भने पीडित पक्ष झन् सङ्कटमा पर्ने निश्चित छ।

- **यी त भए राष्ट्रिय परोपकार महासङ्घका उद्देश्यसम्मत कुरा । मैले जान्न चाहेको कुरा यहाँको संलग्नता के कस्ता पदमा रह्यो भन्ने हो ? त्यो पाऊँ न ।**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

म भन्दै थिएँ । कुरा के भने म सानैदेखि परोपकारी भावनाको व्यक्ति हुँ । मेरा पिताश्री हेम शर्मा पौडेल र माताश्री धर्मकला पौडेल परोपकारी भावनाका हुनुहुन्थ्यो । कतै सहयोगको आवश्यकता पर्दा उपस्थित भैहाल्ने र घरमा केही प्राप्तिका लागि आउने जोगी, गरिब, दुःखी र असहायलाई सन्तुष्ट पार्ने उहाँहरूको सद्भावपूर्ण कार्य देख्ने र अनुभूत गर्ने अवसर पाएकाले ममा पनि परोपकारको भावना तीव्र बन्दै आएको हो । आफ्नो भावनासँग मेल खाने संस्था भेटेपछि त्यसमा मेरो संलग्नता सदस्यका रूपमा भयो । कुनै कसर बाँकी नराखी मन, वचन र कर्मले म खटें । हुन त त्यसभन्दा अघि पनि म सामाजिक सङ्घ संस्थामा आवद्ध नै थिएँ । तापनि राष्ट्रिय परोपकार महासङ्घले मलाई महत्त्वपूर्ण ऊर्जा प्रदान गऱ्यो । त्यसलाई छाडेर म जिउनै नसक्ने अवस्थामा समेत पुगें । रातदिन के कसरी र कहाँ कस्तो सेवा गर्न सकिन्छ भन्ने चिन्ता ममा व्याप्त भयो । थुप्रै ठाउँमा आर्थिक सहयोग पनि मैले गरेको छु । महापुराण वाचनमा गुरु कमलनयसँगै पटकपटक हिँडेको छु । जहाँसम्म के कस्तो पदमा रहिस् भन्ने तपाईको प्रश्न छ, मलाई के लाग्छ भने सेवामूलक काम गर्न पद चाहिदैन । म त्यस संस्थाको कोषाध्यक्ष र महासचिव हुँदै हाल उपाध्यक्ष बनेको छु । पदले मलाई दिएको मुख्य कुरा अधिकार हो । पदीय अधिकार प्रयोग गर्दा कर्तव्यलाई पनि मैले थप सबलीकृत गराएको छु । छात्रहरूलाई अध्यापनदेखि देखे जानेका सबै काम मैले परोपकारका रूपमा गरेको छु ।

- **धार्मिक र परोपकारी व्यक्तित्वको रूपमा त यहाँलाई सबैले मान्ने गरेकै छन् । महाआध्यात्मिक चिन्तकका रूपमा पनि म चिन्दछु । यहाँका क्रियाकलाप त्यस्तै लाग्छन् । यस सम्बन्धमा केही भन्नु हुन्छ कि ?**

अध्यात्मवाद एउटा दर्शन हो । मानवलाई प्रगतिको उच्च शिखरमा चढाउने यो वाद सुख, शान्ति र समृद्धि प्राप्तिको महत्त्वपूर्ण आधार पनि हो । अध्यात्मवाद आत्माको सन्तुष्टि र चित्तको पवित्रता हो । हामीले गर्ने प्रत्येक कार्यले हामीलाई सन्तुष्टि दिन सक्नुपर्छ । शरीर र आत्मा भिन्न विषय भएकाले शरीर भौतिक वस्तु र आत्मा मानसिक वस्तु हुन् भन्न सकिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जीवन जिउने क्रममा आत्मालाई वढावा दिदै आफ्ना क्रियाकलाप सञ्चालन गर्नुपर्ने हुन्छ । भौतिक वस्तुको प्राप्तिमा लाग्नेहरू कहीं कतै सुखीभएका छैनन् । धन आर्जनको होडबाजीमा लाग्दा लाग्दै मान्छे सुख भन्ने के हो नजानीकनै परलोक भएका छन् । आफ्ना पिताको आध्यात्मिक पाराबाट प्रभावित भएपछि मैले पनि भौतिक विषयप्रतिको लालसा त्यागी आत्मज्ञान र आत्मसन्तोषको बाटो हिड्न थालेको हुँ । यसले मलाई नम्र र शिष्ट बन्न, मीठो बोल्न, कसैप्रति ईर्ष्याको भाव नराख्न, परोपकारी हुन, आदरसत्कारमा कन्जुसाई नगर्न र हँसिलोमसिलो भइरहन सिकाएको छ । यी कुरा सिकिरहँदा संयमित भइँदो रहेछ र धनमान र प्रतिष्ठा पनि आर्जन गरिंदो रहेछ । धर्म र परोपकारमा लाग्नेहरू अध्यामित्क हुनै पर्छ भन्ने मलाई लाग्छ । तपाईले भने जस्तै आध्यात्मिक चिन्तक म नहुँला तर अध्यात्मबादको चेलो भने अवश्य हुँ ।

- **हाल शिक्षासेवाबाट निवृत्त भएको अवस्था भन्ने मैले बुझेको छु । शिक्षा क्षेत्रमा आफ्नो संलग्नता र सङ्घर्षबारे जान्ने इच्छा छ । छोटकरीमा बताइदिनु हुन्छ कि ?**

धर्म र परोपकारजस्तै शिक्षा पनि सेवाको महत्त्वपूर्ण क्षेत्र हो । ज्ञान दिएर चेतनाको अभिवृद्धि गराउनु र जीवनयापनका लागि सक्षम तुल्याउनु अवश्य पनि एकप्रकारको कल्याण हो । अनौपचारिक रूपमा दिइने शिक्षाले नै मानिसलाई विश्वप्रतिको आफ्नो कर्तव्यबोध गराउँछ, सक्षम र सीपयुक्त बनाउँछ । रोजगारीका निम्ति चाहिने योग्यताको प्रमाणपत्रका लागि पनि औपचारिक शिक्षा आवश्यक पर्दछ । म त्यस्तो महान गुरु त होइन र पनि शिक्षा क्षेत्रमा आफूले पुर्‍याएको योगदानप्रति गौरव गर्दछु । मैले जे जति समय शिक्षा सेवा गरें, त्यो समयमा कहींकतै कर्मकर्तव्यबाट विचलित भइन । हाजिर विद्यालयमा हुने तर दिनभर घरको काम गर्ने निकृष्ट नियत मैले कैल्यै राखिनँ । २०३२ साल मङ्सीर १० गतेदेखि स्याङ्जाको नुवाकोटस्थित देउराली प्रा.वि बाट आरम्भ भएको मेरो शिक्षण कार्य २०७१ सालमा पोखराको दुङ्गेसाँघुस्थित सिद्ध परोपकार वैदिक गुरुकुल आश्रमको सेवापछि निवृत्त भयो । बीचमा मैले रामदी प्राथमिक विद्यालय रामदी, कालिका प्राथमिक विद्यालय मट्टीखान, सरस्वती टीका मा.वि र छोरेपाटन मा.विमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
पनि सेवा गरें । निवृत्तपछि पनि शिक्षा सेवाको कार्यलाई निरन्तरता दिएको छु । गुप्तेश्वर महादेव बहुमुखी क्याम्पसको स्थापना र सञ्चालनमा महत्त्वपूर्ण भूमिका खेल्दै वेदविज्ञान पाठशालाको स्थापनाको पहलसमेत मबाट भएकै हो । गुफामा आवद्ध भएकै कारण त्यसो गर्न सफलता मिलेको हो । सरस्वती टीका बहुमुखी क्याम्पस बागमाराको संस्थापकमध्येको एक हुने सौभाग्य पनि मलाई प्राप्त भयो । म जनप्रिय बहुमुखी क्याम्पसको सिनेट सदस्य पनि हुँ । जिल्ला शिक्षा समिति कास्कीको आमन्त्रित सदस्यका रूपमा पनि काम गर्ने अवसर पाएँ । स्रोत व्यक्ति र प्रधानाध्यापक पनि भएँ । यसरी शिक्षा क्षेत्रमा निरन्तर सेवा गरी रहेकै छु ।

- **विष्णु सर, मैले हजुरलाई बीचमै रोकें, क्षमा पाऊँ । शिक्षा क्षेत्रमा सुधारका लागि यहाँले सङ्गठनात्मक सङ्घर्ष गरी सुधारका निम्ति लाग्नु भएको र थुनामा समेत पर्नु भएको सुनेको थिएँ । त्यसबारेमा जान्ने चाहना छ । छोटकरीमा जान्न पाऊँ न ?**

प्रश्न नआई जवाफदिन मिल्ने रहेनछ, बढी बोलिन्छ कि भन्ने डर लाग्ने रहेछ । प्रश्न पनि सोध्नुभो, अब मलाई भन्न सजिलो पनि भयो । तपाईले सुन्नु भएको कुरा विल्कुल सही हो । मैले सङ्गठनात्मक रूपमा शिक्षा क्षेत्रमा सुधार गर्नका लागि सङ्घर्ष मात्र हैन, क्रान्ति नै गरेको हुँ । म इमान्दारीपूर्वक पढाएर मात्र सन्तुष्ट हुन सकिँन । देखा परेका विकृतिको अन्त्य गरी शिक्षा क्षेत्रलाई पवित्र पार्नेतर्फ मेरो ध्यान आकृष्ट भएपछि त्यस प्रकारका सङ्घसंस्थामा म सङ्लग्न भएको हुँ । तत्कालीन प्राथमिक शिक्षक सङ्घ कास्कीको जिल्ला अध्यक्ष (२०४३/०४४) मा म चयन भएपछि थुप्रै सुधारका कार्य भएका थिए । शिक्षकलाई दास बनाइ ठूलाबडाले आफ्नो स्वार्थ पूरा गर्ने परिपाटीको अन्त्य गर्न र शिक्षण पेशालाई थप मर्यादित बनाउन अध्यक्षको तर्फबाट मैले खेलेको भूमिका धेरैका मानसपटलमा अझै पनि ताजै छ । त्यसकै फलस्वरूप २०५० सालतिर म राष्ट्रिय शिक्षक सङ्घको केन्द्रीय सदस्य बने । पञ्चायती व्यवस्थाकै समयमा प्राथमिक शिक्षक सङ्घमा आवद्ध भएकोमा पञ्चहरूको ठूलो आपत्ती रहेको थियो । शिक्षकजस्तो मर्यादित पदमा रहेको व्यक्ति सङ्घसंगठनमा लागेको भन्दै मलाई पटकपटक अनेक घम्की आउने गर्थे तर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
म धम्कीदेखि तर्सनेवाला थिइन । नबिराउनु नडराउनु भन्ने कुराको पक्षपाती बन्दै आफ्नो कर्तव्य गरें र सङ्घर्ष पनि गरे । सत्यकर्ममा लाग्दा जतिसुकै ठूला शत्रु पनि पराजित हुँदा रहेछन् भन्ने मलाई लाग्यो । अर्को कुरा अपाङ्ग सुस्त मनस्थितिका केही बालबालिकालाई शिक्षासेवा प्रदान गर्दा विद्यालयमा ताला लगाइयो । सुस्त मनस्थिति र अपाङ्ग विद्यार्थीले अन्य छात्रछात्रालाई बिगारे भन्ने आरोप लगाइयो । पवित्र सेवामा आएको अवरोध प्रधानाध्यापकका हैसियतले मेरै हातले ताला फोड्ने काम भयो । ताली लगाउनेहरू नै धेरै भए । अर्को कुरा के छ भने शिक्षक सङ्घको केन्द्रीय सदस्य भइरहँदा राखिएका माग पूरा गराउन म मन, वचन र कर्मले खटें । उच्चछृङ्खतालाईभन्दा धैर्यता र संयमतालाई नै मैले सङ्घर्षको हतियार बनाएँ । वार्तामा साथीहरूले मलाई पनि समावेश गराउनु हुन्थ्यो । **माग पूरा गराउने सिलसिलामा पोखरामा २ दिन र काठमाण्डौमा ५ दिन गरी म प्रहरी हिरासतमा रहेको हुँ । तपाईले सुनेजस्तै थुनामा परेको भने होइन । हिरासतमा रहँको हुँ । हिरासत र थुना पृथक हुन् ।**

- **यस्तो शान्त र धैर्यवान् मान्छे त्यसबेला हिरासतमा रहनुपर्दा अहिले पछुतो लागेको छैन ?**

म विवेकले काम गर्ने मान्छे हुँ । पवित्र कार्य गर्न म हठी पनि छु । मेरो हठीपना भनेको कर्मप्रतिको प्रतिवद्धता हो । मलाई कुनै पछुताउ छैन । म कुकर्म गरेर हिरासतमा परेको त हैन नि । त्यसप्रति म गर्व गर्छु ।

- **अब प्रसङ्ग बदलेर केही कुरा धर्म र संस्कारका गरौं । नेपाली समाजमा यतिबेला धर्म शब्द निकै नै प्रयोगमा छ । के हो खास धर्म भनेको ?**

मेरो विचारमा धर्म भनेको गुर्नपर्ने कर्तव्य हो । कर्तव्य वा धर्मविना कुनै पनि प्राणीले आफ्नो अस्तित्व स्थापित गर्न सक्तैनन् । यो पृथ्वीमा जति पनि जीवजन्तु, वनस्पति र पदार्थ छन्, ती सबैको आफ्नो धर्म छ । धर्मबाट विमुख हुनु आफ्नो परिचय गुमाउनु हो । आगोले ताप दिन्छ, पानीले शीतलता दिन्छ, वृक्षले छहारी दिन्छ, धरतीले बास दिन्छ, विद्यालयले विद्या दिन्छ, कुलवंशले पहिचान दिन्छ, गहनाले सौन्दर्य दिन्छ, यी सबै तिनका धर्म हुन् वा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
मूल कर्तव्य हुन् । सृष्टिसँग यस्तो धर्मको कर्तव्य तोकिएको हुन्छ । राज्यको धर्म जनता र राष्ट्रको जीवनमा समृद्धि ल्याउनु हो । मानव धर्म परोपकार हो । सबैले आ-आफ्नो धर्म निर्वाह गर्नुपर्छ । त्यसो भए मात्र जगत्‌को सञ्चालन सम्भव छ । एकधर्म वा कर्तव्य अर्कोलाई मन नपर्नु स्वाभाविकै हो । धर्मको प्रयोग हितार्थका लागि हुनुपर्छ । अर्को कुरा अहिलेको विश्व समूहगत धर्ममा आवद्ध भैसकेको छ । विश्वका मानिस हिन्दु, क्रिश्चियन, इश्लाम, बौद्ध, जैन लगायतका धर्म तिनै समूहका नाम हुन् । वास्तवमा धर्ममा भन्दा पनि मानव समाजको समग्रताका लागि भगवान् ईश्वर वा प्रभु हुनुपर्ने हो । त्यसो भन्नुको तात्पर्य अरूले कर्मगर्नेको पछिल्लो पुस्ताले गरेको सम्मान हो । तर हरेक धर्मका आआफ्नै देवीदेवता, भगवान् र ईश्वर छन् । यो राम्रो होइन । धर्मका आधारमा विश्व विभाजित हुनु किमार्थ राम्रो होइन । बाध्यतावस हामी पनि हिन्दु धर्ममा विभाजित हुन पुगेका छौं ।

- **हिन्दु धर्मको कुरा उठाउनु भो । यसलाई विश्वकै सर्वश्रेष्ठ धर्म मानिएको छ । के यो सत्य हो ? र किन ?**

हिन्दु धर्म सनातन हो । यसका आफ्नै मर्यादा र सीमा छन् । यो धर्म विश्वव्यापी पनि छ । वर्तमानमा थुप्रै देशमा यसका अनुयायी देखिएका छन् । यो सुखद् पक्ष हो । यो धर्म उच्च हुनुको पछाडिको मूलकारण यस अन्तर्गत गरिने संस्कारको आफ्नै मौलिकपना हुनु हो । वेद, गीता, उपनिषद्, रामायण, विभिन्न नीतिशास्त्र आदि जो हामीसँग छन्, ती जस्तै ग्रन्थ अन्यत्र कतै पनि छैनन् । महत्त्वपूर्ण कुरा त के छ भने हिन्दुका धार्मिक र आचरणसम्मत् ग्रन्थहरू पनि सनातन नै हुन् । हिन्दुधर्मको उत्पत्तिसँगै तयार पारिएका यी ग्रन्थहरूमा पछिल्लो समयमा फेरबदल वा थपघट गरिएको छैन । हाम्रा पूर्वज ऋषिमुनिहरूले पवित्र जलप्रवाह, गुफा, पहाड र हिमाली शृङखलाका आसपासमा बसेर अभूतपूर्व साधनाका साथ तयार पारेका यी ग्रन्थका भावना अन्य धर्मले पनि अनुशरण गर्न खोजेको अवस्था छ ।

- **विष्णु सर, हाम्रो कुराकानी लामै भइसकेको छ । अब केही प्रश्न मात्र बाँकी छन् । अबका प्रश्नको उत्तर अझै छोटो रूपमा दिनु भए हुन्थ्यो भन्ने मेरो चाहना छ । समूहगत रूपमा अबलम्बन गरिने**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धर्ममा किन एकरूपता नभएको होला ?

हुन्छ म छोटै उत्तर दिन्छु । भावनामा बहकिएछु भने मेरा भावनालाई सारमा राखिदिनु होला । धर्म स्वयम्‌मा मानव जातिको विभाजन हो । एउटै धर्मभित्र पनि विभिन्न सम्प्रदायहरू छन् । यस्तो हुनु किमार्थ राम्रो होइन । धर्म अन्तर्गत एउटा खालको संस्कार गरिए पनि हिन्दु धर्ममा समेत सम्प्रदायहरू देखा परेका छन् । धर्मलाई आफ्नो प्रतिष्ठा बढाउने र मागी खाने भाँडो बनाउने गर्न खोज्दा यस्तो भएको हो भन्ने मलाई लाग्छ ।

- **सम्प्रदाय धेरै हुनु राम्रो त अवश्य हैन । हिन्दु धर्मको सम्बर्धन र संरक्षणका लागि भन्दै धेरै संस्था खोलिनु के राम्रो हो ?**

राम्रो होइन, कुनै हालतमा पनि राम्रो होइन । त्यसले धर्मलाई प्रगति तर्फ हैन अधोगतितर्फ लैजान्छ। हिन्दु धर्मका क्रियाकलाप वा उत्थानका कार्य एउटै संस्थामार्फत् हुनुपर्छ । एकता आवश्यक छ ।

- **धर्म परिवर्तन के अपराध हो ?**

वास्तवमा मानिसले इच्छानुसारको धर्म मान्न पाउनुपर्छ । कसैलाई यही धर्म मान् भन्न मिल्दैन । यस हिसाबले धर्म परिवर्तन अपराध होइन तर विभिन्न प्रलोभन पारी धर्म परिवर्तन गराउनु र प्रलोभनमा परी धर्म परिवर्तन गर्नु दुबै कार्य अपराध हुन् । व्यक्तिको गरिबी अस्वस्थता, एक्लोपना आदिको उद्धार गर्ने नाममा धर्म परिवर्तन गराइन्छ भने त्यो सैह्य हुँदैन ।

- **नेपाल हाल धर्म निरपेक्ष राष्ट्र बनेको छ । यसमा तपाईको मत ?**

मलाई के लाग्छ भने नेपाल धर्म सापेक्ष नै छ। यतिका धेरै सङ्ख्यामा हिन्दु रहेको देशमा संविधानमा 'निरपेक्ष' शब्द राख्दैमा निरपेक्ष नै भएको भन्न मिल्दैन । धार्मिक द्धन्द्धलाई ननिम्त्याउन पनि त्यो शब्द संविधानबाट हटाइनु पर्छ । त्यो हटाउने समय पनि अवश्य आउनेछ । नेपाल हिन्दु धर्म सापेक्ष राष्ट्र नै हो, भइरहने छ । जहाँसम्म संविधानमा लेखिएको कुरा छ, त्यसमा नेताहरू पछुतोमा परेका छन् भन्ने मलाई लाग्छ ।

- **कतै यो विदेशी चलखेल त हैन ?**

हुन पनि सक्छ । त्यो हो कि भन्ने कुराका सङ्केत देखा नपरेका होइनन् । नेपाललाई हिन्दु धर्मका दृष्टिले कमजोर पार्ने षड्यत्रको शिकार हाम्रा नेता र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
त्यसका छत्रछायामा केही व्यक्ति परेका हुन् कि जस्तो लाग्छ ।

- **धेरै मानिस क्रिश्चियन बनी सकेकोप्रति के भन्नुहुन्छ ?**

मैले अघि नै भनिसकें- प्रलोभनमा परेर कतिपयले हिन्दु धर्म त्यागेका छन् । गरिबी, रोग र अन्य पीडाबाट मुक्ति पाउन गरिएको धर्म परिवर्तनबाट खासै जीवनमा परिवर्तन नआएपछि धेरै मानिस स्वधर्म मै फर्केका पनि छन् नि । जो फर्केका छन् ती सबै अब कट्टर हिन्दु बन्दै धर्म परिवर्तन गराउनेका विरूद्धमा होमिएका पनि छन् ।

- **हिन्दुधर्मका कतिपय संस्कार जटिल भए भन्ने भनाइप्रति यहाँको धारणा ?**

हिन्दुधर्म सनातनी हो । यसमा जटिलता अवश्य होलान् तर जटिलता भन्दा पनि ती संस्कार आवश्यक छन् कि छैनन् भन्नेलाई हाम्रो ध्यान जानुपर्छ । पहिले त आफ्नो धर्मलाई हृदयदेखि नै श्रद्धा गर्न पर्‍यो, अनि त्यसका संस्कारको लेखा जोखा गर्न पर्‍यो । यो जटिलता देखाउने पनि हिन्दु धर्म बेगरकाले नै हो भन्ने म ठान्छु । त्यसलाई हामीले पचाउन सक्नुपर्छ । संस्कार वास्तवमा अपरिवर्तनीय हुन्छन् ।

- **त्यो त हो तर क्रियाकर्म संस्कार त जटिल नै छ सुधार्न सकिन्न र ?**

क्रियाकर्म संस्कार जटिल छैन । जटिल जेमा मानिएको थियो, त्यो समाजले नै सुधारी सकेको छ । चप्पलसम्म लगाउन पाइने, पराल र कम्मलमै सुत्नुपर्ने, चिल्लो पदार्थ खानुपर्ने, आलु, सागसम्म पनि खान दिने अवस्था अहिले छ र धेरै हलुका भएको छ । जहाँसम्म १३ दिन किरिया बस्ने कुरा छ, त्यो संस्कारलाई जटिल भन्न मिल्दैन । ७/५/३ दिन आफ्नै तरिकाले किरिया गर्ने पनि गरेका छन् । अन्य विषयको जटिलता सरलीकृत भैसकेपछि दिन घटाउनेतिर लागेर संस्कारलाई कमजोर पार्नु अवश्य राम्रो होइन ।

- **राजनीति र धर्मको सम्बन्ध कस्तो हुनुपर्छ ?**

राजनीति र धर्म छुट्टाछुट्टै विषय हुन् र पनि एकले अर्कोलाई प्रभावमा लिन खोजेको पाइन्छ । हाम्रै देशको राजनीतिले हिन्दु राष्ट्र नेपाललाई धर्मनिरपेक्ष लेखिदियो । विदेशी धर्मले राजनीतिलाई प्रभावमा लिएर यस देशमा अन्य धर्मको अखडा बनाउन खोजेका छन् । हुनुपर्ने कुरा कुनै पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देशको मूल धर्मलाई राज्यको राजनीतिले जोगाउने नीति बनाउनुपर्छ। धर्मले पनि राजनीतिका विकृति हटाउने भूमिका खेल्नुपर्छ। दुईको सम्बन्ध जनहितका निम्ति वा सकारात्मक कार्यका निम्ति भएमा त्यो श्रेयस्कर हुन्छ।

- **नेपाललाई धार्मिक तीर्थस्थल बनाउन के गर्नुपर्ला ?**

नेपाल धर्मका दृष्टिले तीर्थस्थल नै हो। चार धाम हामीसितै छन्, गया, काशी, केदारेश्वर, गङ्गाजी यही छन्। हामीले चिन्न सकेनौं। आफ्नै नदीको पानी भारतबाट बोकेर ल्याई घरमा पिउथ्यौं हामी। आफ्ना महत्त्वपूर्ण शक्तिपीठ छाडेर हामी अन्यत्र लाग्छौ। नेपाल स्वतः तीर्थस्थल हुँदै हो। हामीले आफ्ना धार्मिक तीर्थस्थलको महत्त्व बुझेमात्र पुग्छ।

- **स्वर्ग र नर्क छन् कि छैनन् ?**

किन नहुनु। जीवन छँदा पनि यी छन् र देहान्त पछि पनि यी छन्। स्वर्गलाई सुख, शान्ति, प्रगति र सद्भावका रूपमा र नर्कलाई कष्ट, पीडा, अभाव, अकर्मण्यता, कुभावना आदिको रूपमा लिनोस् त कुरा प्रष्ट छ।

- **मूर्तिपूजा के आवश्यक छ ?**

मूर्तिपूजा आवश्यक छ। त्यसले मानिसलाई राष्ट्र र समाजका लागि केही गर्न र अनुशासित एवं सभ्य हुन सिकाउँछ।

- **ॐकार सन्देशको आग्रहलाई स्वीकारी छन्दनिवासमा स्वयम् उपस्थित भएर यो कुराकानी गर्ने अवसर दिनुभएकोमा म आभारी छु। यहाँको ज्ञानबर्द्धक भनाइबाट धेरैले लाभ प्राप्त गर्ने नै छन्। अन्तमा केही भन्नु छ की ?**

यो अन्तरवार्ताको अवसरका लागि तपाई लगायत ॐकार सन्देश परिवारलाई हार्दिक धन्यवाद अर्पण गर्छु। मेरो आजको दिन सार्थक रह्यो। तपाईको भलो होस्, नमस्कार।

✡✡✡✡

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

केनोपनिषद्

✍ **भोला थापा**

केनोपनिषद् सामवेदको तलवकारब्राह्मण अन्तर्गत रहेको छ । तलवकार ब्राह्मणको अस्तित्त्वको सम्बन्धमा केही पाश्चात्य बिद्धानूहरूले सन्देह व्यक्त गरेका थिए । तर डा. बर्नेलले त्यसको एक प्राचीनप्रति प्रस्तुत गरेपछि त्यो सन्देह समाप्त हुन गयो । 'इश' उपनिषद्मा जस्तै केनोपनिषद्मा पनि सर्वप्रथम 'केन' शब्द आएको छ। त्यही कारणले गर्दा यसको नाम नै केनोपनिषद् रहन गएको हो। यसलाई तलवकार उपनिषद् र ब्राह्मणोपनिषद् पनि भनिएको छ। केनोपनिषद् तलवकार ब्राह्मणको नवौं अध्याय हो ।

अथर्वसंहिता (१०/२/२२) को 'केन देवां अनु क्षियति' अर्थात् कुन सामर्थ्यका कारण मानिस देवताहरूको अनुकूल भएर रहन सकेको हो ? दिव्यतायुक्त प्रजाहरूको अनुकूल कसरी रहन सकिन्छ ? केले क्षत्रबलहीन र केले उत्तम क्षत्रबल सम्पन्न बनाउँछ ? भन्ने प्रश्न र 'ब्रह्म देवाँ अनु क्षियति' अर्थात् ब्रह्मलेनै देवताका अनुशासनमा त्यस मानिसलाई बाँच्न सिकाएको हुन्छ । ब्रह्मले नै दिव्यतासम्पन्न प्रजाहरूलाई अनुकूल आवास प्रदान गर्दछ। ब्रह्मले नै उत्तम क्षत्रबल सम्पन्न र ब्रह्मले नै क्षत्रबाल रहित बनाउँछ (१०/२/२३) भन्ने उत्तर (प्रश्नोत्तर) को समानभाव र शैलीलाई केनोपनिषद्ले अपनाएको देखिन्छ। मिश्रित शैलीमा रहेको केनोपनिषद्मा दुई भाग छन्- प्रथम भाग पद्यमय र दोस्रो भाग गद्यमय । प्रत्येक भागमा दुई - दुई खण्ड गरी यसमा कुल चार खण्ड छन्। प्रथम भागको प्रथम खण्डमा आठओटा र दोस्रो खण्डमा पाँचओटा मन्त्र जोडेर जम्मा १३ ओटा मन्त्रहरू प्रथम भागमा छन्। ती मन्त्रहरूमा आत्मालाई शरीरभन्दा अलग र इन्द्रियहरूको प्रेरक मानेर यही आत्मा नै सत्य तथा पुजनीय भनिएको छ। यो पद्यमय भाग वेदान्तको विकासकालको रचना प्रतीत हुन्छ।

✍ लेखक पोखरा नगरपालिकाका पूर्व नगर प्रमूख हुनुहुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दोस्रो गद्यमय भागको तृतीय खण्डमा १२ ओटा र चतुर्थ खण्डमा ९ ओटा मन्त्रहरू रहेकाछन् । यसरी सबै जोडेर हेर्दा केनोपनिषद्मा ३४ ओटा मन्त्रहरू पाइन्छन् ।

केनोपनिषद्मा प्रतिपादित विषय 'ब्रह्मतत्त्व' नै हो । यही कुरा बुझाउनका लागि गुरु - शिष्य सम्बादको रूपमा परब्रह्म तत्त्वको निरूपण गरिएको छ । यो उपनिषद् 'ॐकेनोषितं' बाट आरम्भ गरिएको छ तर त्यसभन्दा पूर्व कहीं पनि गुरु - शिष्यको सम्वादको परिकल्पना नै गरिएको छैन । शङ्कर - भास्यार्थ इशोपनिषद्को पृ. १६ तथा १८ को आधारमा यसमा पनि सजिलो का लागि गुरु - शिष्य सम्वादको रूपमा लिइने गरिएको छ ।

केनोपनिषद्मा इन्द्र सर्वोच्च देवताको रूपमा स्थापित छन् । सबैभन्दा गुढ अर्थवाला देवता वाचक शब्दहरू हुन् - इन्द्र, अग्नि, रुद्र । केनोपनिषद् कठोपनिषद्भन्दा पूर्वकालीन मानिन्छ । तर हिमालयकी पुत्री उमाको उपस्थितिलाई पौराणिक देवीदेवताको रूपमा मानिने हुनाले यो उपनिषद्लाई प्राचीन होइन भन्नेहरू पनि छन् ।

केनोपनिषद् 'मन', 'प्राणशक्ति,' 'वाक्' तथा 'इन्द्रियहरूको कार्यको अन्तिम उत्सव अथवा सञ्चालनको प्रसङ्गमा आएको प्रश्नबाट प्रारम्भ भएको छ - प्रश्न छ कुन कस्को द्वारा ? यसको प्रासङ्गिक विषय हो- सुक्ष्म तथा आध्यात्मिकको परस्परको सम्बन्ध अर्थात् अधिदेव र अध्यात्म ।

केनोपनिषद्ले सर्वप्रथम हामीहरूको मनोमयी सत्ताको पछि विद्यमान त्यस गहनतर, विशालतर तथा अत्यधिक शशक्त चैतन्यको निर्वचन गरेको छ । मन र शरीरमात्र हामीहरूको वास्तविक स्वरूप होइन । अहङ्कार वृत्ति पनि हामीहरूको वास्तविक स्वरूप होइन । स्मृतिबाट पनि हामीहरूको सच्चास्वरूप निर्माण भएको छैन, यो त एक उपकरण हो । हामीहरूको सचेतना प्रक्रियाहरूको व्यवस्थापनको लागि चयन गरिएको एक उपकरण हो स्मृति । नैतिक व्यक्तित्वमा पनि हामीहरूको आत्मभाव रहेको हुँदैन । त्यो त केवल परिवर्तनशील रचना मात्र हो ।

'ब्रह्म' हामीहरूको मनको, वाणीको अथवा प्राणशक्तिको विषय नै होइन । वेद भन्दछ - जव मन त्यस परमदेवको निकट पुग्दछ र अध्ययन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
अनुभव गर्न खोज्दछ तव त्यो परमदेव विलीन भइहाल्छ ।' यो कुनै दृश्य, श्रुत, व्यक्त, इन्द्रियगोचर, विचारद्वारा निर्मित वस्तु नै होइन ।

केनोपनिषद्मा 'ब्रह्म - चैतन्य' को निरूपण मनोगत ढङ्गबाट गरिएको छैन । केनोपनिषद्मा ब्रह्म समस्त जगत्का इश्वर र अधिपति हुन् । ब्रह्म त्यो हो, जो मननबाट मनन हुँदैन, प्राणबाट प्राणान्वित हुँदैन, इन्द्रियहरूबाट सम्वेदन हुँदैन, वाक्बाट अभिव्यक्त गरिदैंन । उनले नै यी सबै चीजहरूलाई आफ्नो श्रेष्ठ र सर्वसमाहारी सर्वज्ञ चेतनाको विषय बनाएका हुन् ।

केनोपनिषद्मा आएका लोकहरूको अभिप्राय आत्माको अवस्थाहरू नै हुन्, विश्वको भौगोलिक विभाजन होइन । केनोपनिषद्को सार हो - जुन जीवात्मालाई पूर्णतया अमृततत्त्व प्राप्त भएको हुन्छ, उ नाम र रूपहरूको अतिक्रमण गर्दै समस्त लोकहरूभन्दा पारि पुग्छ र मुक्त हुन्छ ।'

प्रथम खण्ड

केनोपनिषद्को पहिलो अध्यायको पहिलो खण्डमा उपास्यब्रह्म र निर्गुणब्रह्म बीचको अन्तर देखाइएको छ । उपनिषद्को आरम्भमा नै शिष्यले गुरुसँग चार प्रश्न सोधेका छन् -

ॐकेनोषितं पतति प्रेषितं मनः के न प्राण ...' अर्थात् को द्वारा सत्तास्फुर्ति पाएर र प्रेरित भएर यो मन आफ्नै विषयमा डुबिरहन्छ ? को द्वारा नियुक्त भएर सबै भन्दा उत्तम प्राण चल्दछ ? कस्को इच्छाले हामीहरू यो वाणी बोल्दछौ ? र कुन प्रसिद्ध देवले नेत्रेन्द्रिय र कर्मेन्द्रियहरूलाई नियुक्त गर्दछन् ? ॥१॥

यसको जवाफ गुरुले यसरी दिएका छन् :-

मन, प्राण र समस्त इन्द्रियहरूको परम कारण जुन हो, जसबाट यी सबै उत्पन्न भएका छन्, जसको शक्ति पाएर यी सबैले आफ्नो - आफ्नो कार्य गरिरहेका छन् र जसले यी सबैलाई जान्दछन्, उही परब्रह्म परमेश्वर नै यी सबैका प्रेरक हुन् । यसलाई बुझ्ने ज्ञानीजन जीवन मुक्त भएर यस लोकबाट गएपछि अमर हुन्छन् । ॥२॥

ब्रह्म 'यस्तो - उस्तो' हुनुहुन्छ भन्ने सङ्केतबाट मात्र बताउनाले त्यसलाई कसरी बुझ्ने ? यस जिज्ञासाको उत्तर गुरुले यसरी दिएका छन् -

त्यहाँ (त्यो परब्रह्मसम्म) न चक्षुइन्द्रिय पुग्न सक्दछ, न वाक् इन्द्रिय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
र न मन नै, जसबाट ब्रह्मको स्वरूप यस्तै छ भनेर जान्न सकियोस् । यो कुरा हामीहरू न स्वयम् आफ्नो बुद्धिले जान्न सक्दछौ, न अरूबाट सुनेर नै । किनकि ब्रह्मविदित पदार्थभन्दा भिन्न पदार्थहरूबाट ब्रह्मलाई जान्न सकिंदैन । ॥३॥

अबका पाँच मन्त्रहरूमा ब्रह्मका विषयमा अझ राम्रोसँग सम्झाइएको छ -

जुन वाणीद्वारा बताउन सकिंदैन, जसबाट वाणी बोलिन्छ, उसैलाई नै तिमीले ब्रह्म मान । वचनका माध्यमद्वारा व्यक्त गर्न सकिने जुन तत्वको मनुष्यले उपासना गर्दछन्, त्यो ब्रह्म होइन । ॥४॥

जसलाई मनद्वारा चिन्तन गर्न सकिदैन, जसबाट मन जानिएको जस्तो लाग्दछ त्यसलाई नै तिमी ब्रह्म सम्झ । मन र बुद्धिद्वारा जानकारीमा आउने जुन तत्त्वको मनुष्यले उपासना गर्दछ, त्यो ब्रह्म होइन । ॥५॥

जसलाई आँखाद्वारा देख्न सकिंदैन, जसबाट आँखा आफ्ना विषयहरूलाई नै देख्दछ, त्यसलाई नै तिमी ब्रह्म मान । आँखाद्वारा देखिने जुन दृश्यार्थका मनुष्यले उपासना गर्दछ, त्यो ब्रह्म होइन । ॥६॥

जसलाई कानद्वारा सुन्न सकिंदैन, जसबाट यो कानले सुन्न सक्ने क्षमता प्राप्त गर्दछ त्यसलाई नै तिमी ब्रह्म मान । श्रोत इद्रियका माध्यमद्वारा जानकारीमा आउने जुन तत्वको मनुष्यले उपासना गर्दछ, त्यो ब्रह्म होइन । ॥७॥

जो प्राणद्वारा चेस्टायुक्त हुन सक्दैन, बरु जसबाट प्राण नै चेस्टायुक्त हुन्छ, त्यसलाई नै तिमी ब्रह्म मान । प्राणको शक्तिबाट चलायमान देखिने जुन तत्त्वहरूबाट मनुष्यले उपासना गर्दछ त्यो ब्रह्म होइन । ॥८॥

प्रथम भागको पहिलो खण्ड समाप्त भयो ।

✡✡✡✡

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वैदिक सनातन धर्ममा वनस्पतिको महत्त्व

✍ ऋषिराम त्रिपाठी

वैदिक सनातन धर्मको न आदि छ न अन्त्य। यो अनन्त छ। विश्वको सबैभन्दा पुरानो इतिहास बोकेको सनातन धर्मले विशेष महत्त्व राख्दछ। पृथ्वीको उत्पत्तिदेखि यसमा उत्पन्न भएका जीव एवं श्रीहरिका लीला अपार छन् । भगवान् परमेश्वरले विभिन्न कालखण्डमा अवतार लिएर पृथ्वीको भार हरण गर्नु भएका कैयौं उदाहरण रहेका हामीले मान्नै पर्दछ। त्यसैले भगवान्को महिमा अपार छ। भगवान्का श्वासबाटै वेदको उत्पत्ति भएको हुदाँ वेद नै लोकको लागि परम कल्याणकारी र सनातन मार्ग हो । सर्ववेदमय उनै श्रीहरि भगवान् धर्मका मूल कारण हुनु हुन्छ। वेद प्रभुको हृदय हो। वेद एवं उपनिषद्को सार श्रीमद्भागवत पुराण नै हो । श्रीमद्भागवत पुराणबाट हामी वैदिक रहस्यको वास्तविकता थाहा पाउछौं । श्रीमद्भगवद् महापुराणको द्वितीय स्कन्दको दशम ध्यायमा बताइएमुताविक भगवान्को नाभिकमलदेखि प्रकट हुनुभएका ब्र गीले कमलको कोषमा प्रवेश गरी दश प्रकारका सृष्टि गरेका बताइन्छ। सप्तम सृष्ट. प्रकारका वनस्पति आदि स्थावर (जड)का सृष्टि भयो भने नवम् सृष्टि मनुष्यको भएको बताइन्छ। जगत्मा चार प्रकार का जीवमध्ये "उदभिज् पृथ्वीबाट पैदा हुने वृक्ष वनस्पतिले महत्त्वपूर्ण स्थान ओगटेको छ । भगवान्ले प्राणी जगत्का हितका लागि सृष्टि गर्नु भएका वनस्पति धेरै प्रकारका छन् । झारपातदेखि ठूला ठूला अग्ला अग्ला वृक्ष यसमा पर्दछन् । प्राणी जगत्का दैनिक आवश्यक पर्ने वस्तुहरू जस्तै काठ, दाउरा, स्याउला, जडीबुटी, अक्सिजन वायु, अन्न, धागो, फलफुल, वासस्थान, कन्दमूल, मुना, आश्रयस्थल आदि यसैले प्रदान गर्दछ। वनस्पति प्राणी जगत् जस्तो गतिशील नभए पनि पूनः नवीकरण हुन सक्ने क्षमता राख्दछ। बीउ, जरा एवं काण्डबाट पूनःउत्पादन हुन सक्ने भएबाट वनस्पतिले धेरै कालदेखि निरन्तर सेवा प्रदान गर्दै आएको हामीले पाउँछौं ।

✍ लेखक नेपाल सरकारका पूर्व सहसचिव तथा विश्वहिन्दु महासङ्घ गण्डकी प्रदेशका सदस्य हुनुहुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भौगोलिक स्थिति, जलवायु, एवं स्थान विशेषमा विभिन्न प्रजातिका वृक्ष वनस्पतिहरू प्रकट भएको हामीले पाउँछौं। पूर्व पश्चिम देशान्तर र उत्तरी दक्षिणी अक्षांशका फरक फरक स्थानमा विविध प्रजातिका वनस्पति उत्पत्ति भएका हुन्छन्। सामुद्रिक सतहदेखि उचाइ बढ्दैजाँदा प्रजाति, आकार एवं स्वरूप लगायतमा फरक देख्न सकिन्छ। समुद्रको सतहमा पाइने वनस्पति वृक्ष, समथर भागमा पाइने वृक्ष, उचाइको पहाडमा पाइने वृक्षहरू फरक फरक हुन्छन्। दक्षिणी गोलार्ध र उत्तरी गोलार्धको ध्रुवमा पाइने प्रजातिमा धेरै अन्तर हामीले पाउँछौ। तातो एवं चिसो स्थानमा पाइने वृक्षमा पनि भेद पाइनुका साथै वार्षिक वृद्धिमा पनि फरक पाइन्छ।

भगवान्को कृपा प्राप्त गरी प्रकृतिमा स्वतः प्रकट हुने वनस्पतिलाई स-साना झारपातदेखि ठूला ठूला वृक्षको रूपमा प्रकट भैरहने नियमित प्रक्रिया रहेको हामीले देखेका भोगेका छौं। प्रायःजसो रूख विरुवाहरूमा औषधिजन्य तत्त्व रहेको भए तापनि जरा, बोक्रो, पात, फलभुवा, फलबीज, विरुवा, गमरेजिन आदि फरक फरक मात्रामा औषधिको परिमाण रहेको हुन्छ। धर्मसँग सम्वन्धित वनस्पतिहरू वैदिक सनातनदेखि पूजा आराधना गर्ने प्रचलन रहँदै आएको छ। वर, पीपल, रुद्राक्ष, कुश, काँस, पारिजात, चन्दन, कमल, वेल, आदि वनस्पति परापूर्वदेखि पुजिंदै आएको पाइन्छ। वृक्षलाई त्यसको स्वरूपानुसार दुई किसिमले वर्गीकरण गरेको पाइन्छ। लामपाते र कोणधारी वृक्ष वनस्पतिको रूपमा देखिन्छन्। त्यस्तै नरम र कडा काठ हुने विरुवाको रूपमा पनि विभाजन गरिएको छ। कतिपय वनस्पति फेदैमा काटेमा पुनः पलाएर आउन सक्ने क्षमता राख्दछन्। तर इन्द्रलाई ब्रह्महत्या लागेपछि उनले ब्रह्महत्यालाई चार भागमा विभाजन गरी एक भाग पृथ्वीलाई, एक भाग जललाई, एक भाग पुनः पलाउन सक्ने क्षमता भएका वृक्षलाई र एक भाग स्त्रीलाई प्रदान गरेको शास्त्रमा बताइन्छ। **त्यसैले चोप/गम निस्कने वनस्पतिका त्यस्ता पदार्थ अशुद्ध हुनेसमेत बताइएको छ**। किनभने त्यस्ता गममा ब्रह्महत्या लागेको विश्वास गरिन्छ। सामुद्रिक तटदेखि उचाइ बढ्दै जादाँ वनस्पतिको प्रकार फरक फरक पाइन्छ। जस्तै नरिवल, ताडी, साल, टीक, श्रीखण्ड, शिशौ, खयर, चाप, विभिन्न प्रजातिका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सल्ला, फर, स्प्रुस, भोजपत्र, काँडादार वनस्पति लगायतको रूख विरुवा भएको पाइन्छ ।

धरती माताको उपहारको रूपमा वनलाई यथास्थितीमा रहन दिएमा आ-आफ्नै किसिमले जङ्गलकै रूपमा आफ्नै स्वरूप अवस्थामा रहन्छ भने अर्कोतिर मनुष्यले आफ्नो उपयोगको लागि पनि व्यवस्थापन गर्ने गरेकै छन् । राज्यले पनि वन वनस्पतिलाई उपयोगितानुसार वर्गीकरण गरेको पाइन्छ । सरकारी वन, समुदायिक वन, धार्मिक वन, नीजिवन लगायतमा समुहिकृत गरिएको पाइन्छ । धार्मिक वनहरूको व्यवस्थापन धार्मिक समुदायले गरेका हुन्छन् । धार्मिक प्रजातिका वनस्पतिलाई काट्न नास्न नपाइने, गरेमा पाप लाग्ने भनाइ रहेको छ ।

वैदिक सनातन धर्मावलम्बीहरूले वनस्पति जगत्मा केही वनस्पतिका प्रजाति विशेष महत्त्वको रूपमा लिएको पाइन्छ । प्राणी जगत्को लागि वनस्पति गाँस, बास र कपासका रूपमा मात्रै नलिई पवित्र वृक्षको मान्यता प्रदान गरेको पाइन्छ । वर .पल, तुलसी, कुश, काँस, पारिजात, चन्दन, रुद्राक्ष, श्रीखण्ड आदि प्रजा... ार्मिक हिसावले निकै महत्त्व राखेकोले यी प्रजातिका वनस्पतिसँग भगवान्को धेरै ५ नै अंश भएको बताइन्छ । हुन त सबै वनस्पतिमा भगवान्को आत्म जोडिएको हाम्रो धर्म शास्त्रले औंल्याएको छ । वनस्पतिको प्रवर्धन गर्न वीउ, जरा, काण्ड आदि विभिन्न तरिकाले विरुवा उत्पादन गरी वृक्षारोपण गरिंदै आएको पनि हामीले देख्न, बुझ्न सक्दछौ । श्रीकृष्ण भगवान्ले स्वर्गबाट पारिजात विरुवा ल्याई आफ्नी पत्नी सत्यभामाको लागि द्वारकाको बगैंचामा रोपेको दृष्टान्त पनि शास्त्रले बताएको छ ।

वृक्ष वनस्पतिको उपभोगमा वैदिककालदेखि नै विभिन्न तौरतरिका अपनाएको देखिन्छ । प्राणी जगत्को गाँस, वास, कपासबाहेक अन्य प्रकारले प्रयोग गरिदै आएको छ । वनमा तपस्यास्थलको रूपमा ऋषिमुनी साधु सन्त, देवता, दानव आदिले प्रयोग गर्दै आएका, अम्र र जामुनका फूलबाट नदी उत्पत्ति भएका, वनस्पति कै नाउँबाट दीपहरूको नामकरण, रूखको पातमा भगवान्को उत्पत्ति भएका उदाहरण रहेको पाइन्छ ।

वेद र उपनिषद्को सारको रूपमा महर्षि व्यासद्वारा रचित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीमद्भागवत् पुराणमा भगवान् श्रीहरि विभिन्न स्वरूप एवं अवतारका लीलामा देखिएका वृक्ष एवं वनस्पतिहरू देहाए वमोजिम भएका बताइएको छ ।

- १२ वर्षसम्म आमाको गर्भमा रही जन्म लिएर संस्कार नगर्दै घर त्यागेर सन्यासको लागि वनतिर लाग्नु भएका व्यास पुत्र शुकदेवलाई पिताले पछि पछि बोलाउँदै जाँदा शुकरूप भएका वृक्षहरूले प्रतिउत्तर दिएका थिए ।
- भक्ति नामकी युवती ज्ञान र वैराग्य नामका कलियुगले वृद्ध भएका आफ्नो छोराको साथ द्रविड देशमा उत्पन्न भएर कर्णाटक देशमा हुर्की गुजरातमा आएर जीर्ण घोर कलिका प्रभावले अङ्ग भङ्ग भै पुनः युवती भएकी छिन् ।
- वृक्ष, लता, पत्ता आदिले परिपूर्ण भएको हरिद्वारको समिट आनन्द नामको तटमा वहाँ अनेकौं ऋषिमुनि देवता सिद्ध रहन्छन् ।
- पुत्रको आकांक्षा भएका ब्राह्मणको अनुरोधानुसार सन्यासीले एक फल प्रदान गरी फलको प्रभावबाट ब्राह्मणको पुत्र लाभ भएको थियो । पत्नीबाट नभै गाईबाट गोकर्णको जन्म भएको थियो ।
- प्रेत भएको धुन्धकारी भागवत कथा पुराणको लागि राखिएको सातवटा आँख्ला भएको बाँसमा प्रवेश गरी सातौं दिनमा सातै आख्ला फुटी मुक्ति भएको थियो ।
- दासी आमाको सर्पको टोकाइबाट मृत्यु भएपछि नारदजी उत्तरतर्फको घोर जङ्गलमा एक नदीमा स्नान गरी पानी पिई पीपलको फेदमा बसेर ध्यान गर्दा भगवान् हृदयमा प्रकट हुनु भएको थियो ।
- समिक नाम गरेका ऋषि वनमा आश्रम बनाएर समाधिस्थ भएका बेलामा चक्रवर्ती सम्राट परीक्षित उनका पुत्र शृङ्गीका सरापले तक्षक नागले डसेर मृत्यु भयो ।
- पत्नी सत्याभामालाई प्रसन्न गर्न श्रीकृष्ण भगवान्ले स्वर्गबाट पारिजातको वृक्ष ल्याएर बगैंचामा रोप्नु भएको थियो ।
- शान्त स्वभाव ऋषिको आश्रम स्वयम्भुव मनु परिवारसहित आउनु भयो । सो आश्रममा पीपलादि पवित्र वृक्ष, कदम, चाँप, अशोक, करन्ज, मौलासरी, विजयसाल, कुन्द, पारिजात, ठूलोकुरो, आँप, इत्यादि वृक्षहरूले अलङ्कृत थियो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

- सुमेरु पर्वतको पूर्वतर्फ रहेको मन्दर पर्वतमा आम्रका वृक्षमा फलेका अमृतमय फल खसेर फुट्दा त्यसको दिव्य रसले अरुणेदा नामकी नदी बनेर इलावृतको पूर्वी भागमा प्रवाहित हुनुका साथै जामुनको फलको दिव्य रसले जम्वु नदी प्रकट भएर इलावृतको दक्षिणमा प्रवाहित भएकी थिइन् ।
- जामुनका वृक्ष भएको स्थानबाट जम्मुद्वीप रहन गयो, त्यस्तै गरी सुवर्णमय प्लक्ष (पाकर) को वृक्षले गर्दा प्लक्षद्वीप रहन गयो ।
- मदिराको समुद्रले आवेष्ठित शाल्मली द्वीपमा सिमलका वृक्ष रहेका छन्, जस्मा गरुडजीको निवासस्थान रहेको, साथै सिमलको वृक्ष भएकोले शाल्मली रहन गयो ।
- घृत समुद्रले घेरिएको एउटा द्वीपमा कुशको दिव्य झाडी भएकोले यसको नाम कुशद्वीप रहन गएको थियो ।
- मोहीको समुद्रले आवृत शाकद्वीपमा शाकको वृक्ष रहेकै कारण शाकद्वीप रहन गएको मानिन्छ ।
- क्षीर सागरको समिपमा त्रिकुट पर्वतका साथै अन्य शिखर पनि थिए, तिनै को काखमा वरुणजीको ऋतुमान नाम गरेको बगैंचा थियो । बगैंचामा दिव्य रूखहरू मन्दार, पारिजात, गुलाब, अशोक, चम्पा आँप, कटहर, अमारो, सुपारी, नरिवल, खजुर, विमिरा, जेठीमधु, साल, तारलमाल, विजयसाल, खरी, रिठो, डुमरी, पौकुरी, वड, पलाँस, चन्दन, नीम, कोइराला, सल्ला, देवदारू, दाख, उखु, केरा, जामुन, वयर, वर्रो, हर्रो, अमला, बेल, कैथ, ज्यामिरे, भलाए आदिका रूख विरुवा थिए ।
- श्रीकृष्ण बलराम ब्रजको वनमा बहार गर्दै ताल वनमा आई पुगे, त्यहाँ ताडको रूखमा प्रशस्त फल लागेको थिए । एउटा रूख समातेर जोरसँग हल्लाई फल खस्न थाले ।
- कालिया नागको विषले दूषित यमुना दहलाई शुद्ध गर्ने विचारले एउटा कदम्बा वृक्षको डालीमा चढेर छलाङ्ग लगाइ श्रीकृष्णले कालिया नागलाई हटाइ दिए ।
- व्रजको वनमा विभिन्न प्रकारका वृक्ष रहेका थिए । चम्पा, चमेली, सयपत्री, मालती, आँप, आँक, वेल, कटहर, जामुन रहेका थिए ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

- श्रीकृष्णको सहायताले अर्जुनले अग्नि देवतालाई "खाण्डव वन" दान गरेका थिए ।
- मार्कण्डेय ऋषिले पृथ्वीको एउटा टापुमा वट वृक्षको दर्शन गरे, इशानकोणका डालीमा, दुनाको आकारको एउटा पातमा भगवान्का स्वरूप देख्नु भयो, साथै अर्को टापुमा वरको रूखमा फेरि उस्तै भगवान् का दिव्य स्वरूप देख्नु भएको थियो ।

अन्त्यमा, द्वापर युगको अन्त्यमा श्रीकृष्ण धरतीबाट स्वधाम प्रस्थान गर्नु भएपछि कलियुगको आगमनले धर्मका चरण सत्य, दया, तप एवं दानको एक चतुरांश बाँकी रही अधर्मका चरण असत्य, हिंसा, असन्तोष र कलहको वृद्धिले जगत् सङ्कटमा पर्दै गएको छ, तर कलिको आगमन भएपनि राजा परीक्षितको शासनकालमा कलिले छुन सकेको थिएन । तत्पश्चात् कलिले धपक्कै छोपी असत्य, हिंसा, असन्तोष र कलहमा वृद्धि र धर्मका सत्य, दया, तप एवं दानमा ह्रास आई सर्वत्र अस्त व्यस्तको स्थिती आयो । मनुष्यमा अनैतिक क्रियाकलाप बढ्दै गए, त्यतिमात्रै के हुन्थ्यो ? भगवान्ले प्राणी जगत् को उद्धारको लागि सृष्टिगरेका रूख वनस्पतिले समेत फलरहित वृक्षमात्रै धेरै हुन थाले । त्यसैले उग्र सङ्कटको सामना गर्नु पर्ने अवस्था आउन सक्छ । त्यसैले वनस्पतिको अत्यन्त महत्त्वपूर्ण स्थान रहेको छ । भगवान्का अति प्रिय वनस्पतिको हामी सम्पूर्ण मनुष्य जगत्ले सही सदुपयोगका साथै जगेर्नामा विशेष चासोका साथ लाग्नु पर्ने आवश्यकता छ ।

सन्दर्भ सामाग्री

- श्रीमदभागवत् महापुराण
- आचार्य हरिप्रसाद अर्याल, २०६४, २०६८, २०६९, २०७१, २०७४, २०७५, २०७६ का श्रीमद्भागवत् महापुराणको साप्ताहिक प्रवचनबाट ।
- आचार्य हरिप्रसाद अर्याल : श्रीमद्भागवत् महापुराणको साप्ताहिक प्रवचन दोस्रो दिनको प्रवचन
- वन ऐन, २०७६
- वन नियमावली, २०५१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

न्यायवैशेषिकदर्शन र तत्सम्मत कार्यकारणभाव सिद्धान्त

✍ सह. प्रा. अच्युतप्रसाद लामिछाने

'नि' उपसर्गपूर्वक 'इण्' गतौ धातुबाट निष्पन्न न्याय शब्दको प्रयोग भारतीय वाङ्मयमा अनेक अर्थमा भएको छ। "परिन्योर्नीणो र्द्युताभ्रेषयोः"[1] यस पाणिनीय सूत्रअनुसार निष्पन्न न्याय शब्दको अर्थ उचित अथवा अनुचितको विवेक हो। 'नीयन्ते- प्राप्यन्ते विवक्षितार्थारनेन अस्मिन् वा' यस व्युत्पत्तिको आधारमा पनि न्याय शब्द बन्दछ। यस व्युत्पत्तिलाई आधार मान्दा जसबाट बस्तुको ज्ञान प्राप्ति हुन्छ, त्यसैलाई न्याय भनिन्छ अर्थात् जुन साधनको माध्यमबाट हामी विवक्षित तत्त्व प्राप्त गर्न सक्दछौं, त्यसैलाई न्याय भनिन्छ। यस अतिरिक्त "नियन्ति- संहरन्ति अस्मिन् इति" यस विग्रहबाट पनि न्याय शब्द बन्दछ। नि उपसर्ग पूर्वक इण् गतौ धातुमा घञ् प्रत्यय लागेर (नि ं इण् ं घञ्) "अध्यायन्यायो द्यावसंहाराधारावायाश्च"[2] सूत्रअनुसार न्याय शब्द बन्छ। यस व्युत्पत्तिको आधारमा अनेक अर्थ सम्पन्न शब्द न्याय हो भन्ने बुझिन्छ। दृष्टान्त र भनाइको अर्थमा पनि न्याय शब्दको प्रयोग भएको हुन्छ। जस्तै "कनककुण्डलन्याय" यहाँ दृष्टान्तार्थमा न्याय शब्दको प्रयोग भएको छ भने "काकतालीयन्याय अथवा थालीपुलाकन्याय" यहाँ भनाइको अर्थमा न्याय शब्दको प्रयोग भएको छ। वास्तवमा 'नितरामतिशये न ईयते - अवगम्यते विवक्षितार्थसिद्धिरननेति' यस व्युत्पत्तिबाट न्याय शब्द निष्पन्न हुन्छ। यस व्युत्पत्तिगत अर्थलाई आत्मसात् गर्दै वात्स्यायन मुनि अगाडि लेख्दछन् -

विवक्षित अर्थको सिद्धि पञ्चावयव वाक्यबाट हुन्छ। 'प्रतिज्ञाहेतूदाहरणोपनयनिगमनानि पञ्चाववयवाः'[3]। अर्थात् प्रतिज्ञा, हेतु, उदाहरण, उपनय र निगमन यी पञ्चावयव वाक्य हुन्। यी मध्ये पर्वतो वह्निमान्' पर्वतमा आगो छ भन्ने प्रतिज्ञावाक्य पहिलो हो। प्रतिज्ञावाक्यले पक्षमा सिद्ध गरिने वस्तु=साध्यको निर्देश गर्दछ। 'धूमवत्त्वात्' = धुवाँ भएकोले भन्ने यो दोश्रो हेतुवाक्य हो। यस वाक्यले अनुमानसिद्ध गर्ने हेतुको (कारणको) निर्देश गर्दछ। 'यो यो धूमवान् स स वह्निमान्'

✍ लेखक वाल्मीकि विद्यापीठ काठमाण्डौंमा प्रध्यापनरत हुनुहुन्छ।

१ अष्टाध्यायी सूत्रपाठ ३।३।३७

२ पूर्ववत् ३।३।१२२

३ तर्कसङ्ग्रहः अनुमान परिच्छेद पृ. ४६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

= जो जो धुवाँवाला हुन्छ त्यो त्यो आगोवाला हुन्छ भन्ने यो तेश्रो उदाहरणवाक्य हो। यस उदाहरणवाक्यमा उदाहरणको साथै हेतु र साध्यको नियतसाहचर्यनियम उल्लेख गरिएको हुन्छ। "तथाचायमुत्युपनयः" यो त्यस्तै हो भन्ने चौथो उपनयवाक्य हो। यसमा व्याप्तिविशिष्ट पक्षको बोध हुन्छ। "तस्मात्तथेति निगमनम्" यो पाँचौं निगमनवाक्य हो। यस वाक्यमा प्रतिज्ञाको पुनर्वचन भई अनुमानद्वारा प्रतिज्ञाको सिद्धि हुन्छ। यी नै पञ्चावयववाक्यलाई "प्रतिज्ञाहेतूदाहरणोपनयनिगमनान्यवयवाः"[४] भनी सूत्रकारले निर्देश गरेका छन्। यसरी पञ्चावयवरूप न्यायको प्रयोगबाट पर्वतादि पक्षमा वह्न्यादि साध्यको सिद्धि गरिन्छ। "प्रमाणैरर्थपरीक्षणं न्याय"[५] : अर्थात् प्रत्यक्ष, अनुमान, उपमान र शब्द यी चारवटा प्रमाणद्वारा अर्थको परीक्षा गर्नु न्याय हो। पञ्चावयवरूप न्याय प्रयोग गर्दा पनि उपर्युक्त चारवटै प्रमाण प्रयोग भएको हुन्छ अथवा पञ्चावयववाक्यमा "प्रत्यक्षानुमानोपमानशब्दाः" यी चारैवटा प्रमाण समाविष्ट हुन्छन्। जस्तैः साध्यको निर्देश गर्ने प्रतिज्ञा वचनमा शब्द प्रमाण, हेतुवचनमा अनुमानप्रमाण, उदाहरणवचनमा प्रत्यक्ष प्रमाण, उपनयवचनमा अनुमान र उपमानवचन प्रयोग भएका हुन्छन्। प्रतिज्ञा-हेतु, उदाहरण र उपनय यी चारवटै वाक्यको पुष्टि निगमनवाक्यले गर्दछ। अर्थात् उपर्युक्त चारवटै वाक्यको फलसिद्धि निगमनवाक्यबाट हुन्छ। समस्त प्रमाण अथवा पञ्चावयववाक्यबाट सिद्ध भएका कुरालाई परमन्याय भनिन्छ। यसैलाई वार्तिककार निम्नलिखित रूपमा स्पष्ट गर्दछन् - "समस्तप्रमाणव्यापारादर्थाधिगतिर्न्यायः"[६] अर्थात् समस्त प्रमाणको व्यापारद्वारा कुनै पनि फलको प्राप्ति हुनु न्याय हो।

प्राचीन र नव्य गरी यो न्याय दुई भागमा विभक्त छ। दुवै न्यायको विषय प्रायः एकै छ तापनि प्राचीनन्याय प्रमेय प्रधान छ भने नव्यन्याय प्रमाणप्रधान छ। प्राचीनन्यायको भाषा सरल एवं सुबोध छ भने नव्यन्यायको भाषा दुर्गम एवं दुर्बोध छ। प्राचीनन्यायको विषयप्रतिपादन स्थूल छ भने नव्यन्यायको सूक्ष्म छ। न्यायशास्त्र अथवा न्यायदर्शनको प्रथम पाठ्यपुस्तक महर्षि गौतमको न्यायसूत्र हो। यो कम्तीमा इसाको दोश्रोदेखि पाचौं शताब्दीको बीचमा आएको हुनुपर्दछ। किनभने त्यस समयसम्म पुग्दा बौद्धको शून्यवाद र विज्ञानवादले आफ्नो व्यवस्थित रूप लिइसकेको थियो। यसै क्रममा न्यायसिद्धान्तमाथि बौद्धहरु सैद्धान्तिक रूपमा आक्रमण गर्दै जाने, त्यसको निराकरण पनि न्यायद्वारा सैद्धान्तिक रूपमा हुँदै गएको ऐतिहासिक परम्परा देखिएको छ। यस आधारमा पनि न्यायदर्शनको प्रारम्भ इसाको

४ न्यायसूत्रम् १।१।३२

५ न्यायवार्तिकम् (भूमिक) प. १४

६ पूर्ववत् पृ. १४

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
दोश्रोदेखि पाचौंको बीच हो भन्न सकिन्छ। यस दर्शनको प्रारम्भसँगै बौद्धहरुको आक्रमणको सैद्धान्तिक रूपमा निराकरण गर्ने क्रममा प्राचीन न्यायदर्शनको विकास भएको हो। त्यस्तै बाहौं शताब्दीको अन्त्य वा तेह्रौंको प्रारम्भमा नव्यन्यायको प्रादुर्भाव भयो। यसका प्रवर्तक गङ्गेश हुन्। गङ्गेशोपाध्यायले 'तत्त्वचिन्तामणि' ग्रन्थको रचना गरेपछि नव्यन्यायको युग प्रारम्भ हुन्छ। यस ग्रन्थमाथि गङ्गेश पछिका विद्वानूहरुले विभिन्न व्याख्या, उपव्याख्या गर्दै गए, अनि न्यायको वैशिष्ट्य र महत्व बढ्दै गयो। यसै क्रमले न्यायदर्शनको उत्पत्ति र विकास भएको हो।

१. वैशेषिक दर्शन

वैशेषि कदर्शन पनि न्यायजस्तै न्यायवैशेषिक दर्शनको रूपमा प्रयोग भएको देखिन्छ। वैशेषिकदर्शन न्यायदर्शनभन्दा पनि पुरानो र अति विशिष्ट दर्शन हो। यस वैशेषिकदर्शनको नाम वैशेषिक हुनुमा विभिन्न विद्वानूहरुको भिन्न-भिन्न मत देखिन्छन्। "विशिष्यते सर्वतः"[७] व्यवच्छिद्यते येन सः विशेषः, विशेषाभ्यां साधर्म्य वै धर्म्याभ्यां प्रवहति व्याहरति वा वैशेषिकम् अर्थात् अन्य दर्शनको अपेक्षा यस दर्शनमा साधर्म्य र वैधर्म्यको आधारमा अति विशिष्ट तत्त्वको व्यवहार वा व्याख्या गरिएकोले यस दर्शनको नाम वैशेषिक रहेको हो। साङ्ख्य र वेदान्त दर्शनको अपेक्षा यो दर्शन विशिष्ट भएकोले पनि यसको नाम वैशेषिक रहेको हो, किनभने वेदान्तले एउटै मात्र ब्रह्मसत्तामा सारा पदार्थसन्निवेश गर्दछ भने प्रकृति र पुरुष यी दुई तत्त्वमा सारा तत्त्वको सन्निवेश हुन्छ भन्ने साङ्ख्यको मत छ। साङ्ख्य र वेदान्त दर्शनले स्वीकार गरेको भन्दा एउटा विशिष्टसत्ता वैशेषिक दर्शनले स्वीकार गरेको छ। आफ्नो यही विशिष्टताको आधारमा यस दर्शनको नाम वैशेषिक रहेको हो।

"द्वित्वे च पाकजोत्पत्तौ विभागे च विभागजे।
यस्य न स्खलिता बुद्धिस्तं वै वेशेषिकं विदुः॥"[८]

अर्थात् वास्तविक भिन्नतालाई मध्यनजर गर्दै सूक्ष्मविश्लेषण गर्नमा जसको बुद्धि चुकेको छैन ती वैशेषिक हुन्। "नैयायिकेभ्यो द्रव्यगुणादिसामग्र्या विशिष्टमिति वैशेषिकम्"[९] अर्थात् नैयायिकहरुको अपेक्षा द्रव्यगुण आदि विशिष्ट (भिन्न) तत्त्वको व्याख्या यस दर्शनमा भएकोले यसको नाम वैशेषिक रहेको हो। "विशेष पदार्थमधिकृत्य कृतं शास्त्रं वैशेषिकम्"[१०] अर्थात् अन्यदर्शनको अपेक्षा विलक्षण

७ भारतीय दर्शन पृ. ३४४
८ पूर्ववत् पृ. ३४४
९ पूर्ववत् पृ. ३४४
१० न्यायकोषः

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विशेषनामक पदार्थको व्याख्या यस दर्शनमा प्रस्तुत भएकोले यसको नाम वैशेषिक रहेको हो।

विश्लेषणात्मक दृष्टिबाट विचार गर्दा प्रत्येक वस्तुमा भिन्न भिन्न सत्ता सिद्ध हुन्छ। हरेक पदार्थमा विशिष्टसत्ता भएकै कारण एक पदार्थ अर्को पदार्थभन्दा भिन्न हुन्छ। "अन्त्यो नित्यद्रव्यवृत्तिर्विशेषः परिकीर्तितः"[११] नित्यद्रव्यमा अर्थात् अवसानमा रहेको विशेष हो। यसको अपेक्षा अर्को विशेष भन्ने नै हुँदैन। सावयव घटादिदेखि द्वचणुक पर्यन्त सारा पदार्थ तत् तद् अवयवका भेदले भिन्न भिन्न हुन्छन् भने निरवयवको कतैबाट पनि भेद सिद्ध हुँदैन। त्यस्ता निरवयव नित्य द्रव्यको भेद सिद्धिको निम्ति विशेषनामक पदार्थ स्वीकार गरिएको छ। सो विशेषनामकपदार्थ स्वतः सिद्ध भएकोले त्यसलाई सिद्ध गर्न विशेषान्तरको अपेक्षा नै पर्दैन। यस आधार मा अन्य दर्शनको अपेक्षा यस दर्शनको भिन्न विशेषता छ भन्न सकिन्छ। यस्तै यस दर्शनको अर्को नाम औलूक्य दर्शन पनि हो। सर्वदर्शन सङ्ग्रहमा यस दर्शनलाई औलूक्य दर्शनको संज्ञा दिइएको छ। श्रीहर्षले पनि यस दर्शनलाई नैषधचरित महाकाव्यमा औलूक्य दर्शन नै भनेका छन्। जस्तै-

"ध्वान्तस्य वामोरुविचारणायां वैशेषिकं चारु मतं मतं ते।
औलूक्यमाहुः खलु दर्शनं तत् क्षमं तमस्तत्वविचारणाय॥"[१२]

महर्षि कणादको बाबुको नाम उलूक ऋषि थियो। त्यसैले कणाद प्रतिपादित वैशेषिक दर्शन बाबुको नामबाट औलूक्य दर्शन भयो। "मुनये कणादाय स्वयमीश्वरः उलूकरूपधारी प्रत्यक्षीभूय द्रव्यगुणकर्मसामान्यविशेषसमवायलक्षणं पदार्थषट्कमुपदिदेशः"[१३] अर्थात् स्वयं भगवान् पिता उलूकको रूपमा प्रत्यक्ष भएर महर्षि कणादलाई द्रव्यगुणकर्मसामान्यविशेषसमवाय नामक षट्पदार्थको उपदेश गरेका थिए। त्यसैले पनि कणाद प्रतिपादित वैशेषिक दर्शनलाई औलूक्प दर्शन भनिएको हो। लाटोकोसेरोमा (उल्लुमा) अँध्यारोमा पनि सारा पदार्थ अवलोकन गर्ने सक्ने क्षमता भए भैँ कणादमा पनि संसारका सारा पदार्थको कण-कणको यथावत् अवलोकन गर्ने सक्ने क्षमता थियो। अवलोकन पश्चात् यथार्थ दार्शनिक विवेचन गर्ने क्षमता पनि थियो। यस अर्थमा पनि यस वैशेषिक दर्शनको नाम औलूक्य भएको हो।

न्याय अथवा वैशेषिक यी दुवै दर्शनको उद्देश्य सिद्धिको साधन ज्ञानतत्त्व हो। यी दुवै दर्शनले पृथिवी-जल-तेज-वायु-आकाश-काल-दिक्-आत्मा-मन-

---

११ न्यायसिद्धान्तमुक्तावली श्लोक १०

१२ नैषधचरितम् अंश ६, अध्याय २२ श्लोक ३५

१३ भारतीयदर्शन पृ. ३४६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
ईश्वर-पुनर्जन्म-मोक्ष-परमाणु आदिको सत्ता स्वीकार गरेका छन् । यी दुवै अनेक तत्त्ववादी र बाह्यार्थवादी दर्शन हुन् । पदार्थ विवेचनको दृष्टिमा यी दुई दर्शन एक अर्काका पूरक पनि हुन् । दुःखको अत्यन्ताभावलाई मुक्ति मान्ने वैशेषिक दर्शनले अभाव शब्दको उल्लेख गरेको छ । वैशेषिकको मतमा द्रव्य-गुण-कर्म-सामान्य-विशेष र समवायको भेदले पदार्थ छ किसिमको हुन्छ भने न्यायको मतमा प्रमाण-प्रमेय-संशय-प्रयोजन-दृष्टान्त-सिद्धान्त-अवयव-तर्क-निर्णय-वाद-जल्प-वितण्डा-हेत्वाभासा- छल-जाति-निग्रहस्थान गरी जम्मा १६ किसिमको हुन्छन् । वैशेषिकले मानेको छ पदार्थलाई न्यायले प्रमेय पदार्थ अन्तर्गत स्वीकार गरेको छ । "अस्त्यन्यदपि द्रव्यगुणकर्मसामान्यविशेषसमवायान्प्रमेयम्"[१४] भाष्यद्वारा यो कुरा स्पष्ट हुन्छ । वैशेषिक दर्शनको मूल कणादभाष्यमा षट्पदार्थको मात्र विवेचन छ, अभावको छैन तर कणाद पछिका विद्वानहरुले अभाव पदार्थको चिन्तन गरेका छन् । अभाव पदार्थ पनि प्रागभाव-प्रध्वंसाभाव-अत्यन्ताभाव र अन्योन्याभाव भेदले ४ किसिमका हुन्छन् । यस अभावलाई नैयायिकहरु स्वतन्त्र पदार्थ मान्दछन् भने वैशेषिकहरु मान्दैनन् । त्यस्तै वैशेषिकले प्रत्यक्ष र अनुमान तथा न्यायले प्रत्यक्ष अनुमान, उपमान र शब्द गरी चार प्रमाण मानेका छन् । सामान्यतया न्यायवैशेषिकले मानेका प्रमाणतत्त्वमा परस्पर सङ्ख्या भेद देखिए पनि सूक्ष्म रूपमा यी दुवै दर्शनको चिन्तनमा भिन्नता देखिंदैन ।

जस्तै- वैशेषिकहरु एकत्त्व-द्वित्त्व-त्रित्त्व आदि सङ्ख्यालाई अपेक्षावुद्धिजन्य मान्दछन् तर नैयायिक भने सङ्ख्यालाई त्यस्तो मान्दैनन् । उनीहरु सङ्ख्यालाई अपेक्षाबुद्धिज्ञाप्य मान्दछन् । वैशेषिकमतानुसार द्वित्त्व-त्रित्त्वको कल्पना एकत्त्वको कल्पनाबाट स्वतन्त्र हुन्छ । उनीहरु द्वित्त्व-त्रित्त्वलाई एक स्वतन्त्र वस्तु मान्दछ् । द्वित्त्वको उत्पत्ति अपेक्षाबुद्धिबाट हुन्छ भन्दछन् तर नैयायिकहरु यो कुरा स्वीकार गर्दैनन् । उनीहरुको दृष्टिमा एकत्त्व सङ्ख्यामै द्वित्त्व-त्रित्त्वको कल्पना पनि सन्निविष्ट हुन्छ । द्वित्त्व-त्रित्त्वादि सङ्ख्या स्वतन्त्र तत्त्व नै होइनन् । नैयायिकको दृष्टिमा अपेक्षाबुद्धि भनेको सङ्ख्याको अभिव्यक्ति मान हो, उत्पत्ति होइन । वैशेषिकको दृष्टिमा प्रत्येक वस्तुमा आफ्नो एक किसिमको विशिष्टता हुन्छ । यसै कारण एक परमाणु अर्को परमाणुबाट भिन्न हुन्छ । घटनिर्माण प्रक्रियाकै क्रममा काँचो घडा आगोमा हालेपछि अग्नि व्यापारद्वारा घडाको नाश हुन्छ । अर्थात् घटगत परमाणु भिन्न-भिन्न हुन्छन् । परमाणुपाक भएपछि ती नै भिन्न परमाणु द्व्यणुक आदि क्रमबाट फेरि घटोत्पत्ति गर्न समर्थ हुन्छन् । यस परमाणुपाकवादलाई पीलुपाकवाद

१४ प्रसन्नपदापरिभूषितंन्यायभाष्यम् पृ. ३०

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भनिन्छ। पीलुपाकबाद वैशेषिकको सिद्धान्त हो। यसमा वैशेषिकको विशेष आग्रह छ। नैयायिकहरु यस सिद्धान्तको ठीक विरोधी हुन्। उनीहरुको दृष्टिमा काँचो घडा आगोमा हालेपछि अग्नि व्यापारद्वारा घडाको नाश हुँदैन, किन्तु अग्निमा भएको उष्ण शक्तिको कारण घटगतपरमाणुको रङ्ग नै आगोको गर्मीमा बदलिन्छ। अनि घडाकै पाक हुन्छ, परमाणुको होइन। यसलाई पिठरपाकवाद भनिन्छ। पिठरपरकवादी नैयायिक हुन्।

वैशेषिकको दृष्टिमा एक विभागबाट अर्को विभाग उत्पन्न हुन्छ। जस्तै- कुनै लेख तयार गर्न कापी, कलम र हातको आवश्यकता पर्दछ। यहाँ कागजसँग कलम र कलमसँग हातको सम्बन्ध छ। हातबाट कलमको संयोग हट्यो भने कलमबाट कागजको विभाग पनि स्वतः हुन्छ। यसैबाट स्पष्ट हुन्छ कि एक विभागबाट दोश्रो विभागको उत्पत्ति हुन्छ। त्यस्तै- जहिले घडाको परमाणुमा चलनक्रिया प्रारम्भ हुन्छ ठीक त्यहीवेला एक परमाणु अन्य परमाणुबाट अलग हुन्छ। त्यसैले भिन्न परमाणु रहने आकाश भाग पनि एक दोश्रोबाट भिन्न नै हुन्छ तर नैयायिकको मतमा भने यो तर्क स्वीकार्य छैन। किनभने पाकक्रममा घटबाट परमाणु अलग हुने भए परमाणु र घट बीच रहने नित्य सम्बन्ध समवायको स्थिति के होला ? एक दोश्रोबाट कहिल्यै अलग नहुने बस्तुमा मात्र नित्यसम्बन्ध (समवायसम्बन्ध) रहन्छ।

त्यस्तैः न्यायवैशेषिक दुबै आस्तिक दर्शन हुन्। दुबैमा पुनर्जन्म र मोक्षको बारेमा गम्भीर एवं विशद चिन्तन भएको छ। न्यायसूत्रकार महर्षि गौतम, वैशेषिकसूत्रकार महर्षि कणाद, न्यायभाष्यकार, वात्स्यायन, प्रशस्तपादाचार्य आदिले पुनर्जन्म र मोक्षसिद्धान्तलाई स्थापित नै गरेका छन्। ईश्वरको अस्तित्व स्वीकार गर्ने सम्बन्धमा यी दुई दर्शनको चिन्तनको प्रक्रिया भिन्न छ तापनि यी दुबै ईश्वरवादी दर्शन हुन्। त्यति मात्र होइन, नैयायिकहरुले त प्रमाण पूर्वक ईश्वरसिद्ध नै गरेका छन्। "तद्वचनाद् आम्नायस्य प्रामाण्यम्, संज्ञाकर्म त्वस्मद्विशिष्टानां लिङ्गम्"[१५] कणाद प्रतिपादित उक्त दुबै सूत्रमा ईश्वरको सङ्केत भएको छ। प्रशस्तपादाचार्यले आफ्नो ग्रन्थको आदि र अन्तमा समेत महेश्वरलाई प्रमाणको रूपमा लिएका छन्। वैशेषिकहरु पशुपतिको अनुयायी हुन्, त्यसैले तिनीहरुलाई पाशुपत पनि भनिन्छ। यस आधारमा वैशेषिकलाई ईश्वरवादी भन्न सकिन्छ।

"कार्यायोजनधृत्यादेः पदात्प्रत्ययतः श्रुतेः।
वाक्यात्सङ्ख्याविशेषाच्च साध्यो विश्वविदव्ययः ॥[१६]

१५ वैशेषिकसूत्रोपस्कार १।१।३, २।१।८

१६ न्यायकुसुमाञ्जलि, स्तवक ५, श्लोक १

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
यो श्लोकमा ईश्वर सिद्धिको निम्ति दिइएको कार्यत्त्वात् पहिलो हेतु हो। यहाँ कार्यत्त्वहेतुद्वारा क्षित्यादिकार्यको कर्ताको रूपमा आयोजनात् यो दोश्रो हेतुको आधारमा, धृतिमत्त्वात् अर्थात् संसारलाई धारण गर्ने र धृत्यादेमा आएको आदि पदको अर्थ संसारलाई नाश गर्ने भन्ने तेश्रो हेतुको आधारमा, पदात्= अर्थात् जुन समयमा मानवसृष्टि भएकै थिएन, त्यस बेलाको संसारका प्रवर्तक भन्ने चौथो हेतुको आधारमा, प्रत्ययतः प्रामाण्यात् अर्थात् वेदज्ञानको प्रामाणिक वक्ताको रूपमा प्रमाण्यात् हेतुद्वारा, श्रुतेः=वेदात् अर्थात् वेदतत्त्व मनुष्यजस्तो सामान्यव्यक्तिबाट जन्मन सम्भव नभएकोले वेदका जन्मदाताको रूपमा श्रुतेः यो छैठौं हेतुद्वारा, वाक्यत्त्वात् अर्थात् महाभारत आदि वाक्य अथवा हामी मनुष्यहरुको वाक्यसमान वेदवाक्य पनि हो। यस्ता वाक्यका वक्ता सामान्यजन हुन नसक्ने भएकाले यस वेदवाक्यको वक्ताको रूपमा, वाक्यत्त्वात् यो आठौं हेतुद्वारा ईश्वर सिद्ध हुन्छ।

यसै गरी वैशेषिक दर्शन तत्वमीमांसा प्रधान छ भने न्यायदर्शन तर्क एवं ज्ञानमीमांसा प्रधान छ। तत्त्वनिरूपणका लागि वैशेषिक शास्त्रले पदार्थ र परमाणुलाई उपयोग गरेको छ भने न्यायले प्रमेय र प्रमाणलाई उपयोग गरेको छ। जीवात्माको बन्धनको कारण अविद्या हो भन्नेमा दुवै दर्शन सहमत छन्। यी विभिन्न दृष्टिबाट विचार गर्दा न्यायवैशेषिक दर्शन एउटै रूखका दुई हाँगा हुन् भन्न सकिन्छ।

२. कार्यकारण सिद्धान्त"

कार्यकारणभावको सिद्धान्तलाई न्यायवैशेषिकहरु अन्तर्मनदेखि स्वीकार गर्दछन्। यस सिद्धान्तको पुष्टि अनुभवको आधारमा पनि हुन्छ। किनभने न्यायवैशेषिकहरु कार्यकारणको अस्तित्वलाई भिन्न भिन्न रूपमा स्वीकार गर्दछन्। उनीहरु कार्य र कारण दुवैलाई सापेक्ष मान्दछन्। उनीहरुको दृष्टिमा न एक्लै कारण हुन सम्भव छ न त कार्य नै। कार्य कुनै पनि कारणजन्य अथवा उत्पाद्य हुन्छ भने कारण चाहिँ कार्यको उत्पादक अथवा जनक हुन्छ। संसारका सारा पदार्थजन्य जनकभावापन्न हुन्छन्। त्यस्तै संसारका सारा घटना कार्यकारण श्रृङ्खलामा आबद्ध हुन्छन्। विश्लेषण गर्ने क्रममा हामी यो निष्कर्षमा पुग्न सक्तछौं कि संसारमा पहिले घट्ने घटना कारण हो भने पछि घट्ने घटना कार्य, तर यहाँ प्रश्न उठ्न सक्तछ कि कुनै घटना हुनु पूर्व पनि त अकस्मात् घटना घट्न सक्तछ। त्यस्तो घटनालाई के मान्ने ? अकस्मात् घट्ने घटना कुनै पनि कार्यको कारण हुन सक्तैन। न्यायवैशेषिक दर्शनअनुसार उत्पत्ति हुनु पूर्व कारणमा कार्य असत् रहन्छ अथवा उत्पत्ति पूर्वको कार्यको सत्ता कारणमा रहन्न तर उत्पत्ति हुनुभन्दा पूर्व कारणमा कार्यको प्रागभाव रहन्छ। कारणजनित कार्य यहाँ नयाँ आरम्भ हो, नयाँ सृष्टि हो। जस्तैः कपडाको कारण धागो हो, त्यो कपडाको नयाँ रूप

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पनि हो। कारण अवस्थामा धागोमा कपडा हुँदैन। कपडा उत्पत्ति हुनुभन्दा पहिले नै धागोमा कपडा हुने भए कारणव्यापारको के प्रयोजन ? अतः कार्यको सत्ता, त्यसको उत्पत्तिबाट मात्रै हुन्छ, पहिले हुँदैन। कार्यको उत्पत्ति भएपछि त्यसको प्रागभाव नाश हुन्छ। यसैलाई आरम्भवाद अथवा असत्कार्यवाद भनिन्छ। न्यायवैशेषिकले मानेको कार्यकारण सिद्धान्त पनि असत्कार्यवाद अथवा आरम्भवाद नै हो।

तर्कसङ्ग्रहकार अन्नं भट्टका अनुसार यदाकदा जसबाट तत्क्षण कार्योत्पन्न हुन्छ, त्यस्तो उत्पादक कारणलाई करण भनिन्छ। असाधारणं कारणं करणम्[१७] अर्थात् त्यो विशिष्ट वस्तु जो कुनै पनि कार्य उत्पादनमा विशेषरूपमा कारण होस्, त्यसलाई करण भनिन्छ। 'कार्यनियतपूर्ववृत्ति कारणम्[१८] अर्थात् कार्योत्पत्ति पूर्व नियत रूपमा हुनेवाला वस्तु कारण हो। कारणले कार्यको नियतपूर्ववर्ति हुनु नितान्त आवश्यक छ। कारणलाई कार्यनियतपूर्ववर्ति नमान्ने हो भने गधा पनि घटोत्पत्तिको कारण हुने प्रसङ्ग आउँछ। अतः कारणको लक्षणमा नियत पद आवश्यक छ। यसो गर्दा दण्ड, चक्र, कुलाल घटकाप्रति नियत कारण हुन्छन् भने रासभादि हुँदैनन् र नियतपद दिँदा ती स्वतः कारणकोटिबाट हट्दछन्। त्यसैले "कार्यनियतपूर्ववृत्तिकारणम्" कारणको यस्तो लक्षण भएको हो। यसो गर्दा घटनियतपूर्ववर्तित्त्व दण्डरूपमा पनि घट्छ तर घट बन्न दण्ड भए पुग्दछ, दण्डरूप चाहिँदैन। अतः दण्डरूपमा घटकारणत्त्व न घटोस् भन्ने हेतुले कारणलक्षणमा अन्यथासिद्धपद थप्नु आवश्यक हुन्छ। यसो गर्दा दण्डरूप नियतपूर्वपर्ति भएर पनि साक्षत्कारण हुन सक्तैन, साक्षात्कारण त दण्ड मात्रै हुन्छ। दण्डरूप चाँहि अन्यथासिद्धै हुन्छ र दोष हुँदैन। यो कुरा "अन्यथासिद्धिशून्यस्य नियतापूर्ववर्तिता कारणत्त्वं भवेत् "[१९] कारिकाद्वारा स्पष्ट हुन्छ अर्थात् अन्यथासिद्धिशून्यस्य भएर कार्यनियमपूर्ववर्ति कारण हुनु पर्दछ। त्यसलाई हामी अन्यथासिद्ध मान्दछौं जो कार्यको नियमपूर्ववर्ति होस् तर कार्योत्पत्तिकाप्रति सहायक नहोस्। अन्यथासिद्धको कार्यसँग साक्षात्सम्बन्ध हुँदैन। उक्त अन्यथा सिद्ध पाँच किसिमको हुन्छ। जस्तैः

"एते पञ्चान्यथासिद्धा दण्डत्वादिकमादिकम्।
घटादौ दण्डरूपदि द्वितीयमपि दर्शितम्॥
तृतीयन्तु भवेद्व्योम कुलालजनकोऽपरः।

---

१७ तर्कसङ्ग्रहः, प्रत्यक्षपरिच्छेदः। पृ. २५

१८ पूर्ववत्, पृ. २६

१९ न्यायसिद्धान्तमुक्तावली, श्लोक १६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पञ्चमो रासभादिः स्यादेतेष्वावश्यकस्त्वसौ ।।[२०] अर्थात् घटकाप्रति दण्डत्व, दण्डरूप, आकाश, कुलालपिता र रासभ यी पाँच अन्यथासिद्ध हुन्छन् । किनभने घटनिर्माणको लागि चक्रसञ्चालनार्थ दण्ड भए हुन्छ, दण्डत्व, दण्डरूपको अपेक्षा हुँदैन । त्यस्तै शब्दकाप्रति आकाशको पूर्ववृत्तिता ग्रहण गरेर नै घटकाप्रति आकाशको पूर्ववृत्तिता ग्रहण गरिने हुँदा घटकार्यकाप्रति आकाश अन्यथासिद्ध हुन्छ। त्यस्तै घटकार्यका लागि कुमाले भए पुग्छ, त्यसका लागि कारणको पनि कारण आवश्यक पर्दैन । त्यो कारणको पनि कारण (कुलाल पिता) अन्थयासिद्ध हुन्छ। गधाविना पनि घटकार्य सम्भव भएकोले त्यो पनि घटकार्यकाप्रति अन्यथासिद्धै हुन्छ । विश्वनाथ पञ्चाननको दृष्टिमा पाँचौं अन्यथासिद्ध अत्यन्त महत्त्वपूर्ण छ, किनभने अरू चार अन्यथासिद्ध यसै पाँचौं अन्यथासिद्धबाटै चरितार्थ हुन्छन् अथवा यसै पाचौंमा अन्य चार अन्तर्भूत हुन्छन् ।

"कारणत्वं भवेत्तस्य त्रैविध्यं परिकीर्तितम्-
एवं न्यायनयज्ञैस्तृतीयमुक्तं निमित्तहेतुत्वम् ।[२१]

समवायि-असमवायि र निमित्तको भेदले कारण तीन किसिमका हुन्छन् । त्यसमध्ये- समवायिकारण पहिलो हो । 'यस्मिन् समवेतं सत् समवायसम्बन्धेन सम्बद्धं सत्कार्यमुत्पद्यते तत्समवायिकारणम्[२२] अर्थात् जसमा समवायसम्बन्धले सम्बद्ध भएर कार्य उत्पन्न हुन्छ, त्यो समवायिकारण हो । जस्तैः धागोमा समवायसम्बन्धले सम्बद्ध भएर पटात्मक कार्य उत्पन्न हुन्छ । त्यसैले कपडाको समवायिकारण धागो हो । समवायिकारणलाई अन्नं भट्ट उपादान कारण अथवा भौतिककारण पनि भन्दछन् । जसबाट कुनै पनि कार्य निष्पादन हुन्छ त्यो भौतिक कारण हो । जस्तै धागोबाट कपडा, माटोबाट घडा निष्पादन हुन्छन् । अतः ती - धागो, माटो, कपडा, घडाकाप्रति भौतिक अथवा उपादानकारण हुन् । नैयायिकको दृष्टिमा उपादानकारण नष्ट हुनासाथ कार्यको पनि विनाश हुन्छ। वास्तवमा दुई अयुतसिद्धपदार्थको सम्बन्ध समवायिकरण हो । दुई पदार्थमध्ये दुईवटाकै अस्तित्व एक अर्कामा आश्रित हुनेलाई अयुतसिद्ध भनिन्छ। अवयव-अवयवी, गुण-गुणी, जाति-व्यक्ति, क्रिया-क्रियावान् र नित्यद्रव्य- विशेष[२३] यी पाँच अयुतसिद्ध हुन् । यी अयुतसिद्धका सम्बन्ध नै समवाय हो । जस्तैः धागो अवयव हो भने कपडा अवयवी, यी दुई अयुतसिद्ध हुन् । त्यसैले

---

२० पूर्ववत् श्लोक २१-२२

२१ पूर्ववत् श्लोक १६-१७

२२ तर्कसङ्ग्रह प्रत्यक्षपरिच्छेद, पृ. २७

२३ पूर्ववत् अवशिष्टपरिच्छेद, पृ. १८१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धागो र कपडा यी दुईमा समवायसम्बन्ध छ। त्यसै गरी असवायिकरण दोश्रो हो। कार्येण कारणेन वा सहैकस्मिन्नर्थे समवेतं सत् कारणमसमवायिकारणम् यथा तन्तु संयोगः पटस्य, तन्तुरूपं पटरूपस्य[२४] अर्थात् कार्यका साथ एक अर्थमा समवायसम्बन्धले रहँदै जो कारण हुन्छ, त्यो असमवायिकरण हो । अथवा कारणका साथ एक अर्थमा समवेत हुँदै जो कारण हुन्छ, यो पनि असमवादिकारण हो । जस्तै- तन्तुसंयोग पटको असमवायिकारण, यो असमवायिकारणको पहिलो उदाहरण हो भने तन्तुरूप पटरूपको असमवायिकारण, यो असमवायिकारणको दोश्रो उदाहरण हो। पहिलो उदाहरणमा पटात्मककार्यका साथ एक अर्थमा तन्तुको संयोग समवायसम्बन्धले सम्बन्धित छ। त्यसैले पटकाप्रति तन्तुसंयोग असमवायिकारण भयो। त्यस्तै दोश्रो उदाहरणमा तन्तुरूपको कार्य पटरूप हो भने पटरूपको समवायिकारण पट हो। अतः कारणका साथ अर्थात् पटरूपको समवायिकारण जो पट त्यसका साथ एक अर्थः तन्तुमा समवायसम्बन्धले सम्बन्धित हुँदै तन्तुरूप पटरूपको प्रति कारण हुन्छ। अतः तन्तुरूप पटरूपको असम्बायिकारण हो। सामान्यतमा कार्यलाई आफूमा समवेत राख्ने समवायिकारण हो भने असमवायिकारणमा यस्तो प्रतिबद्धता छैन। समवायिकारण द्रव्यमात्रको हुन्छ भने असमवायिकारण गुण र कर्ममा मात्र रहन्छ। यो कुरा

समवायिकारणत्वं द्रव्यस्यैवेति विज्ञेयम्।
गुणकर्ममात्रवृत्ति ज्ञेयमथाप्यसमवायिहेतुत्वम्[२५] ॥

विश्वनाथकारिकाद्वारा स्पष्ट हुन्छ । यसै गरी तेश्रो निमित्तकारण हो । समवायिकारणासमवायिकारणाभ्यां परं भिन्नं कारणं निमित्तकारणमित्यर्थः[२६]। अर्थात् समवायिकारण र असमवायिकारणभन्दा भिन्न निमित्तकारण हो- जस्तै घटकार्यको प्रति दण्ड, चक्र, कुलाल यी निमित्तकारण हुन् । यस क्रमले कार्यकारणवादको सिद्धान्तलाई न्यायवैशेषिक साङ्ख्य, बौद्ध, वेदान्त आदि सबै दर्शनले स्वीकार गरेका छन्। त्यसमध्ये सतः सज्जायते अर्थात् सत्बाट सत्कै उत्पत्ति हुन्छ भनी सत्कार्यवादको सिद्धान्त साङ्ख्यले स्थापित गरेको छ। असतः सज्जायते अर्थात् असतद्बाट सत्को उत्पत्ति हुन्छ भन्ने शून्यवादी बौद्ध हुन्। समस्तभाव पदार्थ क्षणिक हुन्छन् भन्ने तिनीहरुको मत छ। "एकस्य सतो विवर्त कार्यजातं न वस्तु सत्" अर्थात् एउटै सद् वस्तुको विवर्त नै सारा संसार हो। जनिमत्

२४ तर्कसङ्ग्रह प्रत्यक्षापरिच्छेद, पृ.
२५ न्यायसिद्धान्तमुक्तावली, श्लो २३
२६ पूर्ववत्, श्लोक १८

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
पदार्थ कुनै पनि सत् हुँदैनन्, असत् नै हुन्छन् भन्ने अद्वैत- वेदान्ती हुन् भने सतः असज्जायते अर्थात् सतद्बाटै असत्को उत्पत्ति हुन्छ भन्ने असत्कार्यवादी अथवा आरम्भवादी न्यायवैशेषिक हुन्। यसरी सबै दर्शनले आ-आफ्नो वाद पुष्टगर्न तर्क र प्रमाणहरु दिएका छन्। त्यसमध्ये पनि न्यायवैशेषिकले आफ्नो असत्कार्यवाद अथवा आरम्भवाद पुष्ट गर्न दिएका तर्क र प्रमाणहरु अझ युक्तियुक्त, सबल र सान्दर्भिक छन्।

सन्दर्भग्रन्थसूची

आचार्य उदयन : न्यायकुसुमाञ्जलि, हिन्दी व्याख्याकार, आचार्यविश्वेश्वरः, प्रकाशक- चौखम्बा विद्याभवन, वाराणसी, इ.सं. १९७८।

आचार्य उद्योतकरः न्यायवार्तिकम्, गोवर्धनसराय, बनारस,सम्बत् १९४४, ज्येष्ठकृष्ण २, सोम।

भट्ट अन्नं : तर्कसङ्ग्रह, टीप्पणीकारः सम्पादकश्च केदारनाथ त्रिपाठी, प्रकाशनः मोतीलाल बनारसीदास, दिल्ली, वाराणसी, पटना, बंगलौर, मद्रास पुनर्मुद्रण दिल्ली इ.सं. १९९१।

महर्षि गौतम - न्यायसूत्रम्, प्रसन्नपदापरिभूषितं न्यायमाष्यम् सम्पादकः द्वारिकादास शास्त्री, सुधी प्रक ान, वाराणसी वि.सं. २०४३

महाकवि श्रीहर्ष : नै महाकाव्यम्, द्वितीयभागः चौखम्बा संस्कृत सीरीज आफीस वाराणसी ई.सं. १९६०,

मिश्र जगदीशचन्द्र : भारतीयदर्शन, चौखम्बा सुरभारती प्रकाशन वाराणसी, इ.सं. २०१२

मिश्र शङ्कर : वैशेषिकसूत्रोपस्कारः प्रकाशनः चौखम्बा संस्कृत सीरीज आफीस, वाराणसी, मुद्रको विश्वविद्याल प्रेस, प्रथम संस्करण, वि.सं.२०२६।

मुनि वात्स्यायन : प्रसन्नपदापरिभूषितं न्यायभाष्यम्, सम्पादक- द्वारिकादासशास्त्री, सुधीप्रकाशन, वाराणसी, वि.सं.२०४३

विश्वमाथपञ्चानन भट्टाचार्यः न्यायसिद्धान्तमुक्तावली, दीनकरी रामरूदी टीका, सम्पादक पं. हरिराम शुक्ल, चौखम्बा संस्कृत संस्थान, वाराणसी, चतुर्थ संस्करण, वि.सं.२०४५।

विष्णुपुराण, गीताप्रेस गोरखपुर, एघारौं संस्करण, वि.सं. २०४४

✡✡✡✡

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पराशक्ति काली : तात्त्विक स्वरूप चिन्तन

✍ **डा. माधवप्रसाद लामिछाने**

परब्रह्मस्थानीय उपास्यका रूपमा देवी या पराशक्तिलाई ग्रहण गर्ने अर्थात् देवी वा मातृशक्तिलाई विश्वब्रह्माण्डको एकमात्र परम कारण मान्दै उनलाई नित्य, शाश्वत तत्त्वका रूपमा उपासना गर्ने धार्मिक सम्प्रदायलाई शाक्तसम्प्रदाय भनिन्छ । मातृशक्तिको उपासना परम्परा ज्यादै प्राचीन मानिन्छ । परिवार तथा समाजको आविर्भाव एवं प्रारम्भिक गठनमा आमाको रूपमा नारीले महत्त्वपूर्ण भूमिका निर्वाह गरेकाले विश्वका विभिन्न भागमा मातृसत्तात्मक संस्थाहरु बने र त्यसको फलस्वरूप देवीपूजाको प्रचलन प्रारम्भ भयो भन्ने समाजशास्त्री तथा पुरातत्त्वविद्हरुको मत रहेको छ । जेम्स जे. प्रिस्टन (ई.सं. १९८६) को मतमा देवीपूजाको प्रमाण तीस हजार वर्षपूर्व नवपाषाणकालसम्म पाइन्छ (पृ. ६) । मध्य तथा पूर्वी युरोपमा हात्तीका दाँत तथा हाडबाट बनेका नारी आकृतिका अवशेषहरु पाइएका छन् । करिब बीस हजार वर्षभन्दा पुराना पूर्वपाषाणकालिक ती अवशेषहरुले तात्कालिक समयमै देवी पूजाको प्रचलन रहेको प्रमाण दिइरहेका छन् । इरान, इराक, भूमध्यसागरीय क्षेत्र, पश्चिम एसिया र मोहनजोद्दाडो एवं हडप्पासभ्यताबाट प्राप्त नारीचित्र, मूर्ति र अवशेषबाट पनि शक्तिको उपासनापरम्परा ज्यादै प्राचीन रहेको देखिन्छ।

सर्वप्राचीन लिखित साहित्यका रूपमा ऋग्वेदमा सर्वप्रथम देवी वा शक्तिको उल्लेख पाइन्छ। ऋग्वेदका ऋचाहरुमा वर्णित देवीहरु कुनै निश्चित तत्त्वका रूपमा नभई प्रकृतिकै कुनै शान्त र सुन्दर रूपमा वर्णन गरिएको पाइन्छ । त्यसै क्रममा ऋग्वेदमा सरस्वतीलाई बल, ज्ञान, ऐश्वर्य र अन्न आदि प्रदान गर्ने देवीका रूपमा चित्रण गर्दै उनी सबैलाई पवित्र बनाउने देवी हुन् भनिएको छ। यिनी उत्तम बुद्धिले युक्त विद्वान् व्यक्तिहरुलाई ज्ञान प्रदान गर्दै तिनको यज्ञ, श्रेष्ठ कर्म र देवताको उपासनालाई धारण गर्दछिन् भनिएको छ (ऋग्वेद, १।२।३।१०–१२) । त्यसै गरी ऋग्वेदकै दशम् मण्डलमा

✍ लेखक वाल्मीकि विद्यापीठ(पूर्वमीमांसा तथा तन्त्र विभाग)काठमाण्डौंमा उपप्राध्यापक, हुनुहुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
सरस्वतीको वर्णनको प्रसङ्गमा ज्ञानको प्रकाश दिने परम सुखदाता प्रभुको प्रार्थना गर्दै मानिसहरु सरस्वतीलाई असीमित ज्ञानले सम्पन्न शक्तिका रूपमा स्विकार्दछन् भनिएको छ (ऋग्वेद, १०।६१)। अथर्ववेदमा लोकहितकारी कार्य गर्दा शत्रुहरुको घातप्रतिघातद्वारा मनमा क्षोभ उत्पन्न हुने स्थितिमा आफ्नो ज्ञानमय एवं स्नेहमय लेपनद्वारा उक्त क्षोभरूपी घाउ निको पार्न देवी सरस्वतीसँग प्रार्थना गरिएको छ (अथर्ववेद, ७।५७।१)। त्यसै गरी उषालाई ऋग्वेदमा समस्त विद्याले परिपूर्ण, दुःखदायी अज्ञानदेखि भिन्न, विविध प्रकारका ज्ञानलाई प्रकाशित गर्ने, पापलाई डढाउने एवं मनुष्यमात्रका लागि ज्ञानमार्गको प्रदर्शक देवीका रूपमा वर्णन गरिएको पाइन्छ। अदितिलाई ऋग्वेदमा समस्त प्राणी एवं जगत्‌रूपी प्रपञ्चकी जननी तथा संहारकर्तीका रूपमा वर्णन गरिएको छ। त्यसै गरी ऋग्वेदमा रात्रि, पृथिवी, इला, भारती, मही आदि देवीहरुको पनि चर्चा पाइन्छ।

ब्राह्मण एवं आरण्यक ग्रन्थहरुमा ब्रह्मको शक्तिका रूपमा गायत्री एवं सावित्रीको वर्णन पाइन्छ। तैत्तिरीयारण्यकमा दुर्गादेवीको विस्तृत वर्णन पाइन्छ, जहाँ दुःस्वप्ननाशिनी दुर्गादे[illegible]ग आफ्ना सम्पूर्ण पापहरुको हरण गर्न प्रार्थना गरिएको छ (तैत्तिरीयारण्यक, १०।[illegible]। त्य[illegible] गरी ब्राह्मणग्रन्थहरुमा कुहु, राका, सिनीवाली आदि रात्रिदेवीहरुको पनि उल्लेख पाइ[illegible] शतपथब्राह्मणमा देवी सरस्वतीलाई पशुबलि दिने वर्णन पाइन्छ (शतपथब्राह्मण, ३।९।१।७)।

उपनिषद्‌हरुमा ब्रह्ममा अन्तर्निहित शक्तिलाई नै सम्पूर्ण जगत्‌रूपी प्रपञ्चको कारण मानिएको छ। एउटै ब्रह्म विभिन्न शक्तिको योगले विभिन्न रूपमा आभासित हुन्छ। उसका विभिन्न शक्तिहरुमध्ये इच्छा, ज्ञान र क्रियारूप शक्ति प्रमुख मानिन्छन्। छान्दोग्योपनिषद्, ऐतरेयोपनिषद्, केनोपनिषद्, कठोपनिषद्, बह्वृचोपनिषद्, मैत्रेय्युपनिषद्, बृहज्ज्वालोपनिषद् आदि उपनिषद्‌हरुमा शक्तिका विविध रूप र महिमाको वर्णन एवं स्तुति गरिएका प्रसङ्गहरु पाइन्छन्। यसका अतिरिक्त त्रिपुरोपनिषद्, त्रिपुरातापिन्युपनिषद्, देव्युपनिषद्, भावनोपनिषद्, सरस्वतीरहस्योपनिषद्, सीतोपनिषद्, सौभाग्यलक्ष्म्युपनिषद् आदि शक्तिउपासनापरक उपनिषद्‌हरु छन्, जसमा शक्तिका विविध रूप, तिनको महिमा र उपासनाको विशद वर्णन पाइन्छ।महाभारत युगसम्म आइपुग्दा शक्ति उपासनाले स्वतन्त्र रूप लिइसके को देखिन्छ। यस युगसम्म आइपुग्दा शक्तिलाई उमा, काली, विजया, कात्यायनी,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
चण्डी, दुर्गा, ललिता आदि देवीका रूपमा साकार उपासनाको परम्परा विकसित भइसकेको देखिन्छ। यसै पृष्ठभूमिमा विकसित भएको देवीउपासनाको परम्परालाई तन्त्र वा आगमशास्त्रले दार्शनिक र कर्मकाण्डीय आधार प्रदान गरेको देखिन्छ। यसै प्रसङ्गमा यस छोटो आलेखमा पराशक्ति कालीको तात्त्विक स्वरूपका विषयमा सङ्क्षिप्त चर्चा गरिन्छ।

काली शब्दको निष्पत्ति कल धातुबाट भएको छ। कल धातुका निम्नलिखित पाँचवटा अर्थ रहेका छन् - १.क्षेप(फ्याँक्नु वा बाहिर निकाल्नु) २.गत(जान्नु) ३.सङ्ख्यान (पृथक्रूपले गणना गर्नु वा नियमन गर्नु) ४.गत(पुग्नु) ५.शब्द (नादरूपमा परामर्श गर्नु)

फ्याँक्नु वा बाहिर निकाल्नु भन्ने अर्थमा प्रयोग हुने कल धातुबाट बनेको काली शब्दको व्युत्पत्तिअनुसार-"कलयति स्वात्माभेदेन स्थितं प्रमातृप्रमाणप्रमेयरुपं विश्वं बहिर्भावेनोल्लासयतीति परा संविद्देव काली इत्युच्यते "(स्वामी लक्ष्मणजू : २०१० : ९) अर्थात् आफूदेखि अभिन्न रूपमा रहेको प्रमाता, प्रमाण र प्रमेयरूप जगत्‌लाई भिन्नजस्तै गरी बाहिर अवभासित गर्ने चितिशक्तिलाई नै काली भनिन्छ।

जान्नु अर्थमा प्रयोग हुने कल धातुबाट बनेको काली शब्दको व्युत्पत्ति अनुसार- "कलयति स्वात्मबहिर्भावेनावभासितमपीदं मातृमानमेयात्मकं जगत् स्वात्माभेदेनैव परामृशतीति परैव संविद्देवी काली इत्युच्यते"(पूर्ववत्)अर्थात् आफ्नो चैतन्य स्वरूपदेखि अभिन्नरूपले रहे तापनि भिन्नझैं बाहिर अवभासित भएको प्रमाता, प्रमाण र प्रमेयरूप जगत्‌लाई आफ्नै स्वरूपमा ज्ञान गर्ने चितिशक्तिलाई नै काली भनिन्छ।

पृथक्रूपले गणना गर्नु वा भिन्नभिन्नरूपले नियमन गर्नु भन्ने अर्थमा प्रयोग हुने कल धातुबाट बनेको काली शब्दको व्युत्पत्तिअनुसार- "कलयति भेदितमपि मातृमेयादिकं जगद्रूपमर्थं परस्परापोहनात् अयं घटः, न पटः इति प्रतिनियतरूपतया अवस्थापयति इति परैव चिल्लहरी संवित् काली इत्युच्यते" -(पूर्ववत् : १०) अर्थात् आफ्नो चैतन्य स्वरूपदेखि अभिन्नरूपले रहे तापनि भिन्नझैं बाहिर अवभासित भएको प्रमाता, प्रमाण र प्रमेयरूप जागतिक पदार्थलाई अपोहनशक्ति (अपूर्ण ज्ञानरूप अवरोधक शक्ति)का माध्यमबाट यो घैंटो हो, कपडा होइन, यो नीलो हो, पहेँलो होइन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
इत्यादि भिन्नभिन्नरूपले व्यवस्थित गर्ने संवित् शक्तिलाई काली भनिन्छ।

पुग्नु अर्थमा प्रयोग हुने कल धातुबाट बनेको काली शब्दको व्युत्पत्तिअनुसार- "कलयति यया मातृमानमेयात्मको भेदितोऽर्थः स्वसंवित्तिमकुरे स्वात्मन्यव्यतिरिक्तत्वे पि अव्यतिरेकेणैव स्वरूपारोहितत्वेनैवावस्थापयतीति परा कालसङ्कर्षिणी देवी काली इत्युच्यते" (पूर्ववत्) अर्थात् आफ्नो चैतन्यस्वरूपदेखि अभिन्न भए तापनि उक्त चैतन्यदर्पणमा भिन्नरूपले प्रतिबिम्बित भइरहेको प्रमाता, प्रमाण र प्रमेयरूप जगत् लाई आफ्नै चैतन्यस्वरूपमा पुनः स्थापित गर्ने कालसङ्कर्षिणी संवित् भगवतीलाई काली वा कालसङ्कर्षिणी भनिन्छ। तन्त्रालोकमा भनिएको छ–

"इति पञ्चविधमेनां कलनां कुर्वती परा।

देवी काली तथा कालकर्षिणी चेति कथ्यते" ॥ (तन्त्रालोक, ४ आह्निक, १७६ श्लोक)

नादरूप परामर्शको अर्थमा प्रयोग हुने काली शब्दको व्युत्पत्तिअनुसार- "कलयति समस्तानाम् अविकल्पसविकल्पादीनां ज्ञानानां सृष्टि–स्थिति–संहार–पिधानानुग्रहात्मकपञ्चकृत्यानुसन्धानेन स्वात्मपरामर्शशेषतयैव सर्वं परामृश्यतीति परै व संवित् काली इत्युच्यते"(पूर्ववत् : ११) अर्थात् निर्विकल्पात्मक एवं सविकल्पात्मक सम्पूर्ण ज्ञानको परामर्श सृष्टि, स्थिति, संहार, तिरोधान र अनुग्रहस्वरूप पञ्चकृत्यका रूपमा गर्दै सम्पूर्ण ज्ञानलाई आफ्नै बोधस्वरूप तुरीय सत्तामा विलीन गर्ने परासंवित् लाई काली भनिन्छ।

कालीको स्वरूपमा शक्तितत्त्वको पूर्ण अभिव्यक्ति पाइन्छ । कालीको स्वरूपमा निहित सृष्टि र संहारको रहस्यलाई शब्दद्वारा पूर्णरूपले अभिव्यक्त गर्न सकिँदैन। त्यसैले कालीलाई शब्दातीत मानिन्छ। काली नै विश्वकी जननी एवं भुक्ति तथा मुक्ति प्रदान गर्ने शक्ति हुन्।

कालीतत्वलाई बुझ्नका लागि सर्वप्रथम कालतत्वलाई बुझ्नुपर्दछ। सम्पूर्ण चराचर जगत्‌लाई कलन वा ग्रास गर्ने तत्त्वलाई काल भनिन्छ। सोही काल, कालकाल वा महाकाल नामक तत्त्वबाट नै सम्पूर्ण जगत्‌को उत्पत्ति हुन्छ र पुनः ती समस्त तत्त्वहरु कालकै गर्भमा विलीन हुन्छन्। त्यसैले भनिएको छ – "कालः पचति भूतानि कालः संहरति प्रजा" अर्थात् कालले नै समस्त पञ्चमहाभूतात्मक जगत्‌लाई पचाउँछ र त्यसले नै जीवहरुको संहार गर्दछ। भैरवरूपी कालले नै ब्रह्मादेखि कीटपर्यन्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पूर्ण जगत्को रचना गर्दछ । सोही महाकालको अभिन्न स्वातन्त्र्यशक्तिलाई नै महाकाली भनिन्छ। सृष्टिपूर्वको संहारदशामा महाकालीको नै साम्राज्य रहन्छ। त्यसैले महानिर्वाणतन्त्रमा भनिएको छ –

"सृष्टेरादौ त्वमेवासि तमोरूपमगोचरम् ।
त्वत्तो जातं जगत् सर्वं परब्रह्मसिसृक्षया ॥" (महानिर्वाणतन्त्र,४।२५)

अर्थात् सृष्टिपूर्व इन्द्रियले नदेखिने तमस् वा अन्धकारका रूपमा तिमी नै विद्यमान थियौ। परब्रह्मको सृष्टि गर्ने चाहनाका कारण यो सम्पूर्ण जगत् तिमीबाट नै जन्मिएको हो। अन्यत्र पनि भनिएको छ – "तमो वा इदमेकमास"(मैत्रायण्युपनिषद्, ४।५) अर्थात् यो तमस् वा अन्धकार नै पहिले(सृष्टिपूर्व) थियो । सोही तमस् वा प्रलयकालको अनिर्वचनीय स्वरूप नै तन्त्रशास्त्रमा वर्णित आद्याशक्ति काली वा महाकाली हुन् । महाशक्ति काली परब्रह्मस्वरूप महाकालको स्फुरत्ता हो।

कालीतत्त्व नै समस्त प्रकाश वा ज्योतिको उद्गमस्रोत हो । तमस् वा अन्धकाररूप काली कसरी प्रकाशको स्रोत हुन सक्छ भनेर यहाँ पाठकहरुलाई आश्चर्य लाग्न सक्छ। वास्तवमा प्रलयकालमा अन्धकारले प्रकाशलाई पनि आफूमा लीन गराएको हुन्छ। सम्पूर्ण विश्वब्रह्माण्ड यहाँसम्म कि प्रकाश पनि अन्धकारमा विलीन हुन्छ । आधुनिक विज्ञानले पनि यसैका आधारमा **ब्ल्याक होल (कृष्ण विवर)** को कल्पना गर्दै प्रलयकालमा सम्पूर्ण ब्रह्माण्ड सोही ब्ल्याक होलमा विसर्जन हुने कुरा बताएको छ। सृष्टिदशामा आद्याशक्ति कालीले आफूभित्र रहेको जगत्लाई वामाशक्तिका रूपमा पुनः बाहिर वमन गर्दछिन् । अतः स्वाभाविक रूपले प्रकाश पनि सोही तमस्बाटै उद्भूत हुन्छ। तिनै महाकालीलाई तन्त्रशास्त्रले संवित्, कुल, सामर्थ्य, ऊर्मि, हृदय, सार, स्पन्द, विभूति, चिति, परावाक्, स्वातन्त्र्य, त्रीशिका, कालसङ्कर्षिणी, चण्डी, ओज आदि अनगिन्ती संज्ञा दिएर तिनको स्वरूप र साधनाको विवेचना गरेको छ। तिनै महाकाली दशवटा मुख्य भावमा विभक्त भएर दश महाविद्याका रूपमा देखा पर्दछिन् । सृष्टि, स्थिति र संहाररूप तीनवटा कृत्यका प्रत्येकको आदि, मध्य र अन्त्य गरी नौवटा रूप र ती सबैको समष्टिस्वरूप गरी दश महाविद्याको क्रम दश महाविद्यापरम्परामा स्वीकार गरिएको छ। ती दश महाविद्या हुन् – काली, तारा, षोडशी, भुवनेश्वरी, भैरवी, छिन्नमस्ता, धूमावती, बगला, मातङ्गी र कमला । शक्तिसङ्गमतन्त्रका अनुसार विरूपाक्षमतमा दश महाविद्यामा चण्डेश्वरी,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
लघुश्यामा र त्रिपुरालाई जोड्दा तेह्र महाविद्या र भैरवमतमा दश महाविद्यामा वनदुर्गा, शूलिनी, अश्वारूढा, त्रैलोक्यविजया, वाराही र अन्नपूर्णा जोड्दा सोह्र महाविद्या मानिन्छ। त्यसै गरी क्रमदर्शनमा एउटै महाकाली सृष्टि, स्थिति, संहार र अनाख्यारूप चारवटा क्रमले प्रमाता, प्रमाण र प्रमेय दशामा उल्लसित हुँदा द्वादशकालीको रूपमा देखापर्ने कुराको उल्लेख पाइन्छ। सोही दर्शनमा ती द्वादशकालीको समष्टिस्वरूप त्रयोदशकालीको चिन्तन पनि फेला पर्दछ। यहाँ तिनको उल्लेख गर्नु सान्दर्भिक हुनेछ।

१. सृष्टिकाली

जब पञ्चज्ञानेन्द्रियका माध्यमबाट प्रमेयरूप बाह्य पदार्थलाई ग्रहण गर्नका लागि चेतना उक्त प्रमेयरूप बाह्य पदार्थप्रति उन्मुख हुन्छ, तब प्राथमिक क्षणमा उक्त प्रमेय पदार्थलाई निर्विकल्प रूपमा ग्रहण गरिन्छ। उक्त निर्विकल्प प्रथम आभासको अवस्थामा द्रष्टा, दर्शन र दृश्यको कुनै विकल्प वा भेद रहँदैन। सृष्टिका प्रति उन्मुख चितिशक्तिको सोही प्राथमिक निर्विकल्प अवस्थालाई नै सृष्टिकाली भनिन्छ (स्वामी लक्ष्मणजू : २०१० : २१)।

२. रक्तकाली

निर्विकल्पात्मक प्रथम आभासरूप सृष्टिकालीको उदय भएपछि संवित् शक्ति जब पदार्थप्रति उन्मुख हुँदै प्रमेयवर्ती प्रमाणदशामा आएर इन्द्रियका माध्यमबाट रूप, रस आदि विषयका साथ जब रागमा प्राप्त भई विषयहरुलाई भोग्दै विषयभोगरूप रागलाई निर्विकल्प भावले अनुभव गर्दछ, तब संवित् शक्तिको त्यस्तो स्वरूपविकासको दोस्रो अवस्थालाई रक्तकाली भनिन्छ (पूर्ववत् : २३)।

३. स्थितिनाशकाली

विषयलाई भोग्ने कार्य समाप्त भएपछि उक्त विषयभोगबाट तृप्त भएर पुनः अन्तर्मुख भई ग्राह्य र ग्रहणको स्थितिलाई आत्मसात् गरेर परम चैतन्यसत्ताका साथ एकाकार हुने चितिशक्तिको अवस्थालाई स्थितिनाशकाली भनिन्छ। यस अवस्थामा विषयभोगरूप रागको अवसान हुने भएकाले चितिशक्तिको त्यस अवस्थालाई स्थितिनाशकाली भनिएको हो (पूर्ववत् : २५–२६)।

४. सुकाली

अभिनवगुप्तले सुकालीलाई गणना नगरी तन्त्रालोकमा द्वादशकालीको वर्णन गरेका छन् ,तर तन्त्रालोकका विवेकव्याख्याकार आचार्य जयरथले पञ्चशतिकलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उद्धृत गर्दै सुकालीलाई समेत गणना गरी त्रयोदशकालीको धारणालाई समर्थन गरेका छन् (तन्त्रालोक ४ आह्निक, १७३ श्लोक, विवेकव्याख्या, पृ. १३५)। भीषण एवं रौद्र स्वरूपकी कुलशक्ति सुकाली सम्पूर्ण सिद्धिकी प्रदात्री हुन् (पूर्ववत्)।

५. यमकाली

परा संवित्स्वरूप भगवती काली जगत्लाई नियमन गर्ने उद्देश्यले एकातिर समस्त विकल्परूप विश्ववैचित्र्यलाई आफ्नै चैतन्यस्वरूप अग्निमा अन्तर्लीन गरी पर प्रमातृदशामा स्फुरित हुन्छिन् भने अर्कातिर बहिर्मुखी बन्दै आफूभित्र चैतन्यबीजका रूपमा विद्यमान समस्त नामरूपात्मक जगत्लाई बाह्य विकल्पस्वरूपमा प्रकाशन गरी महाविलासरूपी रसको आनन्द लिँदै सङ्कुचित प्रमातृदशामा स्फुरित हुन्छिन्। चितिशक्तिको यिनै स्वरूप आच्छादन एवं स्वरूप उन्मिलनरूप द्वयात्मक स्वरूपलाई नै यमकाली भनिन्छ (स्वामी लक्ष्मणजू : २०१० : २८)। यस अवस्थामा शक्तिको सतत अनुसन्धानद्वारा विकल्पजाललाई भेदन गर्ने प्रयत्न साधकले गरेन भने स्वात्मस्थितिबाट च्युत भएर अन्य संसारी व्यक्तिहरुझैं बहिर्मुख हुने खतरा रहन्छ।

६. संहारकाली

समस्त विकल्पात्मक विश्ववैचित्र्यलाई आफ्नो चितिस्वरूप अग्निमा अन्तर्लीन गर्दा स्वरूप–उन्मीलनात्मक परप्रमातृदशाको स्फुरण हुन्छ र समस्त विकल्पस्वरूप भावमण्डलको उपसंहार भएको अनुभव हुन्छ। सोही अवस्थालाई संहारकाली भनिन्छ (पूर्ववत् : ३१)।

७. मृत्युकाली

संहारकालीको अवस्थामा इदं (भेद)का रूपमा अवभासित समस्त विश्व वैचित्र्य अहं (अभेद)मा विलीन भएको बोध हुन्छ। त्यस अवस्थामा पनि इदन्ता (भेदरूपता) सम्पूर्णरूपले विलीन भएको हुँदैन अर्थात् पूर्ण अहन्ताको परामर्श भइसकेको हुँदैन। त्यसैले उपाधियुक्त अहन्तारूपी संवित् (संहारकाली) उपाधि रहित स्वभावभूत पूर्णाहन्ता (मृत्युकाली)मा विलीन भएको अवस्थालाई मृत्युकाली भनिन्छ (पूर्ववत् : ३२)।

८. भद्रकाली

प्रमाणगत संहारस्वरूप भद्रकालीको अवस्थामा पनि विकल्पसंस्काररूप शङ्काहरु उत्पन्न हुन्छन् तर ती शङ्काहरु आफैं नष्ट हुन्छन्। यमकालीको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अवस्थामा स्वरूपगोपनात्मक शक्तिका कारण विकल्पसंस्काररूप शङ्काहरु उत्पन्न हुन्छन् र यदि साधकले शक्तिको सतत अनुसन्धानद्वारा ती शङ्काहरुलाई नष्ट गर्ने प्रयत्न गरेन भने ऊ पुनः संसारचक्रमा फस्ने सम्भावना रहन्छ तर भद्रकालीको अवस्थामा आरुढ साधकमा भने ती विकल्पसंस्काररूप शङ्काहरु आफैं नष्ट हुन्छन्। यसप्रकार विकल्पसंस्कारलाई उत्थापन गर्ने भेदनव्यापार र पुनः ती विकल्पसंस्कारहरुलाई प्रशमन गर्ने द्रावणव्यापारमा संलग्न चितिशक्तिलाई भद्रकाली भनिन्छ (पूर्ववत् : ३४)।

९. मार्तण्डकाली

प्रमाणदशामा स्थित बारह इन्द्रिय (पञ्च ज्ञानेन्द्रिय, पञ्च कर्मेन्द्रिय, मन र बुद्धि) लाई तिनको आश्रयस्थल बनेर रहेको अहङ्कारपदमा विलीन गराइ आफ्नो विश्वमय स्वरूपको प्रदर्शन गर्ने परप्रमातृरूप चितिशक्तिलाई मार्तण्डकाली भनिन्छ (पूर्ववत् : ३६–३७)। यद्यपि यो अवस्था प्रमाणवर्ग अन्तर्गत संविद्देवीको अनाख्या अवस्था भएकाले यहाँ देवीको विश्वमय-विश्वोत्तीर्ण दुवै रूपको अवसान हुन्छ तर विश्वमय स्वरूप स्फुटरूपमा देखापर्दछ।

१०. परमार्ककाली

प्रमाणदशामा स्थित बाह्र इन्द्रियसमूहको आश्रयस्थल बनेर रहेको परमादित्यस्वरूप अहङ्कारलाईसमेत आफ्नो चैतन्यस्वरूपमा लय गराउने भगवती कालीको स्वरूपविकासलाई परमार्ककाली भनिन्छ (पूर्ववत् : ३९)।

११. कालाग्निरुद्रकाली

परमादित्यस्वरूप अहङ्कारलाईसमेत आफूमा लीन गराउने कालाग्निरुद्र नामक कल्पित प्रमाता पनि जुन पूर्णाहन्तास्वरूप चैतन्यमा विलीन हुन्छ, त्यही महाचिदग्निलाई कालाग्निरुद्रकाली भनिन्छ (पूर्ववत् : ४१)। यस अवस्थामा समस्त भाववर्ग पूर्ण अहंविमर्शमा विलीन हुन्छ। सर्वत्र अहंस्वरूपको चमत्कार दृष्टिगोचर हुन थाल्छ। यस अवस्थामा प्रवेश गरेको योगीले समस्त भाववर्गलाई अहंस्वरूपमा एकाकार गर्दै उक्त अहन्तारूपी चमत्काररसमा निमग्न भैरवका रूपमा आफूलाई बोध गर्दछ।

१२. महाकालकाली

कालाग्निरुद्रकालीको अवस्थामा समस्त भाववर्ग पूर्ण अहंपरामर्शस्वरूप

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महाकालमा विलीन हुन्छ । त्यस्तो महाकाल वा कालाग्निरुद्रकाली पनि आफ्नो स्वभावभूत जुन अकुलधाममा प्रविष्ट हुन्छ, त्यही कालकलनाशून्य महाशून्यको अवस्था नै भगवती कालसङ्कर्षिणीको महाकालकाली स्वरूप हो (पूर्ववत् : ४३) ।

१३. महाभैरवचण्डोग्रघोरकाली

माथि वर्णन गरिएका समग्र स्वरूपको उत्पत्ति एवं लयस्थानका रूपमा विद्यमान अनाख्या धाम जो चण्ड अर्थात् प्रमेयचक्र, घोर अर्थात् प्रमाणचक्र र महाभैरव अर्थात् प्रमातृचक्र यी तीनैलाई आफैँबाट उत्पन्न एवं आफैँमा लय गर्दै क्रम, अक्रम तथा क्रमाक्रमरूपले तुरीयसत्ताका रूपमा विद्यमान छ, त्यही मातृसद्भावरूपिणी कालसङ्कर्षिणी देवीलाई नै महाभैरवघोरचण्डकाली भनिन्छ (पूर्ववत् : ४५) ।

यस अतिरिक्त महाकालीका अनेक रूपहरुको चर्चा तन्त्रशास्त्रमा पाइन्छ । महाकालसंहितामा महाकालीका नौवटा रूपको उल्लेख गरिएको छ । ती हुन् – आद्याकाली, दक्षिणकाली, भद्रकाली, श्मशानकाली, गुह्यकाली, कामकलाकाली, धनकाली, सिद्धिकाली र चण्डकाली । तोडलतन्त्रमा कालीका आठवटा भेद देखाउँदै भनिएको छ–

दक्षिणाकालिका सिद्धिकालिका गुह्यकालिका ।
श्रीकालिका भद्रकाली चामुण्डाकालिका परा ॥
श्मशानकालिका देवि महाकालीति चाष्टधा । (तोडलतन्त्र, ३ पटल, १९२ श्लोक) ।

अर्थात् दक्षिणकाली, सिद्धिकाली, गुह्यकाली, श्रीकाली, भद्रकाली, चामुण्डाकाली, श्मशानकाली र महाकाली गरी कालीका आठ भेद छन् । वास्तवमा एउटै महाशक्ति साधकहरुको कार्यसिद्धिका लागि विविध रूपमा अवतीर्ण हुन्छिन् । साधकहरुको भावना र अधिकारभेदका कारण महाशक्ति कालीका विविध रूपको कल्पना शास्त्रमा गरिए तापनि ती सम्पूर्ण रूपहरु वास्तवमा एउटै संवित्शक्तिका अनन्त विस्तार मात्र हुन्, तिनमा भेद देख्नु अज्ञानता सिबाय केही होइन ।

परम शिवको स्वातन्त्र्यशक्तिलाई नै चितिशक्ति, संवित्, कालसङ्कर्षिणी काली आदि नामले सम्बोधन गरिन्छ । सोही चितिशक्तिलाई आगमशास्त्रहरुमा महाप्रतिभाशालिनी भासा नामले निर्देश गरिएको छ । विश्वसिद्धिको कारणस्वरूप स्वातन्त्र्यशक्ति नै सृष्टि, स्थिति, संहार, अनाख्या र भासारूप पञ्चकृत्यका रूपमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निरन्तर प्रकट भइरहेको छ ।

सृष्टि, स्थिति, संहार, अनाख्या र भासा नामक पाँच चक्रलाई 'पञ्चवाह महाक्रम' भनिन्छ। सृष्टिदेखि अनाख्यासम्म चार चक्रको पूजालाई क्रमपूजा भनिन्छभने पाँचौं भासाचक्रको पूजालाई अक्रम–क्रमपूजा भनिन्छ । भासा वा परम स्वतन्त्र संवित् शक्तिमा नै सबैको पर्यवसान हुने भएकाले त्यो चितिशक्ति अखण्ड अद्वैतस्वरूप हो । त्यसैले त्यो क्रमोत्तीर्ण छ तर सम्पूर्ण क्रमको जननी र सबै क्रममा अनुस्यूत भएर रहने भएकाले त्यो परम स्वातन्त्र्यशक्ति वा भासा क्रम पनि हो । सोही अक्रम एवं क्रमस्वरूप चिति, संवित् वा कालसङ्कर्षिणी कालीलाई सर्वत्र सदासर्वदा अविचल रूपले अनुभव गर्नु नै स्वात्मविमर्श वा जीवन्मुक्ति हो र त्यही नै कालीउपासनाको परम आदर्श पनि हो।

सन्दर्भसामग्री

एवेलोन, अर्थर (सम्पादक), (ई.सं. १९८९), महानिर्वाणतन्त्र, दिल्ली : मोतीलाल बनारसीदास।

गुप्त, अभिनव (ई.सं.२००२), तन्त्रालोक (विवेकव्याख्यासहित), राधेश्यामचतुर्वेदी (सम्पादक), वाराणसी : चौखम्बा विद्याभवन।

गौड, रामस्वरूप (सं.), (ई.सं.१९९०), अथर्ववेद(सायणभाष्यसहित), वाराणसी : चौखम्बा विद्याभवन।

पणशीकर, वासुदेव(सं.)(ई.सं १९९०), ईशाद्यष्टोत्तरशतोपनिषदः, वाराणसी : चौखम्बा विद्याभवन।

प्रिस्टन, जे. (ई.सं. १९८०), कल्ट अफ द गडेस, न्यू दिल्ली : विकास पब्लिसिङ हाउस।

बोडास, राजराम तथा गौरे, शिवराम (सम्पादक), (ई.सं. १९४५), ऋग्वेद (सायणभाष्यसहित), बम्बई : बम्बई टेक्नोलोजिकल पब्लिकेसन फन्ड।

भट्ट, गिरिधारी (व्याख्याकार)(वि.सं. २०६९) तोडलतन्त्र, काठमाडौँ : सुरजशमशेर ज.ब.रा.।

शतपथब्राह्मण (सायणभाष्यसहित), ई.सं.२००२ (द्वितीय संस्करण), दिल्ली : नाग पब्लिशर्स।

शास्त्री, महादेव(सं.) (ई.सं.१९८५), तैत्तिरीयारण्यक, दिल्ली : मोतीलाल बनारसीदास।

स्वामी लक्ष्मणज्यू (ई.सं. २०१०), श्रीक्रमनयप्रदीपिका, काश्मीर : ईश्वर आश्रम ट्रस्ट।

(सम्पर्क : ९८४९७६१९१५, E-mail : madhavlamichhane1@gmail.com)

✡✡✡✡

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्झौँ, सिकौँ, सकारौँ र सुधारौँ

✍ **हरिप्रसाद सोडारी**

वैदिक धर्मसँग जीवन, विज्ञान र इतिहास जोडिएको छ । धर्मले टीका लगाउन, पुराण भनाउन, हात हेराउन, दान गराउनमात्र होइन, यस लोक र परलोकमा सुखशान्तिपूर्वक बाँच्न सिकाउँछ । वैदिक धर्मले आफू बन्ने, समाज बनाउने र राष्ट्र निर्माण गर्ने बाटो खुलाउँछ । द्रव्यमुखी शिक्षाको प्रभाव, संस्कृत भाषाको ज्ञानको अभाव, व्यक्तिपिच्छेका फरक व्याख्यानले शास्त्रको मूलमर्म नै अबरूद्ध हुनुजस्ता कारणले धर्म ओझेलमा परेको छ। हाम्रो पहिचान र परिचय जगाउन पनि धर्मको रक्षा एवं संरक्षण गर्न आवश्यक छ। धर्मलाई पूज्दा र बुझ्दासम्म सुरक्षागार्ड, सी.सी क्यामेरा आदिको जरुरत परेन। धर्म मान्नेको नोक्सान र हार हुँदैन, धर्म भएको ठाउँमा अशान्ति र अभाव पनि हुँदैन । धर्मको नाशले परिवार उजाडिन्छ, समाज अपाङ्ग हुन्छ, संस्कृतिको जरा काटिन्छ, राष्ट्र दुब्लाउँछ, मानिसको जीवन बर्बाद हुन्छ। धर्म देखाउन होइन आफूलाई बनाउन,समाजलाई हिँडाउन, राष्ट्रलाई जोगाउन सदुपयोग गर्नुपर्छ । ऋषिमुनि र महात्माले सन्ततिहरू महापुरुष बनून् भनेर धर्मलाई हस्तान्तरण, प्रशारण र संरक्षणमा अतुलनीय योगदान दिएका थिए। धर्मले सम्प्रदाय, पन्थ, समुदायजस्ता बनमासा उत्पादन गर्दैन बरू समाजलाई मरूभूमि बनाउने विभेदको जरा पखाली सञ्जीवनी उमार्छ, दुबो लगाउँछ । धर्मले चाडपर्व मनाउन लगाएर आफन्तसँग भेट गराउँछ, संस्कार सिकाएर आत्मीयता जन्माउँछ, संस्कृति फूलाएर एकाकार गराउँछ। धर्मभित्र अन्धविश्वास, रूढीवाद, जडसूत्रवादको हावी हुँदै गर्दा हाम्रा ऋषिमुनि र पितापुर्खाको पसिना बालुवामा पानी हालेझैँ होला भन्ने डर बढेर गएको छ। वैदिक धर्मले जीवनलाई सहज, सरल र स्वस्थ तुल्याएको हुनाले पुर्खाहरू धेरै बाँच्दथे र सबैलाई भातृत्त्वको व्यवहार गर्दथेँ । हाम्रो इतिहासमा ज्ञानी ऋषिमुनि, ध्यानी साधुसन्त, राष्ट्रवादी वीर योद्धा, कर्मठ नेता, इमान्दार जनता, असल गुरु, अनुसाशित चेला जति पढ्छौं ती सबै धर्मकै प्रतिफल हुन् ।

✍ गोरखा खोप्लाङ निवासी लेखक धार्मिक, सांस्कृतिक तथा अनुसन्धाता हुनुहुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
धर्मले मानिसलाई सामाजिक प्राणी बनायो, ईश्वरको सृष्टिमा उत्कृष्ट जीव तुल्यायो अनि जीवन जिउने कला पनि सिकायो । शास्त्र र ग्रन्थका ज्ञानले हिन्दुहरू चेतनशील, विवेकशील, सहनशील, अध्ययनशील र उदार भए । राष्ट्रको कल्याण, समाजको हित एवं जीवमाथि दया गर्न सके । धर्मकै कारण शत्रुलाई क्षमा दिने, दीन दुःखीमा करुणा राख्ने, अरूको कल्याणमा खुसी हुन सक्ने तागत पुर्खाले हामीलाई दिए । हाम्रा पुर्खा कहिल्यै असहिष्णु भएनन् । दानवीर, कर्मवीर, रणवीर हाम्रै अग्रज थिए । त्यसैले त नेपालमा क्रिश्चियनहरूले प्रवेश पाए, दशांस उठाएर हामीमाथि नै भस्मासुरको अनुहार देखाए । वैदिकधर्म उदार र मानवतावादी भएकाले हाम्रो पुर्खा बाँदरका होइनन्, देवताका सन्तान भए । हामीमा देवताको जीन छ, ऋषिको ज्ञान छ, साधुसन्तको ध्यान छ,पितापुर्खाका वीरताको विरासत छ । यी महिमालाई भुल्दै, विदेशीको आस र भ्रममा डुल्दै, अज्ञानमा घुम्दै जानाले धर्मबाट विमुख हुन पुग्यौं । धर्म एउटा वर्ग, समूह, भूगोल र जातको पेवा हुन पुग्यो । ज्ञानको विगुल फुक्ने, विज्ञानको जन्म गराउने, असल कर्मको बाटो खन्नेका सन्तान अहिले परमुखी र परजीवी बन्न थाल्यौं ।

हाम्रो धर्मभित्र जीवन छ । वैदिक धर्मले मानिसको आध्यात्मिक, व्यावहारिक र पारिवारिक जीवनलाई समृद्ध एवं सन्तुलित बनाउन मार्ग निर्देश गर्छ । पुराणका कथाहरूले कस्ता कर्म गर्दा के परिणाम भोग्नुपर्छ भन्ने ज्ञान गराएका छन् । प्राचीन काव्य र कथाका दृष्टान्त एवं पात्रहरूले जीवनको लक्ष्यबोध, जन्मको प्रयोजन, कर्मको प्रतिफल बताएका छन् । हामीले नयाँ खोज गर्न आवश्यक नै छैन, धर्मले नै सबै रहस्यलाई भण्डार गरिदिएको छ, यसलाई प्रयोगमा ल्याउनमात्र जरूरी छ । जीवनलाई मर्यादित र समाजलाई सुव्यवस्थित तुल्याउन धर्मले बाटो देखाएको छ । गुठी, आश्रम आदि साहारा बिहीनका साथी थिए । धर्मशाला, पाठशाला जीवनका आधार थिए । पाटी, पौवा, ठाँटी, चौतारा आपतका आश्रयस्थल थिए । त्यसैले त विपद्मा पनि धर्मको छत्रछायामा आस पलाउँथ्यो र सद्भावको श्वास फेर्ने वातावरण तयार हुन्थ्यो । धर्मका नाममा खोलिएका संस्थामा सबैको समान मान र आदर हुन्थ्यो । जो कोही निशंकोच जान, खान र बस्न सक्दथ्यो । उदाहरणका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
लागि हिरण्यकश्यपुलाई हन सकिन्छ । हिरण्य कश्यपुको सम्बन्ध देवतासँग विग्रिएपछि बदला लिनका लागि आवश्यक पर्ने शक्ति प्राप्तिका लागि तपस्या गर्ने निश्चित गरे । उनकी गर्भिणी स्त्रीलाई आफ्नो परिवारमा भन्दा देवर्षि नारदको कुटी सुरक्षित सम्भेर त्यहीं छोडेर तप मार्गमा हिंडे । देवर्षि नारद वास्तवमा देवता निकट भए तापनि धार्मिक व्यक्ति भएकाले राक्षसको दृष्टिमा पनि श्रद्धेय थिए । भक्त प्रह्लादको जन्म यहीं भयो । त्रेता युगमा भगवान् रामले गर्भवती सीतालाई निःसंकोचरूपमा बाल्मीकिको आश्रममा छोडे । धर्मकै कारण बाल्मीकि र देवर्षि नारदमाथि चरित्रको प्रश्न उठेन । धर्मले गर्दा गुरुहरूमा इमान्दारिताको गुरुत्त्व, चरित्रको परिपक्कता आउनुपर्ने थियो तर त्यसमा तीव्रतम रूपले नाश हुँदैछ । गुरुले चेलीलाई छोरी सम्झने परम्परा माथि वज्रपात भएको घटना खोज्न टाढा जानुपर्दैन । चरित्र र आचरण नै धर्मका सुगन्ध हुन् । ब्रह्मचर्य पालनलाई धर्मले जोड दिएको छ । ब्रह्मचर्यले दिमाग, दिल र दिनचर्यालाई पवित्र राख्छ । अनुहारमा ओज, शरीरमा शक्ति र दिमागमा तागत ल्याउन ब्रह्मचर्यले ठूलो भूमिका खेल्दछ । ब्रह्मचर्यकै कारण ऋषिमुनिहरूले सिद्धि, सन्तहरूले मुक्ति र साधुले सायुज्य प्राप्त गर्दथे । यसलाई भुल्दै धर्मभीरूहरूबाटै तिलकले सजिएर, मीठो मसिनो बोल्दै सेवाको ढर्रामा धर्ममाथि बलत्कार हुने क्रम बढ्दो छ । धर्मको धरालाई जोगाउनतिर अहिलेका धर्मगुरुहरूले ध्यान दिन जरुरी छ । दिनानुदिन चेली बलात्कृत हुनु, भ्रूणहत्या बढ्नु, बालाश्रममा बृद्धि हुनु धर्मनाशको कारण हो । संस्कार र संस्कृतिको अजस्रस्रोत उहाँहरू नै हुनुहुन्छ भने त्यसको प्रवाहमा निरन्तर ता दिनतर्फ ध्यान जान जरूरी छैन त ? बिहानै उठ्न, अग्रजलाई नमन गर्न, श्रद्धेयलाई पुज्न धर्मले नै सिकाउँछ । के खाने, के गर्ने, कसरी बस्ने सबै विषयको ज्ञान धर्मबाट बुझिन्छ । यसैले जीवनलाई धर्मभन्दा भिन्न राख्न हुँदैन ।

धर्मकै पालनबाट हाम्रा पुर्खाहरू सयौं वर्ष बाँचे अनि वेद, उपनिषद्, पुराण आदिको सङ्कलन र रचना गरे । यसैले हामी धार्मिक हुँदासम्म बुबा आमाले बृद्धाश्रम, बच्चाले बालाश्रम, युवाले विदेश पलायनजस्ता समस्या देख्नुपरेको थिएन । धर्मदेखि जीवनलाई भिन्न राख्न थालेपछि हामी हरेक क्षेत्रमा कमजोर, सुस्क र निम्छरो हुन थालेका छौं । धर्मले मुक्ति र शान्तिमात्र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
दिँदैन स्वस्थ्य रहेर खुशीसाथ जीउने कला पनि सिकाउँछ । दानका नाममा, मन्दिर निर्माण र पुराण वाचनका नाममा ठगीको सुरक्षित उद्योगको स्थापना हुने क्रम द्रुत गतिमा बढेको छ । वेदव्यास र शुकदेव स्वामीले भागवत वाचन गरेर कति पैसा उठाए ? अहिलेका वाचन सम्राट्, वाचन शिरोमणि, वाचन किंकरहरूलाई सोध्न आवश्यक छ । पुराणले नचाउँदैन, मुक्त गराउँछ । आलोचना गर्दैन, आनन्द दिलाउँछ । धर्मदेखि भिन्न हुँदा जीवन पिञ्जराको पक्षी बन्न पुग्छ, निरास हुन्छ अनि आत्महत्याको क्रम बढ्छ । जीवनलाई जग्मगाउने हो भने धर्मसँग जोडिनुपर्छ, संस्कारमा गाँसिनुपर्छ, संस्कृतिसँग टाँसिनुपर्छ ।

वैदिक धर्म नै विज्ञानको जरो हो । आयुर्वेद, ज्योतिषशास्त्र, वास्तुशास्त्र सबै धर्मकै आडमा उम्रिएर उभिएका छन् । धर्मरूपी विशाल वृक्षमा फलेको फल नै विज्ञान हो । रावणको पुष्पक विमान, महाभारतमा प्रयोग भएका शस्त्रअस्त्र सबै धर्मकै गर्भमा बास बसेका थिए, पश्चिमा मुलुकबाट आयत गरिएका थिएनन् । दक्षप्रजापतिमा बोकाको, गणेशमा हात्तीको टाउको हाम्रै विज्ञानले नै जोडेको हो । अश्वथामाको ब्रह्मास्त्रले मृत्युको मुखमा पुगेका परीक्षितलाई कृष्णद्वारा सुदर्शन चक्रले बचाएकै हो । योग, मन्त्र, तन्त्र र यन्त्र सबै विज्ञानका पिता हुन् । मन्त्रको ज्ञातालाई मन्त्री एवं मन्त्र परिचालन गर्ने स्थललाई मन्त्रालय भनिन्छ । अहिलेका मन्त्रीसँग मन्त्र भइदिएको भए हामी रानोबिनाको मौरी हुने थिएनौं । अहिलेको जस्तो अस्पताल उपलब्ध नहुँदा तन्त्र र यन्त्रबाट उपचार हुन्थ्यो । यसलाई जीवनसँग जोड्न नसक्दा कुच्चो ठटाउने, दोबाटो हान्ने जडसूत्रवादी विद्या बनेको छ - हाम्रो तन्त्रविज्ञान । वैदिक विज्ञान नै जीवनदायीनी विद्या हुन्, जसको आधार धर्म हो । धर्मकै आडमा सङ्गीत मौलायो, नाच पलायो, बाजाहरू उम्रिए, भजनको अङ्कुरण भयो, उपासनाको जग बस्यो । वेदबाट पालिएको, विज्ञानबाट पोसिएको, ज्ञानको टेकोमा उभिएको, संसारकै प्राचीन धर्म मौलाएको देशमा कस्तो दुर्दशा ? आफ्नो इतिहास थाहा नपाउँदा धर्म एउटा समूहको कमाइ खाने भाडो भयो । योभन्दा दुर्भाग्य अर्को के हुन सक्छ ? धर्मले निर्देशन गरेको जप, तप, होमले मन र वातावरणलाई शुद्ध गराउँछ । दान र सेवा गराएर सामाजिक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
शान्ति गराउँछ । आधुनिक विज्ञानले पड्काउँछ, भड्काउँछ तर हाम्रो विज्ञानले जोड्छ, दशालाई मोड्छ ।

धर्मले देवीदेवताको पूजापछि पञ्चामृत र प्रसाद खुवाउँछ । पाँचवटा अमृतबाट पञ्चामृत बनाइन्छ । जसलाई खाँदा प्रसन्नता आउँछ, त्यसलाई प्रसाद भनिन्छ । तनाव र चिन्तारहिन हुन पनि प्रसाद खानुपर्छ । यसरी धर्मले देवपूजनपछि शारीरिक र मानसिक सबलताका लागि औषधिको भोजन गराउँछ । पारिजात, तुलसीपत्र, बेलपत्र, शालग्रामको जल, दुबो सबै औषधिजन्य पदार्थ हुन्, जसले मानिसलाई असल जीवन जिउन प्रेरित गर्छ । धर्मले बाह्य र भित्री ज्ञान गराउने भएकाले धर्मगुरुहरूले यो चेत जनजनमा पुऱ्याउन आवश्यक छ । यथार्थ र जनोपयोगी ज्ञानलाई पोको पारेर अर्थ, आश्रम र अवसरका पछि दौड्ने आवरणधारीले धर्मलाई जीवन, ज्ञान एवं विज्ञानसँग जोड्न सकेनन् । धर्मका नाममा हकार्ने, थुपार्ने, डकार्नेहरूको मात्रा बढ्दै गएको छ । आश्रमहरू अग्लिए, गुरुहरूको हुल बढ्यो, प्रवचन गर्नेको लर्को लाग्यो कठैबरी तर धर्म मरीचझैँ चाउरियो । व्यक्ति र संस्था चम्किए आचरण, संस्कार, नियम, दायित्व त नामेट भए । चेला बनाउने होड, विदेश दौड्ने जोडमा धर्मको जरै चुडियो, इतिहासको धोती फुत्कियो, संस्कारको दाम्लो मक्कियो यसतर्फ कसैको चिन्ता र चिन्तन छैन । तथापि गुरु, महागुरु, जगत्गुरु, मण्डलेश्वर, महामण्डेश्वर, डाक्टर उत्पादन गर्ने कारखानामा कुनै कमी छैन । हामी संस्कार, संस्कृति र संस्कृतको संरक्षणमा होइन सम्पत्ति, सम्मान र सजावटका पछि लागेका छौँ । धर्मको जगेर्ना होइन जरोसमेत पखालेर खाने अवस्थामा पुगेका छौँ । धर्मको रक्षाभन्दा पनि धन्दाको सुरक्षा गर्नतिर न्वारनको बल खर्चिएका छौँ । कठै ऋषिका सन्तान, वीरका वंशजहरूका हालत ? यस्तो अवस्थामा पनि हामीले गल्तीलाई स्वीकार नगरेकै कारण धर्मले विज्ञानसँग होइन विज्ञापनसँग मित लगाउन पुगेको छ । धर्मभित्र विज्ञान छ र त हाम्रा ऋषिमुनिहरू वैज्ञानिक थिए ।आपत् पर्दा राजा, उद्यमी, नेता, जनता सबै ऋषिमुनिलाई भेट्न एवं आशीर्वाद लिन पुग्थे । ऋषिमुनिको बिँडो थाम्ने गुरुहरूको अवस्था कस्तो छ बुझ्नलाई मिहिनेत गर्नुपर्दैन । गुरुहरूका प्रवचन र आशीर्वादले भक्तका शिर उच्च हुनुपर्नेमा नाक हराएको छ, छाती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
साँघुरिएको छ । सम्प्रदाय, पन्थका आफ्नै खेजडीले गर्दा धर्म र अधर्म एउटै ताउलामा पाकेको खिचडी भएका छन् । अब हामीले विज्ञानलाई बुझ्न वैदिक धर्ममा नै फर्कनुपर्छ । हामी वैज्ञानिकका सन्तान भएकाले पनि विज्ञान हाम्रो पैतृकसम्पत्ति हो जसलाई संरक्षण गर्नु हाम्रो कर्तव्य पनि हो ।

वैदिक धर्मभित्र इतिहास छ । कर्मकाण्ड गर्नुभन्दा पहिले सङ्कल्प गरिन्छ र त्यसमा कर्ता कसको नाति, कसको छोरा, कुन गोत्र र प्रवरमा जन्मियो, कुन सामा र पाछामा बिजारोपण भयो निश्चय गर्नुपर्छ । सो अनुष्ठान कुन देश, अञ्चल, गाउँमा हुन लागेको हो प्रष्ट पार्नुपर्छ । वंश र भूगोलको अनिवार्य जानकारी राख्नुपर्ने हामी आज इतिहासका जन्मदाता हेरोडोटस हुन् भनेर पढ्दै छौं । पुराण, रामायण र महाभारत हाम्रा इतिहास हुन् । यो भन्दा पुराना र जेठो इतिहास विश्वमा कतै छैन । हामीसँग दुई प्रकारका इतिहास छन्- एउटा शास्त्रभित्रको, अर्को ग्रन्थभित्रको । शास्त्रभित्र केवल वेद, उपनिषद् र ब्राह्मणग्रन्थहरू पर्छन्, जसलाई मानिसले बनाएका होइनन् । ग्रन्थभित्र . इतिहास जसलाई मानिस वा महापुरुषहरूले लेखेका थिए,जस्तै ५.. ा, म-ाभारत आदि । धार्मिक ग्रन्थभित्र हाम्रो सम्पदा, संस्कार, इतिहास र विरासत लु॰ ो विषयलाई विर्सन हुँदैन । ऋषिमुनिहरूले अहोरात्र खटेर तयार गरेको विज्ञान र इतिहासलाई पढ्नेभन्दा पनि पन्छाउने, बुझ्नेभन्दा पनि पुज्नेतर्फ ध्यान दिएको पाइन्छ । यिनै ग्रन्थले वेदव्यास, गौतम बुद्ध, गुरु नानक, महावीर, दयानन्द सरस्वती, कबीर, योगी नरहरिनाथ, डा. स्वामी प्रपन्नाचार्यजस्ता पूजनीय महामना जन्मायो । उनीहरूको बखानमा नथाक्नेहरूले कम्तीमा उहाँहरूका गुण र विशेषतालाई आत्मसाथ गर्न सक्नुपर्ने थियो । हाम्रो धर्मले मूर्ख कालिदासलाई रघूवंश महाकाव्य लेख्न सक्ने बनायो, रत्नाकर डाँकुलाई बाल्मीकिमा रूपान्तरण गरायो । धर्मले मानिसलाई सामाजिक प्राणी, ईश्वरको सन्तान बनाउँछ । महाभारतमा धार्मिक व्यक्तित्वको प्रभाव प्रकृतिमा समेत पर्छ भन्नेबारेको एउटा रमणीय प्रसङ्ग आउँछ ।

गुप्तबासमा रहेका पाण्डवहरू पत्ता लगाउन नसकेपछि दुर्योधनले भीष्मपितामहलाई उनीहरू लुकेको स्थानबारेमा बताउन अनुरोध गर्दछन् । पितामहले दुर्योधनलाई भन्छन् - पाण्डवहरू जहाँ बस्छन् त्यहाँ समयमा पानी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पर्छ, अन्नबालीहरू अन्य राज्यको भन्दा राम्रो उत्पादन हुन्छ, हिंसाको बास छैन । त्यस राज्यमा उनीहरूको निवास छ ।

यो तथ्यले के बताउँछ भने जहाँ धर्मात्माहरू छन्, त्यहाँ प्रकृतिले बाटो समाउँछिन्, शासकहरू अभिभावकजस्ता हुन्छन् । जनतामा शान्ति र आपसी सद्भाव हुन्छ । नेपालमा यति धेरै धार्मिक गुरु र संस्था छन् तर देशले के के दशा भोग्दैछ बयान गर्नै पर्दैन । हामी शब्दका साधु, प्रचारका गुरु, जमातका संस्था त जन्माउँदै छैनौं ? धर्मका नाममा भूट, सेवाका नाममा लुट, गुरुका नाममा गुठ हुनाले वैदिक धर्ममाथि व्रजपात हुँदैछ ।

धर्मलाई कोदाली खन्दै, हलो जोत्दै, भारी बोक्दै गरेकाले होइन पहुँचमा पुगेकै, नाम कमाएकै, समर्थवान् व्यक्तिहरूले नै बिगारिरहेका छन् । यस्ता घमिरालाई धार्मिक भनेर हामीले बर्बाद गरिरहेका छौं । धर्मलाई साझा सम्पत्ति सम्झनु पर्छ । वैदिक सनातन धर्म एक व्यक्ति, भूगोल, समुदाय र समयले उत्पादन गरेको होइन । यसको लामो इतिहास छ । अहिले यसलाई सम्झन छोडिएको छ, संरक्षणमा ध्यान दिएको पाइदैन । धर्ममा धेरै ऐजेरू पलाएका छन् । धब्बा लगाएका छन् । यसको शुद्धीकरण गर्ने जिम्मा हाम्रै हो । गल्ती हामीले नै गरेको हौं, हामीले नै यसलाई सुधार्नुपर्छ । हामीले कमजोरीलाई सकार्नुपर्छ र पुर्खाले जुन रूपमा स्थापन गरेका थिए त्यसलाई सम्झनुपर्छ । चोट, खोट र रोग नलागेको हाम्रो धर्मलाई सुरक्षित रूपमा भावी सन्ततिसम्म हस्तान्तरण गर्ने जिम्मा हाम्रै काँधमा छ । यसलाई सम्झौं, विगतबाट सिकौं, कमजोरीलाई सकारौं, गल्तीलाई सुधारौं । अनिमात्र हामी ऋषिका सन्तान, वीरहरूका पुत्रपुत्री, ज्ञानीका सन्तति भन्न सुहाउँछ ।

✡✡✡✡

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हिन्दुधर्ममा गङ्गाको महत्त्व

✍ मुक्तिनाथ घिमिरे, लमजुङ

१. विषय प्रवेश

हिन्दु सनातन धर्ममा गाई, गुरु, गीता, गायत्री र गङ्गाको ज्यादै ठूलो महिमा छ। गुरुले शिक्षा प्रदान गर्ने, ज्ञान दिने र सुमार्ग देखाइ दिनेकाम गर्नु हुन्छ। गुरुको आज्ञा शिरोपर गरी उहाँले देखाउनु भएको बाटो हिँड्न सक्नेहो भने जीवन सधैं सफल हुन्छ। गाई हाम्री माता हुन्। गाईको पूजा गर्नाले उनका सबै अङ्गका देवदेवीको पूजा हुन्छ। हरेक वर्ष तिहारको लक्ष्मी पूजाका दिन गाईको पूजा गरिन्छ। पञ्चामृत (गाईको दूध, दही, घ्यू, मह र चिनी) धर्तीको अमृत नै हो। पञ्चगव्य (गाईको दूध, दही, ग्यू, गोबर तथा गउँत) पनि देह तथा भूमि शुद्धिका लागि महत्त्वपूर्ण चीज हो। देवकार्य तथा पितृकार्यमा यी दुबै चीजको अनिवार्य रूपमा महत्त्व रहन्छ। गीता महत्त्वपूर्ण ग्रन्थ हो। महाभारतकालमा कुरु क्रमा कौरव र पाण्डव बीच भएको लडाइँका सन्दर्भको गुदी अङ्ग भनेको गीता हो। यसमा ज्ञान, भक्ति र वैराग्य योगको राम्रो विश्लेषण गरिएको छ। गीताको पुस्तक पढेर मर्म बुझ्ने हो भने जीवन ज्ञानमय हुन्छ र मान्छे ज्ञानी हुन्छ। धार्मिक दृष्टिले पनि गीताको महत्त्व छ। यी बाहेक गीता :

यावानर्थउदपानेसर्वत : सम्प्लुतोदके।
तावान्सर्वेषुवेदेषुब्राह्मणस्यविजानत : ॥ (२:४६)

अर्थ : जस्तै ठूलो जलाशय पाए पनि ; मनुष्य प्रयोजनभर मात्र पानी लिन्छ ; त्यस्तै ब्रह्मवेत्ता ब्राह्मणको सम्पूर्ण वेदमा उत्ति प्रयोजन रहन्छ।

गायत्रीमन्त्र: वैदिक मन्त्रहरूमा सबैभन्दा महत्त्वपूर्ण गायत्री मन्त्र हो। यसमा स्नान गरिसकेपछि सर्वशक्तिमान् तेजस्वी सूर्यको प्रार्थना गरिन्छ। स्नानको पनि प्रकार बताइएको छ। भनिएकोछ :

✍ लेखक शान्ति मावि कुन्छा लम्जुङ्का पूर्व प्र.अ. हुनुहुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उत्तमातारकोपितामध्यमालुप्ततारका

अधमासूर्यसहिताप्रात : सन्ध्याइतिस्मृत ॥

अर्थः बिहान उठेर आकाशका तारा देखिँदैमा स्नान गर्नु उत्तम हो । तारा अस्ताइ सकेपछि स्नान गर्नु मध्यम हो । सूर्योदय पश्चात स्नान गर्नु अधम हो । मध्यदिनको स्नान त सामान्य नै हुन्छ । सन्ध्या कालको स्नानमा यसो भनिएको छ :

उत्तमासूर्यसहितामध्यमालुप्ततारका ।

अधमातारकोपेतास्नानसन्ध्याइतिस्मृत : ॥

अर्थः सूर्य छँदैमा स्नान गर्नु उत्तम हो । तारा नदेखिँदै स्नान गर्नु मध्यम हो । तारा देखिएपछि स्नान गर्नु अधम हो । यसरी हिन्दु सनातन धर्ममा गङ्गा, सूर्य तारा, समय र स्नानका बीचमा एकाकार गराइएको छ । हामी प्रातः कालमा स्नान गर्दा यो मन्त्र भन्दछौँ:

गङ्गेचयमुनेचैवगोदावरीसरस्वती ।

नर्मदेसिन्धुकाबेरीजलेस्मिन्सन्निधम्कुरू ॥

अर्थः गङ्गा, यमुना, गोदावरी, सरस्वती, नर्मदा, सिन्धु, काबेरी यी सबै गङ्गाजीलाई सम्झनाका साथ स्नान गर्दछु । यी भारतका ठूला नदी हुन् । नेपालमा पनि ठूला ठूला नदी छन् । तिनको नाउँ लिँदा पनि हुन्छ । गण्डकी प्रस्रवण क्षेत्रमा पनि ठूल्ठूला र महत्त्वका नदीहरू छन् । तिनलाई सप्तगण्डकी भनिन्छ । स्नान गर्दा तिनको नाउँ लिँदा पनि फरक पर्दैन । उदाहरण :

त्रिशूली, गण्डकीबूढी, दरौंदी, कर्मदा तथा ।

माहेन्द्री, गण्डकीशुक्ला, कालीगङ्गा नमस्तुते ।

अर्थः त्रिशूली, बूढीगण्डकी, दरौंदी, कर्मदा (मर्स्याङ्दी), माहेन्द्री (मादी), शुक्लागण्डकी (सेती) काली गण्डकीलाई म नमस्कार गर्दछु ।

२. गङ्गाको महत्त्वः

यस अध्ययनमा गङ्गाको बारेमा केही चर्चा गरिन्छ । गङ्गा भनेको जल सम्पदा हो । यसको उद्गमस्थल हिमालय पर्वत हो । हिउँ पनि जमेको अवस्थाको जल नै हो । हिमालय पर्वतदेखि हिन्दमहासागरसम्म सर्वत्र हिन्दुत्त्व छ । हिन्दु सनातन धर्मका अनादिदेव, आराध्यदेव शिवजीको बासस्थान कैलाश पर्वत हो । त्यहाँबाट उत्पन्न भई बगेर गएको जल महासागरमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
पुग्दछ । हिन्दुको वर्चश्व भएको स्थानबाट आएको जलसम्पदा जम्मा भएको सागर भएर नै हिन्दमहासागर भनिएको हो । आधुनिक युगमा प्रचलित पाँचवटा महासागर (प्रशान्तमहासागर, हिन्दमहासागर, आन्द्रमहासागर, सुमेरुमहासागर तथा कुमेरु महासागर) पनि यसरी नै बनेका हुन् । तिनको एकआपसमा सम्पर्क छ । क्षीरसागरमा भगवान् विष्णु सुकला हुन्छ । विष्णुको नाभिस्थानबाट उत्पत्ति भएको कमल फूलमा सृष्टिकर्ता ब्रह्माजी विराजमान हुनुहुन्छ । हिमालय पर्वत देखि क्षीरसागरसम्म पुग्दा ब्रह्मा, विष्णु र महेश्वर त्रिशक्तिको सम्पर्क हुन जान्छ । सृष्टि, स्थिति र प्रलयको स्वरूप पनि त्यहीं समावेश हुने हुँदा ॐकार को साक्षात्कार भएको कुरा अन्तर्दृष्टिबाट बुझ्न सकिन्छ । संस्कृत साहित्यका महाकवि कालिदासले कुमार सम्भवं महाकाव्यमा सबैभन्दा पहिला यो श्लोक रचना गरेका हुन् ।

अस्त्युत्तरस्यॉम्दशिदेवतात्मा ।
हिमालयोनामनगाधिराज ।
पूर्वापरौतोयनिधिबगाह्य ।
स्थितः पृथिव्यइवमानदणड ।

अर्थःभारतवर्षको उत्तर दिशामा देवताको आत्मस्वरूप भएर हिमालय पर्वत रहेको छ । त्यसका अधिपति शिवजी हुन् । पूर्वदेखि पश्चिम ठण्डा हावाको खानी भएर हिमाल ठडिएको छ । जसरी आकाश र धर्तीलाई जोड्ने काल्पनिक मेरुदण्ड छ, ठीक त्यसै गरी त्यो हिमाल पनि पूर्व र पश्चिमलाई जोडेर मेरुदण्डजस्तै भएर रहेको छ । त्यहाँ शिव-पार्वतीको महिमाको बर्णन गरिएको छ । जलका देवता शिवजी हुन् । भगीरथ राजाले धेरै वर्ष तपस्या गरेर स्वर्गबाट ल्याएकी गङ्गा शिवजीका जटामा अल्झिइन् । पछि उनी धर्तीमा ओर्लिएर भागीरथी गङ्गाको रूप लिइन् । सुक्खा खडेरी पऱ्योभने लोकले हरहर महादेउ, पानी देऊ भनेर शिवजीसँग पानी माग्ने गरेको कुरा सर्व व्यापक छ । जलमा सर्वत्र विष्णु भगवान् रहन्छन् भन्ने कुरा पनि उनै कालिदासको भनाइबाट थाहा लाग्दछ । उदाहरण :

जले विष्णु थले विष्णु विष्णु गगन मण्डले
ज्वाला मालाकुले विष्णु सर्व विष्णुमय जगत ।

अर्थः विष्णु जलमा छन्, थलमा छन् , आकाश मण्डलमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छन् । अग्निका ज्वालामा विष्णु छन्, पर्वत मालामा समेत विष्णु छन् । त्यसैले यो संसार सबै विष्णुमय छ । उनको भनाइअनुसार जलमा त विष्णु यसै छँदै छन् । थल रसाएर जल निस्कन्छ । त्यहाँ पनि विष्णु छन् । आकाशमा विष्णु हुन्छन् भनिएको छ । आकाशबाट जलको वर्षा हुन्छ । अग्निका ज्वालामा विष्णु हुन्छन् भन्ने कुरालाई पुष्ट्याइँ गर्दा भगवान् श्रीकृष्णले अग्नि ओकलेको कुरा श्रीमद्भागवतमा पढ्न पाइन्छ । विष्णुका दश अवतारमध्ये आठौँ अवतार कृष्ण हुन् । अर्को प्रसङ्ग उनै कालिदासले मेघदूत खण्ड काव्यमा यस्तो भनेका छन् :

धूमस्ज्योतिसलिलमरूताम्सन्निपातः कोमेघ ?

अर्थः धूवाँ आगो पवनहरूको मेघ हो, त्यो कहाँको ? अथवा आगाको धूवाँ आकाशमा थुप्रिनाले मेघ (बादल) बनेको हो । जलको वर्षा गराउने त मेघ हो । पर्वत मालाहरूमा पनि भगवान् विष्णु रहन्छन् भनिएको छ । पहाड पर्वतबाट जलका अनगिन्ति छाँगा छहरा नदीतर्फ हाम्फाल्छन् । तिनले गङ्गाको रूप लिन्छन् र समुद्रमा मिसिन पुग्दछन् । बच्चा आमाको गर्भमा रहँदा पनि जलमय ठाउँमा रहन्छ । आमा सर्वत्र भूमण्डल हुन् । उनको गर्भ क्षीरसागर हो । त्यहाँ आश्रित बालक भगवान् विष्णुको एक अंश हो । जब बच्चा यस धर्तीमा पैदा हुन्छ, तब उसलाई जलले स्नान गराइन्छ । मनुष्य जीवनमा सर्वत्र जलको प्रयोग गर्दछ । जलविना प्राणी तथा वनस्पतिको जीवन सम्भव छैन । मानिस बाँचिन्जेल जलको प्रयोग गर्दछ भने जीवनको अन्त्यमा पनि गङ्गाजीको जल तथा तुलसीको पात मिसाएको जल उसका मुखमा राखिन्छ । मानिस अब बाँच्दैन भन्ने ठहर भएपछि ज्यूँदै गङ्गाजीमा लैजाने गर्ने परम्परालाई पनि नकार्न सकिंदैन । सोही अवस्थामा वैतरिणी गङ्गा पार गराउने भनेर शास्त्रीय विधि प्रयोग गर्ने परम्परा पनि हामीसँग छँदैछ । मानिस मरेपछि अन्त्यष्टि पनि गङ्गाजीमै गरिन्छ । तसर्थ हिन्दु परम्परामा गङ्गाको अति ठूलो महत्त्व छ । यहाँ मानव जीवनको मात्र चर्चा गरियो । द्वापरयुगका लीलाविहारी भगवान् श्रीकृष्णको बारेमा कुरा गर्दा उनले कालिया दमन गरेका यमुना नदीमा हो । त्यसको एउटा प्रसङ्ग यस्तो छः

पूजयित्वा जगन्नाथ प्रसाद्य गरुडध्वजम्
ततप्रीतो भ्यनुज्ञात परिक्रम्यभिवन्सत ॥६६॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सकलत्रसुहृत्पुत्रो द्वीपमध्येर्जगामह ।

सदैव सामृतजला यमुना निर्विषा भवन् ॥ ६७॥(दशम स्कन्ध, अध्याय १७)

अर्थः गरुडलाई साथ लिएर भगवान् श्रीकृष्णले कालिया दमन गर्दा नागिनीहरूले भगवान् जगन्नाथ तथा गरुडको पूजा गरेर परिक्रमा समेत गरे। सम्पूर्ण नागहरूलाई उनले नियन्त्रणमा लिए । त्यस्तो नागैनाग भएको यमुना गङ्गा सधैंका निम्ति विषरहित बनाइदिए । यसरी भगवान्ले जलमा विहार गरेर पनि लोकको उद्धार गरेका थिए ।

३. गण्डकी प्रस्रवण क्षेत्रका गङ्गाः

हामीले गहिरिएर हेऱ्यौं भने प्रत्येक गङ्गामा एउटा न एउटा विशेषता पाउँछौं । यस अध्ययनमा गण्डकी प्रस्रवण क्षेत्रका केही जल सम्पदाका विशेषतालाई चिनाउने जमर्को गरिएको छ । **गण्डकी प्रस्रवण क्षेत्र भन्नाले सिन्धुपाल्चोक जिल्लाको पाटी भन्ज्याङको पश्चिमी ढालदेखि अर्घाखाँची जिल्लाको बेलकोटको पूर्वी ढालसम्मको भौगोलिक क्षेत्रलाई सम्झनु पर्दछ** । यस क्षेत्रका नदीनाला आसपासमा उत्तम तीर्थस्थल छन् ।

त्रिशूली :

गोसाइकुण्डबाट उत्पत्ति भएकी यी गङ्गाको पृष्ठभूमि भगवान् शिवजीसँग जोडिएको छ । अघि सत्ययुगमा देवता र दानव मिलेर समुद्र मन्थन गर्दा त्यहाँबाट १४ रत्न निस्के । जस्तैः

लक्ष्मीं कोस्तुभ पारिजातक सुरा धन्वन्तरिश्चन्द्रमा ।
गावः कामदुधा सुरेश्वर गजो रम्भादि देवाङ्गना ॥
अश्वः सप्तमुखा विषः हरि धनु शङ्खो मृताचम्बुधे
रत्नानीह चतुर्दश प्रतिदिनं कुर्यु सदा मङ्गल ॥

अर्थः १.लक्ष्मी, २. कोस्तुभ मणि, ३. पारिजात ४. सुरा (मदिरा) ५. धन्वन्तरि (वैद्य) ६. चन्द्रमा ७. कामुधेनु गाई ८. एरावत हात्ती ९. रम्भादि अप्सराहरू १०. उच्चैश्रवा घोडा ११. कालकूट विष १२. धनु १३. पाञ्चजन्य शङ्ख, र १४ . अमृत ।

यीमध्ये कालकूट विष एक हो । सोही विष शिवजीले उनैको कण्ठमा राखे । त्यसकारण उनको नाउँ नीलकण्ठ रहन गएको हो । त्यो विषले शिवजीलाई जर्ती भयो । उनी छटपटिदै हिमालतर्फ गए । सोही अवसरमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
उनले हिमालको फेदीमा त्रिशूल धसाए । त्यहाँबाट गङ्गाजी उत्पत्ति भइन् । **त्रिशूल धसाएर उत्पत्ति भएकी गङ्गा भएको हुनाले तिनको नाउँ त्रिशूली रहन गएको हो** । तसर्थ यी गङ्गा ज्यादै पवित्र छन् ।

बूढीगण्डकी :

लार्के हिमाल र ग्यालाभन्ज्याङ क्षेत्रबाट बूढीगण्डकी उत्पत्ति भएकी हुन् । गणेश हिमाल सेरोफेरोको जलसम्पदा पनि यिनै गङ्गाजीमा मिसिन्छ । यी गङ्गा गोरखा र धादिङ दुई जिल्लाको सीमारेखामा बग्दछिन् । यी गङ्गामा अरुघाट पर्दछ । हरेक वर्ष त्यहाँ हरिबोधनी एकादशीका दिन मेला लाग्दछ । फूल तार्ने र बगाउने भक्तजनहरूको भीड लाग्दछ । बूढीगण्डकी तल बग्दै गरेर त्रिशूलीमा मिसिन्छिन् । त्यस दोभानलाई वेनीघाट भन्दछन् । धार्मिक दृष्टिले त्यस ठाउँको पनि ठूलो महत्त्व छ । त्यहाँ हरेक वर्ष हरिबोधनी एकादशीका दिन मेला लाग्दछ । फूल तार्ने र बगाउने भक्तजनहरू प्रशस्त हुन्छन् ।

धर्मावती गङ्गा:

यिनलाई दरौंदी पनि भनिन्छ । यी गङ्गाको उद्‌गमस्थल नारदपोखरी हो । यी गङ्गाको निबेल भन्ने ठाउँमा हरेक वर्ष हरिबोधनी एकादशीका दिन ठूलो मेला लाग्दछ । स्नान गर्ने, फूल तार्ने र बगाउने भक्तजनहरूको ज्यादै भीड लाग्दछ । धार्मिक दृष्टिले यो ठाउँ पवित्र मानिन्छ ।

चम्पावती :

यी गङ्गालाई चेपे पनि भनिन्छ। लमजुङ र गोरखाका सीमा रेखाका रूपमा चिनिने यी नदी दूध पोखरीबाट उत्पत्ति भएकी हुन् । हिन्दुधर्मावलम्बीहरूका लागि दूध पोखरीको ज्यादै ठूलो महत्त्व छ । त्यो ठाउँ उत्तम तीर्थस्थल हो । भगवान् विष्णुले सुदर्शन चक्र धसेको ठाउँ भएर चक्रतीर्थ धाम भन्ने ठाउँ पनि यिनै नदीको परिसरमा ठूलो इतिहास बोकेर रहेको छ । पौराणिक इतिहास मात्र नभई मानव इतिहासमा पनि चम्पावती नदीको ठूलो महत्त्व छ । यशोब्रह्म शाहकी रानी वसन्तावतीले उनैका छोराहरू नरहरि शाह र द्रव्य शाहका बीचमा लडाइँ नहोस् भनी नरहरि शाहलाई लमजुङतर्फ र द्रव्य शाहलाई गोरखातर्फ उभ्याइ उनी चम्पावती (चेपे) नदीमा पसी स्तन पखालेको घटनाले पनि यस ठाउँको महिमा अरू बढेको देखिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मर्स्याङ्दी :

यी गङ्गाको पौराणिक नाउँ कर्मदा हो । यी गङ्गाको पानी बढी चिसो छ । साथै यिनी ठाडो भीरपखेरा हुँदै बगेकी छन् । मनाङको तिलिचो ताल र थोराङपास परिसरको जल सम्पदाबाट सुरु भएकी मर्स्याङ्दी नदीका वरपर अनेकौं रहस्यमय वस्तुहरू छन् । तीमध्ये बाहुन डाँडाको पश्चिमी भागमा अवस्थित तातोपानी कुण्ड बहुचर्चित ठाउँ हो । त्यहाँबाट निस्केको मूलको पानी उमालेको जस्तै तातो हुन्छ । अर्को मूलको चिसो पानी नमिसाई स्नान गर्न सकिंदैन । त्यो पानीमा स्नान गर्नाले दूभी, ग्यास्ट्रिक, युरिकएसिड, बाथ, टाउको दुख्नेजस्ता विभिन्न रोग सन्चो हुन्छ भन्ने विश्वास छ । स्नान गर्ने मानिसहरूको सधैँ ज्यादै ठूलो भीड लाग्छ । सन्चो भयो भन्नेहरू पनि धेरै छन् । धार्मिक र वैज्ञानिक दुबै दृष्टिले यसको महत्त्व रहेकोछ । यी गङ्गाका परिसरमा लमजुङ कालिका, लक्ष्मीनारायण, कर्मदेश्वर महादेव, उदीपुर कालिका जस्ता धेरै शक्तिपीठहरू छन् । समयअनुसार ती ती ठाउँहरूमा ठूला ठूला मेला लाग्दछन् ।

माहेन्द्रीः

यिनलाई मादी पनि भनिन्छ । स्कन्दपुराणमा उल्लेख भएअनुसार महेन्द्र पीठ भनिएको ठाउँमा हेन्द्री गङ्गाको नजिकै ईशानेश्वर महादेवरूपी शक्ति पीठ छ । महाशिवरात्रिको अवसरमा लाग्ने काठमाडौंका पशुपति नाथको मेला पछिको पश्चिमी नेपालका शिवालयमा लाग्ने ठूलो मेला यसै शक्तिपीठमा लाग्दछ ।

शुक्ला गण्डकी नदी :

कलि युगमा मनुष्य जातिमा हत्या, हिंसा र आतङ्क बढ्दछ । तसर्थ यो समयमा यस धर्तीका मान्छेको मुख हेर्दिन भनेर यी नदी गहिरिएर बगेकी छन् । यस्तो अनौठो दृश्य अन्यत्र सायद छैन होला । यो एउटा विशेषता हो । सधैँ दूधको खोलो बग्नु पनि यी नदीको अर्को विशेषता हो । शुक्ला गण्डकी र माहेन्द्री नदीको सङ्गम दमौली पौराणिक इतिहास बोकेको ठाउँ हो । **पौराणिक पात्र मत्स्यगन्धा भनिने सत्यवती र पराशर ऋषिका बीचमा भेटभएको, कुहिरो उत्पत्ति भएको, त्यसै ठाउँमा वेदव्यासको जन्म भएकोजस्ता पौराणिक कथा सर्वत्र छन् । त्यसै ठाउँमा पौराणिक इतिहास बोकेको एक**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गुफा छ । त्यसलाई व्यासगुफा भन्दछन् । व्यासजीले त्यसै गुफामा बसेर चार वेद तथा अठार पुराणको रचना गरेका थिए ।

कृष्णा गण्डकी :

यी गङ्गालाई कालीगण्डकी पनि भनिन्छ । दमोदर कुण्डबाट उत्पत्ति भएकी यी एक प्रशिद्ध नदी हुन् । भगवान् श्रीकृष्णलाई छुचाए भनेर आमाले उदर (पेट) मा दाम्लाले बाँधेर राखेको समयमा दाम्लै लिएर उनी हिँडेका थिए । उदरमा दाम्लाले बाँधिएका हुनाले उनको नाउँ दामोदर भएको पनि हो । त्यस कुण्डमा आइपुग्दा उनको उदर (पेट) बाट दाम्लो फुस्केर त्यसै ठाउँमा खसेको थियो । त्यसै भएर त्यस ठाउँको नाउँ दामोदर कुण्ड रहन गएकोहो भन्ने शास्त्रीय मान्यता छ । हिन्दु सनातन धर्मका पाञ्चायन देवता (गणेश, विष्णु, शिव, सूर्य र देवी) का प्रतीक शालिग्राम यिनै गङ्गाको गर्भबाट उत्पत्ति भएका छन् । यो एउटा विशेषता हो भने पानी कालो हुनु यिनको अर्को विशेषता हो । यिनै गङ्गाजीको परिसरमा अवस्थित मुक्तिक्षेत्र उत्तम तीर्थस्थल हो । यो ठाउँ हिन्दुधर्मावलम्बी र बौद्धधर्मावलम्बीहरूको साझा तीर्थस्थल हो । यस तीर्थस्थलमा अत्यन्त राम्रो धार्मिक सहिष्णुता छ ।

यस्ता थुप्रै गङ्गाजी हाम्रै माटामा छन् । यस्ता धेरै गङ्गाजीमा हरिबोधनी एकादशीका दिन फूल तार्ने र बगाउनेको भीड लाग्दछ । चम्पावतीको चक्रतीर्थ, मर्स्याङ्दीको खुदीवेनी, मर्स्याङ्दीको पाउँदी, माहेन्द्रीको शिशाघाट, कालिगण्डकीको राम्दी, रुरुक्षेत्र, देवघाटजस्ता धेरै ठाउँमा बालाचतुर्दशीका दिन शतबीज छर्ने परम्परा पनि छ । यी बाहेक लमजुङको जितामा एउटै मूलबाट निस्केको पानीलाई कलात्मक सातवटा धारामा विभाजन गरी जल प्रवाह गराइएको छ । परापूर्वकालमा माघे सङ्क्रान्तिका दिन बिहान सप्तर्षि (गौतम, भरद्वाज, विश्वामित्र, जमदग्नि, वसिष्ठ, कश्यप र अग्नि अथवा मरीचि, अत्रि, अङ्गिरा, पुलह, ऋतु, पुलस्त्य र वसिष्ठ) ले स्नान गर्दथे भन्ने विश्वासले तिनै ऋषिको सम्झनामा ती धारा निर्माण गरिएका हुन् । वैदिक सनातन धर्मअनुसार ऋषि तर्पणीका दिनमा यज्ञोपवित मन्त्रण गर्ने, कम्तीमा सालको एकचोटि चैत, वैशाखमा शिवार्चन गरी जलधारा दिने, बालाचतुर्दशीका दिन शतबीज छर्ने ज़स्ता धार्मिक कार्य त्यहाँ गरिन्छन् । त्यहाँ शिव पाञ्चायन मन्दिर पनि छन् । समय अनुकूल पूजा पनि गरिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

माथि उल्लेख गरिएका गङ्गाहरूमध्ये गोसाइ कुण्डबाट उत्पत्ति भएकी त्रिशूली गङ्गामाताको हिमाल र ग्याला भन्ज्याङबाट उत्पत्ति भएर आएकी बूढी गण्डकी वेनीघाटमा आएर मिसिन्छिन् । नारद पोखरीबाट उत्पत्ति भएर आएकी दरौंदी गङ्गा मुक्तिनाथको पूर्वी ढाल तिलिचो ताल र थोराङ्पासबाट उत्पत्ति भएर आएकी मर्स्याङ्दी गङ्गासँग तनहुँको आँबुखैरेनीमा आएर मिसिन्छिन् । तिनै मर्स्याङ्दी मुग्लिनमा पुगेर त्रिशूलीमा मिसिन्छिन् । अन्नपूर्ण हिमालका हिमनदीबाट उत्पत्ति भएकी माहेन्द्री (मादी) गङ्गा माछापुच्छ्रे हिमालबाट उत्पत्ति भएकी शुक्लागण्डकी (सेती) सँग दमौलीमा पुगेर मिसिन्छिन् । तिनै शुक्लागण्डकी गाईघाटमा पुगेर त्रिशूलीमा मिसिन्छिन् । ती त्रिशूली गङ्गा दामोदर कुण्ड तथा मुक्तिनाथको सेरोफेरोबाट उत्पत्ति भएकी कृष्णा गण्डकीसँग देवघाटमा पुगेर मिसिन्छिन् । त्यसपछि यी गङ्गाले नारायणीको रूप लिन्छिन् । अनि यी त्रिवेणीमा पुग्छिन् । महेन्द्र राजमार्गको अरुण खोला र वरघाटको दक्षिणमा त्रिवेणी तीर्थ अवस्थित छ । त्रिवेणीको पश्चिमी तट नवलपरासी र पूर्वीतट चितवन जिल्लामा पर्दछ तापनि नुहाउने घाट भने सप्तगण्डकीको पश्चिमी तट नवलपरासी जिल्लामा पर्दछ । सप्तगण्डकी (नारायणी), सोनार पञ्चनदीको सङ्गमस्थल भएकोले यो तीर्थ त्रिवेणी नामले प्रसिद्ध छ (गुरुङ जगमान) । गण्डकी माहात्म्यमा सोनार पञ्चनदीलाई देविका र रुद्रतनया भनेको छ र गण्डकी, देविका र रुद्रतनयाको सङ्गमलाई पवित्र त्रिवेणी क्षेत्र भनिएको छ (अधिकारी, २०५५: ६१, १६० (१६१) । राजकुमार सिद्धार्थले केशमुण्डन गरेको अनोमा नदी त्रिवेणीको यही नारायणीलाई मानिएको छ (रिजाल, १९६९: २५) । एउटै सोतो परेर बगेको नदीको ठूलो महत्त्व मानिदैन । त्यसमा अर्को नदी आएर मिसिएको छ भने त्यस्तो दोभान पुण्यदायक मानिन्छ । तीनवटा नदीको सङ्गम त्रिवेणी परेको छ भने त्यो क्षेत्र अति पवित्र एवं पुण्यदायक मानिन्छ । त्यसकारण नारायणी, सोनार पञ्चनदीको सङ्गमस्थल त्रिवेणीलाई महत्त्वपूर्ण तीर्थस्थल मानिएको हो । माघे औंसीको दिनमा त्रिवेणीमा मेला लाग्दछ ।

देवकार्य तथा पितृकार्य गर्दा गङ्गाको जलचढाउने परम्परा त हाम्रो छँदैछ । हिन्दु सनातन धर्मअनुसार कुनै पनि वैदिक कार्य गर्दा दीप, कलश, गणेश पूजा गर्ने परम्परा छ । सो अवसरमा कलशको विशेष पूजा गरिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धान्यमसी...भन्दै कलश राखिएको आसनलाई छोडेर कलशको पींधदेखि मुखसम्म हरेक देवताको नाउँ सम्झेर पूजा गरिन्छ । त्यस कलशमा सम्भव भए पूरै गङ्गाजीको जल, त्यसो नभए पनि उहिल्यै कहिलेदेखि ल्याएर राखेको गङ्गाको जल, तीर्थको जल एक चम्चा भने पनि सोही कलशमा मिसाइन्छ । कलशको पूजा गर्दा यो मन्त्र प्रयोग गरिन्छः

कलशस्य मुखे विष्णु कण्ठे रुद्र समाश्रित ।
मूलेतस्य स्थितो ब्रह्मा मध्यमातृगणस्मृता ।

अर्थः कलशको मुखमा विष्णु, घाँटीमा रुद्र, मूलभागमा ब्रह्मा र मध्यभागमा मातृकागण रहन्छन् । मातृकागण भनेका-ब्राह्मी, माहेश्वरी, कौमारी, वैष्णवी, इन्द्राणी,चामुण्डा र वाराही हुन् । पूजा गर्दा यी सबै त्यसै कलशमा रहेका हुन्छन् भन्ने यसको आशय हो । तिनैलाई सम्झेर पूजा पनि गरिन्छ । ठूला ठूला यज्ञमा १०८ वटा अथवा, १००८ वटा कलश लिएर शोभा यात्रा गरिन्छ । यज्ञको कर्म गरिञ्जेलसम्म यज्ञ मण्डप वरिपरि तिनै कलश राखिन्छ । त्यसको कति ठूलो महत्त्व छ । महाशिवरात्रिको अवसरमा भारतबाट नेपालको पशुपतिधाममा आउने भक्तजनहरूले भारतमा अवस्थित गङ्गासागर को जल कलशमा ल्याएर पशुपतिनाथलाई चढाउँछन् । त्यसै गरी प्रत्येक वर्ष मार्ग शुक्लपञ्चमी अर्थात् विवाह पञ्चमीको अवसरमा भारतीय भक्तजनहरूले गङ्गासागरको माटो थालीमा र गङ्गासागरकै जल कलशमा ल्याएर रामजानकी मन्दिरको मण्डप लिप्ने काम गर्दछन् । साथै गङ्गा सागरबाट ल्याइएको जल सहितको कलश स्थापना गरी पूजा अर्चना गर्दछन् । तसर्थ गङ्गाको महत्त्व कति रहेछ भन्ने कुरा यहाँ स्पष्ट हुन्छ ।

जेष्ठा, मूल, अश्लेषाजस्ता अरिष्ट नक्षत्र तथा कुनै अपशकुन समयमा बालबालिका जन्मे भने तिनका न्वारानको दिनमा सातवटा गङ्गाको जल ल्याएर १,००० छिद्र भएको बाँस पात्रबाट वैदिक मन्त्रले अभिमन्त्रित गरी बच्चा बच्चीलाई स्नान गराइ दिनाले शान्ति मिल्दछ भन्ने हाम्रो मान्यता छँदैछ । त्यस कार्यको लागि सात गङ्गाको जल जुटाउन सम्भव नभएपनि स्थानीय सात मूलको जल जुटाएर सोही कर्म गर्ने परम्परा त छँदैछ । गाडीमा सवार गरेको समयमा गङ्गाजीको पुल तर्दा गङ्गाजीलाई नमन गर्ने परम्परा पनि छँदैछ । गङ्गामा कति ठूलो शक्ति छ त ? गङ्गाप्रति मान्छेको कति ठूलो श्रद्धा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
छ त ? ईश्वरको एक अंश मानव हो भने महासागरको एक अंश पानीको थोपा हो । त्यस्तै थोपाथोपा जम्मा भएर गङ्गाजी बनेकी हुन् । महासागर पनि थोपैथोपा जम्मा भएर बनेको हो ।

निस्कर्ष

हिन्दु सनातन धर्म अन्तर्गत गुरु, गाई, गीता, गायत्री, र गङ्गाको बराबर महत्त्व छ । हिमालय पर्वतदेखि हिन्दमहासागरसम्म सर्वत्र हिन्दुमय वातावरण पाइन्छ । यहाँ हिमाल, हिन्दमहासागर तथा हिन्दु समाजबीच आत्मीय सम्बन्ध छ । तसर्थ यसलाई तीन 'हि' का रूपमा चिनिन्छ । गुरुको आज्ञा मान्नु र उनको सेवा गर्नु, गाईको पालनपोषण गर्नु र पूजा गर्नु, गीताको अध्ययन गर्नु र आचरणमा रहनु गायत्री जप्नु र यिनको पुरश्चरण गर्नु एवं गङ्गाजीमा स्नान गर्नु, तर्पण तथा मार्जन गर्नु यी हिन्दु सनातन धर्मका महत्त्वपूर्ण पक्ष हुन् । गण्डकी प्रस्रवण क्षेत्रका प्रमुख सातगङ्गा (सप्तगण्डकी) र तिनले समेटेर लगेका यसै सेरोफेरोका जलस्रोत सबै एकत्रित भई देवघाटमा जम्मा हुन्छन् । त्यसपछि यी गङ्गाले नारायणीको रूप लिन्छिन् । अनि त्रिवेणीधाम हुँदै यी गङ्गा हरिहर क्षेत्रमा पुग्दछिन् । यो पृथ्वीलाई एक यज्ञ मण्डप मानेर हेर्न सकिन्छ । पाँचवटा महासागरमध्ये चारवटालाई चार वेदमा स्थापित कलश र बाँकी एक महासागर लाई शान्ति कलशका रूपमा हेर्न सकिन्छ । यसरी हिन्दु सनातन धर्मको माध्यमबाट विश्वशान्ति कायम गराउन पनि सकिन्छ ।

सन्दर्भ सामग्रीः

१. अधिकारी, टीकाराम, २०५५ः गण्डकीमाहात्म्यम्, दाङ, महेन्द्र संस्कृत विश्वविद्यालय ।
२. गुरुङ, जगमान, २०६७ः गण्डकी प्रस्रवण क्षेत्रको सांस्कृतिक सम्पदा, पश्चिमाञ्चल विकास मञ्च, काठमाडौँ ।
३. रिजाल, नारायणप्रसाद, २०५७ः बोधिचर्यावतार, ललितपुर, सिद्धिबहादुर श्रेष्ठ, रूक्मिणी श्रेष्ठ ।
४. श्रीमद्भगवतगीता, १९१७ः दुर्गा साहित्य भण्डार, पो.ब.१०९६,नेपाली खपडा, वाराणसी
५. श्रीमद्रभागवत महापुराण, २०५९, गोविन्द भवन कार्यालय, गीताप्रेस, गोरखपुर

✡✡✡✡

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गाईको पौराणिक महत्त्व र विज्ञान

✍ शङ्कर गिरी

गावो मे अगृतः सन्तु गावो मे सन्तु पृष्ठतः
गावो मे सर्वतः सन्तु गवामध्ये वस्याम्यहम्

भगवान् कृष्णले श्रीमद्भागवद्मा गाईको अगाडि, पछाडि, बीचमा र सबै ठाउँमा म बस्दछु भनेका छन् ।

गावः तिष्ठन्ति यत्रैव तत्र तिष्ठन्ति देवताः

जहाँ गाईको बास हुन्छ, त्यहाँ देवताहरूको बास हुन्छ । त्यसकारण घरमा गौमातालाई राख्ने व्यक्तिले तीर्थ खोज्न अन्यत्र जानु पर्दैन ।

अपूज्या यत्र पुज्यन्ते दुर्भिक्षं मरणं भवेत् ।

जहाँ पूज्यको अपमान र अपूज्यको पूजा हुन्छ त्यहाँ अनेक अनिष्ठ हुन्छन् । शास्त्र भन्छ, जहाँ गाई दुःखी हुन्छिन्, त्यहाँ मानिस पनि दुःखी हुन्छन् । जुन भूमिमा गौरक्षाका निम्ति त्रेतामा भगवान् राम र द्वापरमा भगवान् कृष्णले जन्म लिए, त्यही भूमिमा गाई असुरक्षित हुनु अशुभकारक छ । राजा जनकले चरिरहेको गाईलाई हिर्काएको भएर उनी नरक जानु परेको प्रसँङ्ग रामायणमा उल्लेख छ । अहिले जहाँ गाईले प्लाष्टिक कागज खानु परेको छ, जहाँ गाई आतङ्कको नाममा पिट्ने र धपाउने गरिएको छ, त्यस समाजमा सुख शान्ति कसरी हुन्छ ?

गहुँत, गोबर, दूध, दही र घ्यू यी पञ्चगव्यका अंश हुन् । गाईबाट प्राप्त हुने यी वस्तु अनेकौ रोगका औषधि हुन् भन्ने उल्लेख चरक संहितामा छ । गाईको मृत्युपछि जुन स्थानमा शव राखिन्छ, त्यो भूमि ६० वर्षसम्म अत्याधिक उर्वरा हुन्छ भन्ने वैज्ञानिक प्रमाण छ । गाईको गोवरबाट गणेशको उत्पत्ति र गणेशबाट ऋद्धि, सिद्धि र उनीहरूबाट शुभलाभ उत्पन्न भएको उल्लेख शास्त्रमा छ । गाईमा प्रातःकालमा महालक्ष्मीको, दिवाकालमा महासरस्वतीको र सायंकालमा महाकालीको निवास हुन्छ । प्राणीका चौरासी जन्ममध्ये अन्तिम गोजन्म हुन्छ र त्यसपछि मनुष्य जन्म हुन्छ भन्ने कुरा

✍ लेखक विश्वहिन्दु महासङ्घ नेपालका केन्द्रीय सदस्य हुनुहुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धेनुमानसमा उल्लेख छ। वैज्ञानिकहरूले जुरो भएका गाई (सूर्यकेतु नाडी) क्रोधित र दुःखी हुँदा तरङ्ग उत्पन्न हुने र त्यसैका कारणले भूकम्पसमेत जाने गरेको बताएका छन्।

गाईका चार खुट्टालाई धर्म, अर्थ, काम, मोक्ष मानिएको छ। पीठमा सूर्यको निवास हुन्छ। गाईको गोबर जलाएर बनाइएको खरानी विभूती भगवान् शङ्कर र साधुहरूले लगाउँछन्। गाईको गोबरको खरानीमा अत्याधिक अक्सिजन प्राप्त हुन्छ। यो धेरै रोगहरूको औषधि हो। गाई मात्र त्यस्तो प्राणी हो, जस्ले श्वासप्रश्वासबाट अक्सिजन फाल्छ। पृथ्वीमा बढ्दै गएको तापक्रम नियन्त्रणका निम्ति गौ पालन आवश्यक छ। पृथ्वीमा लाग्ने अनेक महामारी रोग पहिला गाईलाई लाग्दछ र त्यसबाट सचेत हुने सङ्केत प्राप्त हुन्छ। यी प्रसङ्गहरू विज्ञानले परीक्षणपूर्वक पुष्टि गरेका हुन्।

हाम्रा सम्पूर्ण संस्कारहरूमा गाईको विशेष महत्व छ। गोमूत्र सेवनले उदर रोग निवारण हुन्छ भने स्नानले चर्म रोगको निवारण हुन्छ। भगवान् कृष्णलाई माता यशोदाले पनि गोमूत्र खुवाउने गरेको प्रसङ्ग आउँछ। गौचरणको धूलोलाई तीर्थ समान मानिएको छ। गोस्पर्श र गोचरण धूलो स्पर्शले मान्छेका अनिष्टकारक ग्रहसमेत मेटिने बताइएको छ।

एउटा लोककथानुसार गुरु मच्छिन्द्रथान भिक्षा माग्दै एउटा गाउँको एउटा परिवारमा पुगे। भिक्षा प्रदान गर्ने नारीले आफ्नो निःसन्तान हुनुको पीडा व्यक्त गरेपछि मच्छिन्द्रनाथले झोलाबाट खरानीको पोको दिएर खानू सन्तान हुन्छ भने। नारीले साधुको विश्वास नगरेर त्यो खरानी मलखातामा फालिदिइन्। बाह्र वर्षपछि पुनः मच्छिन्द्रनाथ त्यही घरमा भिक्षा माग्न पुगे। सन्तान नदेखेर आश्चर्य मान्दै सोधे। नारीले सत्य बताइन्। मच्छिन्द्रनाथले गोरख भनी चिच्याए। त्यो सुनासाथ एउटा बालक गोबरबाट बाहिर निस्कियो। उस्ले तपस्या गर्न जान गुरुसँग आज्ञा माग्यो। मच्छिन्द्रले गो सेवाको निर्देश दिए। गोरखको त्यस कार्यले समाज सम्पन्न, निरोगी र खुसी सुखी हुँदै गयो।

गाई वा गाईजन्य वस्तुका केही विशेष उपचारहरू छन्। बाछा बाछी जन्मेपछिको प्रथम गोवर धूलो बनाएर पाँच सात पटक स्नान गर्नाले मृगी (छारे) रोग निको हुन्छ। त्यसै गरी ५ दिनसम्म गोमूत्र तताएर पिउनाले दम

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निको हुन्छ । १० वर्ष पुरानो घ्यू शरीरमा लगाउनाले ज्यादै पुरानो जोर्नीको दुःखाइ पनि निको हुन्छ । काँचो बेसार र सानो बाच्छीको गोबर पकाएर लगाएमा विभिन्न दुःखाइ निको हुन्छ । ५ लिटर गोमूत्र पकाएर गोबरको खरानी मिसाइ गोली बनाएर तीन महिना खाएमा सुगर रोग निको हुन्छ ।

भारतको भुपालमा भएको ग्यास काण्डमा थुप्रै मान्छे मरे र थुप्रै अपाङ्ग भए । तर जुन घरमा गाई पालन थियो । त्यस घर परिवारमा उक्त प्राणघातक ग्याँसले असर गर्न सकेन । यसबाट गाईको महत्त्वको पुष्टि हुन्छ । मातृगर्भको गोवरको र गोवरबाट उत्पन्न खरानीको तापक्रम समान हुन्छ । त्यसकारण गोबरको मानव जीवनमा विशेष महत्त्व छ । गो पालकहरूमा क्रोधको नियन्त्रण हुन्छ भन्ने कुरा परीक्षणबाट पुष्टि भएको छ । गोबरले लिपिएको जमिन, घर कीटाणुरहित हुन्छन् । एक्सरेले पनि गोबरलाई छेड्न सक्दैन भन्ने कुरा हातमा गोबर दलेर गरिएको एक्सरेबाट प्रमाणित भएको छ । पश्चिमाहरूले पनि गाईको रक्षा गरौं, जीवन रक्षा गरौं भन्दै आएका छन् ।

वैदिक ग्रन्थहरूमा हिन्दु धर्मका चार आधारशीला (गाई, गङ्गा, गीता, गायत्री) मध्ये गाईको महत्त्वलाई प्रथम स्थान प्राप्त छ । गाईको शरीरमा तेत्तीस कोटि देवीदेवताको बास हुन्छ । गाईको घ्यू र गुँइठामा गरिएको हवनबाट उत्पन्न धुँवाले वायुप्रदूषण समन गर्छ ।

माटो, पानी, हावा, पृथ्वी, अन्तरीक्षको सुद्धिकरणको प्रमुख उपाय जैविक खेती र गोवंशको संरक्षणले मात्र सम्भव छ भन्ने सत्य तथ्यलाई विभिन्न परीक्षणले पुष्टि गरेका छन् । जैविक खेती मावन स्वास्थ्यको आधार हो भने जैविक खेतीको प्रमुख आधार गोबर र गोमूत्र हो । गाईमध्ये स्थानीय जातको लोकल गाई श्रेष्ठ मानिएको छ ।

✡✡✡✡

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तत्त्वबोध

✍ **बलराम पोखरेल**

मोक्ष प्राप्त गर्ने इच्छा भएका मानिसहरूको लागि तत्त्वबोधको आवश्यकता पर्छ । यो जगत् को सृष्टिको कारण सत्-चित् आनन्दस्वरूप परमेश्वर हुनुहुन्छ। उनै ईश्वरले मायासाथ सम्बन्ध बनाइ जीवको रूपमा रूपान्तरण गर्छन् । हामी सत्-चित्-आनन्द रूपको परमेश्वरका ज्योति स्वरूप अंश हौं । मायासाथ सम्बन्ध बनाएर वास्तविकता छोपिएको छ, अवास्तविकताले ढाकिएको छ । त्यसैले हामी भवचक्रमा परेका छौं । अल्मलिएका छौं । जन्मपूर्व कहाँ र के थियौं ? किन जन्मन पुग्यौं ? जन्मनुको कारण के हो ? जन्मेर गर्नुपर्ने के थियो ? मृत्यु किन निश्चित छ ? मृत्यु हुनुपूर्व हामीले के गर्ने हो ? मृत्यु पश्चात् कहाँ जाने हो ? हाम्रो कर्तव्य के हो ? भौतिक वस्तु, ग्ष्टि, स्थिति र प्रलय किन हुन्छ ? आत्मा के हो ? शरीरको पिता र श को ठेगाना थाहा भएजस्तै आत्माको पिता को हो ? आत्माको स्थायी ठेगाना ९. ? यी माथिका प्रश्नहरूको उत्तर हामीले जान्नु पर्ने हो, खोज्नु पर्ने हो । यी सबै प्रश्नहरूको सम्यक उत्तर पाउनको लागि आमीले तत्त्वबोध बुझ्नु पर्छ । तत्त्वबोध वास्तविकतामाथि पर्दा लागे पछि वास्तविकता अदृश्य हुन्छ । भौतिकताले मौका पाउँछ । भौतिकताले वास्तविकतालाई लुकाइ दिन्छ, अनि हामी अवास्तविकतालाई विश्वास गर्छौं । अवास्तविकता भन्नाले भौतिक वस्तुप्रतिको आशक्ति र मोह हो, यसलाई भवचक्र भनिन्छ। यो भवचक्रमा परेपछि मानिस यो चक्रबाट उन्मुक्त भएर वास्तविकताको खोज गर्ने न त समय नै पाउँछ नत विश्वास नै गर्छ, न त वास्तविकताको खोज गर्ने मानिसले मन पराउँछ ।

भवचक्रलाई सोझो अर्थमा मायाचक्र पनि भनिन्छ । भवचक्रको स्वरूप वास्तवमा प्याजको डल्लोजस्तो छ। प्याजको आवरण खोल्दै जाँदा राग निस्कँदै जान्छ। खोल्दै रागिलो बन्दै जाँदा प्याज पनि सकिन्छ र राग

✍ लेखक कालिका पब्लिक कलेज रामबजार पोखरामा प्राध्यापनरत हुनुहुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
पनि सकिन्छ । भवचक्र वा अवास्तविकता मायां प्रपञ्च भनेको पनि त्यही हो । प्याजको डल्लो सम्पूर्ण जीवन हो । जीवन सकियो राग सकियो, प्याज पनि छैन राग पनि छैन । गन्तव्यको पत्तो छैन । यसलाई वास्तविक भवचक्र भनिन्छ ।

भवचक्रबाट पार पाउनको लागि वास्तवमा हामीले शारीरिक तत्त्वको बारेमा जान्नुपर्छ । शारीरिक तत्त्वबारेमा जान्नु भनेको शरीर के हो ? विश्व ब्रह्माण्ड के हो ? ब्रह्माण्डको उत्पत्ति, स्थिति र प्रलय कसरी हुन्छ ? हाम्रो वास्तविक कर्तव्य के हो ? हाम्रो सारस्वत गन्तव्य कता हो ? भन्ने कुराको दिशा पत्ता लगाउनु र त्यस दिशातिर पदार्पण गर्ने बाटो बनाउँदै गन्तव्यसम्म पुग्ने लक्ष्य राख्नु जीवनको वास्तविकता हो । यो वास्तविकतालाई प्राप्त गर्नको लागि हाम्रा पूर्वज ऋषिमुनिहरूले ठूलो साधना तपस्या गरे । गन्तव्य पत्ता लगाएर हामीलाई बाटो देखाएका पनि छन् । उक्त बाटो पत्ता लगाएर हिड्ने काम हाम्रो हो । जीवनका बाटाहरू धेरै छन्, वास्तविक बाटो पत्ता लगाउनु त्यसमा पदचाप राख्दै गन्तव्यमा पुग्न खोज्दा बाटोमा जाइलाग्ने विघ्न बाधाहरूलाई तर्काउँदै अगाडि बढ्नु हाम्रो मनको बाँधलाई बलियो गरेर बाध्नु हो । हामी को हौं ? हामी कसरी बनेका छौं ? हाम्रो भौतिक शरीर कसरी बनेको छ ? भौतिक शरीरभन्दा अलग अन्य सूक्ष्म शरीर पनि छ कि भन्ने वारेमा तत्त्वबोध गरौं ।

हाम्रो भौतिक शरीर अष्टधातुबाट बनेको छ । हामीले अन्न खान्छौ । अन्नबाट रस बन्छ, रसबाट रगत बन्छ, रगतबाट मासु बन्छ, मासुबाट बोसो बन्छ बोसोबाट हड्डी बन्छ । हड्डीबाट मज्जा अर्थात् मासी बन्छ । मज्जाबाट स्त्री भए रज, पुरुष भए वीर्य बन्छ । निम्न अष्टधातुबाट भौतिक शरीरको निर्माण भएको छ :-

१) अन्न,	२) रस,	३) रगत,	४) मासु,
५) बोसो,	६) हड्डी,	७) मज्जा,	८) रज/वीर्य

त्यसै गरी निम्न पञ्चतत्त्वबाट शरीर बनेको छ :-

१) पृथ्वीतत्त्व :- भौतिक वस्तुमा पृथ्वीको गन्ध हुन्छ । हाम्रो शरीरको संरचना पृथ्वीतत्त्वबाट बनेको छ । पृथ्वीतत्त्व भनेको हाम्रो शरीरमा दिसा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्ने अङ्ग तल र पिसाव गर्ने अङ्ग माथि रहन्छ, जसलाई पृथ्वीतत्त्व भनिन्छ। हाम्रो दिसा गर्ने अङ्गबाट पृथ्वीतत्त्व बाहिर निस्कन्छ। हाम्रो शरीरमा पृथ्वीतत्त्व ३१ प्रतिशत रहेको छ। पृथ्वीका देवता सृष्टिकर्ता ब्रह्म हुन्। पृथ्वीको ठूलो र बलियो जनावर हात्ती हो। हात्ती पृथ्वीतत्त्वको वाहन हो।

२) **जलतत्त्व** : दोस्रो महाभूत भनेको जलतत्त्व हो। दोस्रो जलतत्त्व हाम्रो पृथ्वीमा ६९ प्रतिशत रहन्छ भने हाम्रो शरीरमा पनि ६९ प्रतिशत नै रहेको छ। जलतत्त्व भन्नाले पिसाब गर्ने अङ्गदेखि माथि नाभिसम्मको भाग हो। हाम्रो शरीरबाट जलतत्त्व मूत्रनलीबाट निस्कन्छ। जलमा विष्णु भगवान् र लक्ष्मीको बास हुन्छ। जलको सबैभन्दा ठूलो जनावर गोही लक्ष्मीनारायणको वाहन हो।

३) **अग्नितत्त्व** : तेस्रो महाभूत अग्नितत्त्व हो। अग्नितत्त्वबाट हाम्रो शरीरको जठराग्नि (नाइटो र मुटुको बीचमा रही पित्तहरूले खाएको कुरा पचाउने अग्नि) बाट खा[illegible] [illegible]ो खाना पचाउने र रासायनिक परिवर्तन गर्ने काम हुन्छ। अग्नित[illegible] भन्नाले तेज बुझ्नु पर्छ। पिसाव गर्ने अङ्गमाथि नाभिभन्दा मुनिको भाग अ[illegible] क्षेत्र हो, जहाँ विभिन्न किसिमका एसिड र ग्याँस निर्माण हुन्छन्। ताप सर्वत्र रहन्छ। यस तत्त्वका देवता शिव हुन् भने देवी पार्वती हुन्। शिवतत्त्व भनेको हामीले खाने खाना पनि आगोको प्रतीक रूप हो। हाम्रो शरीरको मुखबाट आगो बाहिर निस्कन्छ। हाम्रो बोली नै आगोको प्रतिरूप हो। अग्नितत्त्वको बाहन भेडो मानिएको छ।

४) **वायुतत्त्व** :- चौथो महाभूत हाम्रो शरीरको नाभिस्थानमाथि मुटुभन्दातल वा छाती मुनिको भाग वायुमण्डल हो। वायुमण्डलका देवता स्वयं वायु हुन्। यसमा ५९ वटा मण्डल रहेका छन्। हाम्रो श्वासप्रश्वासको गतिमा स्वच्छता हुन आवश्यक छ। स्वच्छ वायुको आवागमनले शरीर स्वस्थ रहन्छ। वायु हाम्रो शरीरको नाकको प्वालबाट आउने जाने गर्छ। वायुलाई प्राणतत्त्व पनि भनिन्छ। हाम्रो शरीरमा प्राणतत्त्व निम्नानुसार रहेका छन्। प्राणवायु नाकबाट प्रवेशको अवस्था, उदानवायु वायुमार्ग हुदैं फोक्सोसम्म पुगेका अवस्था, समानवायु तथा व्यानवायु बाहिर निस्कने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

बाटो खोज्दै हिंडेको अवस्था र अपानवायु नजिकबाट बाहिर निस्केको अवस्था गरी वायुले हाम्रो शरीरमा पस्दादेखि निस्कँदो अवस्थासम्म ५ चरण पारगरेको हुन्छ। यसको योग र स्वास्थ्यको विज्ञानमा विशेष भूमिका रहेको हुन्छ। वायुका देवता सूक्ष्मवायु हुन्, सुगन्ध बोकेर डुल्ने कस्तुरी उनको वहान हो। (प्राणवायु-हृदयमा, अपानवायु-गुद्द्वारमा, समानवायु-नाइटोमा, उदानवायु-कण्ठमा र व्यानवायु-सम्पूर्ण शरीरमा रहन्छ)

CC-0. In Public Domain. Digitization by eGangotri

५) **आकाशतत्त्व** :- पाँचौ महाभूत आकाशमा शब्द रहन्छ, सबै ग्रह नक्षत्रहरू आफ्नो गति र कक्षमा आफ्नै किसिमले खुल्ला आकाशमा उडिरहेका हुन्छन्। कुनै वस्तु चलायमान अवस्थामा रहँदा त्यसको आवाज निस्कन्छ। आकाशमा पनि ॐकारको धुनमा आवाजहरू गुञ्जिरहेका हुन्छन्। 'ॐनादधिनं जगतो सर्वम्' भनेर बताइएको छ। आवाज सुन्ने अङ्ग हाम्रो कान हो भने भौतिक शरीरमा पञ्चतत्त्व आकाशको स्थान घाँटी हो, जहाँ सदाशिवको ज्योतिको वास हुन्छ। आकाशीय पिण्डहरू चम्किला छन्। हामीले वादल नलागेको आकाशमा देखेका पिण्डहरू रातको समयमा आ-आफ्नो प्रकाशमा चम्की रहेका हुन्छन्। वस्तुको आकार र प्रकाश पनि हुन्छ। आकाश भनेको क्षेत्रफल पनि हो। हामीले क्षेत्रफलको नापो खुट्टाबाट लिई रहेका हुन्छौं। पाइलाको गन्ति यत्तिको यात्रा गरियो भन्ने कुरा अवगत गर्छौं। आकाशका देवता विराटस्वरूप भगवान् हुन् र वाहन ऐरावत हात्ती हो।

हाम्रो शरीर पञ्चतन्मात्राले निर्मित भएको छ, पञ्चतन्मात्राभित्र निम्न कुराहरु रहेका छन् :-

१) **गन्ध** :- वासना भनेको पृथ्वीको वासना हो। कुनै पनि वस्तुको आफ्नो पनबाट अलग भएपछि परिवर्तन हुन्छ र गन्ध बन्छ। गन्धको अवस्था भनेको वासना हो। वासना थाहा पाउने अङ्ग नाक हो भने हाम्रो शरीरको गन्धतत्त्व दिसा हो। हामीले खाएको अन्नतत्त्व शरीरले सोसेपछि बाँकी रहेको अंश दिसा वा पृथ्वी तत्त्वको रूपमा बाहिर निस्कन्छ, त्यो मात्र होइन, हाम्रो मृतक शरीर पनि लामो समयसम्म रहन्न, सड्न थाल्छ। बढी रह्यो भने गन्धमा परिवर्तन हुन्छ। त्यस्तै सड्ने सबै वस्तुको गन्ध आउँछ,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
त्यो पृथ्वीतत्त्व हो । विकार वस्तुको गन्ध हुन्छ ।

२) **रस** :- दोस्रो भौतिक तत्त्वरस हो । रस भनेको शरीरमा रहेको जलतत्त्व हो । हामीले खाएको अन्न जलबाट रस बन्छ । रस हाम्रो शरीरमा ६९ प्रतिशत रहेको छ । रस विभिन्न स्वादका हुन्छन् । रसतत्त्वको स्वाद थाहा पाउने अङ्ग भनेको जिब्रो हो । रसबाहिर निस्कने अङ्ग मूत्रनली वा लिङ्ग हो । रज, कण र वीर्य पनि रसकै अंश हुन् भने विकारी रस पिसाव भएर शरीरबाट बाहिर निस्कन्छ ।

३) **रूप** :-तेस्रो तन्मात्रा रूप हो । रूप प्रकाशमा भर पर्छ, प्रकाश देख्ने अङ्ग आँखा हुन् । आँखाले रङ्ग, रूप, आकार, प्रकार देख्ने काम गर्छ । राम्रो नराम्रो अपनत्व र स्वीकारोक्ति र परतत्त्व अस्वीकारोक्ति अभिव्यक्त गर्दछ। आँखाको सम्बन्ध अग्निसँग रहेको छ। आगो मुखबाट निस्कन्छ ।

४) **स्पर्श** :-चौथो तन्मात्रा स्पर्श हो । स्पर्श वायुसँग सम्बन्धित हुन्छ । स्पर्श बोध गर्ने काम छालाको हो । चिसो, तातो, घोच्ने, कोप्ने, तर्काउने, जोगिने काम हातले गरेको हुन्छ । वायुलाई तर्काउने फर्काउने रोक्ने, छेक्ने काम हातले गर्दछ ।

५) **शब्द** :-पाँचौ तन्मात्रा भनेको शब्द हो । शब्द सुन्ने अङ्ग हाम्रो कान हो । शब्द आकाशमा रहन्छ । आकाशबाट शब्द निस्कन्छ । आकाशीय पिण्ड आ-आफ्नो कक्षमा जान्छन् शून्य नै आकाश हो, कुनै वस्तुको घर्षण भएपछि आवाज निस्कन्छ । आवाज ध्वनित आकाशमा हुन्छ । ध्वनित आकाश भएको आवाज हाम्रो कानसम्म आइपुग्छ । यसरी हाम्रो शरीरमा गन्ध, रस, रूप, स्पर्श र शब्द गरी ५ वटा तन्मात्रा रहेका हुन्छन् । हाम्रो शरीरमा ५ वटा ज्ञानेन्द्रिय रहेका छन् । पञ्च ज्ञानेन्द्रियले हामीलाई सूचना दिने कामका साथै जीवलाई छोइरहेका हुन्छन् र प्रभाव पारिरहेका हुन्छन् । **ती ५ ज्ञानेन्द्रिय निम्न किसिमका छन्:-**

१) **नाक** :- नाक गन्धको ज्ञान दिने अङ्ग हो, कस्तो वासना र सुगन्ध मन पर्ने, गन्ध मन पर्ने वा नपर्ने, शरीरको अनुकूल र प्रतिकूल गन्धको बारेमा हामीलाई सूचना दिने अङ्ग नाक हो । यसैले ५ वटा ज्ञानेन्द्रिय मध्येको नाक एक ज्ञानेन्द्रिय हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२) **जिब्रो** :- जिब्रो सूचना दिने दोस्रो ज्ञानेन्द्रिय हो । जिब्रोले रस वा जलको स्वादको बारेमा हामीलाई जानकारी दिन्छ र जिब्रोले स्वादिष्ट कुराको माग गरेको हुन्छ । मीठोमीठो स्वादिलो खाना खाने माग जिब्रोले गऱ्यो भने मानिसले आफ्नो जिब्रोलाई नियन्त्रणमा राख्न सक्तैन, जसले अप्ठ्यारो परिस्थिति पनि पार्न सक्छ । त्यसैले जिब्रोलाई खान र बोल्ने स्वतन्त्र छोड्नु हुँदैन, नियन्त्रणमा राख्नु पर्छ ।

३) **आँखा** :- आँखा हामीलाई सूचना दिने तेस्रो ज्ञानेन्द्रिय हो । राम्रो नराम्रो, आकार प्रकार, डरलाग्दो, आकर्षण लाग्दो, हेर्ने र त्यसको बारेमा सूचना दिने हाम्रो अङ्ग आँखा हो । हामीले आँखालाई स्वतन्त्र छोड्नु हुँदैन, यसलाई आफ्नो नियन्त्रणमा राख्नु पर्छ । आँखाले देखेका सबै कुरा सङ्कलन गर्न थाल्ने हो भने र त्यसले देखेको कुरामा आशक्ति राख्ने हो भने दुःख पाइन्छ । आँखालाई नियन्त्रणमा राख्न सकियो भने आँखा सुखको स्रोत वा ज्ञानको स्रोत बन्न सक्छ । कतिपय दृष्टि गुमाएका मानिस हुन्छन्, ती भित्र सूक्ष्म दृष्टिले काम गर्दछ र आफ्नो व्यवहार चलाउँछन् ।

४) **छाला** :- सूचनाको चौथो ज्ञानेन्द्रिय छाला हो । जसले तातो चिसो को बारेमा हामीलाई सूचना दिन्छ । शरीरलाई आवश्यक मात्राको तातो र चिसो सन्तुलनमा राख्नु पर्छ । यसलाई सही रूपमा वा नियन्त्रणमा राख्न सकिएन वा शरीरको छालाले तातो चिसोको ज्ञान दिन छोड्यो भने हामीलाई आपत विपत पर्छ, शारीरिक सन्तुलित तातो चिसो दिने काम छालाको हो । छाला पनि मन पर्ने नपर्ने किसिमको हुन सक्छ, त्यसै ले यसलाई स्वतन्त्र छाड्नु हुँदैन, नियन्त्रणमा राख्न जरुरी हुन्छ । छाला स्पर्शसँग सम्बन्धित हुन्छ । छालाले छुवाइको किसिम वा घोच्ने, कोप्ने, दुख्ने, नदुख्ने छुट्याउने काम पनि गरेको हुन्छ ।

५) **कान** :- सूचना दिने पाँचौ ज्ञानेन्द्रिय भनेको हाम्रो कान हो । कानले शब्द सुन्ने वा आवाज सुन्ने काम गरेको हुन्छ । हाम्रो श्रवण यन्त्र सही हुनुपर्छ र शरीरको लागि हाम्रो अनुकूल हुने कुराहरू हामीले सुन्नु पर्छ । हामीले नकारात्मक कुराहरू सुनेर त्यसको प्रतिशोधका लागि लाग्न थालियो भने यस ज्ञानेन्द्रियको दुरुपयोग गरेको हुन्छ । सकारात्मक सोचका साथ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हरेक कुरालाई राम्रोसँग सोच्ने बानीको विकास भयो भने यस ज्ञानेन्द्रियले हामीलाई सकारात्मक सन्देश दिन्छ ।

हामीले हाम्रा पाँचवटा ज्ञानेन्द्रियहरूलाई स्वतन्त्र छोड्न हुँदैन, मनको लगाम लगाएर सही बाटोमा लैजान र नियन्त्रणमा राख्नुपर्छ । जसरी गाडी ड्राइभरले गाडी गुडाइ रहन्छ, तर ब्रेक हेन्डिल हातमा राख्ने भएकोले गलत दिशातिर लाग्नसाथ ब्रेक लगाउँछ। आवश्यकतानुसार तोडमोड गरेर आफूलाई जोगाउँछ । तीव्र गति, मन्द गति वा स्थगित आवश्यकतानुसार गाडीलाई नियन्त्रणमा राख्छ, त्यस्तै हामीले पनि आफ्ना ज्ञानेन्द्रियलाई नियन्त्रणमा राख्नुपर्छ ।

हाम्रो शरीरमा ५ वटा कर्मेन्द्रियले पनि काम गरिरहेका हुन्छन् । ती ५ वटा कर्मेन्द्रियहरू निम्न प्रकारका छन् :

१) **गुदद्वार** :- हाम्रो शरीरमा रहेको विकारी ठोस बस्तुलाई शरीरबाट बाहिर निकाल्ने अङ्गलाई गुदद्वार भनिन्छ । हाम्रो शरीरमा रहेको विकार पृथ्वी तत्त्वबाट नियमित/सन्तुलित रूपमा बाहिर निस्कनु पर्छ । यसलाई ठीक तरिकाले र ठीक समयमा बाहिर निकाल्ने अङ्ग गुदद्वार हो । यसले सही काम गर्न नसकेमा अथवा शरीरबाट बाहिर निस्कने अनावश्यक विकारी पृथ्वी गन्धतत्त्व बाहिर नआएमा कब्जियत हुन्छ, कब्जियत बढेमा अल्सर र त्यो भन्दा बढी सङ्क्रमण भएमा क्यान्सरजस्ता रोग लाग्ने सम्भावना भएकोले हाम्रो गुदद्वारले सही समयमा सही काम गर्नको लागि हामीले नियन्त्रणमा राख्नु पर्छ । यसको समयमै हिफाजत नगर्नाले बेरो निस्कने वा पायल्सजस्ता रोगबाट हामी पीडीत हुनुपर्छ । यो भनेको शरीर भित्र तातो, चिसो, चिल्लो, पिरो, पाकेको, काँचो, ठोस, तरलको सन्तुलित मात्रामा ख्याल गर्न नसक्दा लाग्ने रोग हो भने लिभर भनेको ठीक समयमा ठीक तरिकाले दिसा लाग्नु पनि हो । कसैको लिभरलें काम नगरे दिसा रोकिन्न बगिरहन्छ, यो पनि एक प्रकारको घिन लाग्दो रोग हो ।

२) **लिङ्ग** :- हाम्रो शरीरको विकारी जलतत्त्व र अमूल्य सन्तान उत्पादन गर्ने बीउतत्त्व फाल्ने अङ्ग लिङ्ग हो । हाम्रो खानपान, व्यायाम तथा पिसाव फाल्ने अङ्गको प्रतिकूल हुने वित्तिकै हाम्रो शरीरमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सङ्कट उत्पन्न हुन्छ । समयमैं हामीले त्यसलाई नियन्त्रणमा राख्न नसक्दा मृगौलाले आवश्यक वस्तु फिल्टर गरेर शरीर नियन्त्रणमा राख्ने र खराब वस्तु ठीक तरिकाले बाहिर निकाल्ने काम गर्न छोड्छ । यसले गर्दा लिङ्ग एकातिर सही राख्नुपर्छ । अर्कोतर्फ लिङ्ग सम्भोग वा सेक्सको सधैं भोको रहन्छ । यसको भोकलाई स्वतन्त्र छाड्नाले सम्पत्ति, समय, शरीर र इज्जतमा समेत हानी नोक्सानी गर्छ, फेरि हामी त्यही लिङ्गको उत्पादित वस्तु हौं । त्यसलाई बिलकुल प्रयोग गर्नुहुन्न भन्न मिल्दैन, जसले मानव सृष्टिमै प्रतिकूल असर पर्छ । सन्तान नहुनेमा बाँझो पनको आफ्नै पीडा छ । त्यसका शारीरिक तथा मानसिक कमजोरी हुन सक्छन् । लिङ्गको हिफाजत गर्ने र सन्तुलित रूपमा राख्ने सकारात्मक अनुकूल व्यावहारमा ल्याउने गर्नुपर्छ । यसलाई स्वतन्त्र छाडेर बर्बादी बन्नु हुन्न । कसैले यसलाई क्षणिक भोगको साधन र आय आर्जनको माध्यम बनाउँछन् । तर यी दुबै डर लाग्दा विषालु करेण्ट वा कोब्राजस्ता सर्प हुन् । यस्ता सर्पबाट हामी टाढा बस्नुपर्छ ।

३) **मुख वा वाणी** :- तेस्रो कर्मेन्द्रिय हाम्रो मुख वा वाणी हो । हामी बोल्छौं, यही बोलीले गलामा माला पनि लगाउँछ भने यही मुखको बोलीले हातमा हत्कडी पनि लगाउँछ । हामी नबोली हुँदैन । बोल्नै नसक्नेको पनि पेटमा बोली हुन्छ । बोल्नै नसक्ने मानिसले न्याय पाउँदैन, अनावश्यक बोल्दा झमेलामा परिन्छ, धेरै बोलिरहँदा समाजमा बतौरो/बतौरी भइन्छ । बोल्दा सबैभन्दा बढी हाम्रो शारीरिक शक्ति खर्च हुन्छ । यस कुराको मानिसले हेक्का राख्दैन, अर्काको आलोचना गर्न पट्टि लाग्दा आफ्नो पनि कतै प्रतिष्ठा गुमेको त छैन भन्ने मानिसले ख्याल गर्दैन । बोली कि गोली भन्छन् । बोली फुत्के त्यसको पनि प्रतिक्रिया निस्कन्छ, गोली फुत्के त्यसको पनि प्रतिक्रिया निस्कन्छ । अन्जानमा गोली चलाए फिर्ता लिन सकिन्न, बोल्दा बिचार गरेर सन्तुलित सकरात्मक सोचको बोली मुखबाट निस्कनु पर्छ, जो सबैको कर्ण माधुर्य र कल्याणकारी बोली होस् । राम्रो बोले ताली र लाली पाइन्छ, नराम्रो बोले गाली र काली पाइन्छ । बोलेर मात्र पनि हुँदैन, आफ्नो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुरा पुग्ने बोली बोल्नु पर्छ । हाम्रा बोली अरूको आलोचना र खराब कुरामा बढी खर्च हुन्छन् तर अरूका प्रशंसा र खुशीयाली बाड्ने बोलीको कमी छ । यस्ता बोली बोल्ने बानी हामीले बसाल्नु पर्छ, जसले मनभित्र सकारात्मक सन्देश प्रदान गरोस् ।

४) हातः- चौथो कर्मेन्द्रिय अङ्ग हो - हात, यसको आफ्नै महत्त्व हुन्छ। उचाल्ने, राख्ने, समात्ने, फाल्ने, टिप्ने, खसाल्ने, लिने, दिने काम गर्ने अङ्ग हात हो । सुरक्षा गर्ने, प्रतिकारमा उत्रने काम हातले गरेको हुन्छ । हातले सही काम गर्न नसके हामी दुःखित बन्छौं । आज जति मानव विकासका कार्यहरू भएका छन्, हातकै कारणले भएका छन् । हामीले आफ्नो साथीको स्वभाव आफूप्रति कस्तो छ भन्ने मनोविज्ञान बुझ्नको लागि हात मिलाउँछौं र कुटनीतिले उसको आफूप्रतिको सोचाइ थाहा पाउने काम गर्छौं । त्यस्तै दुबै हात जोडेर नम्र भएर नमस्कार गरी कसैको निम्ति तिमीलाई प्रहार गर्ने मसित कुनै हतियार छैन भनेर समर्पित भएका हुन्छौ भने कतै हात ठड्याएर खबरदारी तथा प्रतिकार गरी आफ्नो असहमति प्रकट गर्दछौं । त्यस्तै परे हात हालाहाल गर्दछौ । हतियार चलाउन परे पनि तम्सन्छौं । यस कर्मेन्द्रियलाई हामीले नियन्त्रणमा राख्नु पर्छ, कसैको लामो हात गर्ने र गलत कुरा छुने अरूको शारीरिक सम्पत्ति, आर्थिक नगद, जिन्सी आँखा लगाएर हात चलाउने बानी हुन्छ, यसले मानिसलाई अप्ठ्यारोमा पार्छ । यस्ता हातबाट हामी सँधै सचेष्ट र सावधान रहनु पर्छ ।

५) खुट्टा :- पाँचौ हाम्रो कर्मेन्द्रिय भनेको खुट्टा हो । खुट्टा भनेको हाम्रो स्थूल शरीरलाई भौतिक गन्तव्यसम्म पुऱ्याउने अङ्ग हो । अतः यसले काम नगरे हामी स्थिर र अचल हुन्छौं । जुन ठाउँमा जादाँ टेक्ता सम्मान पाउँछौं । जुन ठाउँमा टेक्ता अपमान पाउँछौ, त्यस्ता कुरामा विशेष ख्याल गरेर हामी हिड्नु पर्छ । आफ्नो पथमा हिड्ने र आफ्नो बाटो हिड्दा अरूको बाटो नविगारिदिने, सके अरूको बाटो पनि सपारी हिड्ने बानीको विकास हामीले गर्नुपर्छ । यो शरीरलाई एक ठाउँबाट उचालेर अर्को ठाउँमा लाने काम खुट्टाले गरेको हुन्छ । हामीले हाम्रा कर्मेन्द्रियहरू सबैलाई सही ठाउँमा नियन्त्रण गरेर राख्नुपर्छ । कर्मेन्द्रिय र ज्ञानेन्द्रिय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सकारात्मक सन्देशका साथ काम गरेमा मानिसमा नत आपत विपत पर्छ, नत मानसिकरूपमा बेचैनीपन उत्पन्न हुन्छ ।

हाम्रो शरीरमा सातवटा चक्र रहेका छन् :-

१) **मूलाधार चक्र** :- दिसा गर्ने अङ्गमाथि पिसाब गर्ने अङ्गमुनि जहाँ सिर्जनातत्त्व रहन्छ र शरीर अड्याउने तत्त्व हुन्छ, त्यसलाई मूलाधार चक्र भनिन्छ। मूलाधारका देवता सृष्टिकर्ता ब्रह्मा हुन्। पृथ्वी तत्त्वको सृष्टि पृथ्वीमा हुन्छ। पृथ्वीको सबैभन्दा ठूलो जनावर हात्ती हो। हात्ती मूलाधारको बाहन योगमा बस्दा यसको छुट्टै भूमिका रहेको हुन्छ।

२) **स्वादिष्ठान चक्र** :- पृथ्वीतत्त्वभन्दा माथि जलतत्त्व छ । जलतत्त्व भनेको हाम्रो शरीरमा रहेको रसतत्त्व हो । रस जम्मा हुने स्थान भनेको पिसाब गर्ने अङ्गमाथि नाभिस्थानभन्दा मुनिको भाग हो । जल तत्त्वका देवता लक्ष्मीनारायण हुन् । लक्ष्मीनारायणलाई शेषनागमाथि शयन गरी लक्ष्मी सेवारत अवस्थामा रहेको देखाइन्छ। जलको सबैभन्दा ठूलो जनावर गोही भएकोले स्वादिष्ठान चक्रको बाहन गोहीलाई लिइएको छ। जल भनेको शरीरका सबै ठाउँमा डुल्ने र त्यहाँ अनुकूल वातावरण बनाउन प्रशासनिक तत्त्व र भरण पोषण गर्ने तत्त्व भएकोले हाम्रो सम्पूर्ण शरीरमा जलतत्त्व रहन्छ। भरण पोषणका देवता विष्णु गहिराइमा रहेर हाम्रो शरीर को र पृथ्वीको प्रशासन चलाएका छन् ।

३) **मणिपुर चक्र** :- मणिपुर चक्र भनेको अग्निकुण्ड हो । हाम्रो शरीरमा अग्निकुण्ड छ, जसलाई हामी जठराग्नि भन्छौं । हामीले खाएको अन्नले अग्निकुण्डमा पुगेर विभिन्न किसिमका शारीरिक एसिड उत्पादन गर्छ र शरीरलाई चाहिने सन्तुलित तापक्रम उत्पादन गर्छ। अन्न पचाउने र जल तताउने अङ्ग नै जठराग्नि हो । यस मणिपुर चक्रका देवता भनेका शिव र शिवको साथमा रहने पार्वती हुन् । शिवले सधैं भस्म लगाएका हुन्छन् । यी विनाश तत्त्वका देवता हुन् । हामीले खाएको खाना पचेर सही चीज उत्पादन गरी बाँकी रहेको शेष बाहिर निकाल्न र शरीरमा तापमान सञ्चालन गर्ने चक्र मणिपुर हो । मणिपुर नाभिमाथि र छातीमुनिको पेट रहेको क्षेत्र हो, जहाँ खुल्ला पनि हुन्छ र आगो उत्पादन पनि हुन्छ, पाचन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शक्ति पनि रहन्छ। यसको बाहन भनेको भेडो हो।

४) **अनाहक चक्र** :- छातीमाथि कण्ठभन्दा तलको भाग अनाहक चक्र हो। मणिपुरबाट निस्केको आगो नियन्त्रण गर्ने श्वासप्रश्वास गर्ने मुटु यसको मुख्य बाटो हो। छिनछिनमा श्वास लिने र फाल्ने काम अनाहक चक्रबाट हुन्छ। श्वासप्रश्वासका देवता भनेका वायुदेव हुन्, जो शरीर भरि जताततै डुल्छन् र बाहिर निस्कन्छन्। बाहिर निस्कने बित्तिकै भित्र पस्छन्। यसरी श्वासप्रश्वास वा प्राणशक्ति चलिरहन्छ।

५) **विशुद्धचक्र** :- विशुद्धचक्रको स्थान हाम्रो कण्ठस्थान हो। यसको सीमाना भनेको तल र माथिको सन्तुलित अवस्था हो। यसको स्थानमा आकाशलाई लिन सकिन्छ। आकाशभन्दा तल उत्पन्न भएका वस्तुको रासायनिक परिवर्तन भइरहन्छ। आकाशीय पिण्डहरू आकाशमा आफ्नो राशी र सीमानामा रहेर परिक्रमण र परिभ्रमण गरिरहेका हुन्छन्। आकाश भनेको ज्योति वा प्रकाशको स्रोत पनि हो। चन्द्र सूर्य वायुमण्डलभन्दा माथि आकाशमा रहेर सूर्यको तापको स्रोतका रूपमा रहेका छन् भने चन्द्रमा शीतलताको प्रतीकका रूपमा रहेका छन्। आकाश तत्त्वका देवता प्रकाश स्वरूप भगवान् शिवलाई मानिएको छ र ऐरावत हात्ती शिवका बाहन हुन्। आकाशलाई प्रकाश र आवाजको स्रोतका रूपमा लिइएको छ।

६) **आज्ञाचक्र** :- हाम्रा दुई आँखामाथिको बीचको भाग वा हामीले मङ्गल तथा विजयको प्रतीक चिन्ह लगाउने स्थान नै आज्ञाचक्र हो। यहाँ आत्माको निवासस्थान छ। अथवा जीव रहेको छ। यस जीवमा तीनवटा देवताको समान वास हुन्छ। सकारात्मक ऊर्जा, सात्विक भाव र सत्सङ्कल्पको ऊर्जा यी तीनवटा विचारधारामा हाम्रो शरीर जीवनभर चलिरहन्छ। नकारात्मक ऊर्जाको जित भए खराब कर्मतिर मन जान्छ, सकारात्मक ऊर्जाको जित भए सत्कर्मतर्फ र सफलता तथा खुशीयालीतर्फ मन जान्छ। बीचको ब्रह्मतत्त्वले दुबैको तराजुको काम गरिरहेको हुन्छ। कर्म गर्न दुबै सकारात्मक र नकारात्मक ऊर्जा स्वतन्त्र छन्। साक्षी भाव भएर ब्रह्मतत्त्व रहन्छ। जस्तो भाव चल्छ त्यस्तै फल र साक्षी भावले दिन्छ। आज्ञाचक्र भनेको सोचाइको तह हो। हाम्रो मनमा दुई प्रकारका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सोचाइ चलिरहन्छन्, ती हुन्-धर्मात्मा सोच र पापात्मा सोच । मन भनेको सोचाइ उत्पादन गर्ने उद्योग हो ।

७) सहस्रसार चक्र :- सहस्रसार चक्र भनेको हाम्रो मस्तिष्क हो । हाम्रो आँखाको सिधा पछिल्लो भागमा प्रकाश घर हुन्छ । जहाँबाट प्रकाश वस्तु प्रकाश घरमा ठोकिन्छ र त्यसको प्रतिविम्ब आँखामा पर्छ, वस्तुलाई हामी देख्छौं । रङ्ग, रूप, आकार, प्रकार चिन्दछौं । यो भनेको शरीरको सबैभन्दा माथिको सूचना सङ्कलन वा शारीरिक केन्द्रबिन्दु हो । यसबाट योगदर्शन वा आत्मदर्शनबाट उक्त सप्तरङ्गी शीतल किरण र वासनादार लोक ढोका खोल्न सकिन्छ ।

सहस्रसार चक्रमा परमधामबाट सुन्दर पानीको झल्झलाकार प्रकाश निरन्तर हाम्रो टुपीको कोमल भागमा खसिरहेको हुन्छ र हाम्रो स्थूल वा सूक्ष्म शरीरलाई प्रकाश गङ्गाले उज्वल बनाएको हुन्छ । त्यो अवस्था भनेको योग मार्गमा आत्मा र परमात्माको आत्मा साक्षात्कारको अवस्था हो । मानव जीवनको गन्तव्यस्थल त्यही हो, जहाँ काम, क्रोध, लोभ, मोह, ईर्ष्या रिस, डाहा, हेलाँ, घृणाजस्ता नकारात्मक ऊर्जाले त्यो दिव्यतत्त्व छोपिएको हुन्छ । हामी भौतिक दुनियाँको रङ्ग रसैमा रसिक भै रमाएका छौं । अलौकिक रङ्ग रसतिर हाम्रो विश्वासको ढोकामा साँचो लगाएका छौ । साँचो लगाएको कोठाभित्रको वस्तु थाहा पाउन साँचो खोल्न र त्यहाँ अडिएर त्यहाँको रसमा डुब्नु पर्छ । भौतिक दुनिया र नश्वर शरीरप्रति विश्वास राख्नेले जन्ममृत्यु, दृश्य अदृश्यको गहिराइ, ज्ञानको बारेमा बोध गर्ने नत उसलाई विश्वासै छ, नत त्यसको लागि उसले समय छुट्याएको नै हुन्छ ।

मानव शरीरका विभिन्न प्रकार हुन्छन् :-

१) भौतिक शरीर :- ठोस शरीर भौतिक शरीर हो । यसलाई सञ्चालन गर्न ठोस तथा तरल खाद्य पेय पदार्थको आवश्यकता पर्छ, यो नित्य परिवर्तनीय हुन्छ, सृष्टि स्थिति र प्रलय हुन्छन् । यो अष्टधातु हामीले खाएका ठोस र तरल पदार्थबाट क्रमशः परिवर्तन हुँदै आठतत्त्व बनेका हुन्छन् त्यसैले शरीर अष्ट धातुबाट बनेको छ ।

२) सूक्ष्म शरीर :-सूक्ष्म शरीर अदृश्य हुन्छ । शरीरभित्र रहेर कार्य गरिरहेको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छ । अङ्गहरूले कार्य गरिरहेका हुन्छन् । कार्य बोधगम्य हुन्छ तर दृश्य हुँदैन । **३) कारण शरीर** :- कारण शरीर निम्न किसिमले बनेको हुन्छ :-

अज्ञान – इच्छा – कर्म – संस्कार – भवचक्र (दुःख) ।

४) आत्म दर्शन – ज्ञान (सृष्टि स्थिति, प्रलय तथा स्वदर्शन चक्र ज्ञान) र घटघट (ईश्वरीय सत्ता सबैमा देख्नु) ।

५) परमात्मा – आत्मा । आत्मा परमात्मा साक्षात्कार एकाकारको अवस्था रूपी आत्म शरीर हो ।

हाम्रो शरीर पञ्चमहाभूतबाट प्रभावित भएर मृत्युपश्चात् भौतिक शरीर पञ्चमहाभूतमा मिल्छ । भौतिक शरीर अष्टधातुबाट बनेको छ, हामीले खाएको अन्न जल आठ वस्तुमा परिणत भएर विकारी वस्तु शरीरबाट दिसा पिसाब, पसिना, खकार, कानेकुजी भएर निस्कन्छ । विकारी मात्र नभएर सृष्टि सञ्चालन गर्ने रज/वीर्य पनि शरीरबाट निस्केर जीवमा परिणत हुन्छ । ज्ञानेन्द्रिय कर्मेन्द्रिय वायु, अन्तःस्करणबाट सूक्ष्म शरीर बन्छ, तर अदृश्य रहन्छ, त्यसैले सूक्ष्म शरीर भनिएको हो ।

कारण शरीर जन्मनुको अर्थ छ, त्यो अर्थ अज्ञान रहन्छ । शरीर भएपछि इच्छा उत्पन्न हुन्छ सङ्कल्प र विकल्प चल्छन्, कर्म विभाग बन्छ, कर्म बारम्वार गरेपछि त्यो संस्कारमा परिवर्तन हुन्छ । संस्कारमा परिवर्तन भएपछि भवचक्रमा परिन्छ, भवचक्र भनेको सान्सारिक जञ्जाल हो । जालोले गरेका कर्मको शुभाशुभ फल भोग्दै, जन्मदै, मर्दै, सृष्टिको अन्त नभइन्जेल त्यही चक्रमा पर्नाको कारण शरीरको अर्थ हो । यो शरीरलाई केवल मानिसले बदल्न सक्छ । अरू सृष्टिका यावत उद्वीज, जरायुज, श्वेदज, अण्डज र पिण्डज जीव र वनस्पतिले कर्मको फल भोग्छन्, सृष्टि हुन्छन्, बद्छन्, मर्छन् तर मानिसले ज्ञान प्राप्त गऱ्यो भने भोगको साथसाथै मुक्तिको वा मोक्षको अवसर प्राप्त गर्दछ । यो अवसर प्राप्त गर्न मानिसले मात्रै होइन, देवता ग्रह नक्षत्रहरू पनि मानिसको जन्म लिने कामना गर्दै मोक्ष प्राप्त गर्ने लक्ष्य राखेका हुन्छन् ।

मानव शरीरको निर्माण प्रक्रिया

मानिसको शरीर दृश्य र अदृश्य गरी दुई किसिमको हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भौतिक शरीरको मृत्यु निश्चित छ । आत्मिक शरीरको मृत्यु हुँदैन । यो सत्‌चित् आनन्दस्वरूप छ । सत्‌चित् आनन्दस्वरूप आत्म दर्शन गर्न सुदर्शन चक्र आफूभित्र उजागर गर्नुपर्छ । आत्म अविनाशी, अजर, अमर परमधाम निवासी परमपिता परमात्माको ज्योतिस्वरूप अंश वा सन्तान हो । हरेक मानिसमा त्यो ज्योति विद्यमान रहन्छ। एकै परमात्माका हामी सबै ज्योतिस्वरूप सन्तान एउटै धर्तीभित्र रहेकाले हामी सबै बाबाआमा, दाजुभाइ, दिदीबहिनी वसुधैव कुटुम्बकम् नाता सबैसँग छ । हामी आदरसाथ आत्मिक दृष्टिले सबैले सबैलाई हेर्न थाल्यौं भने को आफ्नो को पराया भन्ने भेदभाव रहन्न । सबै एउटै सृष्टिबाट सिर्जित एउटै भू धरातलबासी हौं, हामी सबैको नाता समान छ ।

✡✡✡✡

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालमा जातीय विभेद न्यूनीकरणका उपायहरू:

✍ गणेश बराइली

के हो विभेद ?

- ➢ धनीले गरिवलाई गर्ने विभेद - आर्थिक विभेद
- ➢ शिक्षितले अशिक्षितलाई गर्ने - शैक्षीक विभेद
- ➢ पूजारिले कर्तालाई गर्ने - धार्मिक विभेद
- ➢ परिवारभित्र हुने विभेद - पारिवारिक विभेद
- ➢ नेताले कार्यकर्तालाई गर्ने - राजनीतिक विभेद
- ➢ एक पार्टीले अर्को पार्टीलाई गर्ने - राजनैतिक विभेद
- ➢ गोराले कालोलाई गर्ने - रङ्गभेद विभेद
- ➢ वर्ग वर्गभित्र हुने -वर्गीय विभेद
- ➢ मनुष्यको जन्मको आधारमा गरिने - जातिय विभेद
- ➢ विभेदित वर्गभित्र हुने विवेद - आन्तरिक विभेद

यसरी विगतदेखी गरिदै आएका विभेदहरू संस्कृति र पारम्परिक रीतीरिवाजका कारण यथावत रहनु दुर्भाग्य हो। विज्ञानले गरेका चमत्कारिक विकासले सन्सार एक भएको अवस्थामा मानवले मानवलाई पशुतुल्य व्यवहार गर्नेहरू पशुसरह नै हुन्। माथि उल्लेखित विवेदहरूमध्ये जन्मको आधारमा गरिने विभेद बारे सङ्क्षिप्त रूपमा जानकारी गराउन चाहन्छु।

विभेदको जननी (मन)

वास्तवमा मानिसले गर्ने कुनै पनि कार्यहरू सबै उस्को मनबाट सिर्जना हुन्छन्। शरीरको अङ्गहरू परिचालन गर्दा पनि पहिला मनले दिमागलाई निर्देश गरेपछिमात्र परिचालित हुन्छन्। हाम्रा ऋषि मुनिहरूले आफ्नो मनलाई वसमा राखी एकाग्र भै लोक कल्याणका कुराहरू मनभित्रबाट परिकल्पना गरेर व्यवहारमा लागू गरियो, जुन आजसम्म पनि तिनै कुरा मानवीय व्यवहारमा लागू छन्।

✍ लेखक विश्वकर्मा समाज नेपालका केन्द्रीय अध्यक्ष हुनुहुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

मनुस्मृति (मनु) CC-0. In Public Domain. Digitization by eGangotri

हिन्दु परम्परामा वर्ण व्यवस्थाका परिकल्पनाकार मनु हुन्, तर वास्तवमा मनु नै मन हो र त्यही मनबाट निस्किएका कुराहरूलाई लिपिवद्ध गरियो त्यसैलाई मनुस्मृति भनियो । यो कुनै व्यक्ति नभै ग्रन्थ हो, नियमावली हो, विधान हो ।

मनुष्यको मन नै विभेद न्यूनीकरणमा तगारो

विभेद निर्मूलका कुरा गर्दा नीति नियम, विधानमा उल्लेख गरिए पनि व्यवहारमा आजसम्म लागू नहुनुका कारणहरू

१) धर्म नष्ट हुने त्रास

२) समुदायले विरोध गर्ने डर

३) वाउ वाजेले गर्दै आएको कामको किन परिवर्तन गर्ने भन्ने सोच ?

४) आफ्नो वर्ग उल्लेख रहोस् भन्ने भाव

५) नेतृत्वमा नआउन् भने भावना

६) आफ्नो निम्ति सेवारत रहिरहोस् भन्ने भावना

७) मनभित्रको सङ्कोच

सर्वप्रथम चार जातः

१. ब्राह्मण २. क्षेत्रिय ३. बैश्य ४.शूद्र

१. ब्राह्मणः बाहुन जातिको कोखमा जन्मदैमा ब्राह्मण हुँदैनन् ब्रह्मज्ञानी भएपछीमात्र ब्राह्मण कहलाइन्छ, जसले अरूलाई ज्ञान दिन सक्छन् । (ज्ञान प्रदान गर्दा मुखले बोल्ने हुँदा ब्राह्मणको उत्पति शिरबाट भनियो)

२. क्षत्रियः तत्कालीन वेला आफ्नो सीमा सुरक्षामा खटिने लडाकुहरूलाई क्षत्रिय भनियो । (सुरक्षामा हात पाखुरा प्रयोग हुने हुँदा क्षत्रियलाई पाखुराबाट जन्मेको मानियो)

३. बैश्यः व्यापारिक, उद्योगी, व्यवसायीहरू बैश्य भए। शरीरलाई आवश्यक खाध्य वस्तुको व्यवस्थापन गर्ने हुँदा बैश्यलाई पेटबाट जन्मेको भनियो ।

४. शूद्रः माथिका सबै अङ्गहरूलाई सहयोग पुऱ्याउने कामका लागी खटिनेलाई शूद्र भनियो । (विषेश गरी सम्पूर्ण शरीरको भार बोक्नेलाई पैतालाबाट उत्पति भएको भनियो, जसलाई शूद्र भनियो र तिनै शूद्र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
वर्गमा जन्मिनेहरू आज अछूत भए, अब बुझ्नु पर्ने महत्त्वपूर्ण कुरा एउटै शरीरका अङ्ग कसरी अछूत भए ? यो एउटा आजसम्मको अनुत्तरित प्रश्न हो ।

❖ उदाहरण सही बुझाइ गलत

हिजोको दिनमा कामका आधारमा जातिवभाजन गरिरहँदा सायद त्यसवेलाका मानिसहरूलाई बुझाउन सहज होस् भनेर जात र जातका मनुष्यको जन्मलाई प्रष्ट्याउन मनुष्यको शरीरको प्रयोग गरियो, जुन अतिनै वैज्ञानिक छ, किनकि एउटै शरीरका अङ्गहरू सबै समान छन्, तर व्यवहारमा पैतालालाई अपमान गरियो, किनकि पैतालाबाट जन्मने हरू शूद्र कहलाइए ।

❖ श्रमको सम्मान नभई अपमान र जात नभई कामको उपाधि

सबैभन्दा दुःख लाग्दो कुरा हाम्रो देशमा श्रम गर्ने श्रमिकको सम्मान नभई अछूत भनी अपमान गरिदै आएको छ उदाहरणका लागि

कामी: कृषि औजार, [illegible]हतियार, आभूषण, भवन निर्माण गर्नेहरू

दमै: शरीरका अंग[illegible]क्न नभई नहुने वस्तु निर्माण एवम् तयार पार्ने जाति

सार्की: पैतालाको सुरक्षाका [illegible] नभई नहुने वस्तु उत्पादन एवम् निर्माण गर्ने जाति

गन्दर्भ: दुःख र सुखमा मानिसको मनलाई खुशी तुल्याउन गानबजान गरिने वर्ग

❖ जुन बेला वर्ग व्यवस्थाको रचना गरियो त्यसबेला विभेद थिएन भन्ने ज्वलन्त प्रमाण

वर्तमान अवस्थामा भएको जतिपनि आर्य समुदायका जातहरू छन् तिनका आ-आफ्नै थर एंव गोत्र छन्, ती गोत्र एवं थरहरू प्राय चार जातसँग मिल्दा छन् । अझ भन्नुपर्दा ति चारवटै वर्गका मानिसहरूको छाला, अनुहारमा धेरै भिन्नता छैन, त्यसैले वर्ण व्यवस्था हुँदा विभेद थिएन ।

धर्म र धर्म विस्तार:

हिजोका दिनमा सामाजिक सन्तुलन कायम गर्न गराउन निति आवश्यक थियो त्यही नीतिलाई धर्म भनिएको हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

१. **इस्लाम धर्मः** CC-0. In Public Domain. Digitization by eGangotri

अल्लाहलाई इस्टदेवको रूपमा मान्छन् र इस्लामहरू सन्तान उत्पादनलाई इश्वरको वरदान ठान्दछन् । फलस्वरूप इस्लामको सङ्ख्या निनानुदिन फैलिंदैछ र इस्लाम-इस्लामबीच विभेद छैन, उनीहरू निकट भाइचाराको सम्वध कायम राख्छन् ।

२. **इसाईः**

जिजस क्राइस्टलाई मान्ने इसाई धर्मावलम्बीहरू प्रभु इसुको सूसमाचार अरूलाई फैलाउन पर्छ भन्दै कुनै पनि जात, धर्मका व्यक्तिहरूलाई आफूतिर आकर्षक गर्दछन् । उनीहरूमा पनि जातिगत रूपमा भेद गर्दैनन् ।

३. **हिन्दुः**

हजारौं वर्ष पुरानो र करोडौं देवता भएको हिन्दु धर्म अरू धर्मभन्दा सरल, मान्न सजिलो, मानेपनि कसैले केही नभन्ने, नमाने पनि कसैले केही नभन्ने, ढुङ्गा, मूर्ति जेमा पनि भगवानको रूप सम्झी पूजा गर्ने, ग्रह र नक्षत्रको पूर्ण ज्ञान भएको, मानवलाई आवश्यक हरेक कुराहरूको संस्कार बारे प्रस्ट उल्लेख भएको पितृ उद्धार गर्न सक्ने शक्ति भएको धर्म हिन्दु हो । देशमा १० वर्ष आन्दोलन हुदा कहा कता वम पट्कन्छ, कँहा के हुन्छ भन्ने कहाली लाग्दो अवस्थामा पनि कहींकतै हिन्दु परम्पराका कार्य पूजाआजा, दशै, तिहार, तिज, फागु पुर्णे, कुनै पर्व पनि रोकिएनन् । धर्ममा तहसनहस गरी अशान्त मच्याउनेहरू नै आखिर पछि रहनु पऱ्यो । त्यसैले हिन्दु परम्परा अतिनै मजवुत छ ।

हाल सच्चाईका नाउँमा खुलेका केन्द्रले सोझा हिन्दुहरूलाई आफ्ना धर्म मान्न पाउने भनी प्रलोभनमा आकर्षण गर्दै आर्थिक सङ्कलन गरिराछन् । यसबाट हामी सचेत हुन जरुरी छ । तर केही कुराहरू दुःख लाग्दा छन्, एउटै धर्म एउटै कर्म मान्ने बीच विभेद कायम छ, ती नवुझ्नेहरूलाई विश्व हिन्दु महासङघले वास्तविकता वुझाउन जरुरी छ ।

पिछाडि पारिएकाहरूका निम्ति हिन्दु धर्मभित्र सुधारिएको सकारात्मक पक्षः

जन्मको आधारमा पछाडि पारिएका निर्दोष समुदायहरूले आज भोलि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
हिन्दु धर्मभित्रका सकारात्मक कुराहरूलाई सहर्ष ग्रहण गरिआएका छन्।

१. जनै, (ताओ) हिजोका दिनमा रक्षा बन्धनस्वरूप महिला पुरुषका हातमा बाधिने रक्षाबन्धन अछूत मानिने वर्गलाई लगाइदैनथ्यो, (जनै पुर्णीमादेखि गाई तिहारसम्मको अवधिमा खाली नाडी हुँदा प्रस्टै यो अछूत हो भन्ने प्रमाण हुन्थ्यो तर आज भोलि परिवर्तन भै ती वर्गले पनि ताओ वाध्न सक्ने भए साथै भारतबाट विस्तारै नेपाल प्रवेश भएको दिदीबहिनीहरूले भाइलाई राखी लगाउने चलन पनि बढ्दै जानाले ती वर्गलाई तेति हीनतावोध नभएको महसुस भएको छ। यो एउटा राम्रो पक्ष हो।

२. मन्दिरमा पूजाः हिजोका दिनहरूमा कतिपय मठ मन्दिरमा प्रवेश त परै जावोस् पूजा सामग्री पनि लिइदैनथ्यो तर आज भोलि प्रख्यात मठ मन्दिरमा त्यस्तो पाइदैन। तर पनि केही दूरदराजमा अझैपनि विभेद कायमै छ। यसको निम्ति बुझाउन आवश्यक छ।

३. कर्म काण्डी पण्डितः अझै पनि केही पण्डित गुरुहरूले खुल्लमखुल्ला अछूतका घर गएर नारायण पूजा, रुद्री वैवाहिक कर्म गरेको पाइदैन, अधिकतम कमहरू र्मा समुदायका पण्डितहरूले गर्दै आएका छन् तर आज भोलि धाामक पाठ्शालाबाट पण्डित उपलब्ध गरिदिने व्यवस्थाले धेरै नै सुधार आएको महसुस भएको छ।

विषय प्रवेश :

सदियौंदेखि धर्म र परम्पराका नाउँमा गरिंदै आएको अमाननीय विभेदलाई न्यूनीकरण गर्नका लागी अपनाउनु पर्ने महत्त्वपूर्ण कुराहरू।

विभेद कर्ताले गर्नुपर्ने कुराहरू:

१. छुवाछूत विभेद धर्मले होइन, व्यक्तिले चलाएको चलन हो भन्ने कुरा बुझ्न र अरूलाई बुझाउनु पऱ्यो

२. विभेद भन्ने कुरा व्यक्तिको मनभित्र हुने हुँदा मनलाई विभेद मुक्त पार्न मानवीय व्यवहार बारे बुझाउनु पऱ्यो।

३. नचिनिदासम्म समान व्यवहार गर्ने तर पहिचान खुलेपछि तपाई, तिमी र तँ सम्म भन्ने गरेको पाइएको हुँदा यस किसिमको व्यवहारलाई तत्काल परिवर्तन गरी सम्मान गर्ने।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४. पूजा आजा भोज भतेरमा सरसफाइ र खान योग्य खाना सहजतापूर्वक ग्रहण गरिदिने ।
५. दिँदीवहिनीहरूले धार्मिक स्थलहरूमा पूजाआजा गर्दा मनमा सङ्कोच नमानी सबैलाई समान व्यवहार गरिदिने ।
६. पूजाआजा गर्ने पण्डित गुरुहरूले धनीकाँहा मात्र होइन गरिबको झुपडीमा पनि निसङ्कोच विधिपूर्वक पूजा गरिदिनुपर्दछ, किनकि धर्मले विभेद गर्दैन भन्ने कुरा बुझाइ दिनुपर्छ ।
७. हरेक धार्मिक कार्यक्रममा अछूत भनिएकाहरूलाई स-सम्मान सहभागी गराइ दिनुपर्छ ।
८. हिन्दु संस्कृत अध्ययनका लागि यो वर्गका परिवारलाई प्रोत्साहन गरि दिनुपर्छ ।
९. धनी वर्गका व्यक्तीसँग जस्तो व्यवहार गरिन्छ, गरिवसँग पनि त्यस्तै व्यवहार हुनुपर्छ ।
१०. धार्मिक स्थलमा पूजापाठ आदि कार्यक्रममा नगद चल्ने अक्षता नचल्ने हुँदा सबैकुरा सहज स्वीकारीदिने हुनुपर्छ ।
११. मृत्यु संस्कारका बेला अझै पनि पानी नचल्ने वर्गको भेटी ग्रहण गरी शुद्दासुद्दीमा सहभागी गराउन पहल गर्ने ।
१२. घर भाडामा दिँदा जात नखोजी सभ्य र सरसफाइलाई ख्याल गरी समान व्यवहार हुनुपर्छ ।
१३. केही अपाच्च्य उखान टुक्का आजैबाट भन्न बन्द गरौं, जस्तै कामी काले र काले कामी, कमिनीजस्ती, कामी दमाईजस्तो, आफ्नै वर्गकालाई गाली गर्दा फलानोको जोइ, तँ फलानो भन्नेकुरा बन्द गर्नुपर्छ ।
१४. कामी दमाई कि श्रीमती सबैकी भाउजु भन्ने कुरा बुझेर मात्र भन्नुपर्छ ।
१५. विभेद गरेको भएको पाइएमा जात नहेरी विभेदमा पर्नेलाई सहयोग गर्ने ।
१६. मध्यपान मानव जीवनको शत्रु हो, अछूतहरूले ज्यादातर ग्रहण गरेको देखिन्छ, तर विक्रीकर्ता को हुन् ? उनै हुन्, त्यसैले मध्यपान गरेर बबाल मच्याउने कार्यमा विक्रीकर्ताको पनि केही अंश हुने हुँदा विचार पुऱ्याउनु पर्छ ।
१७. गरिव हुन अभिसाप होइन बाध्यता हो त्यसैले काम गर्ने व्यक्तिलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मानवीय व्यवहार गर्नुपर्छ ।

१८. छुवाछूत बाहुनले ल्याएको प्रथा भनेर कुर्लने केही जनजाति वर्गहरू किन वाहुनले गरेको गल्ती दोहोऱ्याउछन् ?

१९. धनीको छोराले उपल्लो जात ल्याए स्वीकार्ने तर गरिवका छोराले ल्याएमा छुट्याउने दुःख दिने गरिन्छ यो असमान व्यवहार हुनुभएन ।

२०. कामीले वाहुनी ल्याए बाहुनी कमिनी हुने, वाहुनले कमिनी लगे किन वाहुनी नहुने (यो शब्दले कसैलाई घोचेमा क्षमा गरिदिनुहोला) किन कि पुरुषको नाम थर कायम हुन्छ तर व्यवहारमा हुँदैन ।

२१. राजनीति क्षेत्रमा अवसर दिलाउनु पऱ्यो ।

२२. असहज पक्ष हिन्दु धर्मभित्र विभेद थिएन भनिरहँदा महाभारत सत्यकथामा कौन्तय कर्णले सूत पुत्रको नाममा समाजमा अपमान खेप्नु परेको देखिदा विभेद त्यसवेला पनि थियो भन्न सकिन्छ ।

विभेदमा परेका पक्षले गर्नुपर्ने कार्यहरु:

१. सत्कर्मले मात्र मनुष्य जन्मन पाइन्छ त्यसैले आफूलाई कहिल्यै कमजोरी नसम्भी समयसँग मुकाविला गर्न सक्नुपर्दछ ।

२. नियमित धार्मिक नित्य कर्मलाई विधिपूर्वक पालना गर्नुपर्छ

३. घर परिवार लगायत छरछिमेकीमा गरिने सद्व्यवहारमा कमी गर्नुहुँदैन

४. घर परिवार र बाहिर बोल्दा शब्द शब्दलाई विचार पुऱ्याएर अरूलाई असर नहुने गरी बोल्नुपर्छ ।

५. सरसफाइमा अत्याधिक ख्याल गर्नुपर्छ ।

६. आफ्नो क्षमताले धान्न सक्ने सक्तान जन्माउने गर्नुपर्छ ।

७. विश्वसनीय व्यवहार गर्नुपर्छ ।

८. श्रमजिवीहरूको ईश्वर नै परिश्रम हो कुनै पनि काम सानो हुँदैन, आफूले गर्ने काममा हीनताबोध गर्नुहुँदैन ।

९. न्यून आय भएका नागरिकहरूको लागि पनि न्यून शुल्कमा शिक्षा प्रदान गरिने हुँदा अवसरको सदुपयोग गर्दै आफ्ना सन्ततिलाई शिक्षाबाट वन्चित गराउनु हुँदैन ।

१०. आर्जित पुँजीलाई अत्यावश्यक क्षेत्रमा मात्र खर्च गर्ने बानी बसाल्नु पर्दछ । आजसम्म हरेक चाड पर्वमा धान्नै नसक्ने गरी खर्च गरेको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
पाइएको छ त्यसमा सुधार ल्याउनु पर्दछ ।

११. धुम्रपान गर्दै नगर्ने आफैबाट त्याग्ने जस्ले ग्रहण गरिरहेका छन् यस्ले स्वास्थ्यमा हानी त पुऱ्याउछ नै आर्थिक भार पनि थपिन्छ ।

१२. मध्यपान अहिलेसम्म पछाडि परेकाहरूको आर्थिक उन्नतिको वाधक नै मध्यपान हो । यस्ले पार्ने असरहरूमा (१) आर्थिक भार (२) परिवार मा झैझगडा (३) छिमेकीमा नकारात्मक सन्देश (४) स्वास्थ्यमा असर (५) बालबच्चाको पठनपाठनमा अवरोध (६) काममा अवरोध आदि

१३. छरछिमेकमा हुने कुनै पनि कार्यक्रम, सभा समारोहमा अनिवार्य सहभागी हुने ।

१४. अझै पनि गाउँघरमा सरकारले निषेद गरेको विबाहको उमेरलाई वास्ता नगरी विवाह वन्धनमा वाधिने कार्य वन्द गर्ने ।

१५. सार्वजनिक स्थलहरूमा विभेद भएको पाइएमा तत्काल सभ्य शब्दमा प्रतिकार गरी सम्बन्धित निकायमा कुरा पुऱ्याउने ।

१६. विभेदित समूहभित्र पनि विभेद हुने गरेको हुँदा यस्ता कार्यलाई तत्काल सुधार्ने । यो कार्य संविधान विपरीत भएको हुँदा सो अनुसार सजाँय भोग्नु पर्ने ।

१७. आफ्नो घर परिसरमा समय सुहाँउदो फूल विरूवा फलफुल लगाउनु पर्छ ।

१८. समयको महत्त्वलाई ख्याल गरी समयमा सुत्ने, उठ्ने, नित्यकर्म गर्नुपर्छ ।

१९. अहिलेसम्म व्यवहारमा हुँदा मात्तिने र नहुँदा आत्तिने कहिल्यै गर्नु हुँदैन ।

२०. माया प्रेम नै जीवन हो । यदि फरक वर्गका व्यक्ति माया प्रेममा परी वैधानिक वैबाहिक जीवनमा वाधिन्छन् भने यो वर्ग त्यो वर्ग नभनी सहर्ष स्वीकार गर्नुपर्छ ।

२१. वर्णाश्रम विभाजनमा जे जसरी व्याख्या गरिए पनि आफू रहेको वर्ग शूद्र शव्दलाई सुध्रन दिएको सुझाव सम्झी बानी व्यवहारमा सुधार ल्याउनुपर्छ ।

२२. कानून निर्माण र कार्यान्वयन गर्न राजनीतिक भूमिका अहम् रहने हुँदा त्यस क्षेत्रमा सक्दो सहभागिता जनाउनु पर्छ ।

२३. जुन घरमा हरेक विहान गृहिणीले पूजापाठ गर्दछन् त्यस घरको वातावरण नै धार्मिकमय हुन्छ त्यसैले आफ्नो धर्म कर्मलाई विधिपूर्वक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्नुपर्छ ।

२४. अन्तमाः सरसफाइ, असल व्यवहार, असल बोली, सात्विक भोजन, सत्कर्मले नै मानिसलाई सही मार्गमा डोऱ्याउँछ । यस्ता व्यवहार भएको परिवारलाई कहीं कसैले विभेद गर्दैनन्, विभेद गर्ने भनेको व्यवहारलाई हो । त्यसैले यी कुराहरूमा ध्यान पुऱ्याउनु आवश्यक छ ।

विविध

म आफु विश्वकर्मा समाज नेपालको केन्द्रीय अध्यक्ष भएको हुँदा सङ्क्षिप्त रूपमा भगवान् विश्वकर्माका वारेमा जानकारी गराउन चाहन्छु ।

वंश वृत्तान्त

ब्रह्मका पुत्र धर्म, धर्मका पुत्र वास्तुदेव, वास्तुदेवका पुत्र अङ्गीरस र अङ्गीरसका पुत्र विश्वकर्मा, विश्वकर्माका ५ पुत्रहरू १. माया- काठको काम २. मानु- फलामको काम ३.थुमष्टा- तामाको काम ४.देवसिल्मी- मुर्तिकार ५.विश्मन्जत्या- सुनको काम

आजका विश्वकर्मा समुदाय तिनै विश्वकर्माका पुत्र सन्तति हुन् जुन आजसम्म पनि विश्वकर्माले सिर्जना गरेको सीप र कलालाई अवलम्वन गर्दै आएका छन् । भारत क्षेत्रमा विश्वकर्मालाई विश्वकर्मा ब्राह्मण भनी सम्मान गरिन्छ तर नेपालमा दलीतको उपनाम दिइ अपमान गरिन्छ । यो अपमान आजका विश्वकर्मा समुदायलाई नभै भगवान्को अपमान हो भन्दा दुई मत हुँदैन ।

अन्तमा सङ्क्षिप्त रूपमा विभेद गर्न, विभेद भोग्नु र यसबाट उन्मुक्ति पाउने उपाय बारे मैले भोगेको र बुझेको कुरा उल्लेख गरें । मेरा भनाइहरूले कसैलाई चोट पर्न गएमा क्षमा दिनुहोला ।

सर्वे भवंतु सुखिनः सर्वे सन्तु निरामया

सर्दे भद्राणी पस्यतुमा कश्चिदूःख भागभवेत .

✡✡✡✡

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हितकर्म नै धर्म हो

✍ सरिता घिमिरे

